# आर्थिक सर्वेक्षण २०८१/८२


नेपाल सरकार

**अर्थ मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# प्राक्कथन

मुलुकको समग्र आर्थिक, सामाजिक एवम् भौतिक विकासको स्थिति समेटिएको आर्थिक सर्वेक्षण, २०८१/८२ सार्वजनिक गरेको छु। यसमा मुख्यरुपमा चालु आर्थिक वर्षको प्रथम आठ महिना र गत आर्थिक वर्षको मुलुकको समग्र आर्थिक अवस्था प्रस्तुत गरिएको छ। संघ, प्रदेश र स्थानीय तहको एकीकृत वित्त स्थितिको विश्लेषण गरिएको छ। सार्वभौम क्रेडिट रेटिङ्ग स्कोरले देखाएको लगानी सम्भावना लगायतका विषय समेत समावेश गरिएको छ।

मुलुकको आर्थिक वृद्धिदर चालु आर्थिक वर्ष ४.६१ प्रतिशत रहने अनुमान छ। पेट्रोलियम पदार्थको मूल्यमा आएको कमी र आपूर्ति श्रृङ्खला सहज रहेकाले औसत उपभोक्ता मुद्रास्फीति ४.७२ प्रतिशत रहेको छ। राजस्व परिचालन सुधार हुँदै गएकोले संघीय सरकारको वित्त घाटा घटेको छ। यस अवधिमा संघबाट प्रदेश र स्थानीय तहमा अनुदान र राजस्व बाँडफाँट समेत गरी रु. ३ खर्ब २५ अर्ब ४६ करोड हस्तान्तरण भएको छ।

वस्तु निकासी उच्च दरले बढेको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्। विदेशी विनिमय सञ्चिति हालसम्मकै उच्च रहेको छ। बाह्य क्षेत्रका सबै परिसूचक सबल र सुदृढ रही बाह्य क्षेत्र स्थिरता कायम भएको छ। सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। सूचना प्रविधिको विकाससँगै डिजिटल बैंकिङ्ग कारोबार बढेको छ। बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन र कर्जा लगानी वृद्धि भएको छ। कुल कर्जा लगानीमा निष्क्रिय कर्जाको अनुपात बढेपनि वित्तीय स्थायित्व कायम छ।

विद्युत उत्पादन बढेर ३,६०२ मेगावाट पुगेको छ। सबै जिल्लामा सडक सुविधाको पहुँच पुगेको छ। शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक क्षेत्रका सूचकमा सुधार भएको छ। मानव विकास सूचकाङ्क ०.६२२ पुगेको छ। विकासशील मुलुकमा स्तरोन्नतिका लागि तोकिएका सबै मापदण्डमा नेपाल योग्य भएको छ।

अन्त्यमा, आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न अर्थ मन्त्रालयका पदाधिकारी विशेषतः आर्थिक नीति विश्लेषण महाशाखाका सम्पूर्ण कर्मचारीलाई धन्यवाद व्यक्त गर्दछु। आर्थिक सर्वेक्षण तयारीमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउने संघीय र प्रादेशिक मन्त्रालय एवम् निकाय, संवैधानिक निकाय र अन्य संघ संस्थालाई धन्यवाद दिन चाहन्छु।

जेठ, २०८२

विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री एवम् अर्थमन्त्री

# आर्थिक सर्वेक्षणका सम्बन्धमा

मुलुकको समग्र विकासको अवस्था चित्रण गर्ने दस्तावेजको रूपमा रहेको आर्थिक सर्वेक्षण वार्षिक बजेट पेश गर्नु अगावै संघीय संसदमा पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ।

आर्थिक सर्वेक्षण, २०८१/८२ मा रहेका विवरण, तथ्याङ्क एवम् सूचना संघीय र प्रादेशिक मन्त्रालय तथा निकाय, संवैधानिक निकाय, विभिन्न संघ/संस्था, अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्रकाशित प्रतिवेदन र सरोकारवालाबाट प्राप्त भएका हुन्।

यस आर्थिक सर्वेक्षण, २०८१/८२ मा गत आर्थिक वर्षको पूर्ण अवधि र चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्मको समष्टिगत तथा क्षेत्रगत उपलब्धिलाई तुलनात्मकरूपमा विश्लेषण गरिएको छ। पछिल्लो दशकको समष्टिगत आर्थिक परिसूचक र सामाजिक क्षेत्रका केही प्रमुख सूचकलाई समेत आर्थिक सर्वेक्षणमा समावेश गरिएको छ।

यस सर्वेक्षणमा अध्याय १ देखि अध्याय ५ सम्म वास्तविक क्षेत्र, सार्वजनिक वित्त, मौद्रिक तथा वित्तीय क्षेत्र र बाह्य क्षेत्रमा हासिल उपलब्धिलाई विश्लेषणसहित प्रस्तुत गरिएको छ। अध्याय ६ देखि अध्याय १० सम्म आर्थिक एवम् भौतिक पूर्वाधार क्षेत्र र अध्याय ११ मा शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक क्षेत्रमा हासिल उपलब्धिलाई तथ्याङ्क एवम् सूचनाको माध्यमद्वारा प्रस्तुत गरिएको छ। अध्याय १२ मा सुशासन समेटिएको छ। अध्याय १३ मा प्रदेश तथा स्थानीय तहको आर्थिक तथा सामाजिक स्थितिको विश्लेषण गरिएको छ। समसामयिक विषयको रूपमा अध्याय १४ मा जलवायु परिवर्तन र अध्याय १५ मा दीर्घकालीन विकास लक्ष्यमा हासिल उपलब्धिको समीक्षा एवम् विश्लेषण गरिएको छ।

यस अघिका आर्थिक सर्वेक्षणमा राखिएका केही तथ्याङ्क एवम् सूचना अद्यावधिक गरी राखिएको हुँदा यस अघिका तथ्याङ्कसँग केही फरक पर्न गएको र फरक पर्नाका कारण सम्बन्धित तालिकाको नोटमा राखिएको छ। चालु आर्थिक वर्षको सर्वेक्षणलाई विश्लेषणात्मक र यथार्थपरक बनाउन केही अध्याय थप परिमार्जित गरिएको छ। प्रत्येक अध्यायको सुरूमा सो अध्यायमा उल्लेख गरिएका विषयवस्तुको सार राखिएको छ।

**"सार्वजनिक वित्त"**को अध्यायमा संघ, प्रदेश र स्थानीय तहका सरकारको राजस्व, आय, राजस्व बाँडफाँट, अनुदान हस्तान्तरण, सञ्चित कोषको अवस्था र संघीय सरकारका वित्त परिसूचकहरूलाई थप व्यवस्थित गरिएको छ। आवधिक योजनाबमोजिम वैदेशिक सहायतासम्बन्धी तथ्याङ्कको विश्लेषण मन्जुषा बक्समा गरिएको छ। त्यसैगरी, मुद्रास्फीतिको नयाँ आधार वर्षको रूपमा आर्थिक वर्ष २०८०/८१ लाई लिइएको हुँदा सो सम्बन्धी मन्जुषा बक्स **"मूल्य"**को अध्यायमा समावेश गरिएको

छ। **"बाह्य क्षेत्र"** अध्यायको मन्जुषा बक्समा BPM6 अनुसार शोधनान्तर तथ्याङ्क प्रकाशन प्रारम्भ भएको विषयलाई राखिएको छ। नेपालको सार्वभौम क्रेडिट रेटिङ्ग र वाणिज्य नीति, २०८१ सम्बन्धी विषय **"उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन"** अध्यायको छुट्टाछुट्टै मन्जुषा बक्समा राखिएको छ। रैथाने बाली प्रवर्द्धन कार्यक्रमको प्रभाव र हासिल उपलब्धिलाई **"कृषि, वन र भूमिसुधार"** अध्यायको मन्जुषा बक्समा राखिएको छ।

तथ्याङ्कको प्रकृतिबमोजिम हुनेगरी प्रस्तुतीकरणलाई मिलाइएको छ। निश्चित समय (दिन विशेष) मा मापन हुने नेप्से सूचकाङ्क, विदेशी विनिमय सञ्चिति जस्ता तथ्याङ्कलाई महिनाको मसान्तको रूपमा -जस्तै **"२०८१ फागुनमसान्तको"-** प्रस्तुत गरिएको छ। आर्थिक वर्षको प्रथम आठ महिनाको तथ्याङ्कलाई **"आर्थिक वर्ष...को फागुनसम्म"** वा **"....आर्थिक वर्षको फागुनसम्म"** को रूपमा प्रस्तुत गरिएको छ। सुरूदेखि हालसम्मको तथ्याङ्कलाई वर्षको महिनासम्म-जस्तै **"२०८१ फागुनसम्म"**-को रुपमा प्रस्तुत गरिएको छ। त्यसैगरी, **"प्रादेशिक तथ्याङ्क"**ले सबै प्रदेशको समष्टिगत तथ्याङ्क र **"प्रदेशगत तथ्याङ्क"**ले प्रदेश विशेषको तथ्याङ्कलाई जनाउँदछ।

सबै स्थानीय तहसँग सम्बन्धित तथ्याङ्क एवम् विवरणहरु छुट्टाछुट्टै विश्लेषण गर्न नसकिएकोले प्रदेश भित्रका स्थानीय तहको रूपमा समूहीकृत गरी प्रस्तुत गरिएको छ। तथ्याङ्क आधार विस्तार गर्ने क्रममा चालु आर्थिक वर्षको आर्थिक सर्वेक्षणमा केही अनुसूची थप भएका छन् भने नियमितरूपमा अद्यावधिक हुन नसक्ने केही अनुसूची हटाइएको छ। तथ्याङ्कको विश्वसनीयता बढाउन यस पहिलेका वार्षिक तथ्याङ्कको समेत अद्यावधिक गरिएको छ।

अन्त्यमा, आर्थिक सर्वेक्षण, २०८१/८२ लाई त्रुटिरहित बनाउने प्रयास गरिएको छ। तथापि, सूचना, विवरण, तथ्याङ्क वा विषयवस्तुमा कुनै पृष्ठपोषण भए आर्थिक नीति विश्लेषण महाशाखा, अर्थ मन्त्रालयको ईमेल ठेगाना epad@mof.gov.np मा पठाउन अनुरोध छ।

अर्थ मन्त्रालय
जेठ, २०८२

# विषय सूची

प्राक्कथन

आर्थिक सर्वेक्षणका सम्बन्धमा

तालिका सूची

चार्ट सूची

छोटकरी रूप

कार्यकारी सारांश

| | | |
|---|---|---|
| १. | समग्र आर्थिक स्थिति | १ |
| २. | सार्वजनिक वित्त | २८ |
| ३. | मूल्य | ५७ |
| ४. | वित्तीय क्षेत्र | ६१ |
| ५. | बाह्य क्षेत्र | ८२ |
| ६. | गरिबी निवारण र रोजगारी | ८८ |
| ७. | कृषि, वन तथा भूमिसुधार | ९५ |
| ८. | उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन र संस्कृति | १२४ |
| ९. | सहरी विकास, आवास तथा ऊर्जा | १३७ |
| १०. | भौतिक पूर्वाधार, यातायात तथा सञ्चार | १४४ |
| ११. | सामाजिक क्षेत्र | १५२ |
| १२. | सुशासन | १८० |
| १३. | प्रदेश तथा स्थानीय तहको आर्थिक तथा सामाजिक स्थिति | १८७ |
| १४. | जलवायु परिवर्तन | २०९ |
| १५. | दीर्घकालीन विकास लक्ष्य | २१३ |

समष्टिगत आर्थिक परिसूचकहरू

अनुसूचीहरू

# तालिका सूची


| | | | |
|---|---|---|---|
| तालिका १(क) | : | विश्व आर्थिक वृद्धिदर | २ |
| तालिका १(ख) | : | दक्षिण एशियाली मुलुक तथा चीनको आर्थिक वृद्धिदर | ३ |
| तालिका १(ग) | : | विश्वको मुद्रास्फीति | ३ |
| तालिका १(घ) | : | दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति | ४ |
| तालिका १(ङ) | : | दक्षिण एशियाली मुलुक र चीनको चालु खाता सन्तुलन | ५ |
| तालिका २(क) | : | बाँडफाँट हुने राजस्वको विवरण | २९ |
| तालिका २(ख) | : | तीन तहका सरकारबीच भएको वित्तीय हस्तान्तरण | ३० |
| तालिका २(ग) | : | तीन तहका सरकारको एकीकृत खर्चको स्थिति | ३१ |
| तालिका २(घ) | : | तीन तहका सरकारको सञ्चित कोषको विवरण | ३३ |
| तालिका २(ङ) | : | तीन तहका सरकारको वित्त परिसूचकहरू | ३३ |
| तालिका २(च) | : | एकीकृत खर्चको कार्यात्मक संरचन | ३४ |
| तालिका २(छ) | : | संघीय सरकारका वित्त परिसूचकहरू | ३५ |
| तालिका २(ज) | : | संघीय सरकारको वित्त स्थिति | ३७ |
| तालिका २(झ) | : | संघीय सरकारको वित्तको स्थिति | ४० |
| तालिका २(ञ) | : | संघीय सरकारको शेयर तथा ऋण लगानीको तुलनात्मक स्थिति | ४१ |
| तालिका २(ट) | : | संघीय सरकारको वित्त परिसूचकहरू | ४१ |
| तालिका २(ठ) | : | संघीय आय संरचना | ४२ |
| तालिका २(ड) | : | संघीय सरकारी खर्चमा आय, राजस्व, अनुदान र ऋणको अनुपात | ४३ |
| तालिका २(ढ) | : | आन्तरिक र आयातमा आधारित कर राजस्व संरचना | ४३ |
| तालिका २(ण) | : | संघीय विभाज्य/संघीय सञ्चित कोषमा सङ्कलित राजस्व | ४४ |
| तालिका २(त) | : | बाँडफाँट पछिको राजस्व विवरण | ४५ |
| तालिका २(थ) | : | रोयल्टी सङ्कलनको विवरण | ४५ |
| तालिका २(द) | : | व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण | ४६ |
| तालिका २(ध) | : | आवधिक योजना अनुरूप वैदेशिक सहायता विवरण | ४८ |
| तालिका २(न) | : | सार्वजनिक ऋण विवरण | ५० |
| तालिका २(प) | : | अन्तर सरकारी वित्त हस्तान्तरण | ५३ |
| तालिका ३(क) | : | वार्षिक विन्दुगत आधारमा सबैभन्दा उच्च र न्यून मूल्य वृद्धि भएका वस्तु तथा सेवा | ५८ |
| तालिका ४(क) | : | वित्तीय क्षेत्र सवलताका प्रमुख सूचकहरू | ६३ |
| तालिका ४(ख) | : | विद्युतीय भुक्तानी कारोबार | ६५ |

| | | | |
|---|---|---|---|
| तालिका ४(ग) | : | प्रमुख मौद्रिक योगाङ्कहरूको वार्षिक विन्दुगत परिवर्तन | ६६ |
| तालिका ४(घ) | : | बैंकदर, पुनरकर्जादर र अनिवार्य नगद अनुपात | ६७ |
| तालिका ४(ङ) | : | ब्याजदरको प्रवृत्ति | ६८ |
| तालिका ४(च) | : | तोकिएको क्षेत्रमा प्रवाहित कर्जा | ७० |
| तालिका ४(छ) | : | धितोपत्र अभौतिकीकरणको अवस्था | ७६ |
| तालिका ४(ज) | : | धितोपत्र बजार सहभागीहरूको अवस्था | ७६ |
| तालिका ४(झ) | : | बीमा कम्पनीको स्वामित्व संरचना | ७७ |
| तालिका ४(ञ) | : | जीवन तथा निर्जीवन बीमासम्बन्धी विवरण | ७७ |
| तालिका ४(ट) | : | निक्षेप तथा कर्जा सुरक्षण कोषले प्रदान गरेको सुरक्षणको अवस्था | ७९ |
| तालिका ५(क) | : | विप्रेषण आप्रवाहको अवस्था | ८५ |
| तालिका ६(क) | : | श्रम स्वीकृति लिने गैर नेपाली नागरिकको सङ्ख्या | ८९ |
| तालिका ६(ख) | : | वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिनेको विवरण | ९१ |
| तालिका ६(ग) | : | वैदेशिक रोजगारीको क्रममा मृत्यु हुनेहरूको सङ्ख्या र आर्थिक सहायताको विवरण | ९१ |
| तालिका ६(घ) | : | वैदेशिक रोजगारीसम्बन्धी सेवा लिनेको सङ्ख्या | ९२ |
| तालिका ६(ङ) | : | सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध श्रमिकको विवरण | ९२ |
| तालिका ६(च) | : | सामाजिक सुरक्षा कोषमा आबद्ध रोजगारदाता र योगदान कर्ताको विवरण | ९३ |
| तालिका ६(छ) | : | दावी भुक्तानीसम्बन्धी विवरण | ९४ |
| तालिका ७(क) | : | न्यूनतम समर्थन मूल्य तोकिएका वस्तु | ९६ |
| तालिका ७(ख) | : | उखु किसानलाई प्रदान गरिएको प्रोत्साहन अनुदानसम्बन्धी विवरण | ९६ |
| तालिका ७(ग) | : | विगत पाँच वर्षको बाली तथा पशुधन बीमाको अवस्था | ९९ |
| तालिका ७(घ) | : | जोन/सुपरजोनको उत्पादन र उत्पादकत्वको तुलनात्मक स्थिति | १०१ |
| तालिका ७(ङ) | : | प्रमुख कृषि बालीको तीन वर्षको उत्पादन स्थिति | १०३ |
| तालिका ७(च) | : | माछा र पशुपन्छीजन्य वस्तुको उत्पादन, उपलब्धता र न्यूनतम आवश्यकता | १०६ |
| तालिका ७(छ) | : | पशुपन्छीको विवरण | १०८ |
| तालिका ७(ज) | : | विगत पाँच वर्षको नश्ल सुधारको विवरण | १०९ |
| तालिका ७(झ) | : | विगत पाँच वर्षको मत्स्य बीज उत्पादन | १०९ |
| तालिका ७(ञ) | : | विगत छ वर्षको पशुपन्छी खोप उत्पादन तथा विवरण | ११० |
| तालिका ७(ट) | : | स्रोत बीउ उत्पादन र पञ्जीकरण/उन्मोचनको विवरण | १११ |
| तालिका ७(ठ) | : | आर्थिक वर्ष २०८०/८१ मा रासायनिक मलको आपूर्तिको अवस्था | ११२ |
| तालिका ७(ड) | : | सिँचाइ सुविधाको विस्तार | ११५ |

| | | | |
|---|---|---|---|
| तालिका ७(ढ) | : | तटबन्ध निर्माण तथा जग्गा उकास | ११६ |
| तालिका ७(ण) | : | छिमेकी मुलुकको वन क्षेत्रको स्थिति | ११८ |
| तालिका ७(त) | : | वन्यजन्तुको सङ्ख्याको स्थिति | १२० |
| तालिका ७(थ) | : | नमूना परीक्षणको सङ्ख्या | १२१ |
| तालिका ७(द) | : | रजिष्ट्रेशन शुल्क तथा पुँजीगत लाभकर सङ्कलन सम्बन्धी विवरण | १२३ |
| तालिका ८(क) | : | उद्योगमा कुल स्वीकृत लगानी | १२४ |
| तालिका ८(ख) | : | शुरूदेखि २०८१ फागुनसम्म दर्ता भएका उद्योगको विवरण | १२५ |
| तालिका ८(ग) | : | २०८१ फागुनसम्म उद्योग वर्गीकरण अनुसार दर्ता र लगानी | १२६ |
| तालिका ८(घ) | : | विदेशी लगानी स्वीकृत भएका उद्योगको विवरण | १२८ |
| तालिका ८(ङ) | : | देशगतरूपमा स्वीकृत विदेशी लगानी | १२८ |
| तालिका ८(च) | : | खाद्यान्न ढुवानी तथा मौज्दातको विवरण | १३१ |
| तालिका ८(छ) | : | पेट्रोलियम पदार्थको आयात एवं बिक्रीको विवरण | १३१ |
| तालिका ८(ज) | : | कम्पनी दर्ताको क्षेत्रगत विवरण | १३२ |
| तालिका ८(झ) | : | नागरिक उड्डयन सम्बद्ध प्रमुख सूचकहरू | १३६ |
| तालिका ९(क) | : | नयाँ सहर आयोजना अन्र्तगतको उपलब्धि | १३८ |
| तालिका ९(ख) | : | प्रादेशिक र स्थानीय सडक सञ्जालको विवरण | १३९ |
| तालिका ९(ग) | : | भौगोलिक क्षेत्रानुसार प्रादेशिक र स्थानीय सडक विस्तार | १४० |
| तालिका ९(घ) | : | क्षेत्रगत विद्युत खपत | १४२ |
| तालिका १०(क) | : | संघीय सरकारबाट गरिएको सडक विस्तार | १४४ |
| तालिका १०(ख) | : | सडक सञ्जालको स्थिति | १४५ |
| तालिका १०(ग) | : | रेलमार्गसम्बन्धी विवरण | १४७ |
| तालिका १०(घ) | : | ब्रोडब्याण्ड ईन्टरनेट सेवा पुगेको विवरण | १४८ |
| तालिका १०(ङ) | : | दर्ता भएका पत्रपत्रिकाको विवरण | १४८ |
| तालिका १०(च) | : | श्रव्य-दृष्यसम्बन्धी इजाजत | १५० |
| तालिका १०(छ) | : | टेलिफोन सेवा विस्तार | १५० |
| तालिका १०(ज) | : | डाटा/इन्टरनेट सेवा प्रयोगकर्ता | १५१ |
| तालिका १०(झ) | : | मोबाइल र इन्टरनेटसम्बन्धी विवरण | १५१ |
| तालिका ११(क) | : | स्वास्थ्यसम्बन्धी सूचक | १५३ |
| तालिका ११(ख) | : | स्वास्थ्य संस्था, शैय्या र सरकारी सेवामा रहेका जनशक्तिको विवरण | १५४ |
| तालिका ११(ग) | : | स्वास्थ्य सेवाबाट लाभान्वित विवरण | १५५ |
| तालिका ११(घ) | : | राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोप प्राप्त गर्ने बालबालिका तथा महिला | १५५ |
| तालिका ११(ङ) | : | विपन्न नागरिक औषधि उपचार कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या | १५६ |

| | | | |
|---|---|---|---|
| तालिका ११(च) | : | नेपाल मेडिकल काउन्सिल दर्ता भएका स्वास्थ्यकर्मी | १५७ |
| तालिका ११(छ) | : | नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएका नर्स तथा अ.न.मी. को सङ्ख्या | १५८ |
| तालिका ११(ज) | : | स्वास्थ्य बीमामा आवद्ध लक्षित वर्ग | १६१ |
| तालिका ११(झ) | : | शैक्षिक सत्र २०८१ मा तहगत विद्यार्थी भर्नादर | १६२ |
| तालिका ११(ञ) | : | शैक्षिक सूचक | १६३ |
| तालिका ११(ट) | : | विद्यालय प्रकार अनुसारका विद्यालयको विवरण | १६६ |
| तालिका ११(ठ) | : | विद्यार्थी सङ्ख्याका आधारमा सामुदायिक विद्यालयको सङ्ख्या | १६६ |
| तालिका ११(ड) | : | सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण | १६७ |
| तालिका ११(ढ) | : | तहगत विद्यालय विद्यार्थी अनुपात | १६७ |
| तालिका ११(ण) | : | सामुदायिक विद्यालयको विद्यालय विद्यार्थी र शिक्षक विद्यार्थी | १६८ |
| तालिका ११(त) | : | विगत पाँच वर्षको तहगत विद्यार्थी सङ्ख्या | १६९ |
| तालिका ११(थ) | | सबैभन्दा बढी विद्यार्थी सङ्ख्या रहेका दश सामुदायिक विद्यालयको विवरण | १७० |
| तालिका ११(द) | : | माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) को नियमित तर्फको नतिजाको अवस्था, २०८१ | १७१ |
| तालिका ११(ध) | : | वैदेशिक अध्ययन अनुमतिपत्र विवरण | १७४ |
| तालिका ११(न) | : | खानेपानी तथा सरसफाइको स्थिति | १७५ |
| तालिका ११(प) | : | उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको प्रदेशगत विवरण | १७५ |
| तालिका ११(फ) | : | उद्धार, संरक्षण र पुनर्स्थापनाको विवरण | १७६ |
| तालिका ११(ब) | : | नेपालमा लैङ्गिक उत्तरदायी बजेट | १७६ |
| तालिका ११(भ) | : | पछिल्लो दशकको व्यक्तिगत घटना दर्ताको विवरण | १७८ |
| तालिका ११(म) | : | सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण | १७९ |
| तालिका ११(य) | : | राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ताको अवस्था | १७९ |
| तालिका १२(क) | : | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्राप्त उजुरी विवरण | १८१ |
| तालिका १२(ख) | : | क्षेत्रगत/निकायगत उजुरीको विवरण | १८१ |
| तालिका १२(ग) | : | सङ्घीय निकायको सेवागत दरवन्दी विवरण | १८२ |
| तालिका १२(घ) | : | संघीय निजामती सेवामा कार्यरत कर्मचारी विवरण | १८२ |
| तालिका १२(ङ) | : | तीन तहका सरकारमा कार्यरत कर्मचारी विवरण | १८३ |
| तालिका १२(च) | : | विगत पाँच वर्षमा वितरित राहदानीसम्बन्धी विवरण | १८५ |
| तालिका १२(छ) | : | वित्तीय जानकारी इकाइमा प्राप्त भएका प्रतिवेदनको स्थिति | १८६ |
| तालिका १३(क) | : | प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचक | १९० |
| तालिका १३(ख) | : | प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति | १९३ |
| तालिका १३(ग) | : | प्रदेश सरकारको खर्च अवस्था | १९३ |

| | | | |
|---|---|---|---|
| तालिका १३(घ) | : | प्रदेश सरकारको खर्च अवस्था (विनियोजित प्रादेशिक बजेटको प्रतिशत) | १९४ |
| तालिका १३(ङ) | : | आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सञ्चित कोषको प्राप्ति र भुक्तानीको विवरण | १९४ |
| तालिका १३(च) | : | स्थानीय तहको बजेट र खर्च | १९५ |
| तालिका १३(छ) | : | प्रदेशगत स्थानीय तहको खर्च अवस्था | १९६ |
| तालिका १३(ज) | : | प्रदेशगत स्थानीय तहको खर्च अवस्था फागुनसम्म | १९७ |
| तालिका १३(झ) | : | प्रदेशगत रूपमा बैङ्क तथा वित्तीय संस्थाका शाखा | १९७ |
| तालिका १३(ञ) | : | प्रदेशगत जीवन, निर्जीवन बीमकहरू शाखा सङ्ख्याको विवरण | १९८ |
| तालिका १३(ट) | : | बीमालेख र बीमाशुल्क संकलनको प्रदेशगत विवरण | १९९ |
| तालिका १३(ठ) | : | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. संग साझेदार संस्थाहरूको कार्यक्षेत्र | १९९ |
| तालिका १३(ड) | : | प्रदेशतर्फको उद्योग तथा वाणिज्यसँग सम्बन्धित लघु, घरेलु तथा साना उद्योगको विवरण | २०० |
| तालिका १३(ढ) | : | हालसम्म दर्ता भएका कम्पनी दर्ताको विवरण | २०० |
| तालिका १३(ण) | : | प्रदेशगत पेट्रोलियम पदार्थको भण्डारण क्षमता | २०१ |
| तालिका १३(त) | : | राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसङ्ख्या | २०१ |
| तालिका १३(थ) | : | प्रदेशगत विद्युत उत्पादन क्षमता | २०२ |
| तालिका १३(द) | : | प्रादेशिक तथा स्थानीय सडक सञ्जालको विवरण | २०२ |
| तालिका १३(ध) | : | प्रदेशअनुसार शिक्षाको विवरण | २०३ |
| तालिका १३(न) | : | प्रदेशअनुसार विभिन्न तहका विद्यालयको विवरण | २०३ |
| तालिका १३(प) | : | प्रदेशगत रूपमा विद्यार्थी भर्नाको विवरण | २०४ |
| तालिका १३(फ) | : | प्रदेशगत रूपमा विद्यार्थी खुद भर्नादर | २०५ |
| तालिका १३(ब) | : | माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (SEE) २०८० को नतिजा विवरण | २०६ |
| तालिका १३(भ) | : | अस्पताल सुविधा लिएको प्रदेशगत विवरण | २०७ |
| तालिका १३(म) | : | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण | २०७ |
| तालिका १३(य) | : | सूचीकृत भएका बेरोजगारहरूको प्रदेशगत विवरण | २०८ |
| तालिका १३(र) | : | न्यूनतम रोजगारीमा खटिएका व्यक्तिहरूको प्रदेशगत विवरण | २०८ |
| तालिका १४(क) | : | विश्वमा सबैभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने दश मुलुक | २१० |
| तालिका १५(क) | : | विकासशील मुलुकमा स्तरोन्नतिको मापदण्ड र नेपालको अवस्था | २१३ |
| तालिका १५(ख) | : | दिगो विकास लक्ष्यको उपलब्धि | २१४ |
| तालिका १५(ग) | : | लक्ष्य १ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २१५ |
| तालिका १५(घ) | : | लक्ष्य २ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २१५ |
| तालिका १५(ङ) | : | लक्ष्य ३ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २१६ |

| | | | |
|---|---|---|---|
| तालिका १५(च) | : | लक्ष्य ४ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २१६ |
| तालिका १५(छ) | : | लक्ष्य ५ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २१७ |
| तालिका १५(ज) | : | लक्ष्य ६ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २१७ |
| तालिका १५(झ) | : | लक्ष्य ७ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २१८ |
| तालिका १५(ञ) | : | लक्ष्य ८ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २१८ |
| तालिका १५(ट) | : | लक्ष्य ९ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २१९ |
| तालिका १५(ठ) | : | लक्ष्य १० अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २१९ |
| तालिका १५(ड) | : | लक्ष्य ११ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २२० |
| तालिका १५(ढ) | : | लक्ष्य १२ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २२० |
| तालिका १५(ण) | : | लक्ष्य १३ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २२१ |
| तालिका १५(त) | : | लक्ष्य १५ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २२१ |
| तालिका १५(थ) | : | लक्ष्य १६ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २२२ |
| तालिका १५(द) | : | लक्ष्य १७ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था | २२२ |

# चार्ट सूची


| | | | |
|---|---|---|---|
| चार्ट १(क) | : | विश्व आर्थिक वृद्धिदर | २ |
| चार्ट १(ख) | : | नेपाल, भारत र चीनको मुद्रास्फीतिको तुलनात्मक विवरण | ४ |
| चार्ट १(ग) | : | कुल गार्हस्थ्य उत्पादन वृद्धिदर | ७ |
| चार्ट १(घ) | : | कुल गार्हस्थ्य उत्पादनमा कृषि र गैरकृषि क्षेत्रको योगदान | ७ |
| चार्ट १(ङ) | : | उपभोगको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत) | ८ |
| चार्ट १(च) | : | सरकारी, निजी तथा गैरनाफामूलक संस्थाको उपभोग | ९ |
| चार्ट १(छ) | : | आर्थिक वर्ष २०८१/८२ मा निजी क्षेत्रको उपभोग संरचना | ९ |
| चार्ट १(ज) | : | कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय बचत | १० |
| चार्ट १(झ) | : | लगानी (कुल पुँजी निर्माण) को प्रवृत्ति | ११ |
| चार्ट १(ञ) | : | स्थिर लगानी संरचना | ११ |
| चार्ट १(ट) | : | कुल गार्हस्थ्य बचत-लगानी अन्तर | १२ |
| चार्ट १(ठ) | : | कुल राष्ट्रिय बचत-लगानी अन्तर | १३ |
| चार्ट १(ड) | : | प्रचलित मूल्यमा प्रतिव्यक्ति आयको वृद्धिदर | १३ |
| चार्ट १(ढ) | : | प्रतिव्यक्ति राष्ट्रिय आय | १४ |
| चार्ट १(ण) | : | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर | १५ |
| चार्ट १(त) | : | कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान | १५ |
| चार्ट १(थ) | : | कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान र वृद्धिदर | १७ |
| चार्ट १(द) | : | कुल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान र वृद्धिदर | १७ |
| चार्ट १(ध) | : | कुल गार्हस्थ्य उत्पादनमा विद्युत, ग्यास तथा वाष्प र वातानुकूलित आपूर्ति सेवाको योगदान र वृद्धिदर | १८ |
| चार्ट १(न) | : | कुल गार्हस्थ्य उत्पादनमा पानी आपूर्ति, ढल व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप क्षेत्रको योगदान र वृद्धिदर | १९ |
| चार्ट १(प) | : | कुल गार्हस्थ्य उत्पादनमा थोक, खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको योगदान र वृद्धिदर | २० |
| चार्ट १(फ) | : | कुल गार्हस्थ्य उत्पादनमा यातायात तथा भण्डारण क्षेत्रको योगदान र वृद्धिदर | २० |
| चार्ट १(ब) | : | कुल गार्हस्थ्य उत्पादनमा आवास तथा भोजन सेवा क्षेत्रको योगदान र वृद्धिदर | २१ |
| चार्ट १(भ) | : | कुल गार्हस्थ्य उत्पादनमा सूचना तथा सञ्चार क्षेत्रको योगदान र वृद्धिदर | २२ |
| चार्ट १(म) | | कुल गार्हस्थ्य उत्पादनमा वित्तीय तथा बीमा क्षेत्रको योगदान र वृद्धिदर | २२ |

| | | | |
|---|---|---|---|
| चार्ट १(य) | : | कुल गार्हस्थ्य उत्पादनमा घरजग्गा कारोबार क्षेत्रको योगदान र वृद्धिदर | २३ |
| चार्ट १(र) | : | कुल गार्हस्थ्य उत्पादनमा पेशागत वैज्ञानिक तथा प्राविधिक क्षेत्रको योगदान र वृद्धिदर | २४ |
| चार्ट १(ल) | : | कुल गार्हस्थ्य उत्पादनमा प्रशासनिक तथा सहयोगी सेवाका क्षेत्रको योगदान र वृद्धिदर | २४ |
| चार्ट १(व) | : | कुल गार्हस्थ्य उत्पादनमा प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षा क्षेत्रका योगदान र वृद्धिदर | २५ |
| चार्ट १(श) | : | कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान र वृद्धिदर | २६ |
| चार्ट १(ष) | : | कुल गार्हस्थ्य उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रको योगदान र वृद्धिदर | २६ |
| चार्ट २(क) | : | पछिल्लो दशकमा सरकारको समग्र खर्च स्थिति | ३२ |
| चार्ट २(ख) | : | तीन तहका सरकारको वित्त परिसूचकहरू | ३४ |
| चार्ट २(ग) | : | संघीय सरकारको वित्त परिसूचकहरू | ३६ |
| चार्ट २(घ) | : | संघीय खर्च, संघीय आय र सार्वजनिक ऋण परिचालन | ३८ |
| चार्ट २(ङ) | : | संघीय खर्च संरचना | ३९ |
| चार्ट २(च) | : | राजस्व संरचना | ३९ |
| चार्ट २(छ) | : | वैदेशिक सहायता प्राप्तिको संरचना | ४७ |
| चार्ट २(ज) | : | आवधिक योजनाअनुरुप वैदेशिक सहायता स्थिति | ४८ |
| चार्ट २(झ) | : | विनिमय दर उतारचढावको कारण वैदेशिक ऋण दायित्वमा परेको प्रभाव | ५२ |
| चार्ट २(ञ) | : | आन्तरिक ऋण संरचना | ५२ |
| चार्ट २(ट) | : | सरकारी ऋणपत्रको औसत ब्याजदर | ५३ |
| चार्ट ३(क) | : | उपभोक्ता मुद्रास्फीति दर | ५७ |
| चार्ट ३(ख) | : | पेट्रोल तथा डिजेल र मट्टीतेलको मूल्य | ५९ |
| चार्ट ४(क) | : | २०८१ पुसमसान्तमा वित्तीय प्रणालीको सम्पत्ति र दायित्वको संरचना | ६२ |
| चार्ट ४(ख) | : | ब्याजदरको प्रवृत्ति | ६८ |
| चार्ट ४(ग) | : | बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालन संरचना | ६९ |
| चार्ट ४(घ) | : | बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जा संरचना | ७० |
| चार्ट ४(ङ) | : | धितोपत्रको प्राथमिक बजार मार्फत कुल पुँजी परिचालनको स्थिति | ७२ |
| चार्ट ४(च) | : | नेप्से सूचकाङ्क र नेप्से फ्लोट सूचकाङ्क | ७३ |
| चार्ट ४(छ) | : | धितोपत्रको बजार पुँजीकरणको प्रवृति | ७४ |
| चार्ट ४(ज) | : | पीडित बचतकर्ताको मागदाबी र भुक्तानी विवरण | ८० |
| चार्ट ५(क) | : | कुल व्यापारमा निकासी/पैठारीको अंश | ८२ |

| | | | |
|---|---|---|---|
| चार्ट ५(ख) | : | बाह्य क्षेत्रका प्रमुख परिसूचकहरू | ८३ |
| चार्ट ५(ग) | : | निकासी र पैठारी एकाइ मूल्य सूचकाङ्क | ८४ |
| चार्ट ५(घ) | : | अमेरिकी डलर एकको नेपाली रूपैयाँसँग खरिद विनिमय दर | ८७ |
| चार्ट ६(क) | : | वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिनेको स्थिति | ९० |
| चार्ट ७(क) | : | प्रतिव्यक्ति प्रतिवर्ष दूध (लिटर) र अण्डा (गोटा) को उपलब्धता | १०७ |
| चार्ट ७(ख) | : | पछिल्लो ५ वर्षको ऊनको उत्पादन र वृद्धिदर | ११० |
| चार्ट ७(ग) | : | कुल रासायनिक मल खरिदको वृद्धिदर | ११२ |
| चार्ट ७(घ) | : | सिँचाइ क्षेत्रको बजेट विनियोजन, खर्च र उपलब्मा भएको वृद्धि | ११४ |
| चार्ट ७(ङ) | : | सिँचाइ क्षेत्र विस्तार | ११५ |
| चार्ट ८(क) | : | पछिल्लो दशकमा वार्षिक रूपमा स्वीकृत लगानी | १२६ |
| चार्ट ८(ख) | : | वार्षिक रूपमा कुल स्वीकृत विदेशी लगानी | १२७ |
| चार्ट ८(ग) | : | पर्यटक आगमन र वृद्धिदर | १३३ |
| चार्ट ८(घ) | : | भ्रमणको उद्देश्यअनुसार पर्यटक आगमन | १३४ |
| चार्ट ८(ङ) | : | सन् २०२४ मा देशगत रूपमा पर्यटक आगमन | १३४ |
| चार्ट ९(क) | : | स्रोतगत विद्युत उत्पादन क्षमताको विवरण | १४० |
| चार्ट ९(ख) | : | विद्युत पहुँचको विवरण | १४१ |
| चार्ट १०(क) | : | रेडियो नेपालको प्रसारण पहुँचको अवस्था | १४९ |
| चार्ट ११(क) | : | नेपालमा मातृ मृत्युदरको अवस्था | १५२ |
| चार्ट ११(ख) | : | प्रतिहजार जनसङ्ख्यामा स्वास्थ्य जनशक्ति | १५३ |
| चार्ट ११(ग) | : | स्वास्थ्य बीमासम्बन्धी सूचक | १६० |
| चार्ट ११(घ) | : | विगत दश शैक्षिक सत्रको टिकाउ दर | १६३ |
| चार्ट ११(ङ) | : | बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने विद्यार्थी | १६५ |
| चार्ट ११(च) | : | शैक्षिक सत्र २०८१ मा प्रारम्भिक बालविकास कक्षामा विद्यार्थी भर्ना | १६५ |
| चार्ट ११(छ) | : | विद्यालयमा कार्यरत शिक्षकको लैङ्गिक समता सूचकाङ्क | १६८ |
| चार्ट ११(ज) | : | शैक्षिक सत्र २०८१ मा कुल विद्यार्थी भर्नामा तहगत लैङ्गिक समता सूचकाङ्क | १६९ |
| चार्ट ११(झ) | : | विद्यालयमा विद्यार्थी भर्ना प्रतिशत | १७० |
| चार्ट ११(ञ) | : | २०८० को माध्यमिक शिक्षा परीक्षा | १७१ |
| चार्ट १३(क) | : | राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान | १८७ |
| चार्ट १३(ख) | : | प्रदेशगत कुल गार्हस्थ्य उत्पादन वृद्धिदर | १८८ |
| चार्ट १३(ग) | : | प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना | १८८ |

| | | | |
|---|---|---|---|
| चार्ट १३(घ) | : | कृषि उत्पादनमा प्रदेशगत अंश | १८९ |
| चार्ट १३(ङ) | : | उत्पादनमूलक उद्योगको उत्पादनमा प्रदेशगत हिस्सा | १८९ |
| चार्ट १३(च) | : | चालु आर्थिक वर्षको प्रदेशगत प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन | १९० |
| चार्ट १३(छ) | : | प्रदेशगत खर्च र राजस्व स्थिति | १९१ |
| चार्ट १३(ज) | : | प्रदेश सरकारको खर्च संरचना | १९२ |
| चार्ट १३(झ) | : | प्रादेशिक सञ्चित कोष | १९५ |
| चार्ट १३(ञ) | : | स्थानीय तहको खर्च संरचना | १९६ |
| चार्ट १३(ट) | : | बीमकको प्रदेशगत शाखा सङ्ख्य | १९८ |
| चार्ट १३(ठ) | : | सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको प्रदेशगत विवरण | २०४ |
| चार्ट १३(ड) | : | प्रदेशगत रूपमा सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी भर्नाको विवरण | २०५ |
| चार्ट १३(ढ) | : | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) को प्रदेशगत स्थिति | २०६ |
| चार्ट १४(क) | : | विश्वको हरितगृह ग्यास उत्सर्जनको प्रवृत्ति | २०९ |
| चार्ट १४(ख) | : | नेपाल हरितगृह ग्यास उत्सर्जनको प्रवृत्ति | २११ |
| चार्ट १४(ग) | : | क्षेत्रगत हरित ग्यास उत्सर्जन | २११ |

# मन्जुषा बक्स सूची


| | | | |
|---|---|---|---|
| मन्जुषा बक्स २(क) | : | वैदेशिक सहायताको प्रकृत्ति र वैदेशिक सहायता परिचालन नीति, २०८२ | ४७ |
| मन्जुषा बक्स २(ख) | : | शेयर तथा ऋण लगानी नीति, २०८१ | ५५ |
| मन्जुषा बक्स ३(क) | : | उपभोक्त मूल्य सूचकाङ्कको अधार वर्ष परिवर्तन | ६० |
| मन्जुषा बक्स ४(क) | : | समस्याग्रस्त सहकारीसम्बन्धी विवरण | ८० |
| मन्जुषा बक्स ५(क) | : | BPM6 अनुसार शोधनान्तर तथ्याङ्क प्रकाशन प्रारम्भ | ८६ |
| मन्जुषा बक्स ७(क) | : | रैथाने बाली प्रवर्द्धन कार्यक्रमको प्रभाव र हासिल उपलब्धिहरू | ९८ |
| मन्जुषा बक्स ७(ख) | : | जी-९ जात प्रवर्द्धन मार्फत चितवनमा केरा खेतीको सफलता | १०२ |
| मन्जुषा बक्स ७(ग) | : | साना सिँचाइ कार्यक्रमको उपलब्धि | ११६ |
| मन्जुषा बक्स ७(घ) | : | राष्ट्रिय गौरवका सिँचाइ आयोजनाको उपलब्धि | ११७ |
| मन्जुषा बक्स ८(क) | : | औद्योगिक क्षेत्र, औद्योगिक ग्राम र विशेष आर्थिक क्षेत्र | १२५ |
| मन्जुषा बक्स ८(ख) | : | स्टार्टअप उद्यम कर्जा कार्यक्रम | १२७ |
| मन्जुषा बक्स ८(ग) | : | नेपालको सार्वभौम क्रेडिट रेटिङ : आर्थिक विश्वास र अवसरको संकेत | १२९ |
| मन्जुषा बक्स ८(घ) | : | वाणिज्य नीति, २०८१ | १३० |

# छोटकरी रूप

| | |
|---|---|
| 5G | Fifth Generation |
| ADSL | Asymmetric Digital Subscriber Line |
| AI | Artificial Intelligence |
| APG | Asia Pacific Group |
| ARV | Anti -Retro Viral |
| ATF | Aviation Turbine Fuel |
| ATM | Automated Teller Machine |
| BCG | Bacillus Calmette-Guérin |
| BPAN | Business Permanent Account Number |
| BPM5 | Balance of Payment Manual 5 |
| BPM6 | Balance of Payment Manual 6 |
| BPO | Business Process Outsourcing |
| BQ | Black Quarter |
| CASBA | Centralized Application Supported by Blocked Amount |
| CDSC | Central Depository System and Clearing Limited |
| CO2 | Carbondioxide |
| Connect IPS | Connect Interbank Payment System |
| COPOMIS | Cooperative and Poverty Management Information System |
| CPE | Customer Premisses Equipment |
| DAP | Diammonium Phosphate |
| DFQF | Duty Free Quota Free |
| DMAT | Dematerialized |
| DNA | Deoxyribonucleic Acid |
| DPT | Diphtheria-pertussis-tetanus |
| DTH | Direct-To- Home |
| ECC | Electronic Credit Confirmation |
| E-Commerce | Electronic Commerce |
| ESIM | Embedded Subscriber Identification Module |
| FATF | Financial Action Task Force |
| FTTH | Fiber to the Home |
| goAML | Go Anti-Money Laundering |
| GPA | Grade Point Average |
| GPS | Global Positioning System |
| HF/UHF/VHF | High Frequency/Ultra High Frequency/ Very High Frequency |
| HIV | Human immunodeficiency virus |
| HR/CR | Head Regulator/Cross Regulator |
| HS | Haemorrhagic Septicaemia |
| ICT Lab | Information and Communications Technology Lab |

| | |
|---|---|
| IMF | International Monetary Fund |
| IP | Internet Protocol |
| IPS | Interbank Payment System |
| KM | Kilometer |
| LDI | Liberal Democracy Index |
| LIBOR | London Interbank Offered Rate |
| LPG | Liquefied Petroleum Gas |
| LRIMS | Land Records Information Management System |
| MDR-TB | Multidrug-Resistant Tuberculosis |
| NeLIS | Nepalese Land Information System |
| OTC | Over the Counter |
| PAM | Public Access Module |
| PBS | Pre-Basic Seed |
| PCI | Productive Capacities Index |
| PCV | Pneumococcal Conjugate Vaccine |
| POS | Point of Sale |
| PPAN | Personal Permanent Account Number |
| PPP | Purchasing Power Parity |
| PPR | Peste des Petits Ruminants |
| PTMC | Percutaneous Transvenous Mitral Commissurotomy |
| QAA | Quality Assurance and Accreditation |
| QR Code | Quick Response Code |
| RPP | Regulatory Retail Portfolio |
| RTGS | Real Time Gross Settlement System |
| SAMi | Safer Migration |
| SDR | Special Drawing Rights |
| SEE | Secondary Education Examination |
| TBM | Tunnel Boring Machine |
| T Bond | Treasury Bond |
| USD | United States Dollar |
| VRB | Village Road Bridge |
| WPAN | Withholding Permanent Account Number |

# कार्यकारी सारांश

१. विश्व आर्थिक एवम् राजनीतिक परिदृश्यमा देखिएको अस्थिरता र अनिश्चितताको कारण आर्थिक गतिविधिमा सुस्तता आई सन् २०२५ मा विश्व अर्थतन्त्रको विस्तार कम हुने अनुमान छ। सन् २०२४ मा ३.३ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र विश्व व्यापार तनाव, न्यून लगानी, आपूर्ति श्रृङ्खलामा देखिएको अवरोध लगायतका कारण २.८ प्रतिशत रहने प्रक्षेपण छ।

२. विकसित, उदीयमान तथा विकासशील अर्थतन्त्रको मुद्रास्फीति घट्दै गएकोले सन् २०२५ मा समग्र मूल्यस्तरमा चाप कम पर्ने अनुमान छ। पेट्रोलियम पदार्थको मूल्यमा आएको गिरावटका कारण इन्धनजन्य वस्तुको मूल्य घट्ने अनुमान छ।

३. कृषि, विद्युत तथा ग्यास, यातायात तथा भण्डारण लगायतका क्षेत्रमा भएको वृद्धिका कारण चालु आर्थिक वर्ष नेपालको आर्थिक वृद्धि ४.६१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धि ३.६७ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष नेपालको अर्थतन्त्रको आकार रु.६१ खर्ब ७ अर्ब पुग्ने अनुमान छ।

४. चालु आर्थिक वर्षमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ५.५१ प्रतिशत र सुदूरपश्चिम प्रदेशको सबैभन्दा कम ३.३२ प्रतिशत रहने अनुमान छ। यस अवधिमा कोशी प्रदेशको ३.३६ प्रतिशत, मधेश प्रदेशको ४.५० प्रतिशत, बागमती प्रदेशको ५.१८ प्रतिशत, लुम्बिनी प्रदेशको ४.७० प्रतिशत र कर्णाली प्रदेशको ४.७४ प्रतिशत रहने अनुमान छ।

५. चालु आर्थिक वर्ष कृषि क्षेत्रको उत्पादन ३.२८ प्रतिशत र गैरकृषि क्षेत्रको उत्पादन ४.२८ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कृषि क्षेत्रको उत्पादन ३.३५ प्रतिशत र गैरकृषि क्षेत्रको उत्पादन ३.३६ प्रतिशतले बढेको थियो। धानको उत्पादन ४.०४ प्रतिशतले बढ्ने अनुमान रहेको छ।

६. कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान उच्च रहेको छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५.१६ प्रतिशत, उद्योग क्षेत्रको योगदान १२.८३ प्रतिशत र सेवा क्षेत्रको योगदान ६२.०१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान क्रमशः २४.७१ प्रतिशत, १२.९१ प्रतिशत र ६२.३८ प्रतिशत रहेको थियो।

७. कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश उच्च रहेको छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा ९३.७८ प्रतिशत रहेको कुल उपभोग चालु आर्थिक वर्ष ९३.४५ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य बचत कुल

गार्हस्थ्य उत्पादनको ६.२२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ६.५५ प्रतिशत पुग्ने अनुमान छ।

८. आर्थिक वर्ष २०८०/८१ मा कुल स्थिर लगानी ५.२ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्ष यस्तो लगानी ५.८ प्रतिशतले बढेर रू.१४ खर्ब ७० अर्ब १२ करोड पुग्ने अनुमान छ। कुल स्थिर लगानीमध्ये सार्वजनिक क्षेत्रको हिस्सा ३९.१ प्रतिशत र निजी क्षेत्रको हिस्सा ६०.९ प्रतिशत रहेको छ।

९. आर्थिक वर्ष २०८१/८२ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) ५.८ प्रतिशतले बढेर रू.२ लाख ६ हजार ४ सय २४ पुग्ने अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय १,४६७ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्ष १,५१७ अमेरिकी डलर पुग्ने अनुमान छ।

१०. अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा आएको कमी, छिमेकी मुलुकको मुद्रास्फीतिमा आएको कमी लगायतको कारण चालु आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ४.७२ प्रतिशतमा झरेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो मुद्रास्फीति ६.०८ प्रतिशत रहेको थियो।

११. आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारको राजस्व सङ्कलन १०.४ प्रतिशतले बढेर रू.११ खर्ब ५० अर्ब ९९ करोड पुगेको छ। कुल सङ्कलित राजस्वमध्ये संघबाट सङ्कलित राजस्वको हिस्सा ९२.० प्रतिशत र प्रदेश तथा स्थानीय तहबाट सङ्कलित राजस्वको हिस्सा ८.० प्रतिशत रहेको छ।

१२. आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारको एकीकृत खर्च ०.९ प्रतिशतले घटेर रू.१६ खर्ब ४० अर्ब ६८ करोड रहेको छ। एकीकृत खर्चमध्ये संघीय खर्च ६४.२ प्रतिशत, प्रादेशिक खर्च ९.९ प्रतिशत र स्थानीय तहबाट भएको खर्च २५.९ प्रतिशत रहेको छ।

१३. आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारको एकीकृत खर्चमध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फको खर्चको हिस्सा क्रमशः ५६.१ प्रतिशत, २७.३ प्रतिशत र १६.६ प्रतिशत रहेको छ।

१४. आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा संघीय सरकारको वित्त घाटा २.५३ प्रतिशत र प्राथमिक घाटा १.०९ प्रतिशत रहेको छ।

१५. आर्थिक वर्ष २०८०/८१ मा संघीय राजस्व ११.४ प्रतिशतले वृद्धि भई रु.९ खर्ब २९ अर्ब ५ करोड पुगेको छ भने संघीय खर्च २.० प्रतिशतले घटेर रु.१३ खर्ब ९३ अर्ब ४० करोड रहेको छ।

१६. आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनमा संघीय खर्च, संघीय राजस्व र सार्वजनिक ऋण क्रमशः २४.४१ प्रतिशत, १६.२७ प्रतिशत र ४२.६४ प्रतिशत रहेको छ।

१७. चालु आर्थिक वर्षको फागुनसम्म वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान रु.२ खर्ब ३९ अर्ब ७६ करोड र राजस्व बाँडफाँट रु.८५ अर्ब ७० करोड गरी प्रदेश र स्थानीय तहमा रु.३ खर्ब २५ अर्ब ४६ करोड हस्तान्तरण भएको छ।

१८. आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म रु.७० अर्ब ३६ करोड रहेको संघीय सरकारको वित्त घाटा चालु आर्थिक वर्षको फागुनसम्म रु.१६ अर्ब १९ करोड घाटामा रहेको छ।

१९. चालु आर्थिक वर्षको फागुनसम्म संघीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.७ प्रतिशतले बढेर रू.८ खर्ब ३९ अर्ब पुगेको छ। यस अवधिमा संघीय राजस्व १२.६ प्रतिशतले बढेर रू.५ खर्ब ६१ अर्ब ९३ करोड पुगेको छ।

२०. चालु आर्थिक वर्षको फागुनसम्म आन्तरिक र वैदेशिक ऋण गरी सार्वजनिक ऋण परिचालन रु.३ खर्ब ३४ अर्ब ६२ करोड रहेको छ। यस अवधिमा अनुदान र ऋण गरी कुल वैदेशिक सहायता प्रतिबद्धता ११९.४ प्रतिशतले वृद्धि भई रु.२ खर्ब २२ अर्ब पुगेको छ।

२१. २०८१ फागुनसम्म आन्तरिक ऋण रू.१३ खर्ब १५ अर्ब ५८ करोड र बाह्य ऋण रू.१३ खर्ब ६० अर्ब ४६ करोड गरी सरकारको सार्वजनिक ऋण रू.२६ खर्ब ७६ अर्ब ४ करोड पुगेको छ।

२२. चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु निकासी ५७.२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ५८ अर्ब १७ करोड र वस्तु पैठारी ११.२ प्रतिशतले वृद्धि भई रु.११ खर्ब ४५ अर्ब ५७ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म वस्तु निकासी ४.० प्रतिशत र वस्तु पैठारी २.७ प्रतिशतले घटेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु व्यापार घाटा ६.२ प्रतिशतले बढेर रु.९ खर्ब ८७ अर्ब ३९ करोड पुगेको छ।

२३. वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्या २०८१ फागुनसम्म ६४ लाख नाघेको छ। चालु आर्थिक वर्षको फागुनसम्म वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्या ३ लाख १७ हजार ६३ रहेको छ। यस अवधिमा विप्रेषण आप्रवाह ९.४ प्रतिशतले बढेर रु.१० खर्ब ५१ अर्ब ७७ करोड पुगेको छ। यस अवधिको विप्रेषण आय अमेरिकी डलरमा ७ अर्ब ७४ करोड रहेको छ।

२४. चालु आर्थिक वर्षको फागुनसम्म (अगष्ट २०२४ देखि मार्च २०२५ सम्म) नेपाल आएका पर्यटकको सङ्ख्या १.७ प्रतिशतले बढेर ७ लाख ९८ हजार ५ सय १० रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ७ लाख ८५ हजार ३ सय ६२ रहेको थियो। यस अवधिमा विदेशी पर्यटकबाट प्राप्त भएको भ्रमण आय ९.७ प्रतिशतले वढेर रु.५६ अर्ब ७० करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो आय रु.५१ अर्ब ६९ करोड रहेको थियो। सन् २०२४ मा पर्यटकको औसत बसाई १३.३ दिन र प्रति पर्यटक प्रति दिन औसत खर्च ४०.८ अमेरिकी डलर रहेको छ।

२५. चालु आर्थिक वर्षको फागुनसम्म चालु खाता रु.१ खर्ब ८० अर्ब ८ करोड र शोधनान्तर स्थिति रु.३ खर्ब १० अर्ब ३७ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा चालु खाता रु.१ खर्ब ६७ अर्ब ४५ करोड र शोधनान्तर स्थिति रु.३ खर्ब २७ अर्ब ५५ करोडले बचतमा रहेको थियो।

२६. २०८१ असारमसान्तमा रु.२० खर्ब ४१ अर्ब १० करोड रहेको कुल विदेशी विनिमय सञ्चिति १८.० प्रतिशतले वृद्धि भई २०८१ फागुनमसान्तमा रु.२४ खर्ब ९ अर्ब २५ करोड पुगेको छ। यो सञ्चिति १७.२ महिनाको वस्तु पैठारी र १४.३ महिनाको वस्तु तथा सेवाको पैठारी धान्न पर्याप्त रहेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०८१ फागुनमसान्तमा १७ अर्ब २७ करोड रहेको छ।

२७. २०८१ फागुनसम्म २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक गरी १०७ बैंक तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन्। देशका सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा स्थापना भएको छ।

२८. बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल विस्तार भएसँगै वित्तीय पहुँच वृद्धि हुँदै गएको छ। २०८१ फागुनमा बैङ्क तथा वित्तीय संस्थामा निक्षेप खाता ५ करोड ८३ लाख ९९ हजार, कर्जा खाता १९ लाख ३७ हजार, मोबाइल बैंकिङ्ग सेवा प्रयोगकर्ता २ करोड ६७ लाख ५७ हजार र इन्टरनेट बैंकिङ्ग सेवाका प्रयोगकर्ता २१ लाख ४१ हजार रहेका छन्।

२९. २०८१ फागुनमा बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्याका आधारमा प्रति शाखा जनसङ्ख्या औसत २,५२७ पुगेको छ। यस्तो जनसङ्ख्या २०८१ असारमा २,५२४ रहेको थियो।

३०. वार्षिक विन्दुगत आधारमा २०८१ फागुनमसान्तमा बैङ्क तथा वित्तीय संस्थाको निक्षेप ९.५ प्रतिशतले वृद्धि भई रु.६७ खर्ब २९ अर्ब ६२ करोड पुगेको छ। २०८० फागुनमसान्तमा यस्तो निक्षेप रु.६१ खर्ब ४५ अर्ब ८८ करोड रहेको थियो।

३१. वार्षिक विन्दुगत आधारमा २०८१ फागुनमसान्तमा बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.७ प्रतिशतले वृद्धि भई रु.५३ खर्ब ७८ अर्ब ७८ करोड पुगेको छ। २०८० फागुनमसान्तमा यस्तो कर्जा रु.४९ खर्ब ९६ अर्ब ५३ करोड रहेको थियो।

३२. २०८१ फागुनमा वाणिज्य बैङ्कले निक्षेपमा प्रदान गर्ने तथा कर्जामा लिने भारित औसत ब्याजदर क्रमशः ४.५४ प्रतिशत र ८.४० प्रतिशत रहेको छ। २०८० फागुनमा यस्तो ब्याजदर क्रमशः ६.७४ प्रतिशत र १०.७८ प्रतिशत रहेको थियो।

३३. बैङ्क तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको औसत अनुपात २०८० पुसमा ३.७३ प्रतिशत रहेकोमा वृद्धि भई २०८१ पुसमा ४.९२ प्रतिशत पुगेको छ।

३४. वार्षिक बिन्दुगत आधारमा २०८१ फागुनमसान्तमा विस्तृत मुद्राप्रदाय ९.९ प्रतिशत र सङ्कुचित मुद्राप्रदाय ३.३ प्रतिशतले बढेको छ। २०८० फागुनमसान्तमा यस्तो वृद्धिदर क्रमशः १४.२ प्रतिशत र ३.० प्रतिशत रहेको थियो।

३५. नेप्से सूचकाङ्क २०८१ फागुनमसान्तमा २७३६.४९ विन्दु कायम भएको छ। २०८० फागुनमसान्तमा नेप्से सूचकाङ्क २१०८.७२ विन्दु कायम रहेको थियो। धितोपत्र बजारको कुल बजार पुँजीकरण २०८० फागुनमसान्तमा रु.३३ खर्ब १४ अर्ब रहेकोमा २०८१ फागुनमसान्तमा ३७.१ प्रतिशतले वृद्धि भई रु.४५ खर्ब ४३ अर्ब पुगेको छ।

३६. २०८१ फागुनसम्म वैदेशिक रोजगार म्यादी जीवन बीमासहित ४४.१७ प्रतिशत जनसङ्ख्यामा जीवन बीमाको पहुँच पुगेको छ। २०८१ असारसम्म यस्तो पहुँच ४३.२७ प्रतिशत जनसङ्ख्यामा पुगेको थियो।

३७. चालु आर्थिक वर्षको फागुनसम्म बीमा प्रिमियम सङ्कलन गत आर्थिक वर्षको फागुनसम्मको तुलनामा १०.६ प्रतिशतले वृद्धि भई रू.१ खर्ब ३८ अर्ब ५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्कलन रु.१ खर्ब २४ अर्ब ८६ करोड रहेको थियो।

३८. कृषि बालीको उत्पादन र क्षेत्रफल दुवैमा खाद्यान्न बालीको हिस्सा उच्च रहँदै आएको छ। चालु आर्थिक वर्ष कुल बाली उत्पादनको परिमाणमा खाद्यान्न बालीको अंश ४५.५२ प्रतिशत, तरकारी १८.५९ प्रतिशत, नगदेबाली १५.१५ प्रतिशत, औद्योगिक

बाली ११.४७ प्रतिशत, फलफूल ५.९३ प्रतिशत र अन्य बाली ३.३४ प्रतिशत रहेको छ।

३९. आर्थिक वर्ष २०८१/८२ मा कृषि बाली लगाइएको क्षेत्रफलमध्ये खाद्यान्न बाली लगाइएको क्षेत्रफल ७०.९६ प्रतिशत रहेको छ। त्यसैगरी, नगदेबाली ९.९८ प्रतिशत, तरकारी ६.९६ प्रतिशत, दलहन बाली ५.६१ प्रतिशत र अन्य बाली ६.४९ प्रतिशत रहेको छ।

४०. संघीय आयोजनाबाट २०८१ फागुनसम्म १५ लाख ७३ हजार ५ सय ५९ हेक्टर जमीनमा सिँचाइ सुविधा विस्तार भएको छ।

४१. आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म २ लाख ६२ हजार ९ सय ३० मेट्रिक टन मल आयात भएको छ। गत आर्थिक वर्षको मौज्दात समेत गरी चालु आर्थिक वर्षको फागुनसम्म २ लाख ८५ हजार ७ सय मेट्रिक टन मल अनुदानमा विक्री वितरण गरिएको छ भने ८१ हजार ५ सय मेट्रिक टन मल मौज्दात रहेको छ।

४२. वन क्षेत्रले ६३ लाख ९९ हजार ३ सय ४१ हेक्टर र झाडीबुट्यान क्षेत्रले ३ लाख ९७ हजार ९ सय १६ हेक्टर भू-भाग ओगटेको छ। यसमध्ये कुल भू-भागको ४३.३८ प्रतिशत वन र २.७० प्रतिशत झाडी तथा बुट्यान क्षेत्र गरी कुल क्षेत्रफल ४६.०८ प्रतिशत रहेको छ।

४३. उद्योग विभागबाट रु.३२ खर्ब ४८ अर्ब र लगानी वोर्ड नेपालबाट रू.१५ खर्ब १८ अर्ब गरी २०८१ फागुनसम्म रू.४७ खर्ब ६६ अर्ब बराबरको लगानी स्वीकृत भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म रु.३ खर्ब १२ अर्ब बराबरको लगानी स्वीकृत भएको छ।

४४. चालु आर्थिक वर्षको फागुनसम्म रू.४४ अर्ब ६६ करोड बराबरको विदेशी लगानी स्वीकृत भएको छ। यस्तो स्वीकृत लगानी गत आर्थिक वर्षको सोही अवधिमा रु.२९ अर्ब १३ करोड रहेको थियो। २०८१ फागुनसम्म रू. ५ खर्ब ६४ अर्ब ५९ करोड बराबरको विदेशी लगानी स्वीकृत भई ३ लाख ३९ हजार ६ सय ७५ रोजगारी सिर्जना भएको अनुमान छ।

४५. राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २०८१ फागुनमसान्तमा १० हजार ५ सय १० मेट्रिक टन र बफर स्टक एवम् सार्क खाद्य सुरक्षा बैङ्कमा १८ हजार ५ सय १० मेट्रिक टन खाद्यान्न मौज्दात रहेको छ। २०८१ फागुनसम्म पेट्रोल, डिजेल, मट्टितेल र ए.टि.एफ.को भण्डारण क्षमता १ लाख २ हजार १ सय ६४ किलोलिटर रहेको छ।

४६. २०८१ फागुनसम्म कुल जडित विद्युत क्षमता ३,६०२ मेगावाट रहेको छ। वैकल्पिक ऊर्जासहित विद्युत पहुँच ९९.० प्रतिशत जनसङ्ख्यामा पुगेको छ। चालु

आर्थिक वर्षको फागुनसम्म भारततर्फ १,७७५ गिगावाट घण्टा बराबरको विद्युत निर्यात भएको छ भने ९२९ गिगावाट घण्टा विद्युत आयात भएको छ।

४७. २०८१ फागुनसम्म औपचारिक क्षेत्रका ५ लाख ६८ हजार १ सय ८८, वैदेशिक रोजगारमा रहेका १५ लाख १० हजार ६३, अनौपचारिक क्षेत्रका ४४६ र स्वरोजगार क्षेत्रका ३०७ गरी २० लाख ७९ हजार ४ श्रमिक सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्। यस अवधिसम्म २० हजार २ सय ४४ रोजगारदाता सूचीकृत भएका छन्।

४८. सूचना प्रविधिको पहुँच आम क्षेत्रमा पुगेको छ। ब्रोडब्याण्ड इन्टरनेट सेवाको पहुँच सेवा स्थानीय तहका ६,५६६ वडा केन्द्रमा बिस्तार भएको छ। इन्टरनेट ग्राहकको घनत्व १४४.२३ प्रतिशत पुगेको छ। डिजिटल टेलिभिजनको पहुँच ७२.० प्रतिशत घरधुरीमा पुगेको छ।

४९. संघीय सरकारबाट निर्माण भएको रणनीतिक सडक सञ्जाल र स्थानीय सडक सञ्जाल गरी २०८१ फागुनसम्म १९ हजार १ सय ६३ किलोमिटर कालोपत्रे, ८,२०४ किलोमिटर खण्डास्मित र ८,७६५ किलोमिटर कच्ची सडक गरी सडकको लम्बाइ ३६ हजार १ सय ३२ किलोमिटर पुगेको छ।

५०. २०८१ फागुनसम्म सरकारी स्वास्थ्य संस्थाको सङ्ख्या ८,७४६ पुगेको छ जसमध्ये अस्पताल ३४५, प्राथमिक स्वास्थ्य केन्द्र १४९, स्वास्थ्य चौकी ३,७४२ र अन्य स्वास्थ्य संस्था ४,५१० रहेका छन्। नेपालमा प्रति हजार जनसङ्ख्यामा १.१ चिकित्सक र २.८६ नर्स रहेका छन्।

५१. चालु आर्थिक वर्षको फागुनसम्म ३७ हजार ९ सय ८४ विपन्न नागरिकले मुटु, क्यान्सर र मृगौलासम्बन्धी रोगको उपचारका लागि निःशुल्क औषधिसहितको स्वास्थ्य सेवा प्राप्त गरेका छन्। कुल बीमित जनसङ्ख्याको ४९.२ प्रतिशतले स्वास्थ्य बीमा सेवा लिएका छन्।

५२. शैक्षिक सत्र २०८१ मा आधारभूत तह (कक्षा १-८) को खुद भर्नादर ९४.१ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्नादर ५५.८ प्रतिशत पुगेको छ। शैक्षिक सत्र २०८१ मा कक्षा ८ सम्मको टिकाउ दर ८६.५ प्रतिशत, कक्षा १० सम्मको टिकाउ दर ६६.९ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ४०.६ प्रतिशत पुगेको छ।

५३. २०८१ फागुनसम्म आधारभूत खानेपानी सेवाको पहुँच पुगेको जनसङ्ख्या ९६.८५ प्रतिशत, सुरक्षित खानेपानी (उच्च मध्यमस्तर) सेवाको पहुँच पुगेको जनसङ्ख्या

२८.५० प्रतिशत र आधारभूत सरसफाइ सुविधाको पहुँच पुगेको जनसङ्ख्या ९५.५ प्रतिशत रहेको छ।

५४. चालु आर्थिक वर्षको फागुनसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सङ्ख्या ३७ लाख ६ हजार ३ सय ८९ रहेको छ। गत आर्थिक वर्ष यस्तो सङ्ख्या ३८ लाख २९ हजार ४ यस ७३ रहेको थियो।

५५. २०८१ फागुनसम्म १ करोड ६९ लाख ४२ हजार ४ सय ३१ नागरिकको वैयक्तिक र जैविक विवरण सङ्कलन भई २२ लाख १२ हजार १९ राष्ट्रिय परिचय पत्र वितरण भएको छ।

५६. मुलुकलाई सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी ग्रे-लिष्टको सूचीबाट यथाशीघ्र बाहिर ल्याउन ग्रे-लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ लागू भएको छ। यस अन्तर्गत मूख्यतः राष्ट्रिय जोखिम मूल्याङ्कन, सम्पत्ति शुद्धीकरणको अनुसन्धान र वित्तीय/गैरवित्तीय क्षेत्रका सूचक संस्थाको जोखिममा आधारित सुपरीवेक्षणलाई उच्च प्राथमिकता दिइएको छ।

५७. निजामती सेवामा महिलाको सङ्ख्या २०६५ असारसम्म १२.० प्रतिशत रहेकोमा २०८१ फागुनसम्म निजामती किताबखानामा दर्ता भएका तीन तहका सरकारी निकायमा कार्यरत महिला कर्मचारीको सङ्ख्या २९.२ प्रतिशत पुगेको छ।

५८. चालु आर्थिक वर्षमा किरिबाटीसँग द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापना भई २०८१ फागुनसम्म कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकको सङ्ख्या १८३ पुगेको छ।

५९. सन् २०२४ मा भएको त्रिवर्षीय समीक्षामा पहिलो पटक प्रतिव्यक्ति कूल राष्ट्रिय आय सूचकाङ्कको मापदण्ड समेत नेपालले पूरा गरेको छ। यससँगै विकासशील राष्ट्रमा स्तरोन्नतिको लागि निर्धारित तीन वटै मापदण्डमा नेपाल योग्य भएको छ।

६०. दिगो विकास लक्ष्यको उपलब्धि मापन गर्ने उत्पादनशील क्षमता सूचकाङ्क (PCI) मा नेपालको औसत स्कोर ४०.४ रहेको छ। अतिकम विकसित राष्ट्रको औसत सूचकाङ्क ३०.९ छ भने अन्य विकासशील राष्ट्रको औसत सूचकाङ्क ४६.८ रहेको छ।

समग्रमा चालु आर्थिक वर्ष आर्थिक क्रियाकलापमा भएको विस्तारले मुलुकको अर्थतन्त्र थप गतिशील बन्दै गएको छ। आर्थिक वृद्धिदर बढ्ने अनुमान छ भने उपभोक्ता मुद्रास्फीति वाञ्छित सीमाभित्र नै रहेको छ। विगतमा प्रायः वर्षहरूमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गएकोमा आर्थिक वर्ष २०७९/८० देखि भने यस्तो योगदान पुनः बढेको छ। प्रतिव्यक्ति आय बढेको छ। कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश उच्च रहेकोले गार्हस्थ्य बचत न्यून रहेको छ।

# १. समग्र आर्थिक स्थिति

## विश्व अर्थतन्त्र

१.१ विश्व आर्थिक एवम् राजनीतिक परिदृश्यमा देखिएको अस्थिरता र अनिश्चितताको कारण आर्थिक गतिविधिमा सुस्तता आई सन् २०२५ मा विश्व अर्थतन्त्रको वृद्धिदर कम हुने अनुमान छ। खुला, उदारीकरण तथा विश्वव्यापीकरणको मान्यता र स्थापित सिद्धान्त प्रतिकूल हुनेगरी विश्व अर्थतन्त्र संरक्षणवादतर्फ उन्मुख हुँदै गएको छ। ठूला अर्थतन्त्रबीच एकआपसमा भन्सार दर बढाउने होडबाजीले विश्व अर्थतन्त्रमा बहुआयामिक प्रभाव पर्ने देखिएको छ। खासगरी, विश्व व्यापार तनाव, न्यून लगानी र उच्च सार्वजनिक ऋण लगायत आपूर्ति श्रृङ्खलामा अवरोध उत्पन्न भई तद्अनुरूपको प्रभाव विश्व आर्थिक वृद्धिदरमा पर्ने अनुमान छ।

१.२ विकसित, उदीयमान तथा विकासशील अर्थतन्त्रको मुद्रास्फीति घट्दै गएकोले सन् २०२५ मा समग्र मूल्यस्तरमा कम चाप पर्ने अनुमान छ। पेट्रोलियम पदार्थको मूल्यमा आएको गिरावटका कारण इन्धनजन्य वस्तुको मूल्य घट्ने अनुमान छ। यद्यपि, ठूला अर्थतन्त्र बीचको व्यापार युद्धका कारण आयातीत वस्तुको मूल्य वृद्धि हुन गई समग्र मूल्यस्तर बढ्न सक्ने जोखिम रहेको छ।

१.३ विश्व आर्थिक एवम् राजनीतिक परिदृश्यमा देखिएको अस्थिरताले लगानी र उपभोगमा कमी आई उत्पादनमा ह्रास आउने देखिन्छ। परिवर्तित परिदृष्यमा संरचनागत अवरोध हटाई वित्त एवम् मौद्रिक नीति बीच प्रभावकारी समन्वय कायम गर्नुपर्ने देखिन्छ।

१.४ अन्तर्राष्ट्रिय विकास सहायतामा आएको सङ्कुचन, जनसाङ्ख्यिक संरचनामा देखिएको परिवर्तन र आप्रवासी श्रमिकमा गरिएको कडाईको कारण अतिकम विकसित एवम् विकासशील मुलुकको स्रोत परिचालनको दायरा साँघुरो हुँदै गएको छ। तसर्थ, यस्ता मुलुकले आन्तरिक स्रोत र रोजगारी अभिवृद्धि गर्न आर्थिक नीतिमा समयानुकुल परिमार्जन गर्नुपर्ने देखिन्छ।

## विश्व आर्थिक वृद्धिदर

१.५ सन् २०२४ मा विश्व अर्थतन्त्र ३.३ प्रतिशतले विस्तार भएकोमा विश्व व्यापार नीतिमा भएको परिवर्तन, विश्व भू-राजनीतिक तनाव, जलवायू परिवर्तनजन्य घटना लगायतका कारण सन् २०२५ मा विश्व अर्थतन्त्र २.८ प्रतिशतले विस्तार हुने अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रक्षेपण गरेको छ।

**तालिका १(क): विश्व आर्थिक वृद्धिदर** (प्रतिशतमा)

| अर्थतन्त्र | २०२० | २०२१ | २०२२ | २०२३ | २०२४ | २०२५* |
|---|---|---|---|---|---|---|
| विश्व अर्थतन्त्र | -२.७ | ६.५ | ३.५ | ३.२ | ३.३ | २.८ |
| विकसित अर्थतन्त्र | -३.९ | ५.७ | २.६ | १.६ | १.८ | १.४ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | -१.८ | ७.० | ४.१ | ४.३ | ४.३ | ३.७ |
| उदीयमान तथा विकासशील एशिया | -०.५ | ७.७ | ४.४ | ५.६ | ५.३ | ४.५ |
| मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुक | -२.७ | ४.३ | ५.२ | १.९ | १.८ | २.६ |
| उदीयमान तथा विकासशील युरोप | -१.६ | ७.५ | १.२ | ३.२ | ३.४ | २.१ |
| युरोपियन युनियनका मुलुक | -५.५ | ६.१ | ३.६ | ०.६ | १.१ | १.२ |
| न्यून आय भएका विकासशील अर्थतन्त्र | ०.५ | ४.५ | ४.२ | ४.० | ४.० | ४.२ |


स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२५ *प्रक्षेपण

१.६ सन् २०२४ मा १.८ प्रतिशतले विस्तार भएको विकसित अर्थतन्त्र सन् २०२५ मा १.४ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ। यसैगरी, उदीयमान तथा विकासशील मुलुकको अर्थतन्त्र सन् २०२५ मा ३.७ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ।

१.७ उदीयमान तथा विकासशील एशियाको अर्थतन्त्र अन्य अर्थतन्त्रको तुलनामा उच्चदरमा विस्तार भएको छ। सन् २०२५ मा यस्ता मुलुकको आर्थिक वृद्धि ४.५ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ।

१.८ सन् २०२० देखि २०२४ सम्म विश्व अर्थतन्त्रको औसत वृद्धि २.८ प्रतिशत, विकसित अर्थतन्त्रको १.६ प्रतिशत र उदीयमान तथा विकासशील एशियाको ३.६ प्रतिशत रहेको छ।

**चार्ट १(क): विश्व आर्थिक वृद्धिदर** (प्रतिशतमा)




स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२५

१.९ सन् २०२५ मा दक्षिण एशियाली मुलुकको आर्थिक वृद्धि मिश्रित रहने प्रक्षेपण छ। नेपाल, भुटान र पाकिस्तानको आर्थिक वृद्धिदर बढ्ने र अन्य दक्षिण एशियाली मुलुकको आर्थिक वृद्धिदर घट्ने प्रक्षेपण रहेको छ। सन् २०२४ मा नेपालको आर्थिक वृद्धि ३.१ प्रतिशत रहेकोमा सन् २०२५ मा ४.० प्रतिशत पुग्ने प्रक्षेपण रहेको छ। दक्षिण एशियाली मुलुकमध्ये भुटानको आर्थिक वृद्धि उच्च रहने प्रक्षेपण रहेको छ।

**तालिका १(ख): दक्षिण एशियाली मुलुक तथा चीनको आर्थिक वृद्धिदर** (प्रतिशतमा)

| मुलुक | २०२१ | २०२२ | २०२३ | २०२४ | २०२५* |
|---|---|---|---|---|---|
| बङ्गलादेश | ६.९ | ७.१ | ५.८ | ४.२ | ३.८ |
| भुटान | -३.३ | ४.८ | ५.० | ४.० | ७.० |
| भारत | ९.७ | ७ | ७.८ | ६.५ | ६.२ |
| माल्दिभ्स | ३७.७ | १३.९ | ४.७ | ५.१ | ४.५ |
| **नेपाल** | **४.८** | **५.६** | **२.०** | **३.१** | **४.०** |
| श्रीलङ्का | ३.५ | -७.८ | -२.३ | ५.० | # |
| पाकिस्तान | ५.८ | ६.२ | -०.२ | २.५ | २.६ |
| अफगानिस्तान | -१४.५ | -६.२ | २.३ | # | # |
| चीन | ८.४ | ३.० | ५.२ | ५.० | ४.० |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२५ * प्रक्षेपण # प्रक्षेपण नगरेको

## मूल्य स्थिति

१.१० विश्व मुद्रास्फीति दरको प्रवृत्ति घट्दो छ। सन् २०२५ मा उदीयमान तथा विकासशील युरोपबाहेकका अर्थतन्त्रको मुद्रास्फीति एकल अंकमा रहने प्रक्षेपण छ। त्यसैगरी, अन्य अर्थतन्त्रको तुलनामा उदीयमान तथा विकासशील एशियाको मुद्रास्फीति कम हुने प्रक्षेपण छ।

**तालिका १(ग): विश्वको मुद्रास्फीति** (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)

| अर्थतन्त्र | २०२१ | २०२२ | २०२३ | २०२४ | २०२५* |
|---|---|---|---|---|---|
| विकसित अर्थतन्त्र | ३.२ | ५.५ | ४.२ | २.६ | २.५ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ५.९ | ९.८ | ८.३ | ८.३ | ५.५ |
| उदीयमान तथा विकासशील एशिया | २.३ | ३.९ | २.४ | २.४ | १.७ |
| उदीयमान तथा विकासशील युरोप | ९.६ | २७.८ | १९.४ | १८.८ | १३.५ |
| मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुक | १३.८ | १४.३ | १६. | १५.४ | - |
| न्यून आय भएका विकासशील अर्थतन्त्र | १४.९ | १६.१ | १८.१ | १६.३ | - |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२५ * प्रक्षेपण नगरेको

१.११ सन् २०२५ मा दक्षिण एशियाली मुलुकमध्ये बङ्गलादेशको मुद्रास्फीति सबैभन्दा बढी १०.० प्रतिशत र अन्य मुलुकको मुद्रास्फीति एकल अङ्कमा रहने प्रक्षेपण छ। नेपालको मुद्रास्फीति सन् २०२५ मा ४.९ प्रतिशत रहने प्रक्षेपण छ।

### तालिका १(घ): दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति


(उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)

| मुलुक | २०२१ | २०२२ | २०२३ | २०२४ | २०२५ |
|---|---|---|---|---|---|
| बङ्गलादेश | ५.६ | ६.१ | ९.० | ९.७ | १०.० |
| भूटान | ८.२ | ५.९ | ४.६ | ४.३ | ३.२ |
| भारत | ५.५ | ६.७ | ५.४ | ४.७ | ४.२ |
| माल्दिभ्स | ०.२ | २.६ | २.६ | १.४ | २.० |
| नेपाल | ३.६ | ६.३ | ७.८ | ५.४ | ४.९ |
| श्रीलङ्का | ६ | ४५.२ | १७.४ | १.२ | # |
| अफगानिस्तान | ७.८ | १०.६ | -७.७ | # | # |
| पाकिस्तान | ८.९ | १२.१ | २९.२ | २३.४ | ५.१ |
| चीन | ०.९ | २.० | ०.२ | ०.२ | ०.२ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२५    * प्रक्षेपण    #प्रक्षेपण नगरेको

१.१२ सन् २०२० देखि २०२४ सम्म नेपालको औसत मुद्रास्फीति ५.८ प्रतिशत रहेको छ। यस अवधिमा चीन र भारतको औसत मुद्रास्फीति क्रमशः १.७ प्रतिशत र ५.७ प्रतिशत रहेको छ।

### चार्ट १(ख): नेपाल, भारत र चीनको मुद्रास्फीतिको तुलनात्मक विवरण (प्रतिशतमा)




स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२५

१.१३ अन्तर्राष्ट्रिय बजारमा सन् २०२४ मा प्रति ब्यारल अमेरिकी डलर ८१ रहेको कच्चा पेट्रोलियम पदार्थको मूल्यमा सन् २०२५ मा १८.५ प्रतिशतले कमी आई अमेरिकी डलर ६६ कायम हुने प्रक्षेपण रहेको छ।

## चालु खाता सन्तुलन

१.१४ नेपाल बाहेक दक्षिण एशियाका अन्य मुलुकको चालु खाता घाटामा रहेको छ। सन् २०२५ मा नेपालको चालु खाता कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ०.७ प्रतिशतले बचतमा रहने प्रक्षेपण छ। सो अवधिमा भुटानको चालु खाता कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सबैभन्दा बढी घाटामा रहने प्रक्षेपण छ।

**तालिका १(ङ): दक्षिण एशियाली मुलुक र चीनको चालु खाता सन्तुलन**

(कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

| मुलुक | २०२० | २०२१ | २०२२ | २०२३ | २०२४ | २०२५ |
|---|---|---|---|---|---|---|
| बङ्गलादेश | -१.५ | -१.१ | -४.१ | -२.६ | -१.४ | -०.९ |
| भूटान | -१४.८ | -११.२ | -२८.१ | -३४.५ | -१६.८ | -२८.८ |
| भारत | ०.९ | -१.२ | -२.० | -१.२ | -०.८ | -०.९ |
| माल्दिभ्स | -३४.८ | -८.४ | -१६.१ | -२१.३ | -१७.९ | -१४.४ |
| नेपाल | -१.० | -७.७ | -१२.७ | -०.९ | ३.८ | ०.७ |
| श्रीलङ्का | -१.४ | -३.७ | -१.० | २.९ | १.८ | # |
| पाकिस्तान | -१.५ | -०.८ | -४.७ | -१.० | -०.५ | # |
| अफगानिस्तान | १४.० | -०.१ | -१८.५ | -२०.३ | # | # |
| चीन | १.७ | २.० | २.३ | १.५ | २.३ | १.९ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२५ * प्रक्षेपण # प्रक्षेपण नगरेको

## राष्ट्रिय अर्थतन्त्र

१.१५ अर्थतन्त्रका आन्तरिक एवम् बाह्य परिसूचक सबल तथा सुदृढ बन्दै गएका छन्। कृषि, उद्योग तथा सेवा क्षेत्रको उत्पादन बढ्ने अनुमान छ। आर्थिक क्रियाकलापमा बढोत्तरी हुँदै गएसँगै चालु आर्थिक वर्षमा मुलुकको अर्थतन्त्र मध्यम दरले विस्तार हुने अनुमान छ।

१.१६ २०८१ असोजमा देशका विभिन्न स्थानमा गएको बाढी पहिरो जस्ता विपद्जन्य घटनाको कारण भौतिक पूर्वाधार, कृषि लगायतका क्षेत्रमा क्षति पुगेको थियो। सरकारबाट भएको शीघ्र प्रतिकार्य र व्यावसायिक वातावरण सुधारका लागि गरिएका नीतिगत व्यवस्थाका कारण आर्थिक गतिविधिमा सकारात्मक प्रभाव परेको छ। उपभोक्ता मुद्रास्फीति वार्षिक लक्ष्यको सीमाभित्र रहेको छ।

१.१७ बाह्य क्षेत्र सन्तुलित र थप सुदृढ बन्दै स्थायित्व कायम भएको छ। व्यापार असन्तुलन भएपनि विप्रेषण आप्रवाह, भ्रमण आय लगायतका प्राप्ति (Receipt) बढेकोले चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा रहेका छन्। फलस्वरुप, विदेशी विनिमयसञ्चिति हालसम्मकै उच्च रहेको छ।

१.१८ आर्थिक क्रियाकलाप विस्तार भएकोले राजस्व परिचालनमा सुधार भएको छ। सार्वजनिक खर्चको तुलनामा राजस्व परिचालन पर्याप्त नभएकोले स्रोत परिचालनमा दबाव पर्न गई सार्वजनिक ऋणको आकार बढ्दै गएको छ। तसर्थ, स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाई सरकारको ऋण माथिको निर्भरता कम गर्दै वित्तीय स्थायित्व कायम गर्न आवश्यक देखिएको छ। प्रदेश र स्थानीय तहको आन्तरिक स्रोत परिचालन न्यून रहँदा संघीय सरकार माथिको निर्भरतामा कमी आउन सकेको छैन।

१.१९ बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य पुँजी पर्याप्त रहेको र कर्जाको ब्याजदर घटेको भएतापनि निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा अपेक्षित रूपमा बढ्न सकेको छैन। बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा बढेको छ।


## आर्थिक वृद्धि

१.२० कृषि, विद्युत तथा ग्यास, यातायात तथा भण्डारण लगायतका क्षेत्रमा भएको वृद्धिका कारण आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धि ४.६१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धि ३.६७ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष मुलुकको अर्थतन्त्र आधारभूत मूल्यमा ३.९९ प्रतिशतले विस्तार हुने अनुमान छ। गत आर्थिक वर्ष यस्तो विस्तार ३.३६ प्रतिशत रहेको थियो।

१.२१ मौसमी अनुकुलता, प्रविधिको प्रयोग र उन्नत बीउ बीजनको उपलब्धतासँगै धान लगायतका अन्य बालीको उत्पादन वृद्धिका कारण कृषि क्षेत्रको मूल्य अभिवृद्धि बढ्ने अनुमान छ। विद्युत उत्पादन, यातायात क्षेत्र, पर्यटक आगमनमा भएको वृद्धि तथा सूचना प्रविधि सेवामा भएको विस्तारले सेवा क्षेत्रमा वृद्धि हुने अनुमान छ।

१.२२ आर्थिक वर्ष २०८१/८२ को कृषि र गैरकृषि क्षेत्रको उत्पादन (कुल मूल्य अभिवृद्धि) क्रमशः ३.२८ प्रतिशत र ४.२८ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कृषि क्षेत्रको उत्पादन ३.३५ प्रतिशत र गैरकृषि क्षेत्रको उत्पादन ३.३६ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्ष धानको उत्पादन ४.०४ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। साथै, तेलहन, दलहन र तरकारी बालीमा भएको वृद्धि तथा पशुपन्छीजन्य उत्पादन (दूध,अण्डा, माछा तथा मासु) मा भएको वृद्धिले कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमा केही सुधार हुने अनुमान रहेको छ। तर फलफूल तथा अन्य केही हिउँदे बालीको उत्पादन सीमान्त वृद्धि हुँदा समग्र कृषि क्षेत्रको मूल्य अभिवृद्धि गत आर्थिक वर्षको तुलनामा न्यून दरमा बढेको छ। विद्युत, ग्यास र वित्तीय तथा बीमा लगायत क्षेत्रको उच्च मूल्य अभिवृद्धिका कारण गैरकृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि बढ्ने अनुमान छ।


**चार्ट १(ग): कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा)**




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.२३ आर्थिक वर्ष २०७९/८० देखि कुल गार्हस्थ्य उत्पादनमा गैरकृषि क्षेत्रको योगदान घटेको छ भने कृषि क्षेत्रको योगदान बढेको छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५.२ प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ७४.८ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान क्रमशः २४.७ प्रतिशत र ७५.३ प्रतिशत रहेको थियो। पछिल्लो दशक कृषि क्षेत्रको औसत योगदान २५.५ प्रतिशत र गैर कृषि क्षेत्रको औसत योगदान ७४.५ प्रतिशत रहेको छ।

**चार्ट १(घ): कुल गार्हस्थ्य उत्पादनमा कृषि र गैरकृषि क्षेत्रको योगदान (प्रतिशतमा)**





स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

## उपभोग

१.२४ कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश उच्च रहेको छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश वार्षिक औसत ९१.५ प्रतिशत रहेको छ। चालु आर्थिक वर्ष यस्तो अंश ९३.४५ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष ७.५ प्रतिशतले बढेको कुल उपभोग चालु आर्थिक वर्ष ६.६ प्रतिशतले बढ्ने अनुमान छ।

**चार्ट १(ङ): उपभोगको प्रवृत्ति** (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)





स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.२५ कुल गार्हस्थ्य उत्पादनमा सरकारी क्षेत्रको उपभोगको अंश एकल अङ्कमा रहेको छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा सरकारी क्षेत्र र निजी क्षेत्रको उपभोगको अनुपात क्रमशः ७.२५ प्रतिशत र ८४.२७ प्रतिशत तथा गैर-नाफामूलक संस्थाको उपभोगको अंश १.९२ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात क्रमशः ७.४४ प्रतिशत, ८४.४५ प्रतिशत र १.८९ प्रतिशत रहेको थियो। पछिल्लो दशकमा यस्तो अनुपात क्रमशः ८.० प्रतिशत, ८१.८ प्रतिशत र १.७ प्रतिशत रहेको छ।

१.२६ कुल उपभोगमा सरकारी क्षेत्रको उपभोगको अंश घट्दो प्रवृत्तिमा रहेको छ भने निजी क्षेत्र र गैर-नाफामूलक संस्थाको उपभोगको अंश बढ्दो प्रवृत्तिमा रहेको छ। चालु आर्थिक वर्ष सरकारी क्षेत्र, निजी क्षेत्र र गैर-नाफामूलक संस्थाको उपभोगको अनुपात क्रमशः ७.७६ प्रतिशत, ९०.१८ प्रतिशत र २.०६ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात क्रमशः ७.९३ प्रतिशत, ९०.०६ प्रतिशत र २.०१ प्रतिशत रहेको थियो। विगत दश वर्षको यस्तो औसत अनुपात क्रमशः ८.७३ प्रतिशत, ८९.४३ प्रतिशत र १.८ प्रतिशत रहेको छ।


चार्ट १(च): सरकारी, निजी तथा गैरनाफामूलक संस्थाको उपभोग (कुल उपभोगको प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.२७ कुल निजी उपभोगमा खाद्य वस्तु उपभोगको अंश बढी छ। चालु आर्थिक वर्ष कुल निजी उपभोगमा खाद्य वस्तु, गैरखाद्य वस्तु र सेवाको अंश क्रमशः ४९.३० प्रतिशत, १८.१९ प्रतिशत र ३२.५१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अंश क्रमशः ४८.५४ प्रतिशत, १८.३७ प्रतिशत र ३३.०९ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल निजी उपभोगमा खाद्य, गैर खाद्य वस्तु र सेवाको अंश वार्षिक औसत क्रमशः ४८.९८ प्रतिशत, १८.५८ प्रतिशत र ३२.४४ प्रतिशत रहेको छ।

चार्ट १(छ): आर्थिक वर्ष २०८१/८२ मा निजी क्षेत्रको उपभोग संरचना* (प्रतिशत)





स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.२८ पछिल्ला वर्षमा कुल राष्ट्रिय बचत बढ्दै गएको छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत ६.२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष सीमान्त वृद्धि

भई ६.६ प्रतिशत पुग्ने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत वार्षिक औसत ८.५ प्रतिशत रहेको छ।

**चार्ट १(ज): कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय बचत**

(कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)





स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.२९ कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय बचतको अंश पछिल्ला तीन आर्थिक वर्ष बढेको छ। चालु आर्थिक वर्ष कुल राष्ट्रिय बचत कुल गार्हस्थ्य उत्पादनको ३६.२४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात ३५.३९ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय बचत वार्षिक औसत ३५.८० प्रतिशत रहेको छ।

## लगानी

१.३० पुँजीगत खर्च र कर्जा लगानी न्यून भएका कारण कुल लगानीमा समेत कमी आएको छ। गत आर्थिक वर्ष कुल लगानी ३.८ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्ष यस्तो लगानी १.३ प्रतिशतले घटेर रू.१७ खर्ब १३ अर्ब १० करोड रहने अनुमान छ। पछिल्लो दशक कुल लगानी कुल गार्हस्थ्य उत्पादनको औसत ३३.९३ प्रतिशत रहेको छ।


### चार्ट १(झ): लगानी (कुल पुँजी निर्माण) को प्रवृत्ति
(कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.३१ चालु आर्थिक वर्ष कुल स्थिर लगानी ५.८ प्रतिशतले बढ्ने अनुमान रहेको छ। गत आर्थिक वर्षसमेत यस्तो लगानी ५.२ प्रतिशतले बढेको थियो। गत आर्थिक वर्ष कुल स्थिर लगानी कुल गार्हस्थ्य उत्पादनको २४.३३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ०.२६ प्रतिशत विन्दुले घटेर २४.०७ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक कुल लगानी र कुल स्थिर लगानी कुल गार्हस्थ्य उत्पादनको वार्षिक औसत क्रमशः ३३.९३ प्रतिशत र २८.७३ प्रतिशत रहेको छ।

### चार्ट १(ञ): स्थिर लगानी संरचना (कुल स्थिर लगानीको प्रतिशतमा)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.३२ कुल स्थिर लगानीमा निजी क्षेत्रको लगानीको अंश अधिक रहेको छ। चालु आर्थिक वर्ष कुल स्थिर लगानी रू.१४ खर्ब ७० अर्ब १२ करोड रहने अनुमान छ। कुल स्थिर


लगानीमध्ये सरकारी क्षेत्र, निजी क्षेत्र र सार्वजनिक संस्थानको लगानीको अंश क्रमशः ३१.० प्रतिशत, ६०.८ प्रतिशत र ८.२ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अंश क्रमशः ३०.२ प्रतिशत, ६१.६ प्रतिशत र ८.२ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल स्थिर लगानीमा निजी क्षेत्र, सरकारी क्षेत्र र सार्वजनिक संस्थानको अंश वार्षिक औसत ६७.७ प्रतिशत, २३.५ प्रतिशत र ८.८ प्रतिशत रहेको छ।

## बचत-लगानी अन्तर

१.३३ न्यून बचत र कमजोर पुँजीगत खर्चका कारण बचत-लगानी अन्तर बढ्दै गएको छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा बचत-लगानी अन्तर २१.६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो अन्तर ०.३ प्रतिशत विन्दुले कमी आई २१.३ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशकमा यस्तो अन्तर सबैभन्दा बढी आर्थिक वर्ष २०७२/७३ मा रहेको थियो।

चार्ट १(ट): कुल गार्हस्थ्य बचत-लगानी अन्तर


(कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.३४ आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा ऋणात्मक रहेको राष्ट्रिय बचत र लगानीको अन्तर त्यसपछिका आर्थिक वर्षमा धनात्मक बन्दै गएको छ। खासगरी, विप्रेषण आप्रवाह र भ्रमण आयमा उल्लेख्य वृद्धि भएकोले कुल राष्ट्रिय बचतमा वृद्धि भएको हो। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा राष्ट्रिय बचत र लगानीबीचको अन्तरको अनुपात ५.० प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो अनुपात ८.२ प्रतिशत रहने अनुमान छ।

चार्ट १(ठ): कुल राष्ट्रिय बचत-लगानी अन्तर (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत)





स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

## प्रतिव्यक्ति आय

१.३५ गत आर्थिक वर्ष प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रू.१ लाख ९२ हजार ३१ रहेकोमा चालु आर्थिक वर्ष रू.२ लाख ३ हजार ५ सय ३८ पुग्ने अनुमान छ। चालु आर्थिक वर्ष प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ६.० प्रतिशतले बढ्ने अनुमान छ। पछिल्लो दशक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनको वार्षिक औसत वृद्धिदर ९.० प्रतिशत रहेको छ। गत आर्थिक वर्ष प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १,४४३ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्ष १,४९६ अमेरिकी डलर पुग्ने अनुमान छ।

चार्ट १(ड): प्रचलित मूल्यमा प्रतिव्यक्ति आयको वृद्धिदर (प्रतिशत)





स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.३६ प्रतिव्यक्ति राष्ट्रिय आय र खर्चयोग्य आय दुवै क्रमशः बढ्दै गएको छ। चालु आर्थिक वर्ष प्रतिव्यक्ति कुल राष्ट्रिय आय गत वर्षको तुलनामा ३.४ प्रतिशतले वृद्धि हुने अनुमान

छ। गत आर्थिक वर्ष यस्तो आय ४.१ प्रतिशतले बढेको थियो। चालु आर्थिक वर्ष प्रतिव्यक्ति राष्ट्रिय आय १,५१७ अमेरिकी डलर पुग्ने अनुमान छ। गत आर्थिक वर्ष यस्तो आय १,४६७ अमेरिकी डलर रहेको थियो। त्यसैगरी, गत आर्थिक वर्ष प्रतिव्यक्ति कुल खर्च योग्य आय १,८६४ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्ष यस्तो आय अमेरिकी डलर १,९४० पुग्ने अनुमान छ।

**चार्ट १(ढ): प्रतिव्यक्ति राष्ट्रिय आय** (अमेरिकी डलर)





स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

## कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना

१.३७ आर्थिक वर्ष २०८१/८२ मा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको वृद्धिदर क्रमशः ३.२५ प्रतिशत, ४.६५ प्रतिशत र ४.२१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष प्राथमिक क्षेत्र र सेवा क्षेत्रको वृद्धिदर क्रमशः ३.३५ प्रतिशत र ४.३५ प्रतिशत रहेको थियो भने द्वितीयक क्षेत्रको वृद्धिदर ०.०३ प्रतिशतले ऋणात्मक रहेको थियो। पछिल्लो दशक प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर क्रमशः ३.०७ प्रतिशत, ५.०१ प्रतिशत र ४.१८ प्रतिशत रहेको छ।


चार्ट १(ण): कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (प्रतिशत)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.३८ चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा द्वितीयक तथा सेवा क्षेत्रको योगदान घटेको छ भने प्राथमिक क्षेत्रको योगदान बढेको छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान क्रमशः २५.१९ प्रतिशत, १२.४३ प्रतिशत र ६२.३८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान क्रमशः २५.६२ प्रतिशत, १२.३७ प्रतिशत र ६२.०१ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको औसत योगदान वार्षिक औसत क्रमशः २६.०७ प्रतिशत, १३.४२ प्रतिशत र ६०.५१ प्रतिशत रहेको छ।

चार्ट १(त): कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान (प्रतिशत)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.३९ गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.७१ प्रतिशत, १२.९१ प्रतिशत र ६२.३८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान क्रमशः २५.१६ प्रतिशत, १२.८३ प्रतिशत र ६२.०१ प्रतिशत रहने अनुमान छ।

## क्षेत्रगत वर्गीकरणअनुसार कुल मूल्य अभिवृद्धि

### कृषि क्षेत्र

१.४० कुल गार्हस्थ्य उत्पादनको मुख्य संवाहकको रूपमा कृषि क्षेत्र रहेको छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र (कृषि, वन तथा मत्स्यपालन) को योगदान २५.१६ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान २४.७१ प्रतिशत रहेको थियो। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ३.३५ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्ष यस्तो वृद्धिदर ३.२८ प्रतिशत रहने अनुमान छ। धान, दलहन, तरकारी तथा नगदे बाली, पशुपन्छीजन्य उत्पादनमा वृद्धि भएता पनि फलफूल तथा हिउँदे बालीको उत्पादनमा सामान्य वृद्धि हुँदा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर गत वर्षभन्दा कम हुने अनुमान छ।


### उद्योग क्षेत्र

१.४१ गत आर्थिक वर्ष खानी तथा उत्खनन् क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ३.२३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो वृद्धिदर १.९९ प्रतिशत रहने अनुमान छ। निर्माण क्षेत्रमा सुधार भएको र खानी तथा उत्खनन् क्षेत्रको रोयल्टी सङ्कलनमा वृद्धि भएकोले यस क्षेत्रको मूल्य अभिवृद्धिमा सुधार हुने अनुमान छ। गत आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा खानी तथा उत्खनन् क्षेत्रको योगदान ०.४८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान ०.४६ प्रतिशत रहने अनुमान छ।

१.४२ विगत दुई आर्थिक वर्षमा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धि ऋणात्मक रहेकोमा चालु आर्थिक वर्षमा धनात्मक रहने अनुमान छ। वनस्पति तेल, प्लाईउड, प्लाष्टिकको पाईप फिटिङ्ग, पेय पदार्थ, साबुन लगायतका वस्तुको उत्पादनमा भएको उल्लेख्य वृद्धि, भटमासको कच्चा तेल, जस्तापाता तथा फलामे रडको कच्चा पदार्थ, कोईला लगायत कच्चा पदार्थको आयातमा भएको वृद्धि र उत्पादित वस्तुको मागमा भएको वृद्धिका कारण उद्योग क्षेत्रको वृद्धिमा सुधार हुने अनुमान रहेको छ।

१.४३ गत आर्थिक वर्ष उत्पादनमूलक उद्योगको उत्पादन २.०२ प्रतिशतले ऋणात्मक रहेकोमा चालु आर्थिक वर्षमा ३.७८ प्रतिशतले वृद्धि हुने अनुमान छ। पछिल्लो दशक उत्पादनमूलक उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर औसत २.९४ प्रतिशत रहेको छ। यसैगरी, गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ४.९३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ४.९८ प्रतिशत रहने अनुमान छ। आर्थिक गतिविधि विस्तार भएसँगै उत्पादनमूलक उद्योगको उत्पादनमा प्रत्यक्ष प्रभाव परेकोले उत्पादनमूलक उद्योग क्षेत्रको योगदान बढेको हो।


चार्ट १(थ): कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.४४ निर्माण सामग्रीको पैठारी तथा आन्तरिक उत्पादनमा भएको वृद्धि लगायतका कारण चालु आर्थिक वर्ष निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सुधार हुने अनुमान छ। विगत दुई आर्थिक वर्षमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ऋणात्मक रहेको थियो। गत आर्थिक वर्ष यस क्षेत्रको वृद्धिदर २.२० प्रतिशतले ऋणात्मक रहेकोमा चालु आर्थिक वर्ष २.२१ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान ५.४० प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान ५.२४ प्रतिशत हुने अनुमान छ।

चार्ट १(द): कुल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)





स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.४५ जलविद्युत उत्पादन बढेसँगै विद्युत क्षेत्रको कुल मूल्य अभिवृद्धि चालु आर्थिक वर्ष समेत उल्लेख्य रूपमा बढ्ने अनुमान छ। गत आर्थिक वर्ष विद्युत, ग्यास तथा वाष्प र

वातानुकूलित आपूर्ति सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि १०.९६ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष १३.८२ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १.६७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदानमा सीमान्त वृद्धि भई १.७३ प्रतिशत पुग्ने अनुमान छ।


**चार्ट १(ध): कुल गार्हस्थ्य उत्पादनमा विद्युत, ग्यास तथा वाष्प र वातानुकूलित आपूर्ति सेवाको योगदान र वृद्धिदर** (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.४६ पानीको मागमा क्रमिक वृद्धि र पानी आपूर्ति गर्ने संस्थाको उत्पादनमा समेत वृद्धि हुँदै गएपनि चालु आर्थिक वर्ष पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सामान्य वृद्धि हुने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर १.२७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो वृद्धिदर २.०९ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०८०/८१ को कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ०.४४ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष यस्तो योगदान ०.४२ प्रतिशत रहने अनुमान छ।

### चार्ट १(न): कुल गार्हस्थ्य उत्पादनमा पानी आपूर्ति, ढल व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)





स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

## सेवा क्षेत्र

१.४७ वस्तु आयात तथा कृषि लगायत व्यापारजन्य वस्तुको उत्पादनमा भएको वृद्धिका कारण थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको वृद्धिदरमा सुधार हुने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको वृद्धिदर ०.३६ प्रतिशतले सङ्कुचन भएकोमा चालु आर्थिक वर्ष ३.३० प्रतिशतले वृद्धि हुने अनुमान छ।

१.४८ गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको योगदान १४.०० प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष १४.५५ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक यस क्षेत्रको औसत वृद्धिदर ३.५० प्रतिशत र कुल गार्हस्थ्य उत्पादनमा औसत योगदान १५.०७ प्रतिशत रहेको छ।


चार्ट १(प): कुल गार्हस्थ्य उत्पादनमा थोक, खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.४९ चालु आर्थिक वर्ष यातायात तथा भण्डारण क्षेत्रको कुल मूल्य अभिवृद्धिमा उल्लेख्य वृद्धि हुने अनुमान रहेको छ। सवारी साधनको आयात र पर्यटक आगमनमा भएको वृद्धिका कारण आर्थिक वर्ष २०८१/८२ मा यातायात तथा भण्डारण क्षेत्रको कुल मूल्य अभिवृद्धि ९.४५ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। गत आर्थिक वर्षमा समेत उल्लेख्य वृद्धि भई यस्तो वृद्धिदर १३.४३ प्रतिशत रहेको थियो। विगत दश वर्षको यस क्षेत्रको कुल मूल्य अभिवृद्धिको औसत वृद्धिदर ४.६६ प्रतिशत रहेको छ।

चार्ट १(फ): कुल गार्हस्थ्य उत्पादनमा यातायात तथा भण्डारण क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)





स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.५० गत आर्थिक वर्षमा उल्लेख्य रूपमा वृद्धि भएको आवास तथा भोजन सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि चालु आर्थिक वर्षमा सामान्य वृद्धि हुने अनुमान छ। खासगरी, आन्तरिक पर्यटन विस्तार भएपनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नतिको कार्यले विदेशी पर्यटकको सङ्ख्यामा भने अपेक्षित सुधार हुन सकेन। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि २१.०३ प्रतिशतले विस्तार भएकोमा चालु आर्थिक वर्ष सामान्य सुधार भई यस्तो वृद्धि ५.०० प्रतिशत रहने अनुमान छ।

१.५१ चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा आवास तथा भोजन सेवा क्षेत्रको योगदान २.४६ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान २.४० प्रतिशत रहेको थियो। पछिल्लो दशक यस क्षेत्रको योगदान वार्षिक औसत २.०० प्रतिशत र वृद्धिदर ५.८१ प्रतिशत रहेको छ।


चार्ट १(ब): कुल गार्हस्थ्य उत्पादनमा आवास तथा भोजन सेवा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.५२ कम्प्युटर प्रोग्रामिङ्ग तथा सूचना सेवाका क्रियाकलापमा भएको वृद्धि र इन्टरनेट सेवा प्रदायकको कारोवार तथा ताररहित सञ्चारमा भएको वृद्धिको कारण चालु आर्थिक वर्षमा समेत सूचना तथा सञ्चार क्षेत्रको कुल मूल्य अभिवृद्धि बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ४.९१ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्ष यस्तो वृद्धिदर ४.८१ प्रतिशत रहने अनुमान छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १.९४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा समेत यस्तो योगदान १.९४ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत २.२० प्रतिशत र वृद्धिदर ४.८३ प्रतिशत रहेको छ।


चार्ट १(भ): कुल गार्हस्थ्य उत्पादनमा सूचना तथा सञ्चार क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.५३ बैङ्क तथा वित्तीय संस्थाको निक्षेप तथा ऋण प्रवाहमा भएको वृद्धिसँगै सेवा शुल्क बापत प्राप्त आम्दानीमा भएको वृद्धिका कारण चालु आर्थिक वर्ष वित्तीय तथा बीमा क्षेत्रको कुल मूल्य अभिवृद्धि बढ्ने अनुमान छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ७.९४ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष ६.२९ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ६.५५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ६.६५ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ६.४६ प्रतिशत र वृद्धिदर ६.७९ प्रतिशत रहेको छ।

चार्ट १(म): कुल गार्हस्थ्य उत्पादनमा वित्तीय तथा बीमा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)





स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.५४ घरजग्गा कारोबारका गतिविधिहरू क्रमिक रूपमा विस्तार हुँदै गएका छन्। घरजग्गा कारोबारमा भएको सामान्य वृद्धि र निजी आवास तथा भाडाका क्रियाकलापमा भएको बढोत्तरीका कारण घरजग्गा कारोबार सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि बढ्ने अनुमान रहेको छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि २.४३ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष २.७२ प्रतिशतले बढ्ने अनुमान छ।

१.५५ चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा घरजग्गा कारोबार क्षेत्रको योगदान ८.२९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान ८.४० प्रतिशत रहेको थियो। पछिल्लो दशक यस क्षेत्रको योगदान वार्षिक औसत ८.७७ प्रतिशत र वृद्धिदर २.४४ प्रतिशत रहेको छ।


**चार्ट १(य): कुल गार्हस्थ्य उत्पादनमा घरजग्गा कारोबार क्षेत्रको योगदान र वृद्धिदर** (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.५६ अध्ययन, अनुसन्धान र प्राविधिक क्रियाकलापमा बढोत्तरी भएसँगै पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप क्षेत्रको कुल मूल्य अभिवृद्धि बढेको छ। गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ४.१५ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष ३.९८ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ०.९९ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ०.९७ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ०.९९ प्रतिशत र वृद्धिदर ३.९८ प्रतिशत रहेको छ।


चार्ट १(र): कुल गार्हस्थ्य उत्पादनमा पेशागत वैज्ञानिक तथा प्राविधिक क्षेत्रको योगदान र वृद्धिदर
(प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.५७ प्रशासनिक सेवाका लागि विभिन्न संस्थासँग लिने सेवा, रोजगारी सेवा र पर्यटक आगमनमा भएको वृद्धि लगायतका कारण प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप बढ्दै गएका छन्। चालु आर्थिक वर्ष प्रशासनिक तथा सहयोगी सेवाका क्षेत्रको कुल मूल्य अभिवृद्धि ३.९७ प्रतिशतले विस्तार हुने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धि ४.०४ प्रतिशतले विस्तार भएको थियो। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ०.७१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ०.७२ प्रतिशत पुग्ने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ०.७१ प्रतिशत र वृद्धिदर ७.२४ प्रतिशत रहेको छ।


चार्ट १(ल): कुल गार्हस्थ्य उत्पादनमा प्रशासनिक तथा सहयोगी सेवाका क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.५८ गत आर्थिक वर्ष सार्वजनिक प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षा क्षेत्रको कुल मूल्य अभिवृद्धि ४.२७ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष २.२४ प्रतिशतले मात्र बढ्ने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ९.५२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ८.७२ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ७.८३ प्रतिशत र वृद्धिदर ४.५५ प्रतिशत रहेको छ।


**चार्ट १(व): कुल गार्हस्थ्य उत्पादनमा प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षा क्षेत्रको योगदान र वृद्धिदर** (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.५९ सरकारी शैक्षिक संस्थामा विद्यार्थी सङ्ख्या बढ्नुको साथै शिक्षा क्षेत्रमा गरिने खर्च बढेपनि चालु आर्थिक वर्ष शिक्षा क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सामान्य वृद्धि हुने अनुमान छ। गत आर्थिक वर्ष शिक्षा क्षेत्रको कुल मूल्य अभिवृद्धि २.१५ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष यस्तो वृद्धिदर १.९८ प्रतिशतले वृद्धि हुने अनुमान छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ७.८७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान ८.५४ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ७.८० प्रतिशत र वृद्धिदर ४.६० प्रतिशत रहेको छ।


**चार्ट १(श): कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान र वृद्धिदर** (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.६० स्वास्थ्य पूर्वाधार निर्माण र सेवामा भएको विस्तारसँगै स्वास्थ्य सेवामा आमनागरिकको पहुँच बढेको छ। गत आर्थिक वर्ष मानव स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रको कुल मूल्य अभिवृद्धि ५.३१ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्ष ४.७७ प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १.९१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान १.८८ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत १.६९ प्रतिशत र वृद्धिदर ५.८७ प्रतिशत रहेको छ।

**चार्ट १(ष): कुल गार्हस्थ्य उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रको योगदान र वृद्धिदर** (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *अनुमानित

१.६१ सङ्घ, प्रदेश र स्थानीय तहले सामुदायिक तथा सामाजिक क्षेत्रमा गरेको खर्चमा भएको बढोत्तरी र निजी क्षेत्रबाट सञ्चालित मनोरञ्जनात्मक तथा अन्य आर्थिक गतिविधिमा भएको विस्तारका कारण अन्य सेवाका क्रियाकलाप क्षेत्र (कला, मनोरञ्जन तथा अन्य रोजगारदाता घरपरिवारका क्रियाकलाप र आफ्नो उपयोगको लागि घरपरिवारको वस्तु तथा सेवा उत्पादनका क्रियाकलाप) को कुल मूल्य अभिवृद्धि बढ्ने अनुमान छ। गत आर्थिक वर्ष अन्य सेवाका क्रियाकलाप क्षेत्रको कुल मूल्य अभिवृद्धि ४.२७ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष ३.९२ प्रतिशतले बढ्ने अनुमान छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ०.७१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान ०.६७ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वार्षिक औसत ०.६० प्रतिशत र वृद्धिदर ४.३२ प्रतिशत रहेको छ।

# २. सार्वजनिक वित्त

२.१ चालु आर्थिक वर्षको फागुनसम्म सार्वजनिक वित्तका परिसूचक सामान्य रहेका छन्। संघीय राजस्व परिचालन १२.६ प्रतिशतले वृद्धि भएकोले यस अवधिमा सरकारको बजेट घाटा र वित्त घाटामा सुधार भएको छ। प्राथमिक सन्तुलन (Primary Balance) र राजस्व सन्तुलन (Revenue Balance) दुवै बचतमा रहेका छन्। वैदेशिक सहायता प्रतिबद्धतामा उल्लेख्य वृद्धि भएको छ।

२.२ सार्वजनिक ऋण परिचालन बढेकोले ऋण सेवा खर्चसमेत बढेको छ। संघीय सरकारको वित्तीय व्यवस्थातर्फको खर्च फागुनसम्म २४.८ प्रतिशतले बढेको छ। सरकारको तिर्न बाँकी सार्वजनिक ऋण २०८१ फागुनमा कुल गार्हस्थ्य उत्पादनको ४३.८ प्रतिशत पुगेको छ।

२.३ यस अवधिमा अनुदान र राजस्व बाँडफाँट गरी प्रदेश र स्थानीय तहमा रु. ३ खर्ब २५ अर्ब ४६ करोड हस्तान्तरण भएको छ।

२.४ वैदेशिक सहायता परिचालन नीति, २०८२ तर्जुमा भई कार्यान्वयनमा आएको छ। नवीनतम वित्तका उपकरण उपयोग गरी स्रोत साधनमा रहेको न्यूनता परिपूर्ति गर्ने व्यवस्था समेत यस नीतिले गरेको छ।

## संघ, प्रदेश र स्थानीय तहको एकीकृत वित्तीय विवरण

### एकीकृत राजस्व र आय

२.५ आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारको राजस्व सङ्कलन (सञ्चित कोष र संघीय इकाईको विभाज्य कोषमा जम्मा भएको राजस्व) १०.४ प्रतिशतले वृद्धि भई रु. ११ खर्ब ५० अर्ब ९९ करोड पुगेको छ। कुल सङ्कलित राजस्वमध्ये संघबाट सङ्कलित राजस्वको हिस्सा ९२.० प्रतिशत र प्रदेश तथा स्थानीय तहबाट सङ्कलित राजस्वको हिस्सा ८.० प्रतिशत रहेको छ। त्यसैगरी, कुल सङ्कलित राजस्वमध्ये कर राजस्व ८७.१ प्रतिशत र गैरकर राजस्व १२.९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा तीन तहका सरकारको राजस्व सङ्कलन ११.१ प्रतिशतले सङ्कुचन भएको थियो।

२.६ आर्थिक वर्ष २०८०/८१ मा संघ, प्रदेश र स्थानीय तहको सञ्चित कोषको राजस्व १०.४ प्रतिशतले वृद्धि भई रु. ११ खर्ब ४३ अर्ब २० करोड पुगेको छ। कुल राजस्वमध्ये संघ, प्रदेश र स्थानीय तहको सञ्चित कोषमा रहेको राजस्वको हिस्सा क्रमशः ८१.३ प्रतिशत, ८.२ प्रतिशत र १०.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा तीन तहका सरकारको सञ्चित कोषको राजस्व ११.६ प्रतिशतले सङ्कुचन भएको थियो।

२.७ आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारको कुल आय ६.५ प्रतिशतले वृद्धि भई रु. १२ खर्ब ९ अर्ब ६४ करोड पुगेको छ। कुल आयमध्ये राजस्वको हिस्सा ९५.२ प्रतिशत र वैदेशिक अनुदान, अन्य प्राप्ति तथा आन्तरिक ऋण लगानी फिर्ताको हिस्सा ४.८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा तीन तहका सरकारको कुल आय ९.३ प्रतिशतले सङ्कुचन भएको थियो।

## राजस्व बाँडफाँट

२.८ आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारमा बाँडफाँट हुने राजस्व ५.८ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ४६ अर्ब ४६ करोड पुगेको छ। यसमध्ये रु. ४ खर्ब ३८ अर्ब ६७ करोड तीन तहका सरकारमा बाँडफाँट भएको छ भने रु. ७ अर्ब ७९ करोड बाँडफाँट हुन बाँकी देखिएको छ। आर्थिक वर्ष २०७९/८० मा तीन तहका सरकारमा बाँडफाँट हुने राजस्व सङ्कलन ५.८ प्रतिशतले सङ्कुचन भएको थियो।

तालिका २(क) : बाँडफाँट हुने राजस्वको विवरण (रु. करोडमा)

| राजस्व शीर्षक | सङ्कलित राजस्व | बाँडफाँट भएको राजस्व | | | बाँडफाँट हुन बाँकी राजस्व |
|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | |
| आर्थिक वर्ष २०८०/८१ | | | | | |
| मूल्य अभिवृद्धि कर | ३१०३७.१८ | २१७२६.०३ | ४६५५.५८ | ४६५५.५८ | ०.०० |
| अन्तःशुल्क (आ. उत्पादन) | १०२५४.४९ | ७१७८.१४ | १५३८.१७ | १५३८.१७ | ०.०० |
| बाँडफाँट हुने कर, रजिष्ट्रेशन शुल्क तथा अन्य प्रशासनिक सेवा शुल्क | २१०२.८४ | ९.४२ | १२३१.७६ | ८२७.९४ | ३३.७१ |
| बाँडफाँट हुने प्राकृतिक स्रोतको रोयल्टी | १२३४.६६ | ७६.९७ | १२२.७७ | ३०३.८७ | ७३१.०४ |
| अन्य बाँडफाँट हुने राजश्व | १६.८७ | ०.२३ | ०.६६ | १.८८ | १४.१० |
| जम्मा | ४४६४६.०४ | २८९९०.८० | ७५४८.९५ | ७३२७.४४ | ७७८.८५ |
| जम्मा | ४४६४६.०४ | ४३८६७.१९ | | | ७७८.८५ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

२.९ आर्थिक वर्ष २०८०/८१ मा बाँडफाँट हुने राजस्व मध्ये मूल्य अभिवृद्धि कर, अन्तःशुल्क (आन्तरिक उत्पादन) र रोयल्टी लगायत अन्य राजस्वको हिस्सा क्रमशः ६९.५ प्रतिशत, २३.० प्रतिशत र ७.५ प्रतिशत रहेको छ।

## वित्तीय हस्तान्तरण

२.१० आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारबीच भएको वित्तीय हस्तान्तरण १२.६ प्रतिशतले सङ्कुचन भई रु. ३ खर्ब ७० अर्ब १७ करोड रहेको छ।

**तालिका २(ख) : तीन तहका सरकारबीच भएको वित्तीय हस्तान्तरण (रु. करोडमा)**

| वित्तीय हस्तान्तरण | आर्थिक वर्ष | | | वृद्धिदर (प्रतिशतमा) | |
|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ |
| संघबाट भएको वित्तीय हस्तान्तरण | ४०६०५.७९ | ३९७३६.०३ | ३४८९६.१३ | -२.१४ | -१२.१८ |
| प्रदेश | १०९०३.९९ | ९९६६.४३ | ७९५४.९२ | -८.६० | -२०.१८ |
| स्थानीय तह | २९७०१.८० | २९७६९.६१ | २६९४१.२१ | ०.२३ | -९.५० |
| प्रदेशबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण | २५०५.४९ | २६३९.४५ | २१२०.९८ | ५.३५ | -१९.६४ |
| तीन तहका सरकारबीच भएको वित्तीय हस्तान्तरण | ४३१११.२८ | ४२३७५.४८ | ३७०१७.११ | -१.७१ | -१२.६४ |
| कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा | ८.६६ | ७.९० | ६.४८ | | |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

नोटः वित्तीय हस्तान्तरणतर्फ वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानको रूपमा भएको हस्तान्तरण मात्र समावेश गरिएको छ। राजस्व बाँडफाँटलाई यसमा समावेश गरिएको छैन।

२.११ आर्थिक वर्ष २०८०/८१ मा संघबाट प्रदेश र स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण रु. ३ खर्ब ४८ अर्ब ९६ करोड र प्रदेशबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण रु. २१ अर्ब २१ करोड रहेको छ। आर्थिक वर्ष २०७९/८० मा तीन तहका सरकारबीच भएको वित्तीय हस्तान्तरण १.७ प्रतिशतले सङ्कुचन भएको थियो।

२.१२ आर्थिक वर्ष २०८०/८१ मा भएको वित्तीय हस्तान्तरणमध्ये सशर्त अनुदानको अंश सबैभन्दा बढी ५४.७ प्रतिशत रहेको छ। त्यसैगरी, वित्तीय समानीकरण अनुदान ३८.२ प्रतिशत, समपूरक अनुदान ४.१ प्रतिशत र विशेष अनुदान ३.० प्रतिशत रहेको छ।

## एकीकृत खर्च

२.१३ आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारको खुद एकीकृत खर्च ०.९ प्रतिशतले सङ्कुचन भई रु. १६ खर्ब ४० अर्ब ६८ करोड रहेको छ। खुद एकीकृत खर्च मध्ये संघ, प्रदेश र स्थानीय तहबाट भएको खर्चको अंश क्रमशः ६४.२ प्रतिशत, ९.९ प्रतिशत र २५.९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा तीन तहका सरकारको खुद एकीकृत खर्च ११.१ प्रतिशतले बढेको थियो।

### तालिका २(ग) : तीन तहका सरकारको एकीकृत खर्चको स्थिति (रु. करोडमा)

| खर्च शीर्षक | आर्थिक वर्ष | | | वृद्धिदर | |
|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ |
| **चालु खर्च** | **१२९०२१.९४** | **१३५६१५.०९** | **१२८०८३.७२** | **५.११** | **-५.५५** |
| पारिश्रमिक/सुविधा | २७१३९.७० | ३०७५५.०२ | ३०७५४.६८ | १३.३२ | ०.०० |
| मालसामान तथा सेवाको उपयोग | १६९१२.०७ | १७९१२.९५ | १६२७४.९१ | ५.९२ | -९.१४ |
| व्याज, सेवा शुल्क तथा बैङ्क कमिशन | ४५४६.०३ | ७३१९.२९ | ८२२५.०७ | ६१.०० | १२.३८ |
| सहायता | १८३५.६९ | १९१८.६९ | १९५१.४६ | ४.५२ | १.७१ |
| अनुदान | ५३५०७.४२ | ५३४२६.८१ | ४६३३७.३१ | -०.१५ | -१३.२७ |
| सामाजिक सुरक्षा | २३५९०.६८ | २२८३७.९७ | २३४९४.३९ | -३.१९ | २.८७ |
| अन्य खर्च | १४९०.३५ | १४४४.३६ | १०४५.९० | -३.०९ | -२७.५९ |
| **पुँजीगत खर्च** | **४९०१७.८८** | **५२७४४.७०** | **४४७८६.६९** | **७.६०** | **-१५.०९** |
| **वित्तीय व्यवस्था** | **१४१२५.१८** | **१९६२२.५४** | **२७२५९.८०** | **३८.९२** | **३८.९२** |
| **जम्मा एकीकृत खर्च (वित्तीय हस्तान्तरण बाहेक)** | **१४९०५३.७२** | **१६५६०६.८५** | **१६४०६७.६१** | **११.११** | **-०.९३** |


स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

२.१४ आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारको खुद एकीकृत खर्चमध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्चको हिस्सा क्रमशः ५६.१ प्रतिशत, २७.३ प्रतिशत र १६.६ प्रतिशत रहेको छ।

२.१५ वित्तीय संघीयता लागू भएपश्चात तुलनात्मकरूपमा सरकारको खर्चमा उल्लेख्य वृद्धि भएको छ। संघीयता लागू हुनु पूर्व आर्थिक वर्ष २०७१/७२ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल सरकारी खर्च २१.९ प्रतिशत रहेकोमा त्यसपछिका वर्षमा भने उल्लेख्य वृद्धि भएको देखिन्छ। यस अवधिमा आर्थिक वर्ष २०७४/७५ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा तीन तहका सरकारको कुल खर्च सबैभन्दा बढी ३१.५ प्रतिशत पुगेको थियो। आर्थिक वर्ष २०८०/८१ मा यस्तो खर्च कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २८.७ प्रतिशत रहेको छ।

चार्ट २(क) : पछिल्लो दशकमा सरकारको समग्र खर्च स्थिति

(कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

२.१६ वित्तीय संघीयता लागू भएपश्चात तुलनात्मकरूपमा सरकारको पुँजीगत खर्च उल्लेख्य बढेको छ। आर्थिक वर्ष २०७१/७२ मा कुल गार्हस्थ्य उत्पादनमा पुँजीगत खर्चको अनुपात ३.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा ११.४ प्रतिशत पुगेको थियो। आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनमा यस्तो खर्चको अनुपात ७.८ प्रतिशत रहेको छ।

## तीन तहका सरकारको सञ्चित कोषको अवस्था

२.१७ आर्थिक वर्ष २०८०/८१ मा संघ, प्रदेश र स्थानीय तहको सञ्चित कोष (तीन तहका सरकारको सञ्चित कोषको जम्मा) रु. ७५ अर्ब २१ करोडले ऋणात्मक रहेको छ। यस अवधिमा संघीय सञ्चित कोष रु. ४७ अर्ब ९ करोड, प्रदेश सञ्चित कोष रु. ९ अर्ब ९९ करोड र स्थानीय तहको सञ्चित कोष रु. १८ अर्ब १४ करोडले ऋणात्मक रहेको छ।

२.१८ संघीय सञ्चित कोष २०८१ असारमसान्तमा रु. २ खर्ब २८ अर्ब ३६ करोडले ऋणात्मक रहेको छ भने प्रदेश सञ्चित कोष रु. ५० अर्ब ९१ करोड र स्थानीय तहको सञ्चित कोष रु. ६० अर्ब ५१ करोडले धनात्मक रहेको छ। समग्रमा २०८१ असारमसान्तमा तीन तहका सरकारको सञ्चित कोष रु. १ खर्ब १६ अर्ब ९४ करोडले ऋणात्मक रहेको छ। कानून बमोजिम स्थापना भएका सरकारी कोष (सञ्चित कोष बाहेक) मा २०८१ असारमसान्तमा नगद मौज्दात रु. १ खर्ब ७८ अर्ब ७९ करोड रहेको छ। तीन तहका सरकारको नगद मौज्दात २०८१ असारमसान्तमा रु.६१ अर्ब ८५ करोड रहेको छ।

तालिका २(घ) : तीन तहका सरकारको सञ्चित कोषको विवरण (रु. करोडमा)

| असारमसान्त | सञ्चित कोष | | | |
|---|---|---|---|---|
| | संघ | प्रदेश | स्थानीय तह | जम्मा |
| २०७७ | -२१६६९.५६ | ७५९४.१६ | ८४२४.७८ | -५६५०.६२ |
| २०७८ | -११९९६.३३ | ६१३९.७५ | ८२६४.४४ | ३२०७.८७ |
| २०७९ | -५३९१.१४ | ७९१८.८७ | १०२३२.५८ | १२७६०.३१ |
| २०८० | -१८१२६.७४ | ६४४१.८७ | ७८६४.४४ | -३८२०.४३ |
| २०८१ | -२२८३५.७७ | ५०९०.९९ | ६०५०.८१ | -११६९३.९७ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

## तीन तहका सरकारको वित्त परिसूचक

२.१९ आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारको बजेट घाटा (Budget Deficit) १७.१ प्रतिशतले घटेको छ। आर्थिक वर्ष २०७९/८० मा बजेट घाटा कुल गार्हस्थ्य उत्पादनको ९.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ७.५ प्रतिशत रहेको छ।


तालिका २ (ङ) : तीन तहका सरकारको वित्त परिसूचक

| विवरण | रु. करोडमा | | | जीडिपीको प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| एकीकृत खर्च | १४९०५३.७२ | १६५६०६.८५ | १६४०६७.६१ | ३०.० | ३०.९ | २८.७ |
| चालु खर्च | ८५९१०.६६ | ९३२३९.६० | ९२०२१.१२ | १७.३ | १७.४ | १६.१ |
| पुँजीगत खर्च | ४९०१७.८८ | ५२७४४.७१ | ४४७८६.६९ | ९.८ | ९.८ | ७.८ |
| वित्तीय व्यवस्था | १४१२५.१८ | १९६२२.५४ | २७२५९.८० | २.८ | ३.७ | ४.८ |
| कुल राजस्व | ११७३०२.३५ | १०४२६४.२२ | ११५०९८.६५ | २३.६ | १९.४ | २०.२ |
| कुल आय | १२५३०२.८७ | ११३६२९.५५ | १२०९६४.२५ | २५.२ | २१.२ | २१.२ |
| **बजेट सन्तुलन** | **-२३७५०.८४** | **-५१९७७.२९** | **-४३१०३.३७** | **-४.८** | **-९.७** | **-७.५** |
| **राजस्व सन्तुलन** | **३१३९१.६९** | **११०२४.६३** | **२३०७७.५२** | **६.३** | **२.१** | **४.०** |

स्रोतः महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट गणना गरिएको।

२.२० आर्थिक वर्ष २०८०/८१ मा तीन तहका सरकारको राजस्व सन्तुलन (Revenue Balance) रु. २ खर्ब ३० अर्ब ७७ करोडले बचतमा रहेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ४.० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो वचत कुल गार्हस्थ्य उत्पादनको २.१ प्रतिशत रहेको थियो।

चार्ट २(ख) : तीन तहका सरकारको वित्त परिसूचक




स्रोतः महालेखा नियन्त्रकको कार्यालयको तथ्याङ्कबाट गणना गरिएको।

## एकीकृत खर्चको कार्यात्मक संरचना

२.२१ आर्थिक वर्ष २०८०/८१ मा वातावरण संरक्षण, आवास तथा सामुदायिक सुविधा, मनोरञ्जन, संस्कृति तथा धर्म र शिक्षा बाहेकका अन्य शीर्षकमा संघीय सरकारबाट भएको खर्च (चालु र पुँजीगत खर्च) को अनुपात बढी रहेको छ। यस अवधिमा वातावरण संरक्षण शीर्षकमा संघको तुलनामा प्रदेश र स्थानीय तहबाट भएको खर्चको अंश बढी रहेको छ।

तालिका २ (च) : एकीकृत खर्चको कार्यात्मक संरचना* (शीर्षकगत खर्चको प्रतिशतमा)

| विवरण | २०७९/८० | | | | २०८०/८१ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | संघ | प्रदेश | स्थानीय | जम्मा | संघ | प्रदेश | स्थानीय | जम्मा |
| सामान्य सार्वजनिक सेवा | ७६.९ | ६.६ | १६.५ | १००.० | ७७.० | ६.० | १६.९ | १००.० |
| रक्षा | १००.० | ०.० | ०.० | १००.० | ९९.९ | ०.१ | ०.० | १००.० |
| सार्वजनिक शान्ति सुरक्षा | ९६.२ | ३.० | ०.८ | १००.० | ९६.० | २.९ | १.१ | १००.० |
| आर्थिक मामिला | ५५.४ | २१.४ | २३.२ | १००.० | ५३.८ | २२.७ | २३.५ | १००.० |
| वातावरण संरक्षण | ३२.३ | २८.० | ३९.६ | १००.० | २५.० | २९.९ | ४५.१ | १००.० |
| आवास तथा सामुदायिक सुविधा | ३३.६ | २८.४ | ३८.० | १००.० | ३२.० | २८.८ | ३९.३ | १००.० |
| स्वास्थ्य | ५०.५ | १७.७ | ३१.८ | १००.० | ५०.२ | १८.४ | ३१.४ | १००.० |
| मनोरञ्जन, संस्कृति तथा धर्म | ३३.८ | १७.५ | ४८.७ | १००.० | २८.५ | १९.२ | ५२.३ | १००.० |
| शिक्षा | २५.५ | ५.६ | ६९.० | १००.० | २६.५ | ३.६ | ६९.९ | १००.० |
| सामाजिक सुरक्षा | ९४.७ | १.२ | ४.१ | १००.० | ९२.८ | १.१ | ६.१ | १००.० |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

* वित्तीय व्यवस्था बाहेक

नोटः यससम्बन्धी विस्तृत विवरण अनुसूची २.७ मा समावेश गरिएको।

२.२२ आर्थिक वर्ष २०८०/८१ को एकीकृत खर्चमध्ये सबैभन्दा बढी सामान्य सार्वजनिक सेवा शीर्षकमा ३५.४ प्रतिशत रहेको छ। त्यसैगरी, आर्थिक मामिलामा २१.२ प्रतिशत, शिक्षामा ११.५ प्रतिशत, सामाजिक सुरक्षामा ११.३ प्रतिशत र रक्षा, सामुदायिक सुविधा, स्वास्थ्य लगायतका अन्य शीर्षकमा २०.६ प्रतिशत रहेको छ।

## संघीय सरकारका वित्त परिसूचक

२.२३ आर्थिक वर्ष २०८०/८१ मा संघीय आय बढेको र संघीय खर्च घटेकोले संघीय सरकारको समग्र वित्त स्थितिमा सुधार भएको छ। यस अवधिमा अनुदानसहितको संघीय सरकारको समग्र वित्त सन्तुलन (Overall Fiscal Balance including Grants) ५४.३ प्रतिशतले सुधार भई रु. १ खर्ब ४४ अर्ब २४ करोडले घाटामा रहेको छ।

२.२४ आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारको प्राथमिक सन्तुलन (Primary Balance) ७४.४ प्रतिशतले सुधार भई रु. ६२ अर्ब १४ करोडले घाटामा रहेको छ। त्यसैगरी, यस अवधिमा संघीय सरकारको वित्त घाटा (वित्तीय सम्पत्तिको खुद प्राप्तिसहित) ४६.८ प्रतिशतले सुधार भई रु. १ खर्ब ८५ अर्ब ९४ करोड रहेको छ।


**तालिका २(छ): संघीय सरकारका वित्त परिसूचक**

| सरकारी सन्तुलन (Government Balance) | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा | | | | | | |
| समग्र वित्त सन्तुलन (Overall Fiscal Balance)-अनुदान बाहेक | -५.५६ | -५.६६ | -४.८२ | -३.६९ | -६.३१ | -२.९५ |
| समग्र वित्त सन्तुलन (अनुदान सहित) | -४.७९ | -४.९० | -४.०० | -३.२१ | -५.८८ | -२.५३ |
| प्राथमिक सन्तुलन (Primary Balance) | -४.२६ | -४.२३ | -३.२० | -२.३० | -४.५२ | -१.०९ |
| वित्त सन्तुलन (वित्तीय सम्पत्तिको खुद प्राप्ति सहित) | -७.२६ | -६.४० | -५.३४ | -४.४१ | -६.५१ | -३.२६ |
| बजेट सन्तुलन (Budget Balance) | -८.६७ | -७.८८ | -६.७२ | -५.९५ | -९.३० | -७.१७ |
| राजस्व सन्तुलन (Revenue Balance) | ०.४४ | -२.०२ | -०.४९ | -०.३२ | -२.९३ | ०.०० |

स्रोतः महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट गणना गरिएको।
नोटः वित्त परिसूचकसम्बन्धी विस्तृत विवरण अनुसूची २.९ मा रहेको।

२.२५ आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारको बजेट घाटा १८.० प्रतिशतले सुधार भई रु. ४ खर्ब ९ अर्ब २३ करोड रहेको छ। आर्थिक वर्ष २०७९/८० मा रु. १ खर्ब ५७ अर्ब ४५ करोडले घाटामा रहेको संघीय सरकारको राजस्व सन्तुलन रु. ८ करोडले मात्र घाटामा रहेको छ। संघीय सरकारको चालु खर्च ६.३ प्रतिशतले घटेको र संघीय राजस्व ११.४ प्रतिशतले बढेकाले राजस्व सन्तुलनमा उल्लेख्य सुधार भएको छ।

**चार्ट २(ग): संघीय सरकारको वित्त परिसूचक** (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोतः एकीकृत वित्तीय विवरण, महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट गणना गरिएको।

२.२६ आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा संघीय सरकारको समग्र वित्त घाटा (अनुदान बाहेक) २.९५ प्रतिशत, समग्र वित्त घाटा (अनुदानसहित) २.५३ प्रतिशत र वित्त घाटा (वित्तीय सम्पत्तिको खुद प्राप्तिसहित) ३.२६ प्रतिशत रहेको छ। त्यसैगरी, प्राथमिक घाटा १.०९ प्रतिशत र बजेट घाटा ७.१७ प्रतिशत रहेको छ।

## संघीय सरकारको वित्त स्थिति (वार्षिक तथ्याङ्कमा आधारित)

२.२७ आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारी खर्च २.० प्रतिशतले सङ्कुचन भई रु. १३ खर्ब ९३ अर्ब ४० करोड रहेको छ। यस अवधिमा चालु खर्च ६.३ प्रतिशत र पुँजीगत खर्च १८.२ प्रतिशतले सङ्कुचन भएको छ भने वित्तीय व्यवस्थातर्फको खर्च ३९.३ प्रतिशतले वृद्धि भएको छ। ऋण सेवा खर्चमा ३७.५ प्रतिशतले बढेकाले वित्तीय व्यवस्थातर्फको खर्च उल्लेख्य बढेको छ।

२.२८ आर्थिक वर्ष २०८०/८१ मा संघीय राजस्व ११.४ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब २९ अर्ब ५ करोड पुगेको छ। यस अवधिमा कर राजस्व ९.७ प्रतिशत र गैरकर राजस्व २६.५ प्रतिशतले बढेको छ। त्यसैगरी, संघीय आय ६.७ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब ८४ अर्ब १७ करोड पुगेको छ।

### तालिका २(ज): संघीय सरकारको वित्त स्थिति

| शीर्षक | रु. करोडमा | | | कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| **कुल गार्हस्थ्य उत्पादन** | **४९७६५६** | **५३६७००** | **५७०९१०** | **१००.००** | **१००.००** | **१००.००** |
| **संघीय खर्च** | **१३१०००** | **१४२१३३** | **१३९३४०** | **२६.३२** | **२६.४८** | **२४.४१** |
| चालु | ९५४३२ | ९९१५१ | ९२९१३ | १९.१८ | १८.४७ | १६.२७ |
| पुँजीगत | २१६२१ | २३४६२ | १९२०३ | ४.३४ | ४.३७ | ३.३६ |
| वित्तीय व्यवस्था | १३९४७ | १९५२० | २७२२५ | २.८० | ३.६४ | ४.७७ |
| **संघीय राजस्व** | **९३८२८** | **८३४०६** | **९२९०५** | **१८.८५** | **१५.५४** | **१६.२७** |
| कर | ८५९१३ | ७४८४२ | ८२०७० | १७.२६ | १३.९४ | १४.३८ |
| गैरकर | ७९१५ | ८५६४ | १०८३५ | १.५९ | १.६० | १.९० |
| **वैदेशिक अनुदान** | **२४१५** | **२३०१** | **२४०१** | **०.४९** | **०.४३** | **०.४२** |
| नगद मौज्दात र बेरुजु | ४८५० | ५३३० | २३८५ | ०.९७ | ०.९९ | ०.४२ |
| आन्तरिक ऋण लगानी फिर्ता | २९४ | ११८१ | ७२६ | ०.०६ | ०.२२ | ०.१३ |
| **संघीय आय** | **१०१३८७** | **९२२१९** | **९८४१७** | **२०.३७** | **१७.१८** | **१७.२४** |
| **वैदेशिक ऋण प्राप्ति** | **१३५९४** | **१२३०५** | **११३२७** | **२.७३** | **२.२९** | **१.९८** |
| **आन्तरिक ऋण प्राप्ति** | **२२७७३** | **२४८७४** | **२३४४२** | **४.५८** | **४.६३** | **४.११** |
| **वैदेशिक सहायता प्रतिबद्धता** | **२३७९२** | **२१८०५** | **१२७८९** | **४.७८** | **४.०६** | **२.२४** |
| **शेयर तथा ऋण लगानी** | **६२७२** | **४५४८** | **४८९७** | **१.२६** | **०.८५** | **०.८६** |
| संस्थानमा ऋण लगानी | ४७३० | ३२०७ | ४१७६ | ०.९५ | ०.६० | ०.७३ |
| संस्थानमा शेयर लगानी | १५२२ | १३२० | ६९९ | ०.३१ | ०.२५ | ०.१२ |
| वैदेशिक शेयर लगानी | २० | २१ | २२ | ०.०० | ०.०० | ०.०० |
| **तिर्न बाँकी सार्वजनिक ऋण** | **२०१३३०** | **२२९९३५** | **२४३४१०** | **४०.४६** | **४२.८४** | **४२.६४** |
| वैदेशिक ऋण | १०२५८५ | ११७०२५ | १२५३२० | २०.६१ | २१.८० | २१.९५ |
| आन्तरिक ऋण | ९८७४५ | ११२९१० | ११८०९० | १९.८४ | २१.०४ | २०.६८ |
| **ऋण सेवा खर्च** | **१२१९८** | **२२२६१** | **३०५३८** | **२.४५** | **४.१५** | **५.३५** |
| सावाँ भुक्तानी खर्च | ७६७५ | १४९७१ | २२३२८ | १.५४ | २.७९ | ३.९१ |
| व्याज सेवा खर्च | ४५२३ | ७२८९ | ८२१० | ०.९१ | १.३६ | १.४४ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

२.२९ आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक ऋण रु. २ खर्ब ३४ अर्ब ४२ करोड र वैदेशिक ऋण रु. १ खर्ब १३ अर्ब २७ करोड गरी जम्मा रु. ३ खर्ब ४७ अर्ब ६९ करोड सार्वजनिक ऋण परिचालन भएको छ। यस अवधिमा सरकारले सार्वजनिक ऋणको सावाँतर्फ रु. २ खर्ब २३ अर्ब २८ करोड भुक्तानी गरेको छ। ऋणको सावाँ भुक्तानी कटाएर सरकारको खुद सार्वजनिक ऋण परिचालन रु. १ खर्ब २४ अर्ब ४१ करोड रहेको छ। यस अवधिमा अनुदान र ऋण गरी जम्मा रु. १ खर्ब ३७ अर्ब २८ करोड बराबरको वैदेशिक सहायता प्राप्त भएको छ।


२.३० सरकारको तिर्न बाँकी सार्वजनिक ऋण २०८१ असारमसान्तमा रु. २४ खर्ब ३४ अर्ब १० करोड पुगेको छ। तिर्न बाँकी सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र वैदेशिक ऋणको अंश क्रमशः ४८.५ प्रतिशत र ५१.५ प्रतिशत रहेको छ।

२.३१ आर्थिक वर्ष २०८०/८१ मा सरकारबाट भएको शेयर तथा ऋण लगानी खर्च ७.७ प्रतिशतले वृद्धि भई रु. ४८ अर्ब ९७ करोड पुगेको छ। यस अवधिको शेयर तथा ऋण लगानीमध्ये संस्थानमा भएको शेयर तथा ऋण लगानी रु. ४८ अर्ब ७५ करोड र वैदेशिक शेयर लगानी रु. २२ करोड रहेको छ।

२.३२ आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा संघीय खर्च २४.४१ प्रतिशत, संघीय राजस्व १६.२७ प्रतिशत र संघीय आय १७.२४ प्रतिशत रहेको छ। त्यसैगरी, कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सार्वजनिक ऋण परिचालन ६.०९ प्रतिशत र वैदेशिक सहायता प्राप्ति २.४० प्रतिशत रहेको छ।

**चार्ट २(घ): संघीय खर्च, संघीय आय र सार्वजनिक ऋण परिचालन**

(कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)





स्रोतः महालेखा नियन्त्रक कार्यालय/राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

२.३३ कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २०८१ असारमसान्तमा सरकारको तिर्न बाँकी सार्वजनिक ऋण ४२.६४ प्रतिशत पुगेको छ। यसैगरी, ऋण सेवा खर्च कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ५.३५ प्रतिशत पुगेको छ। ऋण सेवा खर्च भन्दा सार्वजनिक ऋण परिचालन रु. ४२ अर्ब ३२ करोड मात्र बढी रहेको छ।

## संघीय खर्च र राजस्व संरचना

२.३४ आर्थिक वर्ष २०८०/८१ को कुल संघीय खर्चमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको अंश क्रमशः ६६.७ प्रतिशत, १३.८ प्रतिशत र १९.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो अंश क्रमशः ६९.८ प्रतिशत, १६.५ प्रतिशत र १३.७ प्रतिशत रहेको थियो।


**चार्ट २(ङ): संघीय खर्च संरचना** (कुल संघीय खर्चको प्रतिशतमा)




स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

२.३५ आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारले सङ्कलन गरेको कुल राजस्वमध्ये सबैभन्दा बढी योगदान मूल्य अभिवृद्धि करको २९.३ प्रतिशत रहेको छ। त्यसैगरी, आय करको योगदान २६.७ प्रतिशत, भन्सार महशुल १९.० प्रतिशत, अन्तःशुल्क १३.८ प्रतिशत, अन्य कर ०.३ प्रतिशत र गैरकर राजस्वको योगदान १०.८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा मूल्य अभिवृद्धि करको योगदान २९.९ प्रतिशत, आयकर २६.३ प्रतिशत, भन्सार महशुल १९.० प्रतिशत, अन्तःशुल्क १४.० प्रतिशत, अन्य कर ०.२ प्रतिशत र गैरकर राजस्वको योगदान ९.६ प्रतिशत रहेको थियो।

**चार्ट २(च): राजस्व संरचना** (कुल राजस्वको प्रतिशतमा)




स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

## संघीय सरकारी वित्तको तुलनात्मक स्थिति (फागुनसम्म)

२.३६ चालु आर्थिक वर्षको फागुनसम्म संघीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.७ प्रतिशतले बढेर रु. ८ खर्ब ३९ अर्ब पुगेको छ। यस अवधिमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्च क्रमशः ०.३ प्रतिशत, १.४ प्रतिशत र २४.८ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा संघीय खर्च २.९ प्रतिशतले बढेको थियो।

तालिका २(झ): संघीय सरकारको वित्तको स्थिति

| विवरण | फागुनसम्म | | | | |
|---|---|---|---|---|---|
| | रु. करोडमा | | | वृद्धिदर (प्रतिशतमा) | |
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ |
| **कुल सरकारी खर्च** | **७७९२३** | **८०१५८** | **८३९००** | **२.९** | **४.७** |
| चालु खर्च | ६०८८४ | ५८२११ | ५८४१३ | -४.४ | ०.३ |
| पुँजीगत खर्च | ८४२६ | ८१२१ | ८२३३ | -३.६ | १.४ |
| वित्तीय व्यवस्था | ८६१३ | १३८२६ | १७२५४ | ६०.५ | २४.८ |
| व्याज सेवा खर्च | ४०६८ | ४९४८ | ४२७६ | २१.६ | -१३.६ |
| **संघीय राजस्व** | **५०८७७** | **५६०८८** | **६३१८०** | **१०.२** | **१२.६** |
| कर | ४५४१२ | ५०२६२ | ५५३१० | १०.७ | १०.० |
| गैर कर | ५४६६ | ५८२५ | ७८७० | ६.६ | ३५.१ |
| वैदेशिक अनुदान | १०३३ | १००६ | ९१६ | -२.७ | -८.९ |
| नगद मौज्दात र बेरूजु | ३५२१ | २२०३ | ९३१ | -३७.४ | -५७.७ |
| आन्तरिक ऋण लगानी फिर्ता | १८० | ४४८ | ९६ | १४८.७ | -७८.६ |
| **संघीय आय** | **५५६१२** | **५९७४४** | **६५१२३** | **७.४** | **९.०** |
| आन्तरिक ऋण परिचालन | ८७२० | १६३३१ | २६९१५ | ८७.३ | ६४.८ |
| वैदेशिक ऋण परिचालन | ६२२६ | ५५५६ | ६५४७ | -१०.८ | १७.८ |
| वैदेशिक सहायता प्रतिबद्धता | १३७१२ | १०१२० | २२२०० | -२६.२ | ११९.४ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८१

२.३७ चालु आर्थिक वर्षको फागुनसम्म संघीय राजस्व १२.६ प्रतिशतले बढेर रु. ५ खर्ब ६१ अर्ब ९३ करोड पुगेको छ। यस अवधिमा कर राजस्व १०.० प्रतिशतले बढेको छ भने गैरकर राजस्व ३५.१ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको फागुनसम्म संघीय राजस्व १५.३ प्रतिशतले घटेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म संघीय आय ९.० प्रतिशतले बढेर रु. ६ खर्ब ५१ अर्ब २३ करोड पुगेको छ।

२.३८ चालु आर्थिक वर्षको फागुनसम्म आन्तरिक र वैदेशिक ऋण गरी कुल सार्वजनिक ऋण परिचालन ५२.९ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ३४ अर्ब ६२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो परिचालन ४६.४ प्रतिशतले वृद्धि भएको थियो।

२.३९ चालु आर्थिक वर्षको फागुनसम्म अनुदान र ऋण गरी कुल वैदेशिक सहायता प्रतिबद्धता ११९.४ प्रतिशतले वृद्धि भई रु. २ खर्ब २२ अर्ब पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिबद्धता २६.२ प्रतिशतले घटेको थियो।

## शेयर तथा ऋण लगानी

२.४० चालु आर्थिक वर्षको फागुनसम्म सरकारको कुल ऋण तथा शेयर लगानी १०.९ प्रतिशतले बढेर रु. १३ अर्ब ५६ करोड पुगेको छ। यस अवधिमा शेयर तथा ऋण लगानीको सावाँ फिर्ता बापत सरकारले रु. ९६ करोड प्राप्त गरेको छ। यस अवधिमा खुद ऋण तथा शेयर लगानी ६२.७ प्रतिशतले बढेर रु. १२ अर्ब ६० करोड रहेको छ।

तालिका २(ञ): संघीय सरकारको शेयर तथा ऋण लगानीको तुलनात्मक स्थिति (रु. करोडमा)

| विवरण | फागुनसम्म | | | वृद्धिदर | |
|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ |
| संस्थानमा ऋण लगानी | २८२.३ | १०८९.७ | १०८५.१ | २८६.० | -०.४ |
| संस्थानमा शेयर लगानी | २३१.९ | ११०.५ | २३५.६ | -५२.३ | ११३.१ |
| वैदेशिक शेयर लगानी | ०.० | २१.६ | ३४.९ | - | ६१.५ |
| **कुल ऋण तथा शेयर लगानी** | ५१४.२ | १२२१.९ | १३५५.५ | १३७.७ | १०.९ |
| ऋण तथा शेयर लगानीको सावाँ फिर्ता | १७९.९ | ४४७.६ | ९५.७ | १४८.७ | -७८.६ |
| **खुद ऋण तथा शेयर लगानी** | ३३४.२ | ७७४.३ | १२५९.८ | १३१.७ | ६२.७ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८१

## संघीय सरकारको वित्त सन्तुलनको अवस्था

२.४१ चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको बजेट घाटा ८.० प्रतिशतले सुधार भई रु. १ खर्ब ८७ अर्ब ७७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रु. २ खर्ब ४ अर्ब १५ करोड रहेको थियो।

तालिका २(ट): संघीय सरकारको वित्त परिसूचक (रु. करोडमा)

| वित्त सन्तुलन | फागुनसम्म | | |
|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| बजेट सन्तुलन | -२२३११ | -२०४१५ | -१८७७७ |
| राजस्व सन्तुलन | -१०००७ | -२१२३ | ४७६७ |
| समग्र वित्त सन्तुलन (अनुदानसहित) | -१३८७८ | -७०३६ | -१६१९ |
| प्राथमिक सन्तुलन | -९८११ | -२०८९ | २६५६ |

स्रोतः महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट गणना गरिएको।

२.४२ चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको राजस्व सन्तुलनमा केही सुधार भएको छ। गत आर्थिक वर्षको फागुनसम्म राजस्व सन्तुलन रु. २१ अर्ब २३ करोडले ऋणात्मक रहेकोमा यस अवधिमा रु. ४७ अर्ब ६७ करोडले वचतमा रहेको छ।

२.४३ चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको समग्र वित्त घाटामा सुधार भएको छ। गत आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको समग्र वित्त घाटा रु. ७० अर्ब ३६ करोड रहेकोमा यस अवधिमा रु. १६ अर्ब १९ करोड रहेको छ।

२.४४ चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको प्राथमिक सन्तुलन (Primary Balance) रु. २६ अर्ब ५६ करोडले वचतमा रहेको छ। गत आर्थिक वर्षमा यस्तो सन्तुलन रु. २० अर्ब ८९ करोडले घाटामा रहेको थियो।

## संघीय आय संरचना

२.४५ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म संघीय आय संरचनामा संघीय राजस्वको हिस्सा ९७.० प्रतिशत र अन्य (अनुदान, सावाँ फिर्ता र नगद मौज्दात तथा बेरुजु) को हिस्सा ३.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको यस्तो हिस्सा क्रमशः ९३.९ प्रतिशत र ६.१ प्रतिशत रहेको थियो।

तालिका २(ठ): संघीय आय संरचना (रु. करोडमा)

| विवरण | फागुनसम्म | | | संघीय आयको प्रतिशतमा | |
|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ |
| **कुल राजस्व** | ५०८७७ | ५६०८८ | ६३१८० | ९३.९ | ९७.० |
| कर राजस्व | ४५४१२ | ५०२६२ | ५५३१० | ८४.१ | ८४.९ |
| गैरकर राजस्व | ५४६६ | ५८२५ | ७८७० | ९.८ | १२.१ |
| वैदेशिक अनुदान प्राप्ति | १०३३ | १००६ | ९१६ | १.७ | १.४ |
| आन्तरिक ऋण लगानीको सावाँ फिर्ता | १८० | ४४८ | ९६ | ०.७ | ०.१ |
| नगद मौज्दात र बेरूजु | ३५२१ | २२०३ | ९३१ | ३.७ | १.४ |
| **कुल संघीय आय** | **५५६१२** | **५९७४४** | **६५१२३** | १००.० | १००.० |

स्रोतः महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८१

## संघीय खर्च स्रोत

२.४६ आर्थिक वर्ष २०८१/८२ फागुनसम्म कुल संघीय खर्चमा संघीय राजस्वको अनुपात ७५.३ प्रतिशत, आन्तरिक ऋण ३२.१ प्रतिशत, वैदेशिक ऋण ७.८ प्रतिशत र अन्यको अनुपात २.३ प्रतिशत रहेको छ।

### तालिका २(ड): संघीय सरकारी खर्चमा आय, राजस्व, अनुदान र ऋणको अनुपात

| विवरण | फागुनसम्म | | | | | |
|---|---|---|---|---|---|---|
| | रु. करोडमा | | | संघीय खर्चको प्रतिशतमा | | |
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| संघीय राजस्व | ५०८७७ | ५६०८८ | ६३१८० | ६५.३ | ७०.० | ७५.३ |
| नगद मौज्दात र बेरुजु | ३५२१ | २२०३ | ९३१ | ४.५ | २.७ | १.१ |
| वैदेशिक अनुदान | १०३३ | १००६ | ९१६ | १.३ | १.३ | १.१ |
| आन्तरिक ऋण लगानी फिर्ता | १८० | ४४८ | ९६ | ०.२ | ०.६ | ०.१ |
| आन्तरिक ऋण परिचालन | ८७२० | १६३३१ | २६९१५ | ११.२ | २०.४ | ३२.१ |
| वैदेशिक ऋण परिचालन | ६२२६ | ५५५६ | ६५४७ | ८.० | ६.९ | ७.८ |
| **कुल प्राप्ति** | **७०५५७** | **८१६३०** | **९८५८६** | **९०.५** | **१०१.८** | **११७.५** |
| **संघीय सरकारी खर्च** | **७७९२३** | **८०१५८** | **८३९००** | १००.० | १००.० | १००.० |

स्रोतः महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८१

नोट: फागुनसम्मको सरकारी आय/ राजस्वमा रोयल्टी बाँडफाँट समावेश गरिएको छैन।

## आन्तरिक र वस्तु आयातमा आधारित कर राजस्व संरचना

२.४७ चालु आर्थिक वर्षको फागुनसम्मको कर राजस्वमध्ये आयातमा आधारित कर राजस्व र आन्तरिक तर्फको राजस्वको योगदान क्रमशः ४६.२ प्रतिशत र ५३.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो योगदान क्रमशः ४४.३ प्रतिशत र ५५.७ प्रतिशत रहेको थियो।

### तालिका २(ढ): आन्तरिक र आयातमा आधारित कर राजस्व संरचना (रु. करोडमा)

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|
| **कर राजस्व** | **८७०११** | **९८४३३** | **८६५६३** | **९४४५७** | **६३८८०** |
| **आयातमा आधारित कर** | **४३७२२** | **४९७३८** | **३८३०३** | **४१८२३** | **२९५१४** |
| भन्सार राजस्व # | २१९५२ | २४१५५ | १८१७७ | २००७३ | १४३७७ |
| मूल्य अभिवृद्धि कर (आयात) | १६५४८ | १९८४४ | १६९०८ | १८०३५ | १२२५२ |
| अन्तःशुल्क (आयात) | ५२२२ | ५७३९ | ३२१८ | ३७१५ | २८८५ |
| **कर राजस्वमा आयातमा आधारित करको हिस्सा (प्रतिशतमा)** | **५०.२** | **५०.५** | **४४.२** | **४४.३** | **४६.२** |
| **आन्तरिक कर राजस्व** | **४३२८९** | **४८६९६** | **४८२६०** | **५२६३५** | **३४३६६** |
| आय कर | २२८३७ | २५९९९ | २५१७४ | २८३१४ | १७३२६ |
| मूल्य अभिवृद्धि कर (उत्पादन) | ११६५४ | ११५८४ | ११७५५ | १३०३६ | ८७५७ |
| अन्तःशुल्क (उत्पादन) | ८५५९ | १०९३९ | ११०८८ | १०९२१ | ८०१९ |
| निकासीमा लाग्ने कर | २९ | ४० | ३५ | २९ | ४१ |
| अन्य कर | २१० | १३३ | २०७ | ३३५ | २२२ |

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|
| कर राजस्वमा आन्तरिक तर्फको कर राजस्वको हिस्सा (प्रतिशतमा) | ४९.८ | ४९.५ | ५५.८ | ५५.७ | ५३.८ |

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८१ को तथ्याङ्कका आधारमा गणना गरिएको। *फागुनसम्मको

## राजस्व बाँडफाँटको स्थिति

२.४८ चालु आर्थिक वर्षको फागुनसम्म संघीय विभाज्य तथा सञ्चित कोषमा दाखिला भएको कुल राजस्व रु. ७ खर्ब २० अर्ब ३५ करोड रहेको छ, जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.७ प्रतिशतले बढी हो। गत आर्थिक वर्षको फागुनसम्म यस्तो राजस्व ९.७ प्रतिशतले वृद्धि भएको थियो।

तालिका २(ण): संघीय विभाज्य/संघीय सञ्चित कोषमा सङ्कलित राजस्व (रु. करोडमा)

| संघीय विभाज्य/सञ्चित कोषमा दाखिला भएको राजस्व | आर्थिक वर्ष | | | फागुनसम्म | |
|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८०/८१ | २०८१/८२ |
| **कुल राजस्व** | **१०६६३५** | **९५७३५** | **१०५८९०** | **६३९०५** | **७२०३५** |
| कर राजस्व | ९८४३३ | ८६५६३ | ९४४५७ | ५७८६७ | ६३८८० |
| गैरकर राजस्व | ८२०१ | ९१७२ | ११४३३ | ६०३७ | ८१५५ |
| **बाँडफाँट नहुने राजस्व** | **६४२७१** | **५६०५७** | **६४००१** | **३८३४६** | **४३१८४** |
| कर राजस्व | ५६६९८ | ४७४९३ | ५३१६६ | ३२५२१ | ३५३१४ |
| गैरकर राजस्व | ७५७३ | ८५६४ | १०८३५ | ५८२५ | ७८७० |
| **बाँडफाँट हुने राजस्व** | **४२३६४** | **३९६७८** | **४१८९०** | **२५५५८** | **२८८५१** |
| मूल्य अभिवृद्धि कर | ३१४२३ | २८६६० | ३१०३७ | १९०७० | २१००६ |
| अन्तःशुल्क (आ.) | १०३१३ | १०४१० | १०२५४ | ६२७६ | ७५६० |
| रोयल्टी | ६२८ | ६०८ | ५९८ | २१२ | २८५ |

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८१

२.४९ चालु आर्थिक वर्षको फागुनसम्म बाँडफाँट हुने राजस्व बाहेक संघीय सरकारले सङ्कलन गरेको राजस्व १२.६ प्रतिशतले बढेर रु. ४ खर्ब ३१ अर्ब ८४ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो राजस्व १२.८ प्रतिशतले बढेको थियो।

२.५० चालु आर्थिक वर्षको फागुनसम्म मूल्य अभिवृद्धि कर, अन्तःशुल्क (आन्तरिक) र बाँडफाँट हुने रोयल्टीसहित तीन तहमा बाँडफाँट हुने राजस्व १२.९ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ८८ अर्ब ५१ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो राजस्व ५.३ प्रतिशतले बढेको थियो।

### तालिका २(त): बाँडफाँट पछिको राजस्व विवरण (रु. करोडमा)

| विवरण | आर्थिक वर्ष | | | फागुनसम्म | |
|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८०/८१ | २०८१/८२ |
| **संघ** | ९३८२८ | ८३४०६ | ९२९०५ | ५६०८८ | ६३१८० |
| कर राजस्व | ८५९१३ | ७४८४२ | ८२०७० | ५०२६२ | ५५३१० |
| गैरकर राजस्व | ७९१५ | ८५६४ | १०८३५ | ५८२५ | ७८७० |
| **प्रदेश र स्थानीय तह** | १२८०७ | ११७२१ | १२३८८ | ७६०५ | ८५७० |
| कर राजस्व | १२५२१ | ११७२१ | १२३८८ | ७६०५ | ८५७० |
| गैरकर राजस्व | २८६ | ० | ० | ० | ० |
| **बाँडफाँट हुने रोयल्टी** | ० | ६०८ | ५९८# | २१२ | २८५ |
| **संघबाट सङ्कलित कुल राजस्व** | १०६६३५ | ९५७३५ | १०५८९० | ६३९०५ | ७२०३५ |

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८१

\# आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारबाट सङ्कलित राष्ट्रिय वनतर्फको बाँडफाँट हुने वन क्षेत्रको रोयल्टी रु. ७४ करोड ५५ लाख यसमा समावेश गरिएको छैन।

२.५१ चालु आर्थिक वर्षको फागुनसम्म प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व रु. ८५ अर्ब ७० करोड रहेको छ। यस अवधिमा संघबाट सङ्कलित बाँडफाँट हुने रोयल्टी रु. २ अर्ब ८५ करोड रहेको छ।

### तालिका २(थ): रोयल्टी सङ्कलनको विवरण (रु. करोडमा)

| रोयल्टीको शिर्षक | आर्थिक वर्ष | | | फागुनसम्म | |
|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८०/८१ | २०८१/८२ |
| पर्वतारोहण | ५३.३५ | ९४.७१ | ९१.६९ | १९.५९ | २०.५७ |
| विद्युत | ३०५.७९ | ३१५.५२ | ३४५.१४ | १०७.०२ | १०३.५१ |
| वन | ३३.१५ | ५९.३३ | ७५.८२ | ४४.७९ | ३८.२४ |
| खानी तथा खनिज | १२६.९५ | ६२.८० | ८५.२३ | ४०.४८ | १२२.६१ |
| अन्य बाँडफाँड हुने राजस्व सङ्कलन | ०.५४ | ०.२८ | ०.२० | ०.१८ | ०.०८ |
| **जम्मा** | **५१९.७८** | **५३२.६४** | **५९८.०९** | **२१२.०६** | **२८५.००** |
| प्रदेशबाट सङ्कलित रोयल्टी | १०८.५६ | ७५.४४ | ७४.५५ | ०.०० | ०.०० |
| **जम्मा रोयल्टी** | **६२८.३४** | **६०८.०८** | **६७२.६४** | **२१२.०६** | **२८५.००** |

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८१

नोटः प्रदेश सरकारबाट सङ्कलित रोयल्टी राष्ट्रिय वन तर्फको बाँडफाँड हुने वन क्षेत्रको रोयल्टी हो।

२.५२ चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारले सङ्कलन गरेको रोयल्टी (बाँडफाँट हुने) ३४.४ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ८५ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो रोयल्टी रु. २ अर्ब १२ करोड रहेको थियो।

## करको दायरा विस्तार

२.५३ २०८१ फागुनसम्म स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ६७ लाख नाघेको छ। मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ४३ हजार ७ सय ७१ र अन्तःशुल्कमा दर्ता भएका करदाता १ लाख २३ हजार ६ सय ७२ पुगेको छ।

तालिका २(द): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०८१ असारसम्म | चालु आर्थिक वर्षको फागुनसम्म थप | २०८१ फागुनसम्म |
|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | १९४४१०१ | ८१९९० | २०२६०९१ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ४२४८७०४ | ४२७५८४ | ४६७६२८८ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्वर (WPAN) | ३३३२८ | १६६५ | ३४९९३ |
| **जम्मा स्थायी लेखा नम्बर #** | **६२२६१३३** | **५११२३९** | **६७३७३७२** |
| मूल्य अभिवृद्धि कर | ३२७४१७ | १६३५४ | ३४३७७१ |
| अन्तःशुल्क | ११७३६८ | ६३०४ | १२३६७२ |


स्रोतः आन्तरिक राजस्व विभाग, २०८१

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहायता प्राप्ति

२.५४ पछिल्ला वर्षमा वैदेशिक सहायता प्राप्तिमा कमी आएको छ। आर्थिक वर्ष २०८०/८१ मा संघीय सञ्चित कोषमा प्राप्त वैदेशिक अनुदान रु. २४ अर्ब १ करोड र वैदेशिक ऋण रु. १ खर्ब १३ अर्ब २७ करोड गरी कुल वैदेशिक सहायता प्राप्ति रु. १ खर्ब ३७ अर्ब २८ करोड रहेको छ। यस अवधिको कुल वैदेशिक सहायता प्राप्तिमध्ये ऋण र अनुदानको अंश क्रमशः ८२.५ प्रतिशत र १७.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वैदेशिक सहायता प्राप्ति २.४ प्रतिशत रहेको छ।

चार्ट २(छ): वैदेशिक सहायता प्राप्तिको संरचना




स्रोतः महालेखा नियन्त्रक कार्यालय/राष्ट्रिय तथ्याङ्क कार्यालय २०८१

नोटः प्रयोग गरिएका तथ्याङ्कहरू संघीय सञ्चित कोषको वैदेशिक अनुदान र ऋण प्राप्तिमा आधारित भएकाले सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको ऋण तथ्याङ्क र यस अघिका आर्थिक सर्वेक्षणमा राखिएका वैदेशिक ऋण तथा अनुदानको तथ्याङ्कसँग केही फरक पर्न गएको छ।

२.५५ चालु आर्थिक वर्षको फागुनसम्म वैदेशिक अनुदान रु. ९ अर्ब १६ करोड र वैदेशिक ऋण रु. ६५ अर्ब ७४ करोड गरी कुल वैदेशिक सहायता प्राप्ति रु. ७४ अर्ब ६३ करोड पुगेको छ, जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.८ प्रतिशतले बढी हो। गत आर्थिक वर्षको फागुनसम्म यस्तो प्राप्ति ९.६ प्रतिशतले घटेको थियो।

**मन्जुषा बक्स २ (क) : वैदेशिक सहायताको प्रवृत्ति र वैदेशिक सहायता परिचालन नीति, २०८२**

विगतमा वार्षिक बजेटको ठूलो हिस्सा वैदेशिक सहायताले ओगट्ने गरेकोमा आन्तरिक स्रोत परिचालन क्षमतामा वृद्धि हुँदै गएसँगै यस्तो हिस्सा क्रमशः घट्दै गएको छ। आठौं योजना अवधिमा कुल बजेटमा वैदेशिक सहायताको हिस्सा वार्षिक औसत ३९.७ प्रतिशत रहेकोमा पन्धौं योजना अवधिमा २०.१ प्रतिशतमा झरेको छ।

**तालिका २(ध): आवधिक योजनाअनुरूप वैदेशिक सहायता विवरण**


| आवधिक योजना | योजना अवधि | बजेटमा वैदेशिक स्रोतको अंश (प्रतिशतमा) | कुल प्राप्तिमा वैदेशिक सहायता प्राप्तिको अंश (प्रतिशतमा) | सरकारी खर्चमा वैदेशिक सहायता उपयोगको अंश (प्रतिशतमा) |
|---|---|---|---|---|
| आठौं योजना | पञ्चवर्षीय | ३९.७ | ३३.४ | ३०.७ |
| नवौं योजना | पञ्चवर्षीय | ३४.३ | २६.० | २४.९ |
| दशौं योजना | पञ्चवर्षीय | २७.८ | २०.६ | २०.५ |
| एघारौं योजना | त्रिवर्षीय | २७.३ | १८.५ | १८.० |
| बाह्रौं योजना | त्रिवर्षीय | २३.३ | १६.९ | १६.० |
| तेह्रौं योजना | त्रिवर्षीय | २२.३ | १२.२ | १२.७ |
| चौधौं योजना | त्रिवर्षीय | २५.० | १३.२ | १२.४ |
| पन्ध्रौं योजना | पञ्चवर्षीय | २०.१ | १२.७ | १२.० |

**स्रोतः** विभिन्न आर्थिक सर्वेक्षण र बजेट भाषण, अर्थ मन्त्रालय।

**नोटः** यससम्बन्धी विस्तृत विवरण अनुसूची-२.२८ मा रहेको छ। कुल प्राप्ति भन्नाले राजस्व, अनुदान र ऋणसहितको प्राप्ति समावेश छ।

त्यसैगरी, वैदेशिक सहायता प्राप्ति र वैदेशिक सहायता उपयोग समेत घट्दै गएको छ। आठौं योजना अवधिमा कुल प्राप्ति (राजस्व, अनुदान र ऋणसहितको) मा वैदेशिक सहायता प्राप्तिको हिस्सा वार्षिक औसत ३३.४ प्रतिशत रहेकोमा पन्ध्रौं योजना अवधिमा यस्तो हिस्सा १२.७ प्रतिशत रहेको छ। आठौं योजना अवधिमा वैदेशिक सहायता उपयोग कुल सरकारी खर्चको ३०.७ प्रतिशत रहेकोमा पन्ध्रौं योजनामा १२.० प्रतिशत मात्र रहेको छ। आन्तरिक स्रोत परिचालन अभिवृद्धि हुँदै गएसँगै वैदेशिक सहायता प्राप्ति र उपयोगको हिस्सा समेत घट्दै गएको हो। आन्तरिक स्रोत परिचालन क्रमशः बढ्दै गई वैदेशिक सहायतामाथिको उच्च निर्भरता क्रमशः कम हुँदै गएको छ।

**चार्ट २ (ज) : आवधिक योजनाअनुरुप वैदेशिक सहायता स्थिति**




स्रोतः विभिन्न आर्थिक सर्वेक्षण र बजेट भाषण, अर्थ मन्त्रालय।

दशौं योजनादेखि तेहौं योजनाको अन्त्यसम्म वैदेशिक सहायता परिचालन र उपयोगमा वैदेशिक ऋणको दाँजोमा वैदेशिक अनुदानको हिस्सा बढी रहेकोमा त्यसपछिका योजना अवधिमा भने वैदेशिक ऋण परिचालन उच्च रहेको छ। दशौं योजनादेखि तेहौं योजना अवधिसम्मको बजेटमा समेत वैदेशिक ऋण भन्दा वैदेशिक अनुदान लक्ष्यको हिस्सा उच्च रहेको थियो।

### वैदेशिक सहायता परिचालन नीति, २०८२

वित्तीय संघीयता लागू भएसँगै वैदेशिक सहायता परिचालन नीति, २०७६ तर्जुमा भई कार्यान्वयनमा समेत आएको थियो। तत्पश्चात, जारी भएका आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा भएका व्यवस्था समायोजन गर्न, वैकल्पिक एवम् नवीनतम् वित्तका उपकरण परिचालन गरी वित्तीय स्रोत बढाउने लगायतका उद्देश्यले वैदेशिक सहायता परिचालन नीति, २०८२ कार्यान्वयनमा आएको छ।

सम्मिश्रित वित्त विधि मार्फत वैदेशिक सहायता परिचालन गरी विकास वित्तको न्यूनता परिपूर्ति गर्ने व्यवस्था यो नीतिले गरेको छ। त्यसैगरी, सम्भाव्यता न्यून परिपूरक कोष (Viability Gap Funding) मार्फत वित्तीय जोखिम न्यूनीकरणमा सार्वजनिक-निजी क्षेत्रको साझेदारी गर्न सकिने गरी वैदेशिक सहायता परिचालन गर्ने कार्यनीति रहेको छ। दिगो विकास, ऊर्जा तथा हरित विकाससम्बन्धी आयोजनामा लगानी गर्न निश्चित प्रतिफल दरको अनसोर वा अफसोर सार्वभौम वण्ड (On-Shore or Off-Shore Sovereign Bond) जारी गर्न सक्ने प्रावधान रहेको छ। निजी क्षेत्रको नेतृत्वमा यातायात, ऊर्जा तथा पूर्वाधार आयोजना विकास गर्ने कम्पनीमा शेयर लगानी गर्न वा क्रेडिटलाइन सुविधा उपलब्ध गराउन पूर्वाधार कोष (Infrastructure Fund) स्थापना गर्न सरकारले सहजीकरण गर्ने जस्ता व्यवस्था यस नीतिमा समेटिएका छन्।

## सार्वजनिक ऋण

२.५६ २०८१ फागुनसम्म आन्तरिक ऋण रु. १३ खर्ब १५ अर्ब ५८ करोड र बाह्य ऋण रु. १३ खर्ब ६० अर्ब ४६ करोड गरी सरकारको तिर्न बाँकी कुल सार्वजनिक ऋण रु. २६ खर्ब ७६ अर्ब ४ करोड पुगेको छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २०८० फागुनमा सरकारको सार्वजनिक ऋण ४२.० प्रतिशत रहेकोमा २०८१ फागुनमा ४३.८ प्रतिशत पुगेको छ।

२.५७ २०८१ फागुनसम्म तिर्न बाँकी कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको अनुपात क्रमशः ४९.२ प्रतिशत र ५०.८ प्रतिशत रहेको छ। २०८० फागुनसम्म यस्तो अनुपात क्रमशः ४९.९ प्रतिशत र ५०.१ प्रतिशत रहेको थियो।

२.५८ चालु आर्थिक वर्षको फागुनसम्म आन्तरिक र बाह्य ऋण प्राप्ति ५२.९ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ३४ अर्ब ६३ करोड पुगेको छ। यस अवधिमा खुद ऋण प्राप्ति (सावाँ भुक्तानी घटाएर बाँकी रहेको रकम) ८९.२ प्रतिशतले बढेर रु. १ खर्ब ७५ अर्ब ६५ करोड पुगेको छ।

### तालिका २(न): सार्वजनिक ऋण विवरण (रु. करोडमा)

| विवरण | आर्थिक वर्ष | | | फागुनसम्म | |
|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८०/८१ | २०८१/८२ |
| **सरकारको तिर्न बाँकी सार्वजनिक ऋण** | | | | | |
| वैदेशिक ऋण | १०२५८५ | ११७२४९ | १२५३२० | ११९७६६ | १३६०४६ |
| कुल आन्तरिक ऋण | ९८६९१ | ११२९१० | ११८०९० | १२०१२५ | १३१५५८ |
| आन्तरिक ऋण* | ९८४२९ | ११२५१९ | ११७६९९ | ११९७३३ | १३११६६ |
| विशेष ऋणपत्र # | २६२ | ३९२ | ३९२ | ३९२ | ३९२ |
| **कुल सार्वजनिक ऋण** | **२०१२७६** | **२३०१५९** | **२४३४१०** | **२३९८९१** | **२६७६०४** |
| **कुल ऋण प्राप्ति** | | | | | |
| वैदेशिक ऋण | १३३०८ | १२२१० | १२५६७ | ५५५६ | ६५४७ |
| आन्तरिक ऋण | २३१३० | २५६०० | २३४४२ | १६३३१ | २६९१५ |
| विशेष ऋणपत्र | ० | १२९ | ० | ० | ० |
| **जम्मा प्राप्ति** | **३६४३९** | **३७९३९** | **३६००९** | **२१८८७** | **३३४६३** |
| **सावाँ फिर्ता खर्च** | | | | | |
| वैदेशिक ऋण | २९४२ | ३४६२ | ४०७२ | २३०७ | २४५० |
| आन्तरिक ऋण | ४७३४ | ११५०९ | १८२६२ | १०२९७ | १३४४८ |
| विशेष ऋणपत्र | ० | ० | ० | ० | ० |
| **जम्मा सावाँ फिर्ता खर्च** | **७६७५** | **१४९७१** | **२२३३५** | **१२६०४** | **१५८९८** |
| **खुद ऋण प्राप्ति (ऋण प्राप्ति - सावाँ फिर्ता)** | | | | | |
| वैदेशिक ऋण | १०३६७ | ८७४८ | ८४९४ | ३२४९ | ४०९७ |
| आन्तरिक ऋण | १८३९७ | १४०९० | ५१८० | ६०३४ | १३४६८ |
| विशेष ऋणपत्र | ० | १२९ | ० | ० | ० |
| **खुद प्राप्ति** | **२८७६३** | **२२९६८** | **१३६७४** | **९२८३** | **१७५६५** |
| **व्याज खर्चको विवरण** | | | | | |
| वैदेशिक ऋण | ७४४ | ८२६ | ९२६ | ६८७ | ५७७ |
| आन्तरिक ऋण | ३७६८ | ६४४९ | ७२८३ | ४३६८ | ३६९७ |
| **जम्मा व्याज खर्च** | **४५१३** | **७२७६** | **८२१०** | **५०५५** | **४२७५** |
| **ऋण सेवा खर्च (सावाँ र व्याज)** | **१२१८८** | **२२२४७** | **३०५४४** | **१७६५९** | **२०१७३** |
| **संघीय खर्चमा ऋण सेवा खर्च (प्रतिशतमा)** | **९.३०** | **१५.६५** | **२१.९२** | **२२.०३** | **२४.०४** |

**स्रोत:** सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८१

* विशेष ऋणपत्र बाहेक

# विशेष ऋणपत्र अन्तर्गत अन्तर्राष्ट्रिय मुद्रा कोष मूल्याङ्कन समायोजन बापत नेपाल सरकारबाट अन्तर्राष्ट्रिय मुद्रा कोषलाई तिर्नुपर्ने रकमका लागि ब्रेटन उड्स सम्झौता ऐन, २०१८ अनुरुप नेपाल राष्ट्र बैंकको नाममा जारी ऋणपत्र समावेश गरिएको छ।

**नोट:** यस तालिकामा प्रयोग गरिएको नेपाल सरकारको सार्वजनिक ऋणसम्बन्धी सबै तथ्याङ्क सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कमा आधारित छ। नेपाल राष्ट्र बैंकको Advance Account बाट संघीय सञ्चित कोषमा ट्रान्सफर नभएको ऋण रकम समेत यसमा समावेश गरिएकोले महालेखा नियन्त्रक कार्यालयको ऋण तथ्याङ्कसँग फरक पर्न गएको छ।

२.५९ चालु आर्थिक वर्षको फागुनसम्म सार्वजनिक ऋणको सावाँतर्फ रु. १ खर्ब ५८ अर्ब ९८ करोड र ब्याजतर्फ रु. ४२ अर्ब ७५ करोड भुक्तानी भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो भुक्तानी क्रमशः रु. १ खर्ब २६ अर्ब ४ करोड र रु. ५० अर्ब ५५ करोड रहेको थियो।

२.६० पछिल्ला वर्षमा सरकारको ऋण सेवा खर्च (सावाँ र व्याज भुक्तानी) बढ्दै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म सरकारको ऋण सेवा खर्च १४.२ प्रतिशतले बढेर रु. २ खर्ब १ अर्ब ७३ करोड पुगेको छ, जुन यस अवधिको संघीय सरकारी खर्चको अनुपातमा २४.०४ प्रतिशत रहेको हो। गत आर्थिक वर्षको सोही अवधिमा संघीय सरकारी खर्चको अनुपातमा ऋण सेवा खर्च २२.०३ प्रतिशत रहेको थियो।


२.६१ आर्थिक वर्ष २०७९/८० मा रु. १ अर्ब २९ करोड बराबरको विशेष ऋणपत्र अन्तर्गत IMF Bond जारी भएकोमा त्यसपछिका वर्षमा यस्तो ऋणपत्र जारी भएको छैन। २०८१ फागुनसम्म IMF Bond अन्तर्गत भुक्तानी गर्नुपर्ने रकम रु. ३ अर्ब ९२ करोड पुगेको छ।

२.६२ आर्थिक वर्ष २०८०/८१ मा प्राप्त वैदेशिक ऋण मध्ये भारत, जापान, चीन, कुबेत कोष र साउदी कोषबाट प्राप्त द्विपक्षीय ऋण ९.१ प्रतिशत र एडिबि, आइडिए, आईएमएफ लगायतका बहुपक्षीय निकायबाट प्राप्त ऋण ९०.९ प्रतिशत रहेको छ। २०८० असारसम्मको तिर्न बाँकी कुल सार्वजनिक ऋणमध्ये द्विपक्षीय ऋण ११.० प्रतिशत र बहुपक्षीय ऋण ८९.० प्रतिशत रहेको छ।

२.६३ २०८१ असारमसान्तसम्म विभिन्न दश मुद्रामा वैदेशिक ऋण प्राप्त भएको छ। यस अवधिसम्मको तिर्न बाँकी कुल सार्वजनिक ऋणमध्ये SDR अंकित ऋण सबैभन्दा बढी ७४.५ प्रतिशत रहेको छ। त्यसैगरी, USD अंकित ऋण १७.१ प्रतिशत, जापानी येन अंकित ऋण ४.१ प्रतिशत र चाईनिज यूआन अंकित ऋण २.८ प्रतिशत रहेको छ। यूरो, पाउण्ड स्टर्लिङ्ग, कुवेती दिनार, कोरियन वन, साउदी रियाल र डेनिस क्रोन अंकित ऋण १.५ प्रतिशत रहेको छ।

२.६४ विनिमय दर परिवर्तनका कारण आर्थिक वर्ष २०७९/८० मा रु. ५९ अर्ब १५ करोड नोक्सानी भएकोमा आर्थिक वर्ष २०८०/८१ मा रु. ४ अर्ब २३ करोड नाफा भएको छ। कुल वैदेशिक ऋणको करिब तीन चौथाइ ऋण SDR अंकित रहेको र यसको विनिमय दर २०८० असारमसान्तमा १७८.२८ रुपैंया रहेकोमा २०८१ असार मसान्तसम्ममा १७७.८० रुपैंया रहेको हुँदा आर्थिक वर्ष २०८०/८१ मा विनिमय दर नाफा हुन गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म भने विनिमय दर नोक्सानी रु. ६६ अर्ब २९ करोड रहेको छ।


**चार्ट २(झ): विनिमय दर उतारचढावको कारण वैदेशिक ऋण दायित्वमा परेको प्रभाव** (रु. करोडमा)




स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८१

२.६५ पछिल्ला वर्षमा तिर्न बाँकी कुल आन्तरिक ऋणमा मध्यमकालीन ऋणपत्र (टी-वण्ड) को अंश बढ्दै गएको छ भने अल्पकालीन ऋणपत्र (ट्रेजरी बिल) को अंश घट्दै गएको छ। २०८१ फागुनसम्मको आन्तरिक ऋण दायित्वमा विकास ऋणपत्रको अंश ७०.९ प्रतिशत पुगेको छ भने ट्रेजरी बिलको अंश २७.८ प्रतिशतमा झरेको छ। त्यसैगरी, अन्य ऋणपत्रको अंश १.३ प्रतिशत मात्र रहेको छ। २०८० असारमसान्तमा ट्रेजरी बिलको अंश ४०.५ प्रतिशत रहेकोमा २०८१ असारमसान्तमा घटेर ३४.२ प्रतिशत रहेको थियो।


**चार्ट २(ञ): आन्तरिक ऋण संरचना** (आन्तरिक ऋण दायित्वको प्रतिशतमा)




स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८१

२.६६ आर्थिक वर्ष २०७९/८० मा विभिन्न सरकारी ऋणपत्रको औसत व्याजदर ९.०० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा घटेर ५.२७ प्रतिशत रहेको छ। यस अवधिमा सरकारी ऋणपत्रमध्ये अल्पकालीन ऋणपत्रको औसत व्याजदर २.७७ प्रतिशत र मध्यमकालीन ऋणपत्रको औसत व्याजदर ७.७६ प्रतिशत रहेको छ।

चार्ट २(ट) : सरकारी ऋणपत्रको औसत व्याजदर (प्रतिशतमा)




स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८१

## अन्तर-सरकारी वित्त हस्तान्तरण

२.६७ आर्थिक वर्ष २०८०/८१ मा संघबाट प्रदेश र स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण १२.२ प्रतिशतले सङ्कुचन भई रु. ३ खर्ब ४८ अर्ब ९६ करोड रहेको छ। यस अवधिमा राजस्व बाँडफाँट अन्तर्गत प्रदेश र स्थानीय तहमा बाँडफाँट भएको राजस्व ५.७ प्रतिशतले वृद्धि भई रु. १ खर्ब २३ अर्ब ८८ करोड पुगेको छ। आर्थिक वर्ष २०७९/८० र आर्थिक वर्ष २०८०/८१ मा संघबाट सङ्कलित बाँडफाँट हुने रोयल्टी तीन तहका सरकारबीच बाँडफाँट हुन सकेको छैन।

तालिका २(प): अन्तर सरकारी वित्त हस्तान्तरण (रु. करोडमा)

| विवरण | २०७९/८० | | २०८०/८१ | | २०८१/८२* | |
|---|---|---|---|---|---|---|
| | प्रदेश | स्थानीय तह | प्रदेश | स्थानीय तह | प्रदेश | स्थानीय तह |
| **अनुदान** | **९९६६** | **२९७७०** | **७९५५** | **२६९४१** | **५१७७** | **१८७९९** |
| वित्तीय समानीकरण अनुदान | ५३७५ | ९२७० | ४७०१ | ८७२४ | ३७४९ | ५४७० |
| सशर्त अनुदान | ३७७६ | १९२८८ | २३५४ | १७१३० | ९७३ | १२९६५ |
| समपूरक अनुदान | ३३१ | ६८३ | ३५३ | ६०२ | २५६ | १५१ |
| विशेष अनुदान | ४८४ | ५२९ | ५४७ | ४८५ | १९९ | २१३ |
| **राजस्व बाँडफाँट** | **५८६०** | **५८६०** | **६१९४** | **६१९४** | **४२८५** | **४२८५** |
| मूल्य अभिवृद्धि कर | ४२९९ | ४२९९ | ४६५६ | ४६५६ | ३१५१ | ३१५१ |
| अन्तशुल्क (आन्तरिक) | १५६१ | १५६१ | १५३८ | १५३८ | ११३४ | ११३४ |
| रोयल्टी बाँडफाँट | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **जम्मा** | **१५८२७** | **३५६३०** | **१४१४९** | **३३१३५** | **९४६२** | **२३०८४** |

स्रोतः महालेखा नियन्त्रकको कार्यालय, २०८१ * फागुनसम्मको

नोटः आर्थिक वर्ष २०७९/८० मा संघले सङ्कलन गरेको तर बाँडफाँट गर्न बाँकी रोयल्टी रु. ६ खर्ब ७ अर्ब ८० करोड ५५ लाख रहेको छ भने आर्थिक वर्ष २०८०/८१ मा यस्तो रोयल्टी रु. ६ खर्ब ७२ अर्ब ६४ करोड ३० लाख पुगेको छ। यस अन्तर्गत प्रदेश सरकारबाट सङ्कलित वन क्षेत्रको रोयल्टी पनि समावेश गरिएको छ।

२.६८ आर्थिक वर्ष २०८०/८१ मा संघबाट भएको वित्त हस्तान्तरण र राजस्व बाँडफाँट गरी प्रदेश तथा स्थानीय तहको प्राप्ति ८.१ प्रतिशतले सङ्कुचन भई रु. ४ खर्ब ७२ अर्ब ८४ करोड रहेको छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो प्राप्ति रु. ५ खर्ब १४ अर्ब ५७ करोड रहेको थियो।

२.६९ चालु आर्थिक वर्षको फागुनसम्म वित्तीय समानीकरण, सशर्त, विशेष र समपुरक गरी संघबाट प्रदेश र स्थानीय तहमा भएको अनुदान हस्तान्तरण रु. २ खर्ब ३९ अर्ब ७६ करोड र बाँडफाँट हुने रोयल्टी बाहेक प्रदेश र स्थानीय तहमा बाँडफाँट भएको राजस्व रु. ८५ अर्ब ७० करोड रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म संघले सङ्कलन गरेको तर बाँडफाँट गर्न बाँकी रोयल्टी रु. २ अर्ब ८५ करोड रहेको छ।

## सार्वजनिक संस्थान

२.७० २०८१ फागुनसम्म नेपाल सरकारको पूर्ण तथा अधिकाँश स्वामित्व भएका सार्वजनिक संस्थानको सङ्ख्या ४५ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ४४ रहेको थियो।

२.७१ २०८१ असारसम्म सार्वजनिक संस्थानमा नेपाल सरकारको शेयर लगानी रु. ३ खर्ब ६४ अर्ब ८६ करोड १६ लाख र ऋण लगानी रु. ३ खर्ब ३९ अर्ब ७ करोड ७२ लाख गरी कुल रु. ७ खर्ब ३ अर्ब ९३ करोड ८८ लाख पुगेको छ। २०७९ असारसम्म सार्वजनिक संस्थानमा नेपाल सरकारको शेयर लगानी रु. ३ खर्ब ५६ अर्ब ४० करोड ४८ लाख र ऋण लगानी रु. ३ खर्ब ८ अर्ब ५३ करोड ६४ लाख गरी कुल रु. ६ खर्ब ६४ अर्ब ९४ करोड १२ लाख रहेको थियो। २०८१ असारसम्म सार्वजनिक संस्थानमा सरकारको कुल लगानी (शेयर तथा ऋण लगानी) गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.९ प्रतिशतले वृद्धि भएको छ।

२.७२ आर्थिक वर्ष २०८०/८१ मा सञ्चालनमा रहेका सार्वजनिक संस्थानमध्ये २८ नाफामा, १५ नोक्सानमा र २ बन्द अवस्थामा रहेका छन्। आर्थिक वर्ष २०७९/८० मा सञ्चालनमा रहेका सार्वजनिक संस्थानमध्ये २६ नाफामा, १६ नोक्सानमा र २ बन्द अवस्थामा सञ्चालित थिए। नाफामा सञ्चालन भएका संस्थानबाट आर्थिक वर्ष २०८०/८१ मा नेपाल सरकारले रु. ८ अर्ब ८३ करोड ५६ लाख लाभांश प्राप्त गरेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो लाभांश रु. १० अर्ब ४५ लाख रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा प्राप्त लाभांश ११.७ प्रतिशतले घटेको छ।

२.७३ आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक संस्थानको कुल सञ्चालन आयमा ०.२ प्रतिशतको सीमान्त कमी आई रु. ६ खर्ब ६० अर्ब १५ करोड ४६ लाख रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो आय रु. ६ खर्ब ६१ अर्ब ६३ करोड ३८ लाख रहेको

थियो। आर्थिक वर्ष २०८०/८१ मा कुल सञ्चालन आय कुल गार्हस्थ्य उत्पादनको ११.६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात १२.३ प्रतिशत रहेको थियो।

२.७४ आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक संस्थानबाट प्राप्त विवरणअनुसार आयकर दायित्व बापतको व्यवस्था रकम १५.९ प्रतिशतले कमी आई रु. १४ अर्ब ६३ करोड ४ लाख रहेको देखिन्छ। अघिल्लो आर्थिक वर्षमा यस्तो रकम रु. १७ अर्ब ३९ करोड ४७ लाख रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा सङ्कलन भएको संघीय सरकारको कुल आयकरमा सार्वजनिक संस्थानबाट आयकर दायित्व बापतको व्यवस्था रकमको योगदान ५.१७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो योगदान ६.१४ प्रतिशत रहेको थियो।

२.७५ २०८१ असारमसान्तमा सार्वजनिक संस्थानमा ३४ हजार ९ सय ५१ कर्मचारी कार्यरत रहेका छन्। २०८० असारमसान्तमा यस्तो सङ्ख्या ३२ हजार २ सय १६ रहेको थियो।

### मन्जुषा बक्स २(ख): शेयर तथा ऋण लगानी नीति, २०८१

नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वका सार्वजनिक संस्थान, निजी क्षेत्रका कम्पनी वा प्रतिष्ठानमा शेयर तथा ऋण लगानी र बहुराष्ट्रिय सम्झौताअन्तर्गत स्थापित बहुराष्ट्रिय वित्तीय संस्थामा शेयर लगानी हुँदै आएको छ। नेपाल सरकारको आन्तरिक स्रोतबाट हुने शेयर तथा ऋण लगानी वार्षिक बजेट मार्फत हुने गरेको छ भने विकास साझेदारसँगको सम्झौताको आधारमा वैदेशिक शेयर लगानी हुने गरेको छ। सरकारले गर्ने शेयर तथा ऋण लगानीलाई व्यवस्थित गरी लगानीको जोखिम न्यूनीकरण गर्न शेयर तथा ऋण लगानी नीति, २०८१ जारी भएको छ।

आर्थिक तथा सामाजिक विकासका राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने क्षेत्र र निकायमा शेयर तथा ऋण लगानी गर्ने व्यवस्था यस नीतिले गरेको छ। साथै, शेयर तथा ऋण लगानी व्यवस्थापनमा पारदर्शिता र उत्तरदायित्व कायम गर्ने, शेयर तथा ऋण लगानीको आधार तयार गर्ने, प्रदेश सरकार तथा स्थानीय तहलाई गरिने ऋण लगानी र त्यसका सर्त तय गर्ने लगायत प्रमुख नीतिगत व्यवस्था रहेका छन्।

२.७६ सार्वजनिक संस्थानको कोषमा व्यवस्था नभएको दायित्व २०८१ असारसम्म रु. ६२ अर्ब ६१ करोड ३१ लाख पुगेको छ। २०७९ असारसम्म यस्तो दायित्व रु. ५२ अर्ब ८७ करोड २ लाख रहेको थियो। २०८१ असारमा कोषमा व्यवस्था नभएको दायित्व २०८० असारको तुलनामा १८.४३ प्रतिशतले बढी हो।

२.७७ २०८१ असारमसान्तमा सार्वजनिक संस्थानको कुल सम्पत्ति २.२ प्रतिशतले वृद्धि भई रु. २९ खर्ब १० अर्ब १७ करोड ८ लाख पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको

अनुपातमा ५० प्रतिशत भन्दा बढी हो। २०७९ असारमसान्तमा यस्तो सम्पत्ति रु. २८ खर्ब ४७ अर्ब ४३ करोड ७१ लाख रहेको थियो।

२.७८ २०८१ असारमसान्तमा सार्वजनिक संस्थानको कुल शेयरधनी कोष (Networth) ४.८ प्रतिशतले वृद्धि भई रु. १० खर्ब ३७ अर्ब ५८ करोड ४६ लाख पुगेको छ। २०८० असारमसान्तमा यस्तो कोष रु. ९ खर्ब ९० अर्ब ४० करोड ५२ लाख रहेको थियो।

२.७९ २०८१ असारमसान्तसम्म सार्वजनिक संस्थानको कुल सञ्चित नाफा ४१.० प्रतिशतले वृद्धि भई रु. ९२ अर्ब ७२ करोड ३६ लाख पुगेको छ। २०८० असारमसान्तसम्म यस्तो नाफा रु. ६५ अर्ब ७४ करोड ८२ लाख रहेको थियो।

२.८० हाल ७ सार्वजनिक संस्थान नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) मा सूचीकृत रहेका छन्। नेप्सेमा सूचीकृत कम्पनीको कुल धितोपत्र बजार पुँजीकरणमध्ये ७ सार्वजनिक संस्थानको हिस्सा २०८१ असारमसान्तमा ११.९ प्रतिशत रहेको छ। २०८० असार मसान्तमा यस्तो हिस्सा १३.९ प्रतिशत रहेको थियो।

# ३. मूल्य


३.१ अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा कमी आएअनुरूप पेट्रोलियम पदार्थको मूल्य समायोजन हुँदै गएको छ। आयात मूल्य सूचकाङ्क, तलब तथा ज्याला सूचकाङ्क र थोक मूल्य सूचकाङ्कको वृद्धिदरमा कमी आएको छ। उपभोक्ता मुद्रास्फीति घटेको छ।

३.२ विश्व अर्थतन्त्रमा व्यापार संरक्षणलाई प्रश्रय दिइएको, भू-राजनीतिक तनाव बढ्दै गएको र अमेरिकी डलर मजबुत भएका जस्ता कारण आगामी समयमा मुद्रास्फीतिमा चाप पर्ने जोखिम बढेको छ।

## उपभोक्ता मूल्यस्थिति

३.३ चालु आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ४.७२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ६.०८ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा २०८१ फागुनमा उपभोक्ता मुद्रास्फीति ३.७५ प्रतिशत रहेको छ। २०८० फागुनमा यस्तो मुद्रास्फीति ४.८२ प्रतिशत रहेको थियो।

चार्ट ३(क) : उपभोक्ता मुद्रास्फीति दर (प्रतिशतमा)




स्रोत : नेपाल राष्ट्र बैंक, २०८१।  * फागुनसम्मको औसत

३.४ वार्षिक विन्दुगत आधारमा २०८१ फागुनमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.३४ प्रतिशत रहेको छ। यस समूह अन्तर्गत घ्यू तथा तेल उपसमूहको दोहोरो अङ्कले मूल्य वृद्धि भएको छ। खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति २०८० फागुनमा ५.९५ प्रतिशत रहेको थियो।

३.५ वार्षिक विन्दुगत आधारमा २०८१ फागुन महिनामा गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९७ प्रतिशत रहेको छ। यस समूह अन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको दोहोरो अङ्कले मूल्य वृद्धि भएको छ। गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति २०८० फागुनमा ४.०७ प्रतिशत रहेको थियो।

तालिका ३(क): वार्षिक विन्दुगत आधारमा सबैभन्दा उच्च र न्यून मूल्यवृद्धि भएका वस्तु तथा सेवा*

| बढी मूल्यवृद्धि भएका वस्तु | वृद्धिदर | न्यून मूल्यवृद्धि भएका वस्तु | वृद्धिदर |
|---|---|---|---|
| घ्यू तथा तेल | १३.७ | मरमसला | -५.२ |
| विविध वस्तु तथा सेवाहरू | १०.१ | तरकारीहरू | -१.२ |
| दाल तथा गेडागुडी | ७.८ | मासु तथा माछा | -०.७ |
| कपडाजन्य तथा जुत्ता चप्पल | ७.० | बीमा तथा वित्तीय सेवाहरू | ०.४ |
| फलफूल | ६.८ | मनोरञ्जन तथा संस्कृति | १.९ |
| मदिराजन्य पेय पदार्थ | ६.१ | घरायसी उपयोगका वस्तुहरू | २.२ |
| फर्निसिङ्ग तथा घरायसी उपकरणहरू | ५.६ | स्वास्थ्य | २.२ |
| गैर।मदिराजन्य पेय पदार्थ | ५.२ | चिनी तथा चिनीजन्य वस्तुहरू | २.४ |
| यातायात | ५.१ | सञ्चार | २.४ |
| खाद्य तथा खाद्यजन्य पदार्थ | ५.० | शिक्षा | ३.१ |

स्रोत : नेपाल राष्ट्र बैंक, २०८१ * २०८१ फागुनसम्मको तथ्याङ्कमा आधारित

३.६ वार्षिक विन्दुगत आधारमा २०८१ फागुनमा काठमाडौं उपत्यकामा ३.२५ प्रतिशत, तराईमा ३.७७ प्रतिशत, पहाडमा ३.७२ प्रतिशत र हिमालमा ४.७७ प्रतिशत मुद्रास्फीति रहेको छ। २०८० फागुन महिनामा यी क्षेत्रमा मुद्रास्फीति क्रमशः ४.८८ प्रतिशत, ४.४२ प्रतिशत, ५.४९ प्रतिशत र ४.४२ प्रतिशत रहेको थियो।

३.७ वार्षिक विन्दुगत आधारमा २०८१ फागुन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ग्रामीण क्षेत्रको ४.१८ प्रतिशत र शहरी क्षेत्रको ३.६० प्रतिशतले बढेको छ।

## थोक मूल्य सूचकाङ्क

३.८ वार्षिक विन्दुगत आधारमा, थोक मुद्रास्फीति २०८१ फागुनमा ४.४३ प्रतिशत रहेको छ। २०८० फागुनमा यस्तो मुद्रास्फीति ३.६९ प्रतिशत रहेको थियो। २०८१ फागुनमा थोक मूल्य अन्तर्गत प्राथमिक वस्तुको मूल्य ६.१८ प्रतिशत र उत्पादित वस्तुको मूल्य ४.५८ प्रतिशतले वृद्धि भएको छ भने इन्धन तथा ऊर्जाको मूल्य २.७१ प्रतिशतले घटेको छ।

## राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्क


३.९ वार्षिक विन्दुगत आधारमा, तलब तथा ज्याला सूचकाङ्क २०८१ फागुनमा २.८५ प्रतिशतले बढेको छ। २०८० फागुनमा यस्तो सूचकाङ्क ५.५६ प्रतिशतले बढेको थियो।

३.१० वार्षिक विन्दुगत आधारमा, २०८१ फागुनमा कृषि, वन तथा माछापालन क्षेत्रमा तलब तथा ज्याला सूचकाङ्क सबैभन्दा बढी ४.८ प्रतिशतले बढेको छ। पेशागत वर्गीकरण बमोजिमको दक्ष कृषि, वन तथा माछापालन श्रमिक समूहमा तलब सूचकाङ्क सबैभन्दा बढी ५.३ प्रतिशतले बढेको छ।

## पेट्रोलियम पदार्थको मूल्य

३.११ स्वदेशी बजारमा २०८१ असारमसान्तमा प्रति लिटर रु.१७१ रहेको पेट्रोलको खुद्रा मूल्य २०८१ फागुनमसान्तमा १.७५ प्रतिशतले घटी प्रति लिटर रु.१६८ कायम भएको छ। यसैगरी, २०८१ असारमसान्तमा प्रति लिटर रु.१६० रहेको डिजेलको खुद्रा मूल्य २०८१ फागुनमसान्तमा ३.१३ प्रतिशतले घटी प्रतिलिटर रु.१५५ कायम भएको छ।

चार्ट ३(ख): पेट्रोल तथा डिजेल र मट्टीतेलको मूल्य (रूपैयाँमा)




स्रोत: नेपाल राष्ट्र बैंक, २०८१।

### मञ्जुषा बक्स ३(क): उपभोक्ता मूल्य सूचकाङ्कको आधार वर्ष परिवर्तन

उपभोक्ता मूल्य सूचकाङ्क आर्थिक वर्ष २०३१/३२ देखि नियमित रूपमा प्रकाशन हुँदै आएको छ। उपभोक्ताको खर्च प्रवृत्तिमा हुने परिवर्तन, बजारमा नयाँ वस्तु तथा सेवाको आगमन, विद्यमान वस्तुको गुणस्तरमा आएको परिवर्तन लगायतका आधारमा मूल्य सूचकाङ्कको आधार वर्षलाई समयसमयमा अद्यावधिक गरिदैं आएको छ। सोहीबमोजिम राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कको आधार वर्ष २०७१/७२ बाट आर्थिक वर्ष २०८०/८१ मा अद्यावधिक भएको छ। आधार वर्षमा भएको छैटौं परिवर्तन पश्चात राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कले उपभोगको प्रवृत्तिलाई बृहत् रूपमा समेटेको छ।

विगतमा पारिवारिक बजेट सर्वेक्षणको आधारमा वस्तु तथा सेवाको डालो र भाराङ्क निर्धारण हुँदै आएकोमा आर्थिक वर्ष २०८०/८१ बाट चौथो नेपाल जीवनस्तर सर्वेक्षणको आधारमा वस्तु तथा सेवाको डालो र भाराङ्क निर्धारण भएको छ। यसका अतिरिक्त चौथो सर्वेक्षणमा एकमुष्ट खर्च उल्लेख गरिएका स्वास्थ्य, शिक्षा, लत्ताकपडा, जुत्तालगायतका केही वस्तु समूहमा समावेश हुने वस्तु निर्धारण गर्न थप पूरक बजार सर्वेक्षण सम्पन्न भएको छ।

राष्ट्रियस्तरको उपभोक्ता मूल्य सूचकाङ्क खाद्य र पेय पदार्थ तथा गैर-खाद्य र सेवा गरी दुई बृहत समूहमा विभाजन गरिएको छ। खाद्य र पेय पदार्थ तथा गैर-खाद्य र सेवाको क्रमशः १० र १३ उप-समूह रहेका छन्। उपभोक्ता मूल्य सूचकाङ्कको डालोमा यसअघि ४९६ वस्तु तथा सेवा रहेकोमा अद्यावधिक गरिएको डालोमा ५२५ वस्तु तथा सेवा समावेश रहेका छन्। साविकको डालोमा ५० जिल्लाका ६० बजार केन्द्र रहेकोमा ग्रामीण र नयाँ शहरी क्षेत्रलाई समेटेर ७७ जिल्लाका ८७ बजार केन्द्रबाट मूल्य सङ्कलन हुने गरेको छ। काठमाडौं उपत्यका, हिमाल, पहाड र तराईका लागि पूरक उपभोक्ता मूल्य सूचकाङ्कका साथै सबै प्रदेशको प्रादेशिक उपभोक्ता मूल्य सूचकाङ्क समेत गणना गरिएको छ। शहरी र ग्रामीण क्षेत्रसँगै प्रदेशस्तरका सूचकाङ्क दुई बृहत समूहमा प्रकाशन हुने गरेको छ। मौसमी वस्तु वा अस्थायी रूपमा बजारमा उपलब्ध हुन नसक्ने वस्तुको मूल्य समायोजन विधिमा सुधार भएको छ।

अर्थतन्त्रमा आएको संरचनात्मक परिवर्तनसँगै रोजगारीको स्वरूपमा आएको फेरबदलसमेतलाई ध्यानमा राखी राष्ट्रिय तलब तथा ज्याला सूचकाङ्कको भाराङ्कलाई अद्यावधिक गरी २०८०/८१ लाई नयाँ आधार वर्ष कायम गरिएको छ। नेपाल श्रम शक्ति सर्वेक्षण, २०१७/१८ मा उपलब्ध नेपालस्तरीय औद्योगिक वर्गीकरण तथा नेपालस्तरीय पेशागत वर्गीकरणअनुसारको नतिजाको आधारमा भाराङ्क अद्यावधिक गरिएको छ। नयाँ आधार वर्षमा आधारित सूचकाङ्क औद्योगिक वर्गीकरण, पेशागत वर्गीकरण र प्रदेशगत वर्गीकरण गरी तीन ढाँचामा त्रैमासिक रूपमा गणना गरी प्रकाशन हुने व्यवस्था गरिएको छ।

# ४. वित्तीय क्षेत्र

४.१ देशका सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा बिस्तार भएको छ। विद्युतीय माध्यमबाट हुने कारोबारलाई प्रबर्द्धन गर्ने गरी नीतिगत तथा संरचनागत परिवर्तन भएको छ। वित्तीय साक्षरता तथा ग्राहकहीत संरक्षणमा जोड दिइएको कारण वित्तीय पहुँचमा सुधार भएको छ। नेप्से परिसूचक तथा बजार पुँजीकरणमा गत आर्थिक वर्षको तुलनामा वृद्धि भएको छ। बीमाको दायरा र प्रिमियम सङ्कलन बढेको छ।

४.२ पुँजीकोष र तरलता अनुपात नियामकीय सीमाभन्दा अधिक र पर्याप्त रहेकोले बैकिङ्ग क्षेत्र सबल अवस्थामा छ। निक्षेप तथा कर्जाको व्याजदर घटे पनि बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह अपेक्षित रूपमा बढ्न सकेको छैन।


## वित्तीय संरचना

४.३ २०८१ फागुनसम्म २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक गरी १०७ बैंक तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन्। यसैगरी, वित्तीय प्रणालीमा ३७ बीमा कम्पनी, ३२ हजारभन्दा बढी सहकारी संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, निक्षेप तथा कर्जा सुरक्षण कोष तथा म्युचुअल फण्ड समेत सञ्चालनमा रहेका छन्।

४.४ वित्तीय प्रणाली (सहकारी संस्था, सामाजिक सुरक्षा कोष र म्युचुअल फण्ड बाहेक) को सम्पत्ति तथा दायित्व संरचनामा बैङ्किङ्ग क्षेत्रको अंश उच्च रहेको छ। २०८१ पुस मसान्तमा वित्तीय क्षेत्रको कुल सम्पत्ति तथा दायित्व संरचनामा बैङ्क तथा वित्तीय संस्थाको अंश ८५.६ प्रतिशत रहेको छ।

४.५ वित्तीय प्रणालीको सम्पत्ति र दायित्वमध्ये नेपाल राष्ट्र बैङ्कको अंश १७.४ प्रतिशत, वाणिज्य बैङ्कको अंश ५६.८ प्रतिशत र बैकिङ्ग क्षेत्रका अन्य वित्तीय संस्थाको अंश ११.४ रहेको छ भने बीमा क्षेत्र तथा सम्झौतीत बचत परिचालन गर्ने संस्थाको अंश १४.४ प्रतिशत रहेको छ। बैकिङ्ग तथा सम्झौतीत बचत परिचालन गर्ने संस्था (बीमा क्षेत्रसहित) को कुल सम्पत्ति तथा दायित्व कुल गार्हस्थ्य उत्पादनको २१०.९ प्रतिशत रहेको छ।

चार्ट ४(क): २०८१ पुसमसान्तमा वित्तीय प्रणालीको सम्पत्ति र दायित्वको संरचना (अंश प्रतिशतमा)




स्रोत: नेपाल राष्ट्र बैङ्क, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, नेपाल बीमा प्राधिकरण, २०८१

## सम्पत्ति

४.६ वित्तीय क्षेत्रको खुद वैदेशिक सम्पत्ति २०८१ असारमसान्तमा रु. १९ खर्ब ८२ अर्ब ३२ करोड पुगेको छ। वित्तीय क्षेत्रको यस्तो सम्पत्ति २०८० असारमसान्तमा रु. १४ खर्ब ४७ अर्ब ६ करोड रहेको थियो।

४.७ २०८१ असारमसान्तमा वित्तीय क्षेत्रको आन्तरिक दाबी रु. ७१ खर्ब ८६ अर्ब ५ करोड र वित्तीय क्षेत्रको नेपाल सरकारमाथिको खुद दाबी रु. १० खर्ब ६९ अर्ब ५४ करोड पुगेको छ। त्यसैगरी, वित्तीय क्षेत्रको सार्वजनिक गैर-वित्तीय संस्था माथिको दाबी रु. ४३ अर्ब १० करोड र वित्तीय क्षेत्रको निजी क्षेत्रमाथिको दाबी रु. ६० खर्ब ७३ अर्ब ४१ करोड पुगेको छ।

## तरल दायित्व

४.८ वित्तीय क्षेत्रको तरल दायित्व २०८१ असारमसान्तमा रु. ६० खर्ब २७ अर्ब ९८ करोड पुगेको छ। वित्तीय क्षेत्रको यस्तो दायित्व २०८० असारमसान्तमा रु. ५३ खर्ब ६८ अर्ब ३५ करोड रहेको थियो।

४.९ २०८१ असारमसान्तमा वित्तीय क्षेत्रभन्दा बाहिर चलनचल्तीमा रहेको मुद्रा रु. ५ खर्ब ८० अर्ब १४ करोड, वित्तीय क्षेत्रको माग निक्षेप दायित्व रु. ३ खर्ब ११ अर्ब ६१ करोड र वित्तीय क्षेत्रको अन्य निक्षेप दायित्व रु. ५१ खर्ब ३६ अर्ब २३ करोड पुगेको छ।

## वित्तीय स्थायित्व

४.१० चालु आर्थिक वर्षको फागुनसम्म वित्तीय स्थायित्वका सूचक मिश्रित रहेका छन्। विगत केही वर्षदेखि वित्तीय क्षेत्रका अधिकाँश परिसूचक सकारात्मक रहेता पनि पछिल्ला वर्षमा केही परिसूचक दबावमा रहेका छन्। बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जामा वृद्धि भएको छ भने पुँजी पर्याप्तता अनुपातमा समेत कमी आएको छ। तथापि, तरलता तथा पुँजी पर्याप्तता अनुपात नियामकीय सीमाभित्र रहेका छन्। बैङ्क तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको औसत अनुपात २०८० फागुनमा ३.७३ प्रतिशत रहेकोमा २०८१ फागुनमा वृद्धि भई ४.९२ प्रतिशत पुगेको छ।

४.११ २०८१ फागुनमसान्तमा जोखिम भारित सम्पत्तिको तुलनामा प्राथमिक पुँजी र कुल पुँजीको अनुपात क्रमशः ९.५२ प्रतिशत र १२.३३ प्रतिशत रहेको छ। २०८१ असारमसान्तमा यस्तो अनुपात क्रमशः १०.२० प्रतिशत र १२.९२ प्रतिशत रहेको थियो।

४.१२ २०८१ फागुनमसान्तमा बैङ्क तथा वित्तीय संस्थाको कुल निक्षेपमा तरल सम्पत्तिको अंश २६.५० प्रतिशत, नगद तथा बैङ्क मौज्दातको अंश ७.७१ प्रतिशत र सरकारी ऋणपत्रको अंश १७.५२ प्रतिशत रहेको छ।

४.१३ २०८१ फागुनमसान्तमा नियामकीय कर्जा निक्षेप अनुपात ७९.५ प्रतिशत र कुल निक्षेपमा कुल कर्जाको अंश ८०.७३ प्रतिशत रहेको छ।

**तालिका ४ (क): वित्तीय क्षेत्र सबलताका प्रमुख सूचकहरू**

| सूचकहरू | २०७७ असार | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|---|---|---|
| प्राथमिक पुँजी/जोखिम भारित सम्पत्ति अनुपात | १२ . ० | ११.१ | ११.१ | १० . ६ | १०.२ | ९. ५ |
| पुँजीकोष/जोखिम भारित सम्पत्ति अनुपात | १४ . २ | १४.२ | १४.२ | १३ . ४ | १२.९ | १२. ३ |
| कुल कर्जा/कुल निक्षेप तथा प्राथमिक पुँजी अनुपात | ६९ . ६ | ७६.३ | - | - | - | - |
| कर्जा निक्षेप अनुपात (नियामकीय) | | | ८६.२ | ८१.६ | ७९.१ | ७९.५ |

| सूचकहरू | २०७७ असार | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|---|---|---|
| निष्क्रिय कर्जा अनुपात | १. ९ | १.५ | १.५ | ३.० | ३.९ | ४.९२ # |
| वाणिज्य बैङ्क | १. ८ | १.४ | १.४ | ३.० | ३.८ | ४.७ |
| विकास बैङ्क | १. ५ | १.३ | १.३ | २.५ | ३.६ | ५.१ |
| वित्त कम्पनी | ६. २ | ६.२ | ६.२ | ७.६ | ९.९ | १२.९ |
| कुल तरल सम्पत्ति/कुल निक्षेप अनुपात | २७.९ | २६.२ | २६.२ | २७.१ | २६.४ | २६.५ |
| नगद तथा बैङ्क मौज्दात/कुल निक्षेप अनुपात | १२ . २ | ९.४ | ९.४ | ८.१ | ७.४ | ७.७ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१

## वित्तीय प्रगाढता एवम् पहुँच

४.१४ निजी क्षेत्रतर्फको कर्जा पछिल्ला वर्षमा न्यून दरमा विस्तार भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.८४ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो कर्जा ५.६० प्रतिशतले वृद्धि भएको थियो।

४.१५ २०८१ फागुनमसान्तमा कुल गार्हस्थ्य उत्पादनसँग विस्तृत मुद्राप्रदायको अनुपात ११६.० प्रतिशत, निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको अनुपात ८८.२ प्रतिशत र कुल निक्षेपको अनुपात १००.२ प्रतिशत रहेको छ।

४.१६ बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल विस्तार भएसँगै वित्तीय पहुँच वृद्धि हुँदै गएको छ। २०८१ फागुनमा बैङ्क तथा वित्तीय संस्थामा निक्षेप खाता ५ करोड ८३ लाख ९९ हजार, कर्जा खाता १९ लाख ३७ हजार, मोबाइल बैंकिङ्ग सेवा प्रयोगकर्ता २ करोड ६७ लाख ५७ हजार र इन्टरनेट बैंकिङ्ग सेवाका प्रयोगकर्ता २१ लाख ४१ हजार रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म ४४ हजार कर्जा खाता र २५ लाख ४ हजार निक्षेप खाता थप भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा ३१ हजार कर्जा खाता र ३२ लाख २३ हजार निक्षेप खाता थप भएका थिए।

४.१७ २०८१ फागुनमा बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या (लघुवित्तसमेत) का आधारमा प्रति शाखा जनसङ्ख्या औसत २,५२७ पुगेको छ। यस्तो जनसङ्ख्या २०८१ असारमा २,५२४ र २०८० असारमा २,५१७ रहेको थियो।

## विद्युतीय भुक्तानी कारोबार

४.१८ विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, नीतिगत तथा कानूनी संरंचनाको निर्माण र विद्युतीय उपकरणमा सर्वसाधारणको पहुँचका साथै प्रवर्द्धनात्मक क्रियाकलापमा भएको बढोत्तरीका कारण विद्युतीय भुक्तानी कारोबार बढदै गएको छ।

तालिका ४ (ख): विद्युतीय भुक्तानी कारोबार

| विवरण | कारोबार सङ्ख्या | | | कारोबार रकम (रु. दश लाखमा) | | |
|---|---|---|---|---|---|---|
| | २०८० असार | २०८१ असार | २०८१ फागुन | २०८० असार | २०८१ असार | २०८१ फागुन |
| आर.टि.जि.एस. | ७६३०७ | ८१६०५ | ६६१४६ | २९८३९३० | ६४५११६१ | ४४५९३८१ |
| एटिएम | ११०४२११७ | ११२१६०३० | १०२८८६९५ | ८६९६४ | ९१२६१ | ८७५७७ |
| इसिसि | १३३६५८६ | १२९२३६३ | ९७८६०९ | ७१८७५५ | ६७२७५५ | ४६५१०४ |
| आइपिएस | १८०८०४६ | ५१५०३९३ | १८६९९७३ | ३२३८१६ | ३५९९९१ | २१८२८६ |
| कनेक्ट आइपिएस | ५५७१६९१ | ७७८७२८२ | – | ४९८४५३ | ६६६५८३ | – |
| डेविट कार्ड | ११८३८५३२ | १२०४०७८६ | ११०५०४९९ | ९०५४१ | ९५२६० | ९१४०१ |
| क्रेडिट कार्ड | २६२०५७ | २८२७२८ | २५३२७३ | १८३० | २०७३ | १८३१ |
| प्रिपेड कार्ड | ७३०१७ | १०७६६३ | १२८९८७ | ४४७ | ७६९ | ८५९ |
| इन्टरनेट बैकिङ्ग | ३१५२०२ | ३५१३०१ | ४१०७२४ | १५५०२ | १७७३८ | १८२६० |
| मोवाइल बैकिङ्ग | २८९०३८७२ | ४५६६९३०१ | ५१२३२७४८ | २३३४४६ | ३७३९७८ | ४१५७८५ |
| शाखारहित बैकिङ्ग | ७३२१५ | ७५५०१ | ७०१३८ | १४३३ | १६४९ | १६०३ |
| वालेट | २०८२२८६१ | ३२१०५९१७ | ३३५५४२३९ | २०३२६ | ३८१४७ | ४१७३९ |
| #क्यु.आर.मा आधारित | ९७६६२१६ | २०८२५६१५ | २७०२२७१५ | ३०१४८ | ६१७३७ | ८०१९४ |
| #पिओएस | १०३५२०६ | १०६८४१७ | ९७६२४१ | ५२४४ | ५९२५ | ५६३६ |
| #ई-कमर्स** | ९४५०९ | १४५९७७ | १६६५०३ | ६०५ | ९१३ | ८७५ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, फागुन २०८१

**कार्डको प्रयोग गरी अनलाइन मार्फत भएको कारोबार

४.१९ २०८१ फागुनसम्म विद्युतीय कारोबारमा सहजताको लागि बैंक तथा वित्तीय संस्था बाहेक ९ भुक्तानी प्रणाली सञ्चालक र २५ भुक्तानी सेवा प्रदायक संस्था सञ्चालनमा रहेका छन्।

## मौद्रिक क्षेत्र

४.२० चालु आर्थिक वर्ष विस्तृत मुद्राप्रदायको विस्तार १२.० प्रतिशत हुने प्रक्षेपण रहेकोमा फागुनसम्म यस्तो विस्तार ४.८३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विस्तृत मुद्राप्रदाय ७.६८ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८१ फागुनमसान्तमा विस्तृत मुद्राप्रदाय ९.८८ प्रतिशतले बढेको छ।

४.२१ चालु आर्थिक वर्षको फागुनसम्म सङ्कुचित मुद्राप्रदाय ५.१० प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ०.०४ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८१ फागुनमसान्तमा सङ्कुचित मुद्राप्रदाय ३.२७ प्रतिशतले बढेको छ।

४.२२ चालु आर्थिक वर्ष निजी क्षेत्रतर्फको कर्जा १२.५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेकोमा २०८१ फागुनसम्म ६.८० प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो वृद्धिदर ५.६४ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा २०८१ फागुनमसान्तमा यस्तो कर्जा ७.२७ प्रतिशतले बढेको छ।

तालिका ४(ग): प्रमुख मौद्रिक योगाङ्कहरूको वार्षिक विन्दुगत परिवर्तन (प्रतिशतमा)

| शिर्षक/आर्थिक वर्ष | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८० | २०८१ |
|---|---|---|---|---|---|
| | | | | फागुन | फागुन |
| चलन चल्तीमा रहेको मुद्रा | -११.६ | ४.५ | १०.० | १०.० | १३.१ |
| सञ्चित मुद्रा | -११.४ | १.१ | ७.७ | ९.२ | १८.७ |
| चल्ती निक्षेप | -७.२ | -२.० | -१५.२ | -५.३ | -९.५ |
| आवधिक निक्षेप | २९.७ | १८.६ | ८.५ | १२.५ | -३.७ |
| बचत तथा कल निक्षेप | -१०.९ | ७.२ | २८.४ | २४.३ | ३५.८ |
| कुल आन्तरिक कर्जा | १४.५ | ९.० | ६.२ | ४.० | १.८ |
| निजी क्षेत्र तर्फको कर्जा | १३.३ | ४.६ | ६.१ | ५.६ | ६.८ |
| सङ्कुचित मुद्राप्रदाय | -९.३ | १.२ | -१.७ | ०.० | ५.१ |
| विस्तृत मुद्राप्रदाय | ६.८ | ११.५ | १२.९ | ७.७ | ४.८ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१

४.२३ चालु आर्थिक वर्षको मौद्रिक नीति मार्फत् नीतिगत दर र बैंकदरलाई ५० आधार विन्दुले घटाई क्रमशः ५.० प्रतिशत र ६.५ प्रतिशत कायम गरिएको छ। निक्षेप संकलन बोलकबोल दर ३.० प्रतिशतमा यथावत रहेको छ।

४.२४ बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात ४.० प्रतिशतमा यथावत रहेको छ। साथै, वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीले कायम गर्नुपर्ने वैधानिक तरलता अनुपात क्रमशः १२.० प्रतिशत, १०.० प्रतिशत र १०.० प्रतिशतमा यथावत रहेको छ।

तालिका ४(घ): बैकदर, पुनर्कर्जादर र अनिवार्य नगद अनुपात (प्रतिशतमा)

| उपकरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|
| **बैङ्क दर** | ५.० | ७.० | ७.५ | ७.० | ६.५ |
| पुनर्कर्जा दर | | | | | |
| विशेष पुनर्कर्जा | १.० | २.० | ४.५ | ४.० | ३.५ |
| साधारण पुनर्कर्जा | ३.० | ५.० | ४.५ | ४.० | ३.५ |
| लघु ,घरेलु तथा साना उद्यम | २.० | ४.० | ४.५ | ४.० | ३.५ |
| निर्यात कर्जा# | ०.२५ | ०.७५ | ०.७५ | ०.७५ | ०.७५ |
| अनिवार्य नगद अनुपात | | | | | |
| वाणिज्य बैङ्क | ३.० | ३.० | ४.० | ४.० | ४.० |
| विकास बैङ्क | ३.० | ३.० | ४.० | ४.० | ४.० |
| वित्त कम्पनी | ३.० | ३.० | ४.० | ४.० | ४.० |
| **स्थायी तरलता सुविधा दर** | ५.० | ७.० | ७.५ | ७.० | ६.५ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१ *फागुनसम्म

# विदेशी मुद्रामा One Year Benchmark Interest rate मा जोड्ने । २०७८/७९ भन्दा अघि LIBOR मा जोड्ने।

४.२५ चालु आर्थिक वर्षको फागुनसम्म खुला बजार कारोबारका विभिन्न उपकरण मार्फत रु. १६० खर्ब ४ अर्ब १५ करोड तरलता प्रशोचन भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म ओभरनाइट तरलता सुविधा मार्फत रु. २ अर्ब ७० करोड तरलता प्रवाह भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा स्थायी तरलता सुविधा र ओभरनाइट तरलता सुविधा मार्फत रु. ११ खर्ब ५९ अर्ब ८५ करोड तरलता प्रवाह भएको थियो।

## ब्याजदर स्थिति

४.२६ बैंकिङ्ग प्रणालीको तरलता सहज स्थितिमा रहेका कारण चालु आर्थिक वर्षमा अल्पकालीन व्याजदर, कर्जा तथा निक्षेपको भारित औसत व्याजदर र कर्जाको आधारदरमा कमी आएको छ। अन्तर-बैङ्क कारोबारको भारित औसत व्याजदर स्थायी निक्षेप सुविधा (व्याजदर करिडोरको तल्लो सीमा) नजिकै रहको छ। २०८० फागुनमा ९१-दिने ट्रेजरी बिलको भारित औसत व्याजदर ३.०२ प्रतिशत रहेकोमा २०८१ फागुनमा २.९३ प्रतिशत रहेको छ। वाणिज्य बैङ्कबीचको अन्तर-बैङ्क कारोबारको भारित औसत व्याजदर २०८०

फागुनको २.९२ प्रतिशतको तुलनामा २०८१ फागुनमा ३.० प्रतिशत कायम भएको छ।


तालिका ४(ङ): व्याजदरको प्रवृत्ति (प्रतिशतमा)

| शिर्षक | असार | | | | | फागुन |
|---|---|---|---|---|---|---|
| | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ | २०८१ |
| भारित औसत निक्षेपदर | ६.०१ | ४.६५ | ७.४१ | ७.८६ | ५.७७ | ४.५४ |
| भारित औसत कर्जादर | १०.११ | ८.४६ | ११.६२ | १२.३० | ९.९३ | ८.४ |
| आधार दर | ८.५० | ६.६६ | ९.५४ | १०.०३ | ८.०० | ६.३४ |
| अन्तर बैंक दर | ०.३५ | ४.१२ | ६.९९ | २.९८ | २.९९ | ३.०० |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१।

४.२७ २०८१ फागुनमा वाणिज्य बैङ्कले निक्षेपमा प्रदान गर्ने तथा कर्जामा लिने भारित औसत व्याजदर क्रमशः ४.५४ प्रतिशत र ८.४० प्रतिशत रहेको छ। २०८० फागुनमा यस्तो व्याजदर क्रमशः ६.७४ प्रतिशत र १०.७८ प्रतिशत रहेको थियो। २०८० फागुनमा वाणिज्य बैङ्कको औसत आधार दर ८.७७ प्रतिशत रहेकोमा २०८१ फागुनमा ६.३४ प्रतिशत रहेको छ।

चार्ट ४ (ख): व्याजदरको प्रवृत्ति (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१ * फागुन


## निक्षेप परिचालन र कर्जा प्रवाह

४.२८ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बैङ्क तथा वित्तीय संस्थाको निक्षेप ४.३ प्रतिशतले वृद्धि भई रु. ६७ खर्ब २९ अर्ब ६२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ७.६ प्रतिशत रहेको थियो।

४.२९ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ६.० प्रतिशतले वृद्धि भई रु. ५५ खर्ब ४८ अर्ब ५९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जाको वृद्धिदर ४.२ प्रतिशत रहेको थियो।

४.३० २०८१ फागुनसम्म कुल निक्षेपमा मुद्दती निक्षेप ५१.७ प्रतिशत, बचत निक्षेप ३५.३ प्रतिशत, चल्ती निक्षेप ५.४ प्रतिशत र अन्य निक्षेपको अंश ७.६ प्रतिशत रहेको छ।


चार्ट ४ (ग):बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालन संरचना (प्रतिशत) (२०८१ फागुन)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१

४.३१ २०८१ फागुनसम्म लगानीमा रहेको कर्जामध्ये थोक तथा खुद्रा व्यापारको अंश १९.१ प्रतिशत, उपभोग्य कर्जाको अंश १९.८ प्रतिशत र औद्योगिक उत्पादनको अंश १६.४ प्रतिशत रहेको छ। साथै, सेवा उद्योगको अंश ८.६ प्रतिशत, कृषिको अंश ७.७ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवाको अंश ८.१ प्रतिशत र निर्माणको अंश ४.२ प्रतिशत रहेको छ।

### चार्ट ४ (घ) बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जा संरचना (२०८१ फागुन)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१

४.३२ वाणिज्य बैंकले २०८२ असारसम्म कृषि, ऊर्जा र लघु,घरेलु, साना एवम् मझौला उद्यम क्षेत्रमा क्रमशः १३.८२ प्रतिशत, ८.७२ प्रतिशत र १०.८२ प्रतिशत कर्जा प्रवाह गरेको छ।

### तालिका ४(च): तोकिएको क्षेत्रमा प्रवाहित कर्जा (२०८१ फागुनसम्म)

| कर्जाको प्रकार | लगानीमा रहेको कर्जा (रु. करोडमा) | | | | कुल लगानीको प्रतिशतमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | बैंकिङ्ग क्षेत्र | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | बैंकिङ्ग क्षेत्र |
| कृषि | ६३,९०४ | ३,४१४ | ७२३ | ६८,०४१ | १३.८२ | ६.८३ | ७.१४ | १३.०२ |
| ऊर्जा | ४०,३१८ | ८३३ | ३७ | ४१,१८८ | ८.७२ | १.६७ | ०.३७ | ७.८८ |
| पर्यटन | २१,७२५ | ३,०२८ | ४५६ | २५,२१० | ४.७० | ६.०६ | ४.५० | ४.८२ |
| लघु, घरेलु, साना एवम् मझौला उद्यम | ५०,०४० | ५,४९० | ७३१ | ५६,२६१ | १०.८२ | १०.९८ | ७.२२ | १०.७६ |
| **कुल क्षेत्रगत कर्जा** | **१७५,९८७** | **१२,७६५** | **१,९४८** | **१९०,७००** | **३८.०५** | **२५.५३** | **१९.२३** | **३६.४८** |
| ६ महिना अघिको कुल कर्जा | ४६२,५४६ | ५०,००७ | १०,१३० | ५२२,६८२ | | | | |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८१

## नियामकीय व्यवस्था

४.३३ बैंक तथा वित्तीय संस्था एवम् पूर्वाधार विकास बैंकबाट हुने कर्जा प्रवाहलाई वातावरणमैत्री बनाउन एवम् कर्जा प्रवाह गर्दा सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्न सकिने गरी Nepal Green Finance Taxonomy जारी भएको छ।

४.३४ बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको कारोबारलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउनका लागि नेपाल राष्ट्र बैंक ऐनले निर्दिष्ट गरेअनुरुप निर्देशन तथा मापदण्ड जारी भएको छ।

४.३५ बैंक तथा वित्तीय संस्थाले २०८४ असारसम्म न्यूनतम १५ प्रतिशत कर्जा रु. १ करोड सम्मका लघु, घरेलु, साना एवम् मझौला उद्यम क्षेत्रमा प्रवाह गर्नुपर्नेमा उक्त कर्जाको सीमा बढाई रु. २ करोड कायम गरिएको छ।

४.३६ निर्माण व्यवसायको हकमा मात्र रु. ५० करोड वा सो भन्दा बढीको कोषमा आधारित कर्जा र/वा रु. १ अर्ब वा सो भन्दा बढीको गैरकोषमा आधारित कर्जा उपयोग गर्ने ऋणीको क्रेडिट रेटिङ्ग एजेन्सीबाट गरिएको रेटिङ्गलाई कर्जा मूल्याङ्कनको आधारको रूपमा लिनुपर्ने व्यवस्था गरिएको छ।


४.३७ इजाजतपत्र प्राप्त संस्थाले रु. २ करोड सम्मको कृषिका लागि सहयोगी उद्योग, कृषि औजार उत्पादन, सूचना प्रविधि, पर्यटनलगायत आन्तरिक उत्पादनसँग सम्बन्धित उद्यम व्यवसाय समेतलाई कर्जा प्रवाह गर्दा आधार दरमा २ प्रतिशतसम्म मात्र थप गरी ऋणको व्याज तोक्नु पर्ने व्यवस्था रहेको छ।

४.३८ घरेलु, साना तथा मझौला उद्यम व्यवसायमा कर्जा प्रवाहलाई प्रोत्साहित गर्न Regulatory Retail Portfolio (RRP) को सीमालाई रु. २ करोडबाट बढाएर अधिकतम रु. २ करोड ५० लाख कायम गरिएको छ।

## पुँजीबजार

४.३९ धितोपत्र बजारमा साना लगानीकर्ताको उपस्थिति बढ्दै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म धितोपत्रको प्राथमिक बजार मार्फत रु. २४ अर्ब ९२ करोड बराबरको पुँजी परिचालन भएको छ, जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २६.२८ प्रतिशतले न्यून हो। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो परिचालन रु. ३३ अर्ब ८० करोड रहेको थियो।

चार्ट ४ (ङ) धितोपत्रको प्राथमिक बजारमार्फत कुल पुँजी परिचालनको स्थिति (रु. करोडमा)




स्रोतः नेपाल धितोपत्र बोर्ड, २०८१ * फागुन

४.४० आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म साधारण शेयरको प्राथमिक निष्काशन मार्फत रु. १ अर्ब २ करोड, हकप्रद शेयर निष्काशन मार्फत रु. ९ अर्ब ३० करोड, थप शेयर निष्काशन मार्फत रु. ११ करोड, ऋणपत्र मार्फत रु. ३ अर्ब ३० करोड र म्युचुअल फण्ड मार्फत रु. ११ अर्ब २० करोडको पुँजी परिचालन भएको छ।

४.४१ धितोपत्र बजारमा उद्यमशीलता तथा नवप्रवर्तन प्रवर्द्धन गर्न र स्वदेशी तथा विदेशी पुँजी भित्र्याउन वैकल्पिक लगानीको रूपमा विशिष्टीकृत लगानी कोषको विकास तथा सञ्चालन गरिएको छ। प्राइभेट इक्वीटी तथा भेञ्चर क्यापिटल जस्ता विशिष्टीकृत लगानी कोष पुँजी बजारको दायरामा आएका छन्।

४.४२ २०८१ फागुनसम्म वैकल्पिक लगानी कोषको कोष व्यवस्थापन गर्न अनुमति पाउने संस्था १३ रहेको छ। साथै, स्वीकृत कोष व्यवस्थापकले विभिन्न योजना मार्फत यस आर्थिक वर्षको फागुनसम्म कुल रु. २ अर्ब ५० करोडको योजनासहित हालसम्म रु. ३३ अर्ब पुँजी परिचालन गरेका छन्।


४.४३ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म रु. १४ अर्ब ५५ करोड रकम बराबरको बोनस शेयर धितोपत्र बोर्डमा सूचीकृत भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रु. १४ अर्ब ९५ करोड रकम बराबरको बोनस शेयर सूचीकृत भएको थियो।

४.४४ चालु आर्थिक वर्षको फागुनसम्म धितोपत्र दोस्रो बजारमा रु. १४ खर्ब ५५ अर्ब ८६ करोड बराबर रकमको धितोपत्र कारोबार भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रु. ४ खर्ब १५ अर्ब ७८ करोड बराबर रकमको धितोपत्र कारोबार भएको थियो। चालु

आर्थिक वर्षको फागुनसम्म १४७ दिनको कारोबारमा औसत दैनिक कारोबार रकम रु. ९ अर्ब ९० करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कारोबार रकम रु. २ अर्ब ७७ करोड रहेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म कारोबार भएका धितोपत्रको सङ्ख्या १५९.२ प्रतिशत र कारोबार सङ्ख्या ५८.७ प्रतिशतले वृद्धि भएको छ।

४.४५ २०८१ फागुनमसान्तमा नेप्से सूचकाङ्क २७३६.४९ विन्दु कायम भएको छ। २०८० फागुनमसान्तमा नेप्से सूचकाङ्क २१०८.७२ विन्दु कायम रहेको थियो। नेप्से फ्लोट सूचकाङ्क २०८१ फागुनमसान्तमा १८५.३६ विन्दु कायम भएको छ।


चार्ट ४(च): नेप्से सूचकाङ्क र नेप्से फ्लोट सूचकाङ्क (विन्दुमा)




स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि., २०८१ * फागुनमसान्त #आधार वर्ष २०५०, विन्दु १००

४.४६ २०८० फागुनमसान्तमा धितोपत्र बजारको कुल बजार पुँजीकरण रु. ३३ खर्ब १४ अर्ब रहेकोमा २०८१ फागुनमसान्तमा ३७.१ प्रतिशतले वृद्धि भई रु. ४५ खर्ब ४३ अर्ब पुगेको छ। कुल बजार पुँजीकरणमा वित्तीय क्षेत्र (बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी) को हिस्सा सबैभन्दा बढी ५३.२१ प्रतिशत, जलविद्युत कम्पनीको हिस्सा १५.६८ प्रतिशत र लगानी कम्पनीको हिस्सा ७.६० प्रतिशत रहेको छ। त्यसैगरी, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ५.४४ प्रतिशत, होटेल तथा पर्यटन संस्थाको हिस्सा २.६३ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ५.०७ प्रतिशत तथा अन्य समूहका कम्पनीको हिस्सा १०.३६ प्रतिशत रहेको छ।

चार्ट ४ (छ): धितोपत्रको बजार पुँजीकरणको प्रवृति (रु. अर्बमा)




स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि., २०८१ * फागुनमसान्त

४.४७ चालु आर्थिक वर्षको फागुनसम्म एक लघु बीमा कम्पनी नेप्सेमा सूचीकृत भएपछि नेप्सेमा सूचीकृत कम्पनीको सङ्ख्या २६८ पुगेको छ। २०८१ फागुनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत शेयरको चुक्ता मूल्य रु. ८ खर्ब ५७ अर्ब ५० करोड पुगेको छ। २०८० फागुनसम्म यस्तो मूल्य रु. ८ खर्ब १० अर्ब ४१ करोड रहेको थियो।

४.४८ चालु आर्थिक वर्षको फागुनसम्म ७५ लाख कित्ता प्राथमिक निष्कासन, २५ करोड कित्ता सामुहिक लगानी कोषका इकाई, ५ करोड ६२ लाख ४६ हजार कित्ता हकप्रद शेयर, १४ करोड ३९ लाख १६ हजार कित्ता बोनस शेयर, ५ करोड ६ लाख ३० हजार थप निष्काशन र ३ लाख बराबरको संस्थागत ऋणपत्र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका छन्।

## ऋणपत्र बजार

४.४९ नेपालमा ऋणपत्रको निष्काशन सरकारी र संस्थागत क्षेत्रबाट हुने गरेको छ। चालु आर्थिक वर्षको फागुनसम्म सूचीकृत सरकारी ऋणपत्रको कारोबारमा ३४.६ प्रतिशतले कमी आई रु. ५९ करोड १० लाख रकम बराबरको कारोबार भएको छ। गत आर्थिक वर्षको फागुनसम्म रु. ९० करोड बराबरको सरकारी ऋणपत्रको कारोबार भएको थियो।

४.५० चालु आर्थिक वर्षको फागुनसम्म संस्थागत ऋणपत्रको कारोबारमा १०४.६ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ३० करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो कारोबार रु. १ अर्ब १२ करोड बराबरको रहेको थियो।

## ओटिसी बजार

४.५१ नेपाल स्टक एक्सचेञ्ज लिमिटेडबाट दोस्रो बजार कारोबार अन्तर्गत नेप्सेमा सूचीकृत नभएका पब्लिक कम्पनीको धितोपत्रको खरिद बिक्रीका लागि ओटिसी बजार सञ्चालन हुँदै आएको छ। चालु आर्थिक वर्षको फागुनसम्म ओटिसी बजारमा रु. १ अर्ब ७९ करोड बराबर रकमको धितोपत्र कारोबार भएको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो कारोबार रु. २ अर्ब ६७ करोड रहेको थियो।

## धितोपत्र बजारमा लगानीकर्ताको सहभागिता

४.५२ २०८० असारसम्म डिम्याट खाता (हितग्राही खाता) को सङ्ख्या ५८ लाख २३ हजार रहेकोमा २०८१ फागुनसम्म यस्तो सङ्ख्या ६५ लाख ५१ हजार पुगेको छ। यो सङ्ख्या कुल जनसङ्ख्याको करिब २२.४४ प्रतिशत हो।

४.५३ २०८१ असारसम्म मेरो शेयर खाताको सङ्ख्या करिब ५३ लाख ६९ हजार रहेकोमा २०८१ फागुनसम्म ५५ लाख ९१ हजार पुगेको छ। यो कुल जनसङ्ख्याको करिब १९.१५ प्रतिशत हो।

४.५४ चालु आर्थिक वर्षको फागुनसम्म केन्द्रीय निक्षेप कम्पनी (सिडिएससी) मा अभौतिकृत धितोपत्रको सङ्ख्या गत आर्थिक वर्षको फागुनसम्मको तुलनामा १८.० प्रतिशतले वृद्धि भई रु. १२ अर्ब ८६ करोड ५० लाख पुगेको छ।

४.५५ चालु आर्थिक वर्षको फागुनसम्म केन्द्रीय निक्षेप कम्पनी (सिडिएससी) मा धितोपत्रको अभौतिकृत गर्ने दर्ता कम्पनीको सङ्ख्या २५४ पुगेको छ। त्यसैगरी, निक्षेप सेवा प्रदान गर्ने चालु आर्थिक वर्षको फागुनसम्ममा सिडिएससीको सदस्यता प्राप्त गर्ने निक्षेप सदस्यको सङ्ख्या ११९ पुगेको छ।

### तालिका ४(छ): धितोपत्र अभौतिकीकरणको अवस्था

| विवरण | २०७७ असार | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ * |
|---|---|---|---|---|---|---|
| दर्ता कम्पनीको सङ्ख्या | १९८ | २०७ | २२२ | २३० | २५३ | २५४ |
| निक्षेप सदस्यको सङ्ख्या | ७६ | ७८ | ८२ | ८८ | ११२ | ११९ |
| हितग्राही खाताको सङ्ख्या (हजारमा) | १७५३ | ३७८९ | ५३४६ | ५८२३ | ६३९५ | ६५५१ |
| अभौतिक धितोपत्रको सङ्ख्या (करोडमा) | ५०७ | ७०२ | ८६९ | १,०७६ | १२७१ | १२८७ |
| मेरो शेयर प्रयोगकर्ताको सङ्ख्या (हजारमा) | ७४२ | २८५५ | ४३९५ | ४८२६ | ५३६९ | ५५९१ |

स्रोतः सिडिएस एण्ड क्लियरीङ्ग लिमिटेड, २०८१ *फागुनसम्म

४.५६ धितोपत्रको दोस्रो बजारमा अनलाईन कारोबारका लागि लग-ईन लिने लगानीकर्ताको सङ्ख्या बढेको छ। २०८१ असारसम्म धितोपत्रको दोस्रो बजारमा कारोबारका लागि अनलाइन लग-ईन लिने लगानीकर्ताको सङ्ख्या २१ लाख ६० हजार ८ सय ७५ रहेकोमा २०८१ फागुनसम्म यस्तो सङ्ख्या २५ लाख ४९ हजार ६ सय ९६ पुगेको छ।

४.५७ धितोपत्र बजारको क्षेत्र र दायरा विस्तार हुँदै गएको छ। धितोपत्र सेवा प्रवाह गर्न अनुमतिपत्र प्राप्त विभिन्न बजार सहभागी रहेका छन्।

### तालिका ४(ज): धितोपत्र बजार सहभागीहरूको अवस्था

| संस्था | २०७७ असार | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|---|---|---|
| धितोपत्र बजार | १ | १ | १ | १ | १ | १ |
| केन्द्रीय निक्षेप सेवा कम्पनी | १ | १ | १ | १ | १ | १ |
| साख मुल्याङ्कन कम्पनी | २ | २ | ३ | ३ | ३ | ३ |
| सामूहिक लगानी कोष | १४ | १४ | १४ | २० | २१ | २२ |
| धितोपत्र व्यापारी | - | १ | १ | २ | २ | २ |
| धितोपत्र दलाल व्यवसायी | ५० | ५० | ५० | ६७ | ९० | ९० |
| मर्चेन्ट बैंकर | ३२ | ३० | ३० | ३० | २९ | ३१ |
| निक्षेप सदस्य | ७६ | ७९ | ८१ | ९१ | १०९ | ११९ |
| आस्वा सदस्य | ५९ | ५२ | ४९ | ४९ | ४३ | ४३ |
| योग्य संस्थागत लगानीकर्ता | - | ८८ | १११ | १३२ | १५० | १५० |
| सूचीकृत संगठित संस्था | २१२ | २१९ | २३४ | २५४ | २७१ | २६८ |
| विशिष्टीकृत लगानी कोष | - | - | - | १२ | १२ | १३ |
| **जम्मा** | ४४७ | ५३७ | ५७५ | ६६२ | ७३२ | ७४३ |

स्रोतः नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि., २०८१

## बीमा

४.५८ २०८१ फागुनमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीसहित बीमा कम्पनीको सङ्ख्या ३७ रहेको छ। कुल ३७ बीमा कम्पनीमध्ये सरकारी लगानीका ३, स्वदेशी लगानीका २९, विदेशी कम्पनीको शाखा कार्यालय ३ र संयुक्त लगानीका २ बीमा कम्पनी सञ्चालनमा रहेका छन्।

तालिका ४(झ): बीमा कम्पनीको स्वामित्व संरचना (२०८१ फागुन)

| स्वामित्व | कम्पनीको प्रकृति | | | | जम्मा |
|---|---|---|---|---|---|
| | जीवन | निर्जीवन | लघुबीमा | पुनर्बीमा | |
| सरकारी | १ | १ | - | १ | ३ |
| स्वदेशी लगानी | ११ | १० | ७ | १ | २९ |
| विदेशी | १ | २ | - | - | ३ |
| संयुक्त लगानी | १ | १ | - | - | २ |
| **जम्मा** | १४ | १४ | ७ | २ | ३७ |

स्रोतः नेपाल वीमा प्राधिकरण, २०८१

४.५९ लघु जीवन र निर्जिवन बीमकको स्थापना र शाखा विस्तारसँगै चालु आर्थिक वर्षको फागुनसम्म बीमकको शाखा कार्यालय सङ्ख्या बढेको छ। २०८१ फागुनसम्म जीवन बीमक १,७८३, निर्जीवन बीमक १,०३७ र लघुबीमाका १७२ गरी बीमा कम्पनीका शाखा सङ्ख्या २,९९२ पुगेको छ।

४.६० संस्थागत तथा संरचनागत सुधारका कारण पछिल्लो पाँच आर्थिक वर्षमा बीमाको दायरा फराकिलो हुँदै गएको छ। वैदेशिक रोजगार म्यादी जीवन बीमाको दायरा बढेसँगै २०८१ फागुनसम्म वैदेशिक रोजगार म्यादी जीवन बीमासहित ४४.१७ प्रतिशत जनसङ्ख्यामा जीवन बीमाको पहुँच पुगेको छ। २०८१ असारसम्म यस्तो पहुँच ४३.२७ प्रतिशत जनसङ्ख्यामा पुगेको थियो।

तालिका ४(ञ): जीवन तथा निर्जीवन बीमासम्बन्धी विवरण

| शीर्षक | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|
| जीवन बीमाको दायरामा रहेको जनसङ्ख्या (प्रतिशतमा) | | | | | |
| वैदेशिक रोजगार म्यादी जीवन बीमा | २.२६ | २.९४ | ५.३५ | ६.७४ | ७.८८ |
| वैदेशिक रोजगार म्यादी जीवन बीमासहित जीवन बीमा | २६.५९ | ४१.२ | ४४.३८ | ४३.२७ | ४४.१७ |

| | | | | | |
|---|---|---|---|---|---|
| कुल बीमाशुल्क संङ्कलन (रु. करोडमा) | | | | | |
| जीवन | १२११३.६ | १३८७८.५ | १४२९०.९ | १५६८१. | १०९४३.६ |
| निर्जीवन | ३२२५.४ | ३९१४.७ | ३७८६.४ | ४१४४.७ | २८६०.९ |
| जम्मा | १५३३९. | १७७९३.३ | १८०७७. | १८८२६. | १३८०४. |
| बीमकबाट भएको लगानी (रु. करोडमा) | | | | | |
| जीवन | ३६७३३.६ | ४५२३०.४ | ५६९१६.२ | ६४४८५.४ | ७०५०९.१# |
| निर्जीवन | ७२३८. | ८३०६.७ | ८९७६.९ | ६८५३. | ७०८६.४# |
| जम्मा | ४३९७१.७ | ५३५३७.२ | ६५८९३.२ | ७१३३८.३ | ७७५९५.६# |

स्रोतः नेपाल वीमा प्राधिकरण, २०८१।* फागुनसम्म #२०८१ पुससम्म।
निर्जीवन बीमामा पुनर्बीमा र लघु निर्जीवन बीमा तथा जीवन बीमामा लघु जीवन बीमा समावेश गरिएको।

४.६१ २०८१ फागुनसम्म जीवन बीमा शुल्क रु. १ खर्ब ९ अर्ब ४४ करोड र निर्जीवन बीमा शुल्क रु. २८ अर्ब ६१ करोड गरी कुल बीमा शुल्क गत आर्थिक वर्षको फागुनसम्मको तुलनामा १०.६ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३८ अर्ब ५ करोड पुगेको छ। २०८१ फागुनसम्म सक्रिय बीमा लेखमध्ये जीवन बीमातर्फको सङ्ख्या १ करोड ४२ लाख ३८ हजार ६ सय ४८ र निर्जीवन बीमातर्फ २० लाख ७३ हजार ४६३ रहेको छ।

४.६२ चालु आर्थिक वर्षको फागुनसम्म जीवन बीमातर्फ १ लाख ८१ हजार २ सय २१ बीमादाबी अन्तर्गत रु. ४१ अर्ब ८० करोड रकम बराबरको दाबी भुक्तानी भएको छ। त्यसैगरी, निर्जीवन बीमातर्फ ८७ हजार ८ सय ९६ बीमादाबी अन्तर्गत रु. १४ अर्ब १० करोड रकम बराबरको कुल दाबी भुक्तानी भएको छ।

४.६३ चालु आर्थिक वर्षको फागुनसम्म बीमा क्षेत्रमा जीवन र लघु जीवन बीमातर्फ गरी १२ हजार १ सय ७८ ले प्रत्यक्षरूपमा रोजगारी प्राप्त गरेका छन्। २०८१ फागुनसम्म करिब ४ लाख अभिकर्ता अप्रत्यक्षरूपमा रोजगारीमा संलग्न छन्। त्यसैगरी, निर्जीवन बीमा व्यवसायको क्षति मूल्याङ्कन गर्ने १,२४९ सर्भेयर इजाजत प्राप्त गरी रोजगारीमा संलग्न रहेका छन्। साथै, १६ पुनर्बीमा अभिकर्ता इजाजतपत्र प्राप्त गरी कार्यरत छन्।

## गैर-बैङ्क वित्तीय संस्था

४.६४ २०८१ पुससम्म कर्मचारी सञ्चय कोषको सम्पति तथा दायित्व रु. ५ खर्ब ९७ अर्ब ८२ करोड पुगेको छ। यस अवधिमा सञ्चयकर्ताको सञ्चित रकम रु. ५ खर्ब ३६ अर्ब ४३ करोड रहेको छ। २०८१ पुससम्म यस कोषले विभिन्न क्षेत्रमा गरी रु. १ खर्ब ९८ अर्ब ५६ करोड लगानी र रु. ३ खर्ब ६५ अर्ब ३८ करोड कर्जा तथा सापटी प्रदान गरेको छ।

४.६५ २०८१ पुससम्म नागरिक लगानी कोषको सम्पत्ति तथा दायित्व रु. २ खर्ब ८६ अर्ब ४६ करोड पुगेको छ। यस अवधिमा बचतकर्ताहरूको सञ्चित रकम रु. २ खर्ब ५४ अर्ब ३७ करोड रहेको छ। २०८१ पुससम्म यस कोषले विभिन्न क्षेत्रमा गरी रु. १ खर्ब ७२ अर्ब २८ करोड लगानी र रु. ८० अर्ब ७५ करोड कर्जा तथा सापटी प्रदान गरेको छ।

४.६६ २०८१ पुससम्म निक्षेप तथा कर्जा सुरक्षण कोषको सम्पत्ति रु. २९ अर्ब ६ करोड पुगेको छ। साथै, यस कोषले २०८१ फागुनसम्म विभिन्न ५५ बैङ्क तथा वित्तीय संस्थामा रहेका ४ करोड ८५ लाख ६८ हजार निक्षेप खातामा रहेको रु. १५ खर्ब ३७ अर्ब ६५ करोडको निक्षेप सुरक्षण गरेको छ। यस अवधिसम्म कोषले विभिन्न ७४ बैङ्क तथा वित्तीय संस्थाबाट १५ लाख ९५ हजार ऋणीलाई प्रवाह गरिएको कुल रु. ३ खर्ब १५ अर्ब ५२ करोडको कर्जा सुरक्षण गरेको छ।

तालिका ४(ट): निक्षेप तथा कर्जा सुरक्षण कोषले प्रदान गरेको सुरक्षणको अवस्था

| विवरण | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|---|---|
| कर्जा सुरक्षण रकम (रु. करोडमा) | १४८६७.९ | २६४२८.४ | २७४६४.२ | २९६४४.६ | ३१५५१.८ |
| निक्षेप सुरक्षण रकम (रु. करोडमा) | ८११६१.६ | ८७९२१.५ | १२३२९४.७ | १४३०४५.० | १५३७६४.७ |
| कर्जा सुरक्षण गर्ने बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या | ६६ | ६२ | ५५ | ७८ | ७४ |
| निक्षेप सुरक्षण गर्ने बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या | | १०८ | ११३ | ५५ | ५५ |
| सुरक्षित ऋणीको सङ्ख्या (हजारमा) | | १७४४ | १६८० | १५०६ | १५९५ |
| निक्षेप खाता सङ्ख्या (हजारमा) | ३०१०७ | ३६१४३ | ४१३८१ | ४५७९५ | ४८५६८ |

स्रोतः निक्षेप तथा कर्जा सुरक्षण कोष, २०८१

४.६७ चालु आर्थिक वर्षको फागुनसम्म कालोसूचीमा परेका ऋणीको सङ्ख्या ३२ हजार ९ सय १८ रहेको छ। यस अवधिमा कालोसूचीबाट बाहिरिएका ऋणीको सङ्ख्या १० हजार ९ सय ६२ रहेको छ। २०८१ फागुनसम्म विभिन्न बैंक तथा वित्तीय संस्थाका गरी कालोसूचीमा पर्ने ऋणीको सङ्ख्या १ लाख ४१ हजार ८ सय १९ पुगेको छ।

## सहकारी संस्था

४.६८ सहकारी क्षेत्रमा देखिएका विद्यमान समस्या समाधानका लागि बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्न सहकारी ऐन, २०७४ मा संशोधन गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना भएको छ।


**मन्जुषा बक्स ४(क) : समस्याग्रस्त सहकारीसम्बन्धी विवरण**

सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि २०८१ जेठ १५ मा सहकारी संस्था बचत रकम दुरुपयोगसम्बन्धी छानबिन समिति गठन भई समितिले प्रतिवेदन पेश गरेको छ। सो प्रतिवेदनले औंल्याएका क्षेत्रमा सुधार गर्न नीतिगत तथा संरचनागत व्यवस्था गरिएको छ।

समस्याग्रस्त घोषित २२ सहकारीमध्ये ३ को हरहिसाब राफसाफ भएको छ भने सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी हुन बाँकी सहकारी संस्था १९ रहेका छन्। हालसम्म ६२ हजार ७ सय १० कुल दावीकर्तामध्ये ७,१५५ सदस्यको सम्पूर्ण बचत फिर्ता भएको छ भने करिब १ हजार सदस्यको आंशिक बचत फिर्ता भएको छ। बाँकी सदस्यको बचत फिर्ता प्रक्रिया अगाडि बढेको छ।

पीडित बचतकर्ताले गरेको मागदाबी रु. ३९ अर्ब ९३ करोड ५६ लाख ६६ हजार ७ सय १० रहेको छ जसमध्ये चालु आर्थिक वर्षको फागुनसम्म रु. ८४ करोड १ लाख ९९ हजार १ सय ८४ रकमसहित २०८१ फागुनसम्म रु. १ अर्ब ६७ करोड ६७ लाख २० हजार ५८ रकम पीडित बचतकर्ताले फिर्ता पाएका छन्।

**चार्ट ४(ज): पीडित बचतकर्ताको मागदाबी र भुक्तानी विवरण (रु. लाखमा)**




स्रोतः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०८१

४.६९ २०८१ फागुनमा सहकारी संस्थाको सङ्ख्या ३२ हजार ९ सय ६५ रहेको छ। यस अवधिसम्म शेयर सदस्य सङ्ख्या १ करोड ९ लाख ५ हजार १ सय ९२ र शेयर पुँजी रु. १ खर्ब ४३ अर्ब २९ करोड रहेको छ। सहकारी क्षेत्रमा रु. ११ खर्ब २५ अर्ब २८ करोड बचत परिचालन भई रु. ९ खर्ब २३ अर्ब ४७ करोड कर्जा प्रवाह भएको छ।

४.७० २०८१ असारसम्म सहकारी क्षेत्रमा ९४ हजार २ व्यक्ति प्रत्यक्ष रोजगार रहेकोमा २०८१ फागुनसम्म यस्तो रोजगार ९० हजार २ सय ६५ रहेको छ। सहकारी तथा गरिबी सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा २०८१ असारसम्म १७ हजार ६ सय ९६ सहकारी संस्था आबद्ध भएकामा २०८१ फागुनसम्म यस्तो सङ्ख्या १८ हजार ८ सय ९९ पुगेको छ।

# ५. बाह्य क्षेत्र


५.१ अर्थतन्त्रको बाह्य क्षेत्र थप मजबुत बन्दै गएको छ। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको कमी, पर्यटन र विप्रेषण आप्रवाह तथा निकासी व्यापारमा भएको वृद्धि लगायतका कारण चालु आर्थिक वर्षमा शोधनान्तर स्थितिसँगै चालु खातासमेत बचतमा रहेको छ। फलस्वरुप, विदेशी विनिमय सञ्चिति उच्च रहेको छ।

## वैदेशिक व्यापार

५.२ चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु व्यापारमा निकासीको अंश १२.१ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो अंश ८.९ प्रतिशत रहेको थियो।

५.३ गत आर्थिक वर्ष सङ्कुचन भएको कुल वस्तु व्यापार चालु आर्थिक वर्षको फागुनसम्म बढेको छ। गत आर्थिक वर्षमा निकासी ३.० प्रतिशत र पैठारी १.२ प्रतिशतले घटेको थियो।

चार्ट ५(क): कुल व्यापारमा निकासी/पैठारीको अंश (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१

५.४ चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु निकासी ५७.२ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ५८ अर्ब १७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निकासी ४.० प्रतिशतले घटेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म भारत, चीन तथा अन्य मुलुकतर्फको निकासी क्रमशः ८२.५ प्रतिशत, ८.८ प्रतिशत र २.९ प्रतिशतले बढेको छ।


५.५ चालु आर्थिक वर्षको फागुनसम्म वस्तुगत आधारमा भटमासको तेल, पोलिस्टरको धागो, चिया, पार्टिकल बोर्ड, अलैची लगायतका वस्तुको निकासी बढेको छ भने पाम तेल, जिंक शिट, अदुवा, तयारी पोशाक, जुसलगायतका वस्तुको निकासी घटेको छ।

५.६ चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु पैठारी ११.२ प्रतिशतले वृद्धि भई रु. ११ खर्ब ४५ अर्ब ५७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो पैठारी २.७ प्रतिशतले घटेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म भारत, चीन र अन्य मुलुकबाट भएको पैठारी क्रमशः ७.९ प्रतिशत, १२.५ प्रतिशत र २०.६ प्रतिशतले बढेको छ ।

५.७ चालु आर्थिक वर्षको फागुनसम्म भटमासको कच्चा तेल, चामल/धान, यातायातका उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, खाने तेल, स्पन्ज आइरन लगायतका वस्तुको पैठारी बढेको छ भने पेट्रोलियम पदार्थ, पामको कच्चा तेल, हवाइजहाजको पार्टपुर्जा, लेख्ने तथा छाप्ने कागज, रासायनिक मल लगायतका वस्तुको पैठारी घटेको छ।

५.८ चालु आर्थिक वर्षको फागुनसम्म कुल वैदेशिक व्यापार १५.३ प्रतिशतले बढेर रु. १३ खर्ब ३ अर्ब ७४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वैदेशिक व्यापार २.८ प्रतिशतले घटेर रु. ११ खर्ब ३० अर्ब ८४ करोड रहेको थियो।

**चार्ट ५(ख): बाह्य क्षेत्रका प्रमुख परिसूचकहरू** (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)





स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१

## निकासी-पैठारी मूल्य सूचकाङ्क

५.९ वार्षिक विन्दुगत आधारमा २०८१ फागुनमा निकासीको एकाइ मूल्य सूचकाङ्क १.६ प्रतिशतले घटेको छ भने पैठारी मूल्य सूचकाङ्क ०.७ प्रतिशतले बढेको छ। २०८१ फागुनमा व्यापारको शर्त (Terms of Trade) २.२ प्रतिशतले घटेको छ।

चार्ट ५(ग): निकासी र पैठारी एकाइ मूल्य सूचकाङ्क (प्रतिशत परिवर्तन)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१

## व्यापार सन्तुलन, शोधनान्तर र विप्रेषण

५.१० चालु आर्थिक वर्षको फागुनसम्म कुल वस्तु व्यापार घाटा ६.२ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब ८७ अर्ब ३९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा २.५ प्रतिशतले घटेको थियो। यस अवधिमा निकासी-पैठारी अनुपात १३.८ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात ९.८ प्रतिशत रहेको थियो।

५.११ चालु आर्थिक वर्षको फागुनसम्म शोधनान्तर स्थिति रु. ३ खर्ब १० अर्ब ३७ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु. ३ खर्ब २७ अर्ब ५५ करोड रहेको थियो। अमेरिकी डलरमा गत आर्थिक वर्षको सोही अवधिमा २ अर्ब ४६ करोडले बचतमा रहेको शोधनान्तर स्थिति चालु आर्थिक वर्षको फागुनसम्म २ अर्ब २९ करोडले बचतमा रहेको छ।

**तालिका ५(क): विप्रेषण आप्रवाहको अवस्था**

| इकाई | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|---|
| विप्रेषण आप्रवाह (रु. अर्बमा) | ८७५.०३ | ९६१.०५ | १००७.३१ | १२४०.६९ | १४४५.३२ | १०५१.७७ |
| प्रतिशतमा परिवर्तन | -०.४९ | ९.८३ | ४.८१ | २३.१७ | १६.५ | ९.४२ |
| कुल ग्रार्हस्थ्य उत्पादनसँगको अनुपात | २२.५० | २२.०८ | २०.२४ | २३.१२ | २५.३२ | - |
| चालु खाता प्राप्तिसँगको अनुपात | ६६.२७ | ७०.६१ | ६६.४२ | ६७.०६ | ६७.४० | ६७.४३ |
| चालु ट्रान्सफर आयसँगको अनुपात | ८८.५९ | ८९.२० | ८९.४९ | ९०.०७ | ९१.६० | ९१.०४ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१ *फागुनसम्म

## विदेशी विनिमय सञ्चिति

५.१२ २०८१ असारमसान्तमा रु. २० खर्ब ४१ अर्ब १० करोड रहेको कुल विदेशी विनिमय सञ्चिति १८.० प्रतिशतले वृद्धि भई २०८१ फागुनमसान्तमा रु. २४ खर्ब ९ अर्ब २५ करोड पुगेको छ। यस्तो सञ्चिति २०८१ असारमसान्तमा १५ अर्ब २७ करोड अमेरिकी डलर रहेकोमा २०८१ फागुनमसान्तमा १३.१ प्रतिशतले वृद्धि भई १७ अर्ब २७ करोड अमेरिकी डलर पुगेको छ।

५.१३ २०८१ फागुनमसान्तको कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चितिको अंश ८८.४ प्रतिशत रहेको छ। यसैगरी, कुल विदेशी विनिमय सञ्चितिमध्ये भारतीय मुद्राको अंश २१.७ प्रतिशत रहेको छ।

५.१४ कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८१ असारमसान्तमा रु. १८ खर्ब ४८ अर्ब ५५ करोड रहेकोमा २०८१ फागुनमसान्तमा १५.२ प्रतिशतले वृद्धि भई रु. २१ खर्ब ३० अर्ब ३१ करोड पुगेको छ। चालु आर्थिक वर्षको फागुनसम्मको पैठारीलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १७.२ महिनाको वस्तु पैठारी र १४.३ महिनाको वस्तु तथा सेवा पैठारी धान्न पर्याप्त छ।

## प्रत्यक्ष वैदेशिक लगानी

५.१५ चालु आर्थिक वर्षको फागुनसम्म खुद प्रत्यक्ष वैदेशिक लगानी २.४ प्रतिशतले कमी आई रु. ५ अर्ब ४९ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद प्रत्यक्ष वैदेशिक लगानी रु. ५ अर्ब ६३ करोड रहेको थियो।

५.१६ २०८० असारमसान्तमा प्रत्यक्ष वैदेशिक लगानी दायित्व रु. २ खर्ब ९५ अर्ब ५० करोड रहेकोमा २०८१ असारमसान्तमा रु. ३ खर्ब ३ अर्ब ९० करोड कायम भएको छ।

### मञ्जुषा बक्स ५(क): BPM6 अनुसार शोधनान्तर तथ्याङ्क प्रकाशन प्रारम्भ


आर्थिक वर्ष २०३०/३१ देखि अन्तर्राष्ट्रिय मापदण्ड र प्रचलनमा आधारित शोधनान्तर निर्देशिका तयार पारी शोधनान्तर तथ्याङ्क प्रकाशन हुँदै आएको छ। यस अघि शोधनान्तर स्थितीको म्यानुअल-५ (BPM5) मा मात्र शोधनान्तर तथ्याङ्क प्रकाशन हुँदै आएकोमा आर्थिक वर्ष २०७७/७८ देखि BPM6 ढाँचामा समेत प्रकाशन हुँदै आएको थियो। २०८१ साउनबाट शोधनान्तर तथ्याङ्क BPM6 ढाँचामा मात्र प्रकाशन हुन शुरु भएको छ। BPM5 अन्तर्गत चालु र पुँजी खातामा क्रेडिट र डेबिट प्रविष्टिलाई पङ्क्ति (Rows) मा प्रस्तुत गरिने अभ्यास रहेकोमा BPM6 बमोजिमको प्रस्तुतिमा क्रेडिट र डेबिट प्रविष्टिलाई स्तम्भ (Columns) मा प्रस्तुत गरिएको छ। यसैगरी, BPM6 अन्तर्गत वित्तीय खातामा डेबिट र क्रेडिटको ठाउँमा क्रमशः वित्तीय सम्पत्तिको खुद प्राप्ति र दायित्वको खुद सिर्जना प्रयोग गरिएको छ।

BPM5 बमोजिमको प्रस्तुतिमा डेबिट प्रविष्टिलाई ऋणात्मक चिन्ह (-) प्रयोग गरिने अभ्यास रहेकोमा BPM6 मा चालु तथा पुँजी खाताका दुबै क्रेडिट र डेबिट प्रविष्टिलाई धनात्मक चिन्ह (+) मा प्रस्तुत गरिएको छ। BPM5 बमोजिमको प्रस्तुतिमा वित्तीय खातामा सम्पत्ति वृद्धि (Outflows) सङ्केत गर्न ऋणात्मक चिह्न र सम्पत्तिमा कमी (Inflows) सङ्केत गर्न धनात्मक चिह्नको प्रयोग गर्ने अभ्यास रहेको थियो। तर BPM6 बमोजिमको प्रस्तुतिमा सम्पत्ति वा दायित्व वृद्धिलाई जनाउन धनात्मक चिन्ह र सम्पत्ति वा दायित्वमा कमीलाई जनाउन ऋणात्मक चिह्न प्रयोग गरिएको छ।

### विनिमय दर

५.१७ २०८१ असारमसान्तको तुलनामा २०८१ फागुनमसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ४.२ प्रतिशतले अवमूल्यन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा नेपाली रुपैयाँ ०.७ प्रतिशतले अवमूल्यन भएको थियो। २०८१ फागुन मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३९.२४ पुगेको छ। २०८१ असार मसान्तमा उक्त विनिमय दर रु. १३३.३६ रहेको थियो।

चार्ट ५(घ) अमेरिकी डलर एकको नेपाली रूपैयाँसँग खरिद विनिमय दर (नेपाली रूपैंया)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१

# ६. गरिबी निवारण, रोजगारी र सामाजिक सुरक्षा

६.१ सामाजिक सुरक्षा र संरक्षणमा बढ्दै गएको सार्वजनिक लगानी, गरिब लक्षित कार्यक्रमको निरन्तरता, विप्रेषण आय प्राप्त गर्ने परिवारको सङ्ख्यामा भएको वृद्धि, सामाजिक क्षेत्रका परिसूचकमा भएको सुधार लगायतको कारण निरपेक्ष गरिबी २०.२७ प्रतिशत र बहुआयामिक गरिबी १७.४ प्रतिशतमा झरेको छ। मानव विकास सूचकाङ्क ०.६२२ रहेको छ। उपभोगमा आधारित जिनी गुणक ०.३० र लैङ्गिक विकास सूचकाङ्क ०.८८५ रहेको छ।

६.२ वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ६४ लाख नाघेको छ। औपचारिक क्षेत्र, वैदेशिक रोजगार, अनौपचारिक क्षेत्र र स्वरोजगार क्षेत्र समेत गरी करिब २० लाख ८० हजार श्रमिक सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्।

## गरिबी निवारण र रोजगारी

६.३ गरिब लक्षित विशेष कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म ११ जिल्लाका १ लाख ९६ हजार ६ सय १५ गरिब घर परिवारलाई गरिबी परिचय पत्र उपलब्ध गराइएको छ। हालसम्म ६० जिल्लामा गरिबी परिचयपत्र वितरण कार्य सम्पन्न भएको छ।

६.४ तराई-मधेशका २२ जिल्लाका २७८ पालिकामा सञ्चालनमा रहेको "**तराई-मधेश समृद्धि कार्यक्रम**" अन्तर्गत ४ सय आयोजना/परियोजना कार्यान्वयनमा रहेका छन्। यस कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म स्थानीय तहमा करिब १० हजार कार्यदिन बराबरको रोजगारी सिर्जना भएको छ।

६.५ **"तराई मधेश समृद्धि कार्यक्रम"** अन्तर्गत २०८१ असारसम्म विपन्न दलित गरिब, मुसहर, चमार, मुस्लिम लगायतका समुदायमा २,१७८ आवास निर्माण भई हस्तान्तरण भएको छ। विभिन्न प्रकारका १,२३२ सामुदायिक पूर्वाधार निर्माण भएका छन्। १८९.८ किलोमिटर साना सडक स्तरोन्नति भएको छ। कृषि विकास, खानेपानी तथा सरसफाइ, सिँचाइ तथा नदी नियन्त्रण, ऊर्जा र विपद् जोखिम न्यूनीकरण जस्ता क्षेत्रमा भौतिक पूर्वाधारसम्बन्धी कार्यक्रम समेत सञ्चालन भएका छन्।

६.६ मानव विकास सूचकाङ्कमा तुलनात्मक रूपमा पछाडि परेका उच्च पहाडी एवम् हिमाली क्षेत्रका स्थानीय तहलाई लक्षित गरी चालु आर्थिक वर्षदेखि **"उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक-सामाजिक सशक्तीकरण कार्यक्रम"** सञ्चालनमा आएको छ। चालु आर्थिक वर्ष सुदूरपश्चिम र कर्णाली प्रदेशका विभिन्न १३ जिल्लाका ६२ स्थानीय तहमा यस कार्यक्रम सञ्चालनमा रहेको छ।

६.७ **"प्रधानमन्त्री रोजगार कार्यक्रम"** अन्तर्गत आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म ७४३ स्थानीय तहमा ७ लाख ९७ हजार ७ सय २५ जना बेरोजगार व्यक्ति सूचीकृत भएका छन्। आर्थिक वर्ष २०८०/८१ मा ७३५ स्थानीय तहमा ८ लाख ८५ हजार १ सय ५३ बेरोजगार व्यक्ति सूचीकृत भएकोमा ६४ हजार ७ सय ३३ जनाले औसत ७९ दिनको रोजगारी प्राप्त गरेका थिए।

## श्रम

६.८ तीन तहका सरकार, निजी क्षेत्र, श्रमिक र विकास साझेदार समेतको सहभागितामा २०८१ फागुनमा पाँचौ राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन काठमाडौंमा सम्पन्न भएको छ। आर्थिक वर्ष २०८२/८३ देखि आर्थिक वर्ष २०९१/९२ सम्म आन्तरिक रोजगारी दशक घोषणा भएको छ।

६.९ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म ५८६ गैर-नेपाली नागरिकलाई श्रम स्वीकृति प्रदान गरिएको छ भने १,०८१ गैर-नेपाली नागरिकको श्रम स्वीकृति नवीकरण गरिएको छ। गत आर्थिक वर्षको सोही अवधिमा ५८९ गैर-नेपालीलाई श्रम स्वीकृति र ८५० गैर-नेपालीको श्रम स्वीकृति नवीकरण गरिएको थियो।

तालिका ६(क): श्रम स्वीकृति लिने गैर नेपाली नागरिकको सङ्ख्या

| विवरण | आर्थिक वर्ष | | | | | फागुनसम्म | |
|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८०/८१ | २०८१/८२ |
| नयाँ श्रम स्वीकृति | ११२६ | १०९० | ९५० | १३६९ | १०२० | ५८९ | ५८६ |
| श्रम स्वीकृति नवीकरण | ९६० | १३०० | १२३१ | १६२५ | १६६५ | ८५० | १०८१ |


स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८१ 	* फागुनसम्म

## वैदेशिक रोजगार

६.१० २०८१ फागुनसम्म वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या ६४ लाख ६१ हजार १९ पुगेको छ। यसमध्ये महिला ६.७ प्रतिशत र पुरुष ९३.३ प्रतिशत रहेका छन्।

६.११ चालु आर्थिक वर्षको फागुनसम्म ४१ हजार ३ सय २० महिला र २ लाख ७५ हजार ७ सय ४३ पुरुष गरी ३ लाख १७ हजार ६३ व्यक्तिले नयाँ श्रम स्वीकृति लिएका छन्।

चार्ट ६(क): वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिनेको स्थिति (सङ्ख्या हजारमा)




स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८१ * फागुनसम्म

६.१२ चालु आर्थिक वर्षको फागुनसम्म नवीकरणसहित नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या ५ लाख ३४ हजार ४ सय ७१ पुगेको छ। यसमध्ये महिला ११.३ प्रतिशत र पुरुष ८८.७ प्रतिशत रहेका छन्।

६.१३ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म ईपिएस प्रणाली मार्फत् ७,५०९ नेपाली कामदार दक्षिण कोरिया गएका छन्। यस्तो सङ्ख्या आर्थिक वर्ष २०८०/८१ मा १० हजार ८ सय ५५ रहेको थियो।

६.१४ चालु आर्थिक वर्षको फागुनसम्म वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारमध्ये सबैभन्दा बढी यूएई जान श्रम स्वीकृति लिने रहेका छन्। गत आर्थिक वर्षमा पनि नेपाली कामदारको लागि यूएई पहिलो रोजाईको मुलुकको रूपमा रहेको थियो।

**तालिका ६(ख) : वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिनेको विवरण** (प्रतिशतमा)

| देश | २०८०/८१ | | | २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | फागुनसम्म | | | | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| यूएई | ३२.०२ | २७.२६ | २७.९० | ३०.८४ | ४०.६४ | ३९.३६ |
| साउदी अरब | ०.४६ | १९.०४ | १६.५२ | ०.२५ | १८.६१ | १६.२२ |
| कतार | १२.६१ | ९.५३ | ९.९५ | ९.९५ | १०.६१ | १०.५२ |
| कुवेत | १६.३० | ५.३९ | ६.८७ | १५.०४ | ७.१९ | ८.२२ |
| जापान | ४.२६ | २.०७ | २.३७ | ८.७८ | ३.०३ | ३.७८ |
| बहराईन | १.१२ | १.०० | १.०१ | १.७६ | १.३ | १.३६ |
| ओमान | १.७३ | ०.४३ | ०.६० | १.७१ | ०.८८ | ०.९९ |
| मलेशिया | ३.३१ | १९.५५ | १७.३५ | ०.०६ | ०.३८ | ०.३४ |
| **अन्य** | २८.१८ | १५.७३ | १७.४२ | ३१.६० | १७.३६ | १९.२२ |
| **जम्मा** | **३८७५८** | **२४६६२४** | **२८५३८२** | **४१३२०** | **२७५७४३** | **३१७०६३** |

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८१

६.१५ २०८१ फागुनसम्म वैदेशिक रोजगारी लागि संस्थागत रूपमा १११ देशलाई खुला गरिएको छ। १,६७० म्यानपावर कम्पनीलाई श्रमिक पठाउन इजाजतपत्र प्रदान गरिएको छ।

६.१६ वैदेशिक रोजगारीमा गएका नेपाली आप्रवासी कामदार र तिनका परिवारलाई लक्षित गरी विभिन्न कल्याणकारी कार्यक्रम सञ्चालन हुँदै आएको छ।

**तालिका ६(ग): वैदेशिक रोजगारीको क्रममा मृत्यु हुनेहरूको सङ्ख्या र आर्थिक सहायताको विवरण**

| आर्थिक बर्ष | पुरुष | महिला | जम्मा | आर्थिक सहायता (रु. करोडमा) |
|---|---|---|---|---|
| २०७६/७७ | ६४५ | १६ | ६६१ | ४१.५४ |
| २०७७/७८ | १२१३ | २९ | १२४२ | ७३.७७ |
| २०७८/७९ | १३५६ | ३९ | १३९५ | ७२.०० |
| २०७९/८० | ११५९ | ४९ | १२०८ | ६५.५२ |
| २०८०/८१ | १४११ | ४७ | १४५८ | ६९.९९ |
| २०८१/८२* | ९२२ | ५२ | ९७४ | ६५.६७ |

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८१ *२०८१ फागुनसम्म

६.१७ चालु आर्थिक वर्षको फागुनसम्म वैदेशिक रोजगारीको सिलसिलामा ९२२ पुरूष र ५२ महिला गरी ९७४ नेपाली कामदारको मृत्यू भएको छ। यस अवधिमा मृतकका परिवारका सदस्य तथा नजिकका हकदारवालाले क्षतिपूर्ति बापत् रू.६५ करोड ६७ लाख ६० हजार प्राप्त गरेका छन्।

६.१८ चालु आर्थिक वर्षको फागुनसम्म वैदेशिक रोजगारीको क्रममा शारीरिकरूपमा अङ्गभङ्ग तथा बिरामी भएका ३१७ पुरुष र १९ महिला गरी ३३६ कामदारले आर्थिक सहायता बापत रू.१४ करोड ७४ लाख ८८ हजार प्राप्त गरेका छन्।

६.१९ संघ, प्रदेश र स्थानीय सरकारको साझेदारीमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम चौथो चरण (२०२४-२०२८) ६८ जिल्लाका २६७ स्थानीय तहमा सञ्चालनमा रहेको छ। उक्त कार्यक्रमबाट २०८१ फागुनसम्म ४ लाख ५४ हजार २ सय ३१ व्यक्तिले वैदेशिक रोजगारसम्बन्धी सेवा प्राप्त गरेका छन्।

तालिका ६(घ): वैदेशिक रोजगारीसम्बन्धी सेवा लिनेको सङ्ख्या

| आर्थिक वर्ष | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|---|---|
| आप्रवासी स्रोत केन्द्रमा सेवा लिन आएका सेवाग्राही | १०८८०३ | २३७९४६ | ४०१४२० | ७८२८८ | ४२४८८१ |
| कानुनी सहायता तथा परामर्श | ५३९३ | ६६४३ | ६५०८ | ७४१४ | ४३६६ |
| सीप विकास | ९५० | १७४७ | १५२८ | २१८७ | ० |
| मनोसामाजिक परामर्श सेवा | २३७४५ | ४७४१ | ३४०८ | ४२५२ | ३३४८ |
| वित्तीय साक्षरता | १३९४९ | १४३२० | १४७६१ | १५३०२ | २१६३६ |
| **जम्मा** | **१५२८४०** | **२६५३९७** | **४२७६२५** | ४५२२७२ | ४५४२३१ |

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८१ *फागुनसम्म

## योगदानमा आधारित सामाजिक सुरक्षा

६.२० चालु आर्थिक वर्षको फागुनसम्म औपचारिक क्षेत्रका ५ लाख ६८ हजार १ सय ८८, वैदेशिक रोजगारमा रहेका १५ लाख १० हजार ६३, अनौपचारिक क्षेत्रका ४४६ र स्वरोजगार क्षेत्रका ३०७ गरी २० लाख ७९ हजार ४ श्रमिक सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्।

तालिका ६(ङ): सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध श्रमिकको विवरण

| सूचीकृत योगदानकर्ता | २०८१ असारसम्म | २०८१/८२* | २०८१ फागुनसम्म |
|---|---|---|---|
| औपचारिक क्षेत्र | ५११९९५ | ५६१९३ | ५६८१८८ |
| वैदेशिक रोजगार | ९७९१०६ | ५३०९५७ | १५१००६३ |
| अनौपचारिक क्षेत्र | २९५ | १५१ | ४४६ |
| स्वरोजगार क्षेत्र | १४४ | १६३ | ३०७ |
| **जम्मा** | १४९१५४० | ५८७४६४ | २०७९००४ |

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,२०८१ *फागुनसम्म

६.२१ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म २० हजार २ सय ४४ रोजगारदाता सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्। संख्याको हिसाबले बागमती प्रदेशमा सबैभन्दा बढी र कर्णाली प्रदेशमा सबैभन्दा न्यून रोजगारदाता तथा योगदानकर्ता सूचीकृत भएका छन्।

**तालिका ६(च): सामाजिक सुरक्षा कोषमा आवद्ध रोजगारदाता र योगदानकर्ताको विवरण**

| विवरण /प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| सूचीकृत रोजगारदाता | | | | | | | | |
| २०७५/७६ | २०७ | १९९ | २४७४ | १४० | १६२ | २९ | ५० | ३२६१ |
| २०७६/७७ | १५८४ | २९८ | ५९७७ | ४३६ | ७२८ | ९५ | ८४ | ९२०२ |
| २०७७/७८ | ६९ | १२९ | १६९४ | १०४ | ३८८ | ५१ | ७३ | २५०८ |
| २०७८/७९ | २० | १५४ | १६७० | ११७ | १८२ | ५५ | ४३ | २२४१ |
| २०७९/८० | १८ | ५४ | ६४१ | ५२ | ३३ | २० | १५ | ८३३ |
| २०८०/८१ | १४५ | १४१ | ६७२ | ७८ | १०५ | ११ | १८ | ११७० |
| २०८१/८२* | १२० | ९२ | ६६४ | ६० | ७० | ८ | १५ | १०२९ |
| कुल जम्मा | २१६३ | १०६७ | १३७९२ | ९८७ | १६६८ | २६९ | २९८ | २०२४४ |
| सूचीकृत योगदानकर्ता (औपचारिक) | | | | | | | | |
| २०७५/७६ | १०४६ | १९७७ | १९७५० | ६९३ | ७९० | ७४ | ० | २४३३० |
| २०७६/७७ | १५४५० | ९५५२ | ९६९५९ | ५५३३ | ४३९० | २४६ | ५९२ | १३२७२२ |
| २०७७/७८ | १२३४५ | ५३४६ | ८७५४३ | ५२८७ | ५१४० | ४८८ | ५१९ | ११६६६८ |
| २०७८/७९ | ५३८० | २३४९ | ६००७८ | २०७५ | २६४५ | २९१ | २०६ | ७३०२४ |
| २०७९/८० | ७९०३ | ३२०२ | ६१२६५ | २५७१ | १८५० | २६४ | ३१५ | ७७३७० |
| २०८०/८१ | १२४४४ | ४८४१ | ६०५८५ | ५०१८ | ३९२१ | ५५५ | ५१७ | ८७८८१ |
| २०८१/८२* | ५३९० | ६८१ | ४५९८६ | १७७९ | १५१६ | १३१ | ७१० | ५६१९३ |
| कुल जम्मा | ५९९५८ | २७९४८ | ४३२१६६ | २२९५६ | २०२५२ | २०४९ | २८५९ | ५६८१८८ |

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८१ *फागुनसम्म

## सामाजिक सुरक्षा कोषमा योगदान

६.२२ चालु आर्थिक वर्षको फागुनसम्म कोषमा रू.७५ अर्ब ७५ करोड रकम सङ्कलन भएको छ भने गत आर्थिक वर्षको २०८०/८१ को सोही अवधिमा कोषमा रू.५१ अर्ब १४ करोड रकम सङ्कलन भएको थियो।

६.२३ २०८१ फागुनसम्म ६ लाख ७ हजार २ सय २४ योगदानकर्ताको करिब रु.१३ अर्ब ३७ करोड ५५ लाख दाबी भुक्तानी भएको छ।

६.२४ चालु आर्थिक वर्षको फागुनसम्म २ लाख १२ हजार ४ सय २८ योगदानकर्ताको करिब रु.३ अर्ब ५३ करोड २३ लाख दावी भुक्तानी भएको छ।

### तालिका ६(छ): दावी भुक्तानीसम्बन्धी विवरण (भुक्तानी रु.करोडमा)

| सुरक्षा योजना | एकाइ | २०७६ /७७ | २०७७ /७८ | २०७८ /७९ | २०७९ /८० | २०८० /८१ | २०८१ /८२ |
|---|---|---|---|---|---|---|---|
| औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना | सङ्ख्या | ३१५ | ३४९६ | १७२१० | ७२९४८ | १९०११५ | १८२२०७ |
| | भुक्तानी | ०.४४ | ३.९८ | १८.४२ | ३७.३७ | ६२.७७ | ५४.९४ |
| दुर्घटना तथा अशक्तता सुरक्षा योजना | सङ्ख्या | २४ | ११५ | ६९६ | २०५६ | ३२३८ | २६७८ |
| | भुक्तानी | ०.०२ | ०.२८ | १.९६ | ५.०४ | ६.४६ | ३.९ |
| आश्रित परिवार सुरक्षा योजना | सङ्ख्या | ६३ | ४०५ | ३२८४ | ५५५७ | ७६९३ | ६३६६ |
| | भुक्तानी | ०.०८ | ०.४६ | ३.२३ | ५.१४ | ६.९ | ५.३५ |
| वृद्ध अवस्था सुरक्षा योजना | सङ्ख्या | १७ | ११७४ | १९९३२ | ३३११६ | ३३३४२ | २११७७ |
| | भुक्तानी | ०.०५ | ८.९७ | १२७.६९ | २९७.४८ | ३९७.५८ | २८९.०४ |
| **जम्मा** | सङ्ख्या | ४१९ | ५१९० | ४११२२ | ११३६७७ | २३४३८८ | २१२४२८ |
| | भुक्तानी | ०.५९ | १३.६८ | १५१.३ | ३४५.०२ | ४७३.७१ | ३५३.२३ |

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८१ *फागुनसम्म

# ७. कृषि, वन तथा भूमिसुधार

७.१ राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डका रूपमा कृषि रहेको छ। अधिकाँश जनसङ्ख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेशामा संलग्न छन् भने कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान एक चौथाइ रहेको छ। कृषि प्रणालीलाई व्यवसायिक, प्रतिस्पर्धी र दिगो बनाउन कृषि नीति तथा रणनीति कार्यान्वयनमा रहेका छन्।

७.२ संघ, प्रदेश र स्थानीय तहमा कृषि तथा पशुपन्छी विकासका कार्यक्रम सञ्चालन हुँदै आएका छन्। कृषि अनुदानको वितरणमा वैज्ञानिक र व्यवस्थित प्रणाली अपनाउने, भूमि बैंकको अवधारणा कार्यान्वयन गर्ने र भूमि खण्डिकरण न्यूनीकरणका लागि तीन तहका सरकारबीचको नीतिगत समन्वयलाई प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

७.३ कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र उत्पादन वृद्धिमा सरकारी, निजी तथा सहकारी क्षेत्रको संलग्नता रहेको छ। रासायनिक मल, बीउबीजन, कृषि उपकरण लगायतका आगत (Inputs) मा अनुदान तथा सहुलियत उपलब्ध हुँदै आएको छ। त्यसैगरी, माटो परीक्षण, जैविक मल उत्पादन, जलवायु उत्थानशील कृषि प्रणाली प्रवर्द्धन र कृषिमा जोखिम न्यूनीकरण लगायतका विविध कार्यक्रम कार्यान्वयनमा रहेका छन्।

७.४ सिँचाइ पूर्वाधारको विस्तारसँगै सिञ्चित क्षेत्र बढेको छ। भूमि प्रशासनलाई प्रविधियुक्त बनाई सेवा प्रवाह सरलीकृत र सहज हुँदै गएको छ। वन क्षेत्रले ओगटेको क्षेत्रफल क्रमिक रूपमा बढ्दै गएको छ। वैज्ञानिक वन व्यवस्थापनलाई प्रभावकारी बनाउँदै आय आर्जनको स्रोतको रूपमा वनक्षेत्रको विकास गर्नुपर्ने आवश्यकता रहेको छ।

## कृषि

७.५ चालु आर्थिक वर्ष खाद्य स्वच्छता तथा गुण नियन्त्रण ऐन, २०८१, बीउ विजन नियमावली, २०८१, बाली तथा पशुधन बीमाको प्रिमियम अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१, किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१, पशु वधशाला र मासु जाँच नियमावली (पहिलो संशोधन), २०८१ कार्यान्वयनमा आएका छन्।

## न्यूनतम समर्थन मूल्य

७.६ कृषि उपजको उत्पादन लागतअनुसारको बिक्री मूल्य र बजारको सुनिश्चित गर्न धान, गहुँ, उखु, दूध, कफी लगायतका बाली तथा पशु उपजहरूको न्यूनतम समर्थन मूल्य निर्धारण गरी लागू गरिएको छ। चालु आर्थिक वर्षको लागि प्रति क्विन्टल धान (मोटा)

रू.३४१०.५१, धान (मध्यम) रू.३५८०.६२, गहुँ रू.३८६७.० र चैते धान रू.२८००.६९ को न्यूनतम समर्थन मूल्य तोकिएको छ।

**तालिका ७(क): न्यूनतम समर्थन मूल्य तोकिएका वस्तु**

| बाली | न्यूनतम समर्थन मूल्य (रू./क्वीण्टल) | | | | वृद्धिदर प्रतिशत |
|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८१/८२ |
| धान मोटा | २७५२ | २९६७ | ३१९८ | ३४१०.५१ | ६.६४ |
| धान मध्यम | २९०२ | ३१२८ | ३३६२ | ३५८०.६२ | ६.५ |
| चैते धान | - | - | २७०७.२८ | २८००.६९ | ३.४५ |
| गहुँ | ३१६५ | ३३५१ | ३६५०.१४ | ३८६७.० | ५.९४ |
| उखु | ५९०.० | ६१० | ६३५ | ५८५* | - |

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८१

नोटः चालु आर्थिक वर्षको न्यूनतम समर्थन मूल्यमा प्रोत्साहन अनुदान समावेश नगरिएकोले आर्थिक वर्ष २०८१/८२ को उखुको न्यूनतम समर्थन मूल्य गत आर्थिक वर्षको भन्दा कम देखिएको हो।

७.७ न्यूनतम समर्थन मूल्यबमोजिम आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म खाद्य व्यवस्था तथा व्यापार कम्पनीले ११ हजार ७ सय मेट्रिक टन धान खरिद गरेको छ। गत आर्थिक वर्ष प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहयोगमा कृषि सहकारी र खाद्य व्यवस्था तथा व्यापार कम्पनीले ७,६१० मेट्रिक टन धान न्यूनतम समर्थन मूल्यमा खरिद गरेका थिए।

७.८ आर्थिक वर्ष २०८१/८२ का लागि उखुको न्यूनतम खरिद मूल्य अनुदान बाहेक प्रति क्विन्टल रू.५८५ तोकिएको छ। गत आर्थिक वर्ष अनुदान बाहेक उखुको न्यूनतम खरिद मूल्य प्रति क्विन्टल रू.५६५ रहेको थियो। उखु प्रवर्द्धन खर्च वापत गत आर्थिक वर्ष ८ जिल्लाका ६५ हजार कृषकबाट उत्पादन भएको २ करोड ३ लाख क्विन्टल उखुका लागि प्रति क्विन्टल रू.७० का दरले रू.१ अर्ब ४२ करोड रकम अनुदान हस्तान्तरण भएको थियो। चालु आर्थिक वर्ष उखु कृषकलाई उखु प्रवर्द्धन खर्चवापत प्रदान गरिने अनुदानका लागि रू.२२५ करोड विनियोजन भएको छ।

**तालिका ७(ख): उखु किसानलाई प्रदान गरिएको प्रोत्साहन अनुदानसम्बन्धी विवरण**

| उखु बाली | इकाई | उखु उत्पादन र प्रोत्साहन अनुदान | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२# |
| उखु उत्पादन | लाख क्विण्टल | १४८.० | १४२.१ | १८८.५ | २०३.० | २३०# |
| खरिद मूल्य | रूपैयाँ प्रति क्विण्टल | ४७९.१ | ५२०.० | ५४०.० | ५६५.० | ५८५.० |
| उखु उत्पादन प्रोत्साहन अनुदान | रूपैयाँ प्रति क्विण्टल | ६५.३ | ७०.० | ७०.० | ७०.० | - |

| उखु बाली | इकाई | उखु उत्पादन र प्रोत्साहन अनुदान | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२# |
| कुल जम्मा खरिद मूल्य | रूपैयाँ प्रति क्विण्टल | ५४४.३ | ५९०.० | ६१०.० | ६३५.० | - |
| उखु उत्पादक कृषकलाई प्रोत्साहन अनुदान वितरण | रू.करोडमा | ९६.६ | ९९.५ | १३२.० | १४२.४ | - |

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८१ # अनुमानित

## अनुदान कार्यक्रम

७.९ चालु आर्थिक वर्ष २०८१/८२ मा संघीय सरकारबाट विनियोजित रू.३६ अर्ब १५ करोड कृषि अनुदानमध्ये २०८१ फागुनसम्म रू.११ अर्ब ७६ करोड खर्च भएको छ। गत आर्थिक वर्ष विनियोजित रू.३६ अर्ब १३ करोड ८० लाख मध्ये रू.२९ अर्ब ३१ करोड ८८ लाख खर्च भएको थियो।

## डिजिटल स्वायल म्याप

७.१० वि.सं. २०७७ फागुन १२ देखि शुभारम्भ भएको डिजिटल स्वायल म्याप कार्यक्रम अन्तर्गत हाल विभिन्न १५ प्रयोगशालामा जी.पी.एस. GPS विवरणसहित सङ्कलन भएका माटोको नमूना विश्लेषण गरिएको छ। शुरूमा ५६ जिल्लाका २३ हजार २ सय ७६ माटोको नमूना परीक्षण भएकोमा २०८१ फागुनसम्म ७७ जिल्लाका ३० हजार ५ सय ४८ माटोको नमूना परीक्षण गरी यसको विवरण प्रविष्ट गरिएको छ। माटोको नमूना परीक्षणवाट आएको नतिजा मलखाद एवं सूक्ष्म पोषक तत्वको मात्रा सिफारिश गर्न र माटोको गुण पूर्वानुमान गर्न प्रयोग हुने गरेको छ। साथै, माटोको विशेषतामा आधारित भई विभिन्न बाली नालीको उत्पादन सम्भाव्यताको परीक्षण समेत हुने गरेको छ।

## किसान सूचीकरण

७.११ किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ कार्यान्वयनमा आएको छ। २०८१ फागुनसम्म यस प्रणालीमा २० लाख ४९ हजार भन्दा बढी कृषक घरधुरी सूचीकृत भएका छन् । हालसम्म ५६ पालिकामा कृषक घरधुरी सूचीकरण कार्य सम्पन्न भएको छ।

## मञ्जुषा बक्स ७(क): रैथाने बाली प्रवर्द्धन कार्यक्रमको प्रभाव र हासिल उपलब्धी

विगतमा नेपालका विभिन्न भू-भागमा कोदो, फापर, जौ, जुनेलो, लट्टे, गहत, लौका, भोगटे, निवुवा, दारिमजस्ता रैथाने बालीको बढी मात्रामा उपभोग हुने गरेको थियो। यस्ता बालीको उत्पादन लागतको तुलनामा प्रतिफल न्यून रहेको र उपभोक्ताको खानपान शैलीमा आएको बदलावका कारण यस्ता बालीहरू क्रमश: लोपोन्मुख बन्दै गएका छन्। पछिल्लो समयमा भने खाद्य सुरक्षा, पोषण र जलवायु अनुकूलनको सन्दर्भमा यस्ता वालीको महत्त्व पुनः बढ्दै गएको छ। विशेषगरी, प्रोटिन, फाइबर, भिटामिन र खनिज प्राप्त हुने स्रोतको दृष्टिकोणले कोदोजन्य बालीहरू कुपोषण तथा मुटुरोग, मधुमेह र उच्च रक्तचाप जस्ता रोग नियन्त्रणमा उपयोगी देखिएका छन्। यस्ता बालीहरू पानीको स्रोत न्यून भएका र कम उर्वर भूमिमा समेत उत्पादन हुने गर्दछन्। साथै, रासायनिक मल र विषादीबिना पनि उत्पादन गर्न सकिने तथा जलवायु परिवर्तन अनुकुलित भएकाले पनि वैकल्पिक रूपमा उपयुक्त छन्। यस्ता बालीको तराईदेखि पहाडसम्म उत्पादन, मूल्य अभिवृद्धि, परिकार विविधिकरण र बजारिकरण प्रवर्द्धन गरी खाद्य तथा पोषण सुरक्षामा सुधार गर्नुपर्ने देखिन्छ। यसबाट साना कृषकको आय आर्जनमा वृद्धि हुनुका साथै मुलुक आधारभूत खाद्यान्नमा आत्मनिर्भर बन्न सघाउ पुग्ने देखिन्छ। यसै तथ्यलाई दृष्टिगत गरेर आर्थिक वर्ष २०७५/७६ देखि नै अभियानमूलक रूपमा तीन तहका सरकारहरुको संलग्नता र सहकार्यमा कोदोजन्य रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन हुँदै आएको छ।

रैथाने बालीको खेतीप्रति आकर्षण र यस्ता बालीको उपभोग बढाउन अनुदान सहयोग गर्ने, प्रशोधन उद्योग खोल्न सहयोग गर्ने, प्याकेजिङ्ग, लेवलिङ्ग र ब्रान्डिङ्ग लगायतका कृयाकलापहरु सञ्चालन गर्न आवश्यक छ। रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्थानीय पालिकालगायत सरकारी निकायहरूले सभा, बैठक, विद्यालय खाजा कार्यक्रम जस्ता अवसरमा स्थानीय रैथाने बालीबाट बनेका परिकार प्रयोग गर्ने व्यवस्था गरिएको छ। साथै, कृषि सहकारी मार्फत बजारीकरण, स्थानीय पाठ्यक्रममा समावेश, सामुदायिक बीउ बैंक स्थापना, लोपोन्मुख जातको संरक्षण तथा साटासाट, र राष्ट्रिय बीउ विजन समितिमा दर्ता गरी बीउको व्यवसायिक कारोबारसमेत प्रोत्साहित गरिएको छ।

रैथाने बाली प्रवर्द्धन कार्यक्रमको कार्यान्वयन गर्न स्थानीय तहलाई संघीय सशर्त अनुदान समेत प्रदान हुने गरेको छ। यस कार्यक्रममा हालसम्म करिब २०० स्थानीय तह सहभागी भइसकेका छन्। कार्यक्रम लागू भएदेखि कोदो लगायतका रैथाने बालीको खेती वृद्धि, विद्यालय दिवा खाजामा प्रयोग, र बजारिकरणमा प्रगति भएको छ। काठमाडौं लगायतका शहरमा रैथाने उत्पादनको माग बढेसँगै थोक/खुद्रा पसल, कृषि हाटबजार, होटल र होमस्टेहरू पनि विस्तार हुँदै गएका छन्। सरकारी तथा सार्वजनिक निकायहरूले औपचारिक कार्यक्रमहरूमा रैथाने परिकारको प्रयोग गर्न थालेका छन्।

रैथाने बाली प्रवर्द्धन मार्फत खाद्य सुरक्षा र पोषणको अवस्थामा सुधार हुनुको साथै ग्रामीणस्तरमा रोजगारी तथा आय वृद्धि हुने र समग्रमा दिगो तथा आत्मनिर्भरमूखी कृषि अर्थतन्त्र विकासमा टेवा पुग्ने देखिन्छ। रैथाने बाली प्रवर्द्धन कार्यक्रमबाट प्राप्त उपलव्धिलाई संस्थागत गर्न तथा यस अभियानलाई थप विस्तार गर्न आवश्यक छ।

## कृषि तथा पशुधन बीमा

७.१२ बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ लागू भएको छ। यस कार्यविधि अनुसार रू. ५० लाखसम्मको बीमाङ्क रकममा ८० प्रतिशत, रू. ५० लाखदेखि रू. १ करोडसम्मको बीमाङ्क रकममा ६५ प्रतिशत र रू. १ करोड भन्दा बढी बीमाङ्क रकममा बीमा प्रिमियमको ५० प्रतिशत अनुदान दिने व्यवस्था रहेको छ।

७.१३ आर्थिक वर्ष २०८०/८१ मा कृषि बीमा अन्तर्गत रू.२ अर्ब २ करोड बराबर बीमा प्रिमियम (बीमा शुल्क) सङ्कलन भएको छ। सङ्कलित बीमा प्रिमियममध्ये सरकारवाट बाली बीमातर्फ रू. ३३ करोड ७९ लाख र पशुधन तथा मत्स्य बीमातर्फ रू. १ अर्ब २७ करोड ९ लाख समेत गरी कुल रू. १ अर्ब ६१ करोड ७२ लाख बीमा प्रिमियम अनुदान उपलब्ध भएको छ।

७.१४ बाली तथा पशुधन बीमा व्यवस्थापन कार्यमा विद्युतीय प्रणालीको शुरूवात भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म ९९ हजार ७ सय ९० कृषि बीमालेख जारी भएको छ। साथै, पशुपन्छी बीमावापत रू.७७ करोड ३४ लाख र बाली बीमातर्फ रू.७ करोड ४६ लाख गरी बीमित किसानले रू.८४ करोड ८० लाख प्राप्त गरेका छन्।

तालिका ७(ग): विगत पाँच वर्षको बाली तथा पशुधन बीमाको अवस्था (रू. करोडमा)

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| बीमाङ्क रकम | २६३८.०२ | ४३३०.३० | ५००३.५५ | ५११०.४० | ४२१३.५४ |
| वृद्धि प्रतिशत | १९.४ | ६४.१ | १५.५ | २.१३ | -१७.५५ |
| बीमा शूल्क | ११८.१७ | १९३.९९ | २१९.१९ | २३१.३८ | २०२.८५ |
| वृद्धि प्रतिशत | १७.६ | ६४.२ | १३.० | ५.५६ | -१२.३३ |
| अनुदान | ८८.६३ | १४५.४९ | १६५.०७ | १८४.८६ | १६१.७२ |
| वृद्धि प्रतिशत | १७.८ | ६४.२ | १३.४ | १२.० | -१२.५५ |

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८१/नेपाल बीमा प्राधिकरण, २०८१

## कृषि क्षेत्रका कार्यक्रम

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

७.१५ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत २०८१ फागुनसम्म विभिन्न बाली र वस्तुका २१ सुपरजोन, २०६ जोन, १,६६४ ब्लक र ९,१६२ पकेट सञ्चालनमा छन्।

७.१६ यस परियोजना मार्फत आर्थिक वर्ष २०८०/८१ मा सम्पादित कार्यक्रमबाट १ लाख ४ हजार ६ सय ६६ महिला तथा १ लाख ७ हजार ३ सय ३ पुरुष गरी कुल २ लाख ११ हजार ९ सय ६९ घरपरिवार प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

७.१७ परियोजना मार्फत Land Consolidation र Crop Pooling गरी चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म थप ८७ हेक्टर जमीनमा चक्लाबन्दी भई २०८१ फागुनसम्म ७,७९० हेक्टरमा चक्लाबन्दी खेती विस्तार भएको छ। जोन/सुपरजोनतर्फ कृषि यान्त्रिकीकरण प्रवर्द्धनका लागि ६०६ कष्टम हायरिङ्ग सेन्टर स्थापना भई ५४ हजार १ सय ८२ विभिन्न प्रकारका साना मेशिनरी औजार वितरण भएका छन्।

७.१८ चालु आर्थिक वर्षको फागुनसम्म धान, गहुँ, मकै लगायत खाद्यान्न बालीको क्षेत्रफल ३,३७८ हेक्टरले विस्तार भई २०८१ फागुनसम्म ३४ हजार ४ सय ७२ हेक्टर पुगेको छ। गत आर्थिक वर्ष यस्ता बालीको क्षेत्रफल ३,१२२ हेक्टरले विस्तार भएको थियो। यसैगरी, तरकारी र आलु बालीको क्रमशः ११६ हेक्टर र १४८ हेक्टर क्षेत्रफल विस्तार भई क्रमशः ६,३६९ हेक्टर र ३,४८९ हेक्टर पुगेको छ।

७.१९ २०८१ फागुनसम्म १,८४० हेक्टर मत्स्यपोखरी निर्माण सम्पन्न भई प्रत्येक आर्थिक वर्ष थप १० हजार ६ सय १४ मेट्रिक टन माछा उत्पादन हुने गरेको छ।

७.२० साना सिँचाइ प्रणाली निर्माण तथा मर्मत सम्भार कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म ३१६ साना सिँचाइ निर्माण भई ६१२ हेक्टर क्षेत्रमा थप सिँचाइ सुविधा विस्तार भएको छ। यससँगै २०८१ फागुनसम्म ३१ हजार ३ सय ६ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा विस्तार भएको छ। २०८१ असारसम्म ३० हजार ६ सय ९४ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा विस्तार भएको थियो।

७.२१ "सिक र कमाउ" मोडल अन्तर्गत २०८१ फागुनसम्म ३१५ प्राविधिक शिक्षालयसँगको सहकार्यमा १३ हजार ७ सय ४८ जना विद्यार्थी लाभान्वित भएका छन्। "कृषि ईन्टर्न परिचालन" अन्तर्गत २०८१ फागुनसम्म ३,३०९ विद्यार्थीलाई कृषि ईन्टर्नको रूपमा विभिन्न परियोजना कार्यान्वयन इकाइ र फर्म केन्द्रमा परिचालन गरिएको छ।

७.२२ २०८१ फागुनसम्म स्थानीय तहको लागत सहभागितामा खाद्यान्न बीउ स्रोत केन्द्र ८६, पशु नश्ल स्रोत केन्द्र ७६, प्लाष्टिक टनेल निर्माण ५,४९५ र बाख्रा/भेडा/च्याङ्ग्रा खोर १,५१३ निर्माण भएको छ।

७.२३ २०८१ फागुनसम्म २९८ सङ्कलन एवम् भण्डारण घर, २९ गोदाम घर, ७५ चिस्यान घर, ६८ रष्टिक स्टोर, २२ सेलार स्टोर, ७५८ सुधारिएको अलैंची भट्टी, ६४ जिउँदो माछा पसल, १३६ प्राथमिक प्रशोधन उद्योग, १२४ ढुवानी साधन र १५ केरा राइपेनिङ्ग च्याम्बर सञ्चालनमा रहेका छन्।

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जोन/सुपर जोनको राष्ट्रिय उत्पादनमा हिस्सा

७.२४ यस परियोजना अन्तर्गत तेलहन र दलहन वाहेकका कृषिजन्य वस्तुको उत्पादकत्व राष्ट्रिय उत्पादकत्व भन्दा उच्च रहेको छ। राष्ट्रिय उत्पादकत्वको तुलनामा स्याउ, केरा, आँप, सुन्तलाजात फलफूल, आलुबाली, तरकारी लगायतको उत्पादकत्व उल्लेख्य रूपमा बढेको छ।

**तालिका ७(घ): जोन/सुपरजोनको उत्पादन र उत्पादकत्वको तुलनात्मक स्थिति**

| बाली/वस्तु | परियोजना क्षेत्रफल/उत्पादन | | राष्ट्रिय क्षेत्रफल/ उत्पादन | | जोन/सुपरजोनको हिस्सा (%) | | उत्पादकत्व (मेट्रिक टन प्रति हेक्टर) | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे./सङ्ख्या) | उत्पादन (मे.टन) | क्षेत्रफल (हे./सङ्ख्या) | उत्पादन (मे.टन) | क्षेत्रफल/ सङ्ख्या | उत्पादन | परियोजना | राष्ट्रिय |
| धान | ६५०८३ | ३११७४७ | १४२०६३६ | ५९५५४७६ | ४.४ | ६.०७ | ४.७९ | ४.१९ |
| मकै | १८५५३ | ८८६८३ | ९८५५६५ | ३१६०३९७ | १.८८ | २.८० | ४.७८ | ३.४६ |
| गहुँ | ४२६६ | १५६९८ | ७१६९७८ | २१४४५६८ | ०.५९ | ०.७३ | ३.६८ | २.९९ |
| तरकारी | १८४३० | ३२६२११ | २८९८३९ | ४१५३१५७ | ६.३५ | ७.८५ | १७.७ | १४.३२ |
| आलु | १२३४५ | २८७३९१ | १९८२५६ | ३४१०८२९ | ६.२२ | ८.४२ | २३.२८ | १६.८ |
| स्याउ | ८१०८ | २१०८७ | १३८१३ | ५२७५३ | ५६.५४ | ४३.३८ | १०.२ | ८.४५ |
| सुन्तालाजात | ९४३१ | ७३८१८ | ३४५७७ | २२७९३५ | २६.०८ | ३२.४ | ११.६९ | ९.५१ |
| केरा | २८५६ | १११६३४ | २१४१३ | ३३९३९६ | १३.३३ | ३२.९ | ४१.३ | १५.८५ |
| आँप | २७४५ | १८०७० | ४३६८८ | ४६२६६ | ५.८३ | ३९.०६ | १६.६ | १२.३० |
| अलैचीं | ५७८६ | २९९५ | १५९७५ | ८७१४ | ३५.३ | ३४.४ | ०.५६ | ०.५५ |
| दलहन | १७५५ | २१०६ | ३३४५५० | ४०८३७१ | ०.५२ | ०.५१ | १.२ | १.१८ |
| तेलहन | २२०० | ३५२० | २६०६४५ | २८७३४४ | ०.८५ | १.२६ | १.६ | १.१२ |
| दूध* | १७३०० | ४३४०७७ | २८३९६८३ | २५६६६१४ | ०.६१ | ५.७४ | २६०० | १०५० |
| माछा | ६३३९ | ३६७६६ | १३८५४ | १०८३८५ | ४५.७५ | ३३.९२ | ५.८ | ५.४६ |
| मासु | १७७५८० | २८७७ | १५१३७६२५ | १०५१६९ | १.१७ | ४.४६ | १६.२ | १४.८३ |
| मह/घार सङ्ख्या | ३६६७५ | ११०० | २४८९९५ | ५१६८ | १४.७३ | २१.२८ | ०.०३ | ०.०२ |

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८१

*गाई/भैंसीको औसत दूध दिने अवधि ३०० दिनका आधारमा दूध उत्पादन गणना गरिएको।

**मञ्जुषा बक्स ७(ख): जी-९ जात प्रवर्द्धन मार्फत चितवनमा केरा खेतीको सफलता**

केरा खेतीको विस्तारका लागि १ सुपरजोन र ४ जोन मार्फत चक्लाबन्दी खेती, साना सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार, उन्नत प्रविधिसहित क्षेत्र विस्तार, राइपेनिङ्ग च्याम्बर निर्माण, कृषि यन्त्र औजार उपकरण सहयोग, टिस्यु कल्चर बिरुवा उत्पादन तथा वितरण सहयोग जस्ता कार्यक्रम सञ्चालनमा रहेका छन्।

चितवन जिल्लामा आर्थिक वर्ष २०७५/७६ मा केरा जोन शुरू हुँदा मालभोग जातको केरामा पानामा रोगको प्रकोपले केराको बगैचाहरू नष्ट हुदै गइरहेको अवस्थामा यस रोग प्रतिरोधी जातको खोजीमा जी-९ जातको परीक्षण सुरू भएको थियो। परियोजना मार्फत जी-९ जातको केरा प्रवर्द्धन गरी २०८१ असारसम्म ४०० हेक्टर बढी क्षेत्रफलमा केरा खेती विस्तार भएको छ। जी-९ जातको केराको औसत उत्पादकत्व ४५.५० मेट्रिक टन प्रति हेक्टर रहेको छ। मालभोग जातको केराको उत्पादकत्व ३२.२० मेट्रिक टन प्रति हेक्टर मात्र रहेको छ। हाल चितवन केरा सुपरजोनका कृषकहरूले जी-९ जातको केरा खेती मार्फत रू. ५० करोड बरावरको केरा विक्री गरी करिब रू. २२ करोड ६७ लाख खुद नाफा गर्न सफल भएका

## कृषिजन्य बालीको उत्पादन स्थिति

७.२५ चालु आर्थिक वर्षमा सबै बालीको उत्पादन सामान्यरूपमा बढ्ने अनुमान छ। धान, गहुँ, मकै लगायत खाद्यान्न बालीको उत्पादन २.६७ प्रतिशत तथा नगदेबालीको उत्पादन २.०१ प्रतिशतले बढ्ने अनुमान छ। यस्तै, औद्योगिक बालीको उत्पादन ४.४२ प्रतिशत, दलहन बाली ३.२९ प्रतिशत, मसलाबाली ११.६४ प्रतिशत, फलफूल बाली ०.१७ प्रतिशत र तरकारी उत्पादन ६.६८ प्रतिशतले वृद्धि हुने अनुमान छ।

७.२६ चालु आर्थिक वर्षमा धानको उत्पादन ४.०४ प्रतिशतले वृद्धि भई जम्मा उत्पादन ५९ लाख ५५ हजार ४ सय ७६ मेट्रिक टन पुगेको छ। चालु आर्थिक वर्ष धानबालीको औसत उत्पादकत्व ५.३८ प्रतिशतले वृद्धि भई ४.१९ मेट्रिक टन प्रति हेक्टर पुगेको छ।

७.२७ कृषि बालीको उत्पादन र क्षेत्रफल दुवैमा खाद्यान्न बालीको हिस्सा उच्च रहँदै आएको छ। चालु आर्थिक वर्ष कुल बाली उत्पादनको परिमाणमा खाद्यान्न बालीको अंश ४५.५२ प्रतिशत, तरकारी १८.५९ प्रतिशत, नगदेबाली १५.१५ प्रतिशत, औद्योगिक बाली ११.४७ प्रतिशत, फलफूल ५.९३ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष कुल बाली उत्पादनको परिमाणमा खाद्यान्न बालीको अंश ४५.९ प्रतिशत, तरकारी १८.०४ प्रतिशत, नगदेबाली १५.३८ प्रतिशत, औद्योगिक बाली ११.३७ प्रतिशत तथा फलफूल ६.१३ प्रतिशत रहेको थियो।

७.२८ आर्थिक वर्ष २०८१/८२ मा कृषि बाली लगाइएको क्षेत्रफलमध्ये खाद्यान्न बाली लगाइएको क्षेत्रफल ७०.९६ प्रतिशत रहने अनुमान छ। त्यसैगरी नगदेबाली ९.९८ प्रतिशत, तरकारी ६.९६ प्रतिशत, दलहन बाली ५.६१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष खाद्यान्न बाली लगाइएको क्षेत्रफल ७१.४८ प्रतिशत, नगदेबाली ९.७८ प्रतिशत, तरकारी ६.७७ प्रतिशत, दलहन बाली ५.६१ प्रतिशत रहेको थियो।

**तालिका ७(ङ): प्रमुख कृषि बालीको तीन वर्षको उत्पादन स्थिति**

उत्पादन (हजार मेट्रिक टनमा)/क्षेत्रफल (हजार हेक्टरमा)/घार सङ्ख्या (हजारमा)

| बालीको नाम | उत्पादन/ क्षेत्रफल | आर्थिक वर्ष | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२* | २०८०/८१ | २०८१/८२* |
| खाद्यान्न बाली | क्षेत्रफल | ३३४३ | ३२९२ | ३३०६ | -१.५४ | ०.४४ |
| | उत्पादन | १०९०६ | ११२९४ | ११५९६ | ३.५६ | २.६७ |
| नगदे बाली | क्षेत्रफल | ४४८ | ४५१ | ४६५ | ०.६० | ३.२४ |
| | उत्पादन | ३७४३ | ३७८४ | ३८६० | १.११ | २.०१ |
| औद्योगिक बाली | क्षेत्रफल | ९४ | ८८ | ९० | -६.६३ | २.४५ |
| | उत्पादन | ३१६७ | २७९८ | २९२२ | -११.६५ | ४.४२ |
| दलहन बाली | क्षेत्रफल | २९६ | २५८ | २६१ | -१२.८१ | १.११ |
| | उत्पादन | ३४० | २७७ | २८६ | -१८.७२ | ३.२९ |
| मसला बाली | क्षेत्रफल | ७० | ६६ | ७२ | -६.०० | १०.०७ |
| | उत्पादन | ५६९ | ५०६ | ५६५ | -११.०७ | ११.६४ |
| फलफूल | क्षेत्रफल | १३९ | १३९ | १४० | ०.२० | ०.५९ |
| | उत्पादन | १५२६ | १५०९ | १५११ | -१.११ | ०.१७ |
| तरकारी | क्षेत्रफल | ३०२ | ३१२ | ३२४ | ३.२३ | ३.९८ |
| | उत्पादन | ४३७६ | ४४४० | ४७३७ | १.४६ | ६.६८ |
| मह (घार) | घार सङ्ख्या | २४५.०१ | २५० | २५५ | २.०४ | २.० |
| | उत्पादन | ४.३ | ४ | ४ | १.४० | १.५४ |

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८१ *अनुमानित

द्रष्टव्यः खाद्यान्न बालीमा धान, गहुँ, मकै, कोदो, जौ र फापर समावेश गरिएको छ। नगदे बालीमा आलु र तेलहनलाई समावेश गरिएको छ। औद्योगिक बालीमा उखु, जुट, चिया, कफी र कपासलाई समावेश गरिएको छ भने दलहन बालीमा मसुरो, चना अरहर, मास भटमास, ग्रास पी, गहत र अन्य दलहनबाली समावेश गरिएको छ। मसला बालीमा अलैची, अदुवा, लसुन, बेसार र खुर्सानी समावेश गरिएको छ। उत्पादनसम्बन्धी विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ।

## तरकारी, आलु र मसलाबालीको बीउ उत्पादन

७.२९ तरकारी खेती करिब ३ लाख २ हजार १ सय ३५ हेक्टर क्षेत्रफलमा हुने गरेको छ। उक्त क्षेत्रफ़लको लागि २,६२९ मेट्रिक टन तरकारीको बीउ आवश्यक पर्ने भएकोमा स्वदेशमा करिब २२.० प्रतिशत मात्र उत्पादन हुने गरेको छ।

७.३० आलु खेती करिब २ लाख १३ हजार १ सय २९ हेक्टर क्षेत्रफलमा हुने गरेको छ। मुलुकमा आलुको उत्पादन करिब ३५ लाख ७७ हजार ६ सय ६६ मेट्रिक टन र उत्पादकत्व १६.८ मेट्रिक टन प्रति हेक्टर रहेको छ। करिब ४ लाख ७ हजार ६ सय २४ मेट्रिक टन आलुको बीउ माग रहेकोमा करिब ५० प्रतिशत आलुको बीउ कृषकद्वारा पूर्ति हुने गरेको छ।

७.३१ देशभरि पूर्व मूल बीउ आलु (PBS) करिब ९.५ लाख दाना माग भइरहेकोमा सरकारी क्षेत्रबाट २.२५ लाख र निजी क्षेत्रबाट ५.७५ लाख गरी ८ लाख दाना पूर्व मूल बीउ उत्पादन हुने गरेको छ।

## मौरी पालन तथा मह उत्पादन

७.३२ देशभरी रहेका करिब २ लाख ७२ हजार १३ मौरी गोला सङ्ख्यामा सरदर प्रति गोला एपिस मेलिफेरामा ३०-३५ किलो र एपिस सेरेनामा ८-१५ किलोको दरले मह उत्पादन हुने गरेको छ। चालु आर्थिक वर्षको फागुनसम्म करिब ३,८७५ मेट्रिक टन मह उत्पादन भएको छ। गत आर्थिक वर्ष यस्तो उत्पादन ४,९४५ मेट्रिक टन रहेको थियो।

## च्याउ उत्पादन

७.३३ देशभर कुल ८० च्याउ बीउ उत्पादन प्रयोगशाला रहेका छन्। च्याउ खेती ३५ जिल्लामा व्यावसायिक रूपमा विस्तार भएको छ। आर्थिक वर्ष २०८०/८१ मा कन्ये च्याउ, गोब्रे च्याउ, सिताके च्याउ, मिल्कि च्याउ, राजा च्याउ, ग्यानोडर्मा च्याउ समेत गरी २३,१४४ मेट्रिक टन च्याउ र २,९८९ मेट्रिक टन च्याउ बीउ उत्पादन भएको थियो।

## फलफूल बेर्ना तथा बिरुवा उत्पादन

७.३४ फलफूल बालीका विभिन्न स्थानीय एवम् रैथाने जातको संरक्षणको लागि सबै संघीय सरकारी फार्म केन्द्रमा फिल्ड जीन बैंक स्थापना भएको छ।

७.३५ चालु आर्थिक वर्ष फलफूलको क्षेत्रफल, उत्पादन र उत्पादकत्व वृद्धि हुने अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा १ लाख ९० हजार २ सय ३१ हेक्टर क्षेत्रफलमा १५ लाख ११ हजार २ सय २७ मेट्रिक टन फलफूल उत्पादन हुने अनुमान छ।

७.३६ चालु आर्थिक वर्ष हिउँदे फलफूल विरुवाको उत्पादन २१.६ प्रतिशत र सुन्तलाजात फलफूल र बर्षे फलफूल उत्पादन करिब १८.० प्रतिशतले वृद्धि हुने अनुमान छ। गत आर्थिक वर्ष सरकारी फार्मबाट सुन्तलाजात फलफूल ४६ हजार १ सय ९५, वर्षे फलफूल २ लाख १३ हजार ५ सय २६ र हिउँदे फलफूल २४ हजार ९ सय ६ गरी २ लाख ८४ हजार १ सय १ विरुवा उत्पादन भएको थियो।

## प्रमुख खाद्यान्न बालीको स्रोत बीउ उत्पादन तथा व्यवस्थापन

७.३७ गत आर्थिक वर्ष खाद्यान्न बालीको बीउ प्रतिस्थापन दर २३.६१ प्रतिशत, तेलहन बाली १३.९४ प्रतिशत र दलहन बाली ५.३५ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७९/८० यस्तो दर क्रमशः २३.७२ प्रतिशत, १३.५२ प्रतिशत र ५.७७ प्रतिशत रहेको थियो।

७.३८ चालु आर्थिक वर्षको फागुनसम्म सरकारी फर्म केन्द्रबाट धान ५२८ मेट्रिक टन, मकै ९२ मेट्रिक टन र गहुँ २,९७८ मेट्रिक टन स्रोत बीउ उत्पादन भएको छ। यससँगै तोरी, मुसुरो लगायतका अन्य बाली समेत गरी ३,६१२ मेट्रिक टन स्रोत बीउ उत्पादन भएको छ।

७.३९ आर्थिक वर्ष २०८०/८१ मा धान ३,७९८.७५ मेट्रिक टन, गहुँ ३,९२८.१२ मेट्रिक टन र मकै २२२.२३ मेट्रिक टन, मुसुरो १९.२२० मेट्रिक टन र तोरी ३९१.७६ मेट्रिक टन, तरकारी १११.९८ मेट्रिक टन, घाँस ३.४५ मेट्रिक टन, अन्य बाली ५.५३ मेट्रिक टन गरी कुल जम्मा ८,४८१.०५ मेट्रिक टन स्रोत बीउ (मूल/स्रोत तथा प्रमाणित/लेबल स्तर) उत्पादन भएको थियो।

७.४० चालु आर्थिक वर्षको फागुनसम्म उन्नत बीउ १६ हजार ५ सय ९० मेट्रिक टन उत्पादन भएको छ। गत आर्थिक वर्ष ९,७३१ मेट्रिक टन धान, ८०७ मेट्रिक टन मकै, १४ हजार ७ सय ५३ मेट्रिक टन गहुँ, ५६ मेट्रिक टन चैते धान, २४६ मेट्रिक टन मुसुरो र ९३ मेट्रिक टन तोरी लगायत अन्य बाली (घाँस, तरकारी, अन्य दलहन, तेलहन) ५२८ मेट्रिक टन उन्नत बीउ उत्पादन भएको थियो।

७.४१ चालु आर्थिक वर्षको फागुनसम्म विदेशमा विकास भएका उच्च उत्पादन दिने मकै बालीको ३,५६८ मेट्रिक टन, धान बालीको १,१७८ मेट्रिक टन, तरकारी बालीको ३४२ मेट्रिक टन र घाँस बालीको ३९३ मेट्रिक टन बीउ बिजन आयातका लागि अनुमतिपत्र प्रदान गरिएको छ। गत आर्थिक वर्ष ६,७४१ मेट्रिक टन बीउ बिजन आयातका लागि अनुमतिपत्र जारी भएको थियो।

७.४२ आर्थिक वर्ष २०८१/८२ मा खाद्यान्न बाली, फलफूल तथा घाँसका ३०४ जात र २० वटा हाइब्रिड जात उन्मोचन/पञ्जीकरणका भएका छन्।

## पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन स्थिति

### पशुपन्छीजन्य खाद्य पदार्थको आवश्यकता र उपलब्धता

७.४३ मानिसलाई क्रियाशील जीवन व्यतित गर्न तथा स्वस्थ रहन प्रति के.जी. शारीरिक तौल बराबर भोजनमा कम्तीमा ०.८ देखि १ ग्राम प्रोटिनको आवश्यकता पर्दछ। संयुक्त राष्ट्रसंघको कृषि तथा खाद्य संगठनका अनुसार एक वयस्क व्यक्तिलाई वार्षिक न्यूनतम ९१ लिटर दूध, १४ किलोग्राम मासु र ४८ गोटा अण्डा आवश्यक पर्दछ। हालसम्मको उपलब्धि हेर्दा प्रति व्यक्ति प्रति वर्ष अण्डा र मासुको उपलब्धता यसको न्यूनतम आवश्यकता भन्दा बढी रहेको र दूधको उपलब्धता भने केही न्यून रहेको छ।

**तालिका ७(च): माछा र पशुपन्छीजन्य वस्तुको उत्पादन, उपलब्धता र न्यूनतम आवश्यकता**

न्यूनतम आवश्यकता र उपलब्धता (अण्डा गोटा, मासु र दूध के जी प्रतिव्यक्ति प्रतिवर्ष)

| वस्तु | एकाई | आर्थिक वर्ष | | | | आर्थिक वर्ष २०७९/८० | |
|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* | न्यूनतम आवश्यकता | उपलब्धता |
| अण्डा | करोड गोटा | १३३ | १६० | १६५ | १६९ | ४८ | ५५ |
| मासु | हजार मे.ट. | ५१२ | ४३० | ४४८ | २९८ | १४ | १५ |
| माछा | हजार मे.ट. | १०८ | ११३ | १२३ | ७६ | - | ४.१ |
| दूध | हजार मे.ट. | २५६६ | २६१४ | २६८४ | १७८९ | ९१ | ८९.६ |

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८१ 


* फागुनसम्म

७.४४ विगत तीन दशकदेखि सञ्चालित कृत्रिम गर्भाधान सेवा, नश्ल सुधार कार्यक्रम, सन्तुलित आहाराको उपलब्धता, पशु रोग नियन्त्रण र पशुपालनका असल अभ्यासको प्रवर्द्धनले उन्नत नश्लका गाईभैंसीको सङ्ख्या तथा उत्पादकत्वमा उल्लेख्य वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ मा कुल दूध उत्पादन करिव २.७ प्रतिशतले वृद्धि भई दूधको उपलब्धता ८९.६ लिटर प्रति व्यक्ति प्रति वर्ष पुगेको छ।

७.४५ चालु आर्थिक वर्षको फागुनसम्म दूध उत्पादन १७ लाख ८९ हजार मेट्रिक टन पुगेको छ। गत आर्थिक वर्ष २०८०/८१ मा दूध उत्पादन २६ लाख ८४ हजार मेट्रिक टन रहेको थियो। यसमध्ये गाईबाट उत्पादन भएको दूधको हिस्सा ४७.८ प्रतिशत र भैंसीबाट उत्पादन भएको दूधको हिस्सा ५२.२ प्रतिशत रहेको थियो।

७.४६ आर्थिक वर्ष २०८०/८१ मा व्यवसायिक लेयर्सको सङ्ख्यामा वृद्धि हुँदा अण्डा उत्पादन २.४ प्रतिशतले वृद्धि भई प्रति व्यक्ति प्रति वर्ष अण्डाको उपलब्धता ५५.५ गोटा पुगेको छ।

चार्ट ७(क)ः प्रतिव्यक्ति प्रतिवर्ष दूध (लिटर) र अण्डा (गोटा) को उपलब्धता




स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८१

७.४७ आर्थिक वर्ष २०८०/८१ मा राँगा भैंसी, भेडा, सुंगुर/बंगुर तथा खसीबोकाको मासु उत्पादनमा वृद्धि भएकोले मासु उत्पादन ४.१ प्रतिशतले वृद्धि भई करिब ४ लाख ४८ हजार मेट्रिक टन पुगेको छ। यससँगै प्रति व्यक्ति प्रति वर्ष मासुको उपलब्धता १५ के.जी. पुगेको छ।

७.४८ चालु आर्थिक वर्षको फागुनसम्म खाने माछाको उत्पादन ७५.८ हजार मेट्रिक टन रहेको छ। गत आर्थिक वर्ष खाने माछाको उत्पादन १२३.४ हजार मेट्रिक टन रहेको थियो।

## पशुपन्छी विवरण

७.४९ २०८१ असारसम्म गाई/गोरु, सुंगुर/बंगुर र भैंसी/राँगा, खसी/बोका/बाखा र भेडा सङ्ख्यामा वृद्धि भएको थियो भने कुखुरा, खरायो र हाँसको सङ्ख्यामा कमी आएको थियो। यस अवधिमा घोडा/खच्चड/गधाको सङ्ख्या सबैभन्दा बढी ९५.३ प्रतिशतले बढेको छ भने फुल दिने हाँसको उत्पादन सबैभन्दा बढी ४०.० प्रतिशतले घटेको थियो।

तालिका ७(छ): पशुपन्छीको विवरण (सङ्ख्या हजारमा)

| विवरण | आर्थिक वर्ष | | | वृद्धिदर (प्रतिशतमा) | |
|---|---|---|---|---|---|
| | २०८० असार | २०८१ असार | २०८१ फागुन | २०८० असार | २०८१ फागुन |
| गाई/गोरु | ४७५० | ५१९८ | ५२३३ | ९.४ | ०.७ |
| भैंसी/राँगो | ३०८१ | ३३०७ | ३३२६ | ७.३ | ०.६ |
| भेडा/भेडी | ५०२ | ६३३ | ६५० | २६.२ | २.६ |
| बाखा/बोका/खसी | १४५४१ | १५२९० | १५५७१ | ५.१ | १.८ |
| सुंगुर/बङ्गुर | १३५८ | १४९७ | १५७१ | १०.३ | ४.९ |
| कुखुरा | ६५२०५ | ५६९१७ | ६०६६१ | -१२.७ | ६.६ |
| हाँस | १३२६ | ७९७ | ८०३ | -३९.९ | ०.८ |
| दुधालु गाई | ९१७ | १०६३ | १०७४ | १६.० | १.० |
| दुधालु भैंसी | ८५१ | ९५९ | ९६१ | १२.७ | ०.१ |
| फुल दिने कुखुरा | १२७२५ | १३४८७ | १३५०५ | ६.० | ०.१ |
| फुल दिने हाँस | ६६२ | ४४४ | ४४६ | -३२.९ | ०.४ |
| याक/नाक/चौंरी | ५३ | ७२ | ७२ | ३५.२ | ०.६ |
| खरायो | ४३ | ४० | ४० | -७.७ | ०.१ |
| घोडा/खच्चड/गधा | १७ | ३४ | ३४ | ९५.३ | ०.० |

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८१

## पशुपन्छी क्षेत्रमा प्राविधिक सेवा विस्तार

७.५० हालसम्म मुलुकका ७० जिल्लामा गाई, भैंसी, बाखा लगायतका पशुमा कृत्रिम गर्भाधानको सेवा विस्तार भएको छ। बोयर बाखाको माग बढेको कारण बाखाको कृत्रिम गर्भाधान मार्फत नश्ल सुधारमा थप सहयोग पुगेको छ।

७.५१ चालु आर्थिक वर्षको फागुनसम्म पशु नश्ल सुधारको लागि ९ लाख ३७ हजार डोज साँढे र राँगाको वीर्य उत्पादन भएको छ। ५ लाख पशुमा कृत्रिम गर्भाधान भएको छ। आर्थिक वर्ष २०८०/८१ मा पशु नश्ल सुधारका लागि १२ लाख ७ हजार डोज साँढे र राँगाको वीर्य उत्पादन भएको थियो। ७ लाख ४० हजार पशुमा कृत्रिम गर्भाधान गराइएको थियो। यसैगरी, ३ लाख ६७ हजार लिटर तरल नाइट्रोजन उत्पादन तथा वितरण गरिएको थियो।

तालिका ७(ज): विगत पाँच वर्षको नश्ल सुधारको विवरण (हजार डोजमा)

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
| कृत्रिम गर्भाधान | ७८३ | ७१८ | ७११ | ७४० | ५०१ |
| वीर्य उत्पादन | ७०१ | ८०१ | ९८७ | १२०७ | ९३७ |

स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८१ *फागुनसम्म

## मत्स्य बीज उत्पादन

७.५२ चालु आर्थिक वर्षको फागुनसम्म ६ करोड १ लाख माछाका भूरा उत्पादन तथा वितरण भएको छ। व्यवसायिक मत्स्यपालनका लागि आवश्यक विभिन्न प्रकारका मत्स्य बीज (ह्यच्लिङ्ग, फ्राई र फिंगरलिङ्ग) र प्राविधिक सेवामा वृद्धि भएको छ। चालु आर्थिक वर्ष फागुनसम्म सरकारी तथा निजी क्षेत्रबाट ३७ करोड ९३ लाख ८० हजार ह्याचलिङ्, फ्राई तथा फिङ्गरलिङ् उत्पादन तथा वितरण भएको छ। गत आर्थिक वर्ष यस्तो सङ्ख्या ५८ करोड ९७ लाख रहेको थियो।

तालिका ७(झ): विगत पाँच वर्षको मत्स्य बीज उत्पादन (सङ्ख्या लाखमा)

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
| सरकारी क्षेत्र | ११५२ | १२८० | १३१२ | १३८७ | - |
| निजी क्षेत्र | ४०१३ | ४१७६ | ४३७८ | ४५१० | - |
| **जम्मा** | **५१६५** | **५३८७** | **५६९१** | **५८९७** | **३७९३.८** |
| वृद्धिदर (प्रतिशतमा) | १७.७ | ४.३ | ५.६३ | ४.७६ | - |

स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८१ * फागुनसम्मको अनुमानित

## खोप उत्पादन तथा राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण

७.५३ पशुधनको संरक्षण, पशुपन्छीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि र पशुपन्छीमा लाग्ने रोग नियन्त्रणका लागि रोग निदान र नि:शुल्क खोप कार्यक्रम मार्फत आर्थिक नोक्सानी र जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गरिएको छ। चौपायामा प्रयोग गरिने पि.पि.आर, एच.एस., बि.क्यू., क्लासिकल स्वाइन फिभर रोगबिरुद्ध प्रयोग हुने खोप उत्पादनमा मुलुक आत्मनिर्भर भएको छ।

७.५४ चालु आर्थिक वर्षको फागुनसम्म पशुपन्छीमा लाग्ने सङ्क्रामक रोगविरुद्ध २ करोड ९ लाख २० हजार खोप उत्पादन भएको छ। गत आर्थिक वर्ष विभिन्न प्रकारका ४ करोड ४९ लाख ३६ हजार खोप उत्पादन गरी राष्ट्रियस्तरमा निशुल्क खोप कार्यक्रम सञ्चालन भएको थियो।

तालिका ७(ञ): विगत छ वर्षको पशुपन्छी खोप उत्पादन तथा वितरण विवरण (हजार डोज)


| विवरण | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
| उत्पादन र वितरण | ४४,५५० | ४४,५८५ | ५०,२०० | ५३,८७१ | ४४,९३६ | २०,९२० |

स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८१ *फागुनसम्मको अनुमानित

## ऊन उत्पादन

७.५५ आर्थिक वर्ष २०८०/८१ मा ऊन उत्पादन अघिल्लो आर्थिक वर्षको तुलनामा २.३ प्रतिशतले बढेर करिब ३ लाख ९० हजार के.जी. पुगेको छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो उत्पादन ३२.८ प्रतिशतले घटेको थियो।

चार्ट ७(ख): पछिल्लो ५ वर्षको ऊनको उत्पादन र वृद्धिदर




स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८१

## कृषि अनुसन्धान तथा प्रविधि विकास

७.५६ नेपाल कृषि अनुसन्धान परिषदले गत आर्थिक वर्षमा धानका ५, मकैका १६, रायोका २, भन्टाको १ र काक्रोको १ गरी २५ जातहरू उन्मोचन/पञ्जीकरण गरेको थियो ।

तालिका ७(ट): स्रोत बीउ उत्पादन र पञ्जीकरण/उन्मोचनको विवरण

| आर्थिक वर्ष | स्रोत बीउ उत्पादन (मे.ट.) | जात पञ्जीकरण/उन्मोचन (सङ्ख्या) | कैफियत |
|---|---|---|---|
| २०७०/७१ | १००२.८३ | १२ | धान, गहुँ, मकै, कोदो, तरकारी, घाँसेबाली आदिको प्रजनन, मूल जस्ता स्रोत बीउ |
| २०७१/७२ | ९७५.४० | १५ | |
| २०७२/७३ | ९७०.६७ | १० | |
| २०७३/७४ | १०११.८५ | ११ | |
| २०७४/७५ | ९०७.२९ | १३ | |
| २०७५/७६ | ९५०.६० | ११ | |
| २०७६/७७ | ९७६.८९ | ० | |
| २०७७/७८ | १००३.६२ | २१ | |
| २०७८/७९ | ९७५.५४ | १२ | |
| २०७९/८० | ९९७.३२ | १८ | |
| २०८०/८१ | ७५०.०४ | २५ | |
| २०८१/८२* | ३१०.० | १७ | |

स्रोतः नेपाल कृषि अनुसन्धान परिषद् २०८१ *फागुनसम्मको अनुमान

७.५७ चालु आर्थिक वर्षको फागुनसम्म धानको १, स्याउको ३, जुनारको ४, ओखरको २, कागतीको १, मेकाडेमीयानटको १, सुन्तलाको २ र एभोकाडोको ३ गरी जम्मा १७ जातको पञ्जीकरण भएको छ।

७.५८ चालु आर्थिक वर्षको फागुनसम्म जिन बैंकमा थप ३०० बालीनालीका आनुवंशिक स्रोत संरक्षण भई २०८१ फागुनसम्म १८ हजार आनुवंशिक स्रोत संरक्षित भएका छन्। गत आर्थिक वर्ष १,३६४ आनुवंशिक स्रोत संरक्षण गरिएको थियो ।

७.५९ चालु आर्थिक वर्षको फागुनसम्म बिभिन्न बालीनालीको ३१० मेट्रिक टन स्रोत बीउ (प्रजनन् र मूल) उत्पादन भएको छ। गत आर्थिक वर्ष ७५० मेट्रिक टन प्रजनन् र मूल बीउ उत्पादन भएको थियो ।

## मलखाद व्यवस्थापन

७.६० आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म २ लाख ६२ हजार ९ सय ३० मेट्रिक टन मल आयात भएको छ। गत आर्थिक वर्षको मौज्दात समेत गरी चालु आर्थिक वर्षको फागुनसम्म २ लाख ८५ हजार ७ सय मेट्रिक टन मल अनुदानमा बिक्री वितरण गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म २ लाख ६८ हजार ७ सय मेट्रिक

टन रासायनिक मल आयात भएको थियो भने मौज्दात समेत गरी २ लाख ७० हजार ६ सय मेट्रिक टन बिक्री वितरण गरिएको थियो।

७.६१ चालु आर्थिक वर्ष रासायनिक मल ५ लाख ५० हजार मेट्रिक टन खरिद गर्ने लक्ष्य रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म २ लाख ६२ हजार ९ सय ३० मेट्रिक टन मल बिक्री वितरण भएको छ र ८१ हजार ५ सय मेट्रिक टन मल मौज्दात रहेको छ। गत आर्थिक वर्ष ६ लाख मेट्रिक टन रासायनिक मल खरिद गर्ने लक्ष्य रहेकोमा ४ लाख ५८ हजार ३ सय १८ मेट्रिक टन मल आयात भई अनुदानमा बिक्री वितरण भएको थियो।


तालिका ७(ठ): आर्थिक वर्ष २०८०/८१ मा रासायनिक मलको आपूर्तिको अवस्था

| सि.नं. | मल | टेण्डर आवहान मेट्रिक टन | आयात मेट्रिक टन | बिक्री मेट्रिक टन |
|---|---|---|---|---|
| १ | युरिया | ३,५९,००० | २,५६,२९७.५४ | २५९५४२.३० |
| २ | डिएपी | २,२६,००० | १,९४,६३२.६५ | १८४०४५.६० |
| ३ | पोटास | १५,००० | २१,३५६.८४ | १४७३०.१६ |
| | जम्मा | ६,००,००० | ४,७२,२८७.०३ | ४५८३१८.०६ |

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय २०८१

७.६२ विगत पाँच आर्थिक वर्षमा रासायनिक मल खरिदको वृद्धिदर आर्थिक वर्ष २०७९/८० मा सबैभन्दा उच्च १२९.५ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा न्यून ५७.९ प्रतिशतले ऋणात्मक रहेको छ। अन्य आर्थिक वर्षमा यस्तो वृद्धिदर औसत १०.३ प्रतिशत रहेको छ।

चार्ट ७(ग): कुल रासायनिक मल खरिदको वृद्धिदर (प्रतिशतमा)




स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८१

## प्रयोगशाला सेवा

७.६३ चालु आर्थिक वर्षको फागुनसम्म बीउको गुणस्तर परीक्षण विधिको एकरूपता तथा स्तरीयता (Standardization) का लागि केन्द्रीय कृषि प्रयोगशालाबाट कुल ४४१ बीउ नमूना विश्लेषण भएको छ। यस्तो नमूना मध्ये ३८७ बीउको नमूना न्यूनतम मापदण्डभित्र र ५४ बीउको नमूना आवश्यक न्यूनतम मापदण्ड भन्दा तल रहेको पाएइको छ। आर्थिक वर्ष २०८०/८१ मा ५९४ नमूना बीउ विश्लेषण भएकोमा ५१९ नमूना बीउ न्यूनतम मापदण्डभित्र रहेका थिए।

७.६४ चालु आर्थिक वर्षको फागुनसम्म केन्द्रीय कृषि प्रयोगशालाबाट ८७ माटोको नमूना जाँच गर्दा ८८.५ प्रतिशत नमूनामा माटोको अम्लियपन रहेको पाइयो। साथै, ३८.५ प्रतिशत नमूनामा प्राङ्गारिक पदार्थ, २०.७ प्रतिशत नमूनामा नाइट्रोजनको मात्रा, ९.२ प्रतिशत नमूनामा फस्फोरस र १४.९ प्रतिशत नमूनामा पोटास कम रहेको पाइएको छ।

७.६५ चालु आर्थिक वर्षको फागुनसम्म विषादी अवशेष द्रुत विशेषण प्रयोगशाला एकाइबाट १४,३६५ ताजा तरकारी तथा फलफूलका नमूनामा कार्वामेट र अर्गानोफस्फेट समूहका कीटनाशक विषादीहरूको अवशेष परीक्षण गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा ८,५७५ नमूनामा विषादीको अवशेष परीक्षण गरिएको थियो।

७.६६ गत आर्थिक वर्ष खाद्य पदार्थ र आयातित फलफूल तरकारी १ लाख ३६ हजार ६ सय ३८ नमूनाको विषादी अवशेष परीक्षण गरिएको थियो।

## कृषि क्षेत्रमा विशेष प्राथमिकता

७.६७ अन्तर्राष्ट्रियस्तरमा कोदोजन्य बाली वर्षको शुभारम्भ भएको छ। कोदो लगायत रैथाने बालीको प्रबर्द्धनमा जोड दिइएको छ। हरेक वर्ष माघ १ गतेलाई राष्ट्रिय कृषि जैविक विविधता दिवसका रूपमा मनाउन प्रारम्भ भएको छ। साथै, सुन्तलालाई राष्ट्रिय फल घोषणा गरिएको छ।

७.६८ सरकारी, निजी, सहकारी तथा विकास साझेदारबाट कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्न २०८१ देखि २०९१ सम्मलाई कृषिमा लगानी दशकको रूपमा घोषणा गरिएको छ।

७.६९ याक तथा चौरीको संरक्षण एवम् राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय क्षेत्रमा यसको प्रवर्द्धन गर्ने उद्देश्यले हरेक वर्ष बैशाख ७ गते राष्ट्रिय याक दिवस मनाउन सुरू भएको छ।

## रोजगारी सिर्जना


७.७० गत आर्थिक वर्ष संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायबाट सञ्चालित कार्यक्रमबाट करिब २ लाख ३६ हजार ४ सय प्रत्यक्ष रोजगारी सिर्जना भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म ५८ हजार ७ सय रोजगारी सिर्जना भएको छ।

## सिँचाइ, तटबन्ध निर्माण र जग्गा उकास

७.७१ संघीय आयोजनाबाट २०८१ फागुनसम्म १५ लाख ७३ हजार ५ सय ५९ हेक्टर जमीनमा सिँचाइ सुविधा विस्तार भएको छ। सिँचाइ गुरुयोजना सन् २०१९ (सं.२०२४) अनुसार २०८१ फागुनसम्म कुल सिँचाइयोग्य जमीन २५ लाख ३६ हजार ३ सय १९ हेक्टरमध्ये ६२.२८ प्रतिशत जमीनमा सिँचाइ सुविधा विस्तार भएको छ। साथै, कुल कृषियोग्य जमीन ३५ लाख ५७ हजार ७ सय ६४ हेक्टरमध्ये ४४.४ प्रतिशत जमीनमा सिँचाइ सुविधा पुगेको छ।

७.७२ विगतको एक दशकमा सरकारले सिँचाइ क्षेत्रको बजेट विनियोजन औसतमा १३.६ प्रतिशतले बढेको छ। यस अवधिमा यसक्षेत्रको औसत खर्च १३.७ प्रतिशतले बढेको छ। सिँचाइ सुविधा पुगेको खेतीयोग्य जमिन (हेक्टर) औसतमा १.५ प्रतिशतले बढेको छ।


चार्ट ७ (घ): सिँचाइ क्षेत्रको बजेट विनियोजन, खर्च र उपलब्धिमा भएको वृद्धि




स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८१

७.७३ चालु आर्थिक वर्षको फागुनसम्म सतहतर्फ १,०५५ हेक्टर, लिफ्टतर्फ २७६ हेक्टर, भूमिगततर्फ ३,१३६ हेक्टर गरी थप ४,४६७ हेक्टर जमीनमा सिँचाइ सुविधा पुगेको छ। गत आर्थिक वर्षमा १३ हजार ५ सय २४ हेक्टर जमीनमा थप सिँचाइ सुविधा विस्तार भएको थियो।

चार्ट ७ (ङ): सिँचाइ क्षेत्र विस्तार (हेक्टरमा)




स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८१

७.७४ २०८१ फागुनसम्म सिँचाइ सुविधा पुगेका क्षेत्रमध्ये ६५.४ प्रतिशतमा सतह सिँचाइ, ३४.३ प्रतिशतमा भूमिगत सिँचाइ र ०.३ प्रतिशतमा लिफ्ट तथा जलाशय मार्फत सिँचाइ सुविधा पुगेको छ।

तालिका ७(ङ): सिँचाइ सुविधाको विस्तार (हेक्टरमा)

| सूचक | उपलब्धि | | | | |
|---|---|---|---|---|---|
| | २०८० असारसम्म | २०८१ असारसम्म | २०८१/८२ असारसम्म | २०८० असारसम्म | २०८१ असारसम्म |
| सतह सिँचाइ | १०२२७३५ | १०२८१०० | १०५५ | १०२३३५५ | १०२९१५५ |
| भूमिगत सिँचाइ | ५३०६५४ | ५३७३४४ | ३१३६ | ५३१३५४ | ५४०४८० |
| जलासय तर्फ | - | ५० | - | ५० | ५० |
| लिफ्ट सिँचाइ | २११९ | ३५३८ | २७६ | २३८९ | ३८१४ |
| कुल जम्मा | १५५५५०८ | १५६९०३२ | ४४६७ | १५५७१४८ | १५७३४९९ |

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८१

७.७५ जलउत्पन्न प्रकोप नियन्त्रणतर्फ चालु आर्थिक वर्षको फागुनसम्म २०.४ किलोमिटर तटबन्ध निर्माण तथा २३५.५ हेक्टर जग्गा उकास भएको छ। गत आर्थिक वर्षको फागुनसम्म ४७.५ किलोमिटर तटबन्ध निर्माण भई २०० हेक्टर जग्गा उकास गरिएको थियो। २०८१ फागुनसम्म १,४४८ किलोमिटर तटबन्ध निर्माण भई १३ हजार ४ सय ३७ हेक्टर जग्गा उकास भएको छ।

### तालिका ७(ढ): तटबन्ध निर्माण तथा जग्गा उकास

| सूचक | उपलब्धि | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७९ असारसम्म | २०८० असारसम्म | २०८१ असारसम्म | आर्थिक वर्ष २०८१/८२ | २०८० फागुनसम्म | २०८१ फागुनसम्म |
| तटबन्ध (कि.मी.) | १२८८.२४ | १३६४.४९ | १४२७.४९ | २०.३८ | १४१२.०१ | १४४७.८७ |
| जग्गा उकास (हे.) | १२५५२.३ | १२७८५.८८ | १३२०१.९ | २३५.५ | १२९८५.८८ | १३४३७.३८ |

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८१

### मञ्जुषा बक्स ७(ग): साना सिँचाइ कार्यक्रमको उपलब्धि

साना किसानको आयमा वृद्धि गरी गरिबी घटाउने उद्देश्यसहित नेपाल सरकार र स्वीस सरकारबीच २६ जुन, २०२० मा सम्झौता भई साना सिँचाइ कार्यक्रम, दोस्रो चरण सञ्चालनमा रहेको छ। यस कार्यक्रमको अवधि १५ जुलाई, २०२५ सम्म रहेको छ। कोशी प्रदेशका आठमध्ये पहाडी जिल्ला (उदयपुर, ओखलढुङ्गा, खोटाङ्ग, पाँचथर, इलाम, धनकुटा, तेह्रथुम र भोजपुर) का ५९ स्थानीय तहमा यस कार्यक्रम लागू भएको छ। कार्यक्रम अवधिभित्र करिब १,३०० साना सिँचाइ योजनाको निर्माण कार्य सम्पन्न भई २० हजार हेक्टर जमिनमा भरपर्दो सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको छ। यस कार्यक्रमबाट करिब ६५ हजार घरधुरीका किसान लाभान्वित हुनेछन्।

- हालसम्म १,०७४ साना सिँचाइ योजना निर्माण भई १८ हजार २ सय २७ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ।
- यस कार्यक्रमबाट लाभान्वित ४४ हजार ८ सय ७७ घरधुरीमध्ये ४५.० प्रतिशत वञ्चित समूहका र ६३.० प्रतिशत साना किसान रहेका छन्।
- चालु आर्थिक वर्षमा ३३२ योजना (५,५८४ हेक्टर) प्रस्तावित भएकामध्ये ५५ (१,९८८ हेक्टर) क्रमागत तथा २४७ (३,५९६ हेक्टर) नयाँ गरी ३०२ साना सिँचाइ योजनाको निर्माण सम्पन्न हुने क्रममा रहेका छन्।
- चालु आर्थिक वर्षको अन्तसम्ममा कुल १,३७६ साना सिँचाइ योजनाको निर्माण कार्य सम्पन्न भई २३ हजार ८ सय ११ हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्ने अनुमान छ ।

स्रोतः शहरी विकास मन्त्रालय, २०८१

## मञ्जुषा बक्स ७(घ): राष्ट्रिय गौरवका सिँचाइ आयोजनाको उपलब्धि

### सिक्टा सिँचाइ आयोजना

आर्थिक वर्ष २०८९/९० मा सम्पन्न गर्ने लक्ष्य लिइएको यस आयोजनाले ४२,७६६ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुर्‍याउने छ। यस आयोजनाको २०८१ फागुनसम्म भौतिक उपलब्धि ४२.० प्रतिशत रहेको छ। २०८१ को फागुनसम्म पुलसहितको ३१७ मिटर लामो ब्यारेज, ४५.२५ कि.मी. लामो Desilting Basin सहितको पश्चिम मुल नहर, पूर्वी मुल नहरको ५३.५ कि.मी. मध्ये चैनेज ३७+६७५ सम्म मुल नहर निर्माण कार्य सम्पन्न भएको छ। यसैगरी, सामाजिक सरोकार अन्तर्गतका कार्यहरूमा परुवा बाँध निर्माण सम्पन्न र नहरबाट सतह सिँचाइ सम्भव नहुने स्थानमा नमुना आयोजनाको रूपमा लिफ्ट सिँचाइ योजना निर्माण सम्पन्न हुने चरणमा रहेको छ। हाल पश्चिम मुल नहरमा सामान्य मर्मत सम्भार गरी सहज रुपले पानी सञ्चालन भएको छ भने पुरानो डुन्डुवा सिँचाइ प्रणालीसमेतबाट गरी करिब १७ हजार हेक्टर र पूर्वतर्फ करिब ४,००० हेक्टर गरेर कुल २१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ।

### रानी जमरा कुलेरिया सिँचाइ आयोजना

आर्थिक वर्ष २०८५/८६ मा सम्पन गर्ने लक्ष्य लिइएको यस आयोजनाले ३८ हजार ३ सय हेक्टर क्षेत्रफलमा सिचाइ सुबिधा पुर्‍याउनेछ। २०८१ फागुनसम्म भौतिक प्रगति ७६.१० प्रतिशत रहेको छ। मूल इन्टेकको निर्माण कार्य, De-settling Basin निर्माण कार्य, Feeder Canal निर्माण कार्य, मूल नहरमा गेट जडानको कार्य, १४ किलोमिटर लामो लम्की शाखा नहर परीक्षण कार्य सम्पन्न भएको छ। विद्युत गृह निर्माण कार्य, सिभिल कार्य, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल कार्यह, ६.५ कि.मि प्रसारण लाइन सम्पन्न भइ ४.७१ मेगावाटको जलविद्युत उत्पादन भएको छ। साथै, कृषि ग्रामीण सडक १२० कि.मी. स्तरोन्नति कार्य तथा पथरैया नदीमा तीन वटा पुल निर्माण कार्य सम्पन्न भएको छ।

### भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

आर्थिक वर्ष २०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य लिइएको यस आयोजनाबाट सुर्खेत जिल्लाको भेरीगङ्गा नगरपालिका ११ चिप्ले स्थित भेरी नदीबाट १२.२ कि.मी. लामो सुरुङ्ग मार्फत ४० घनमिटर प्रति सेकेन्ड पानी भेरीगङ्गा न.पा.५ बबई नदीमा खसाल्ने लक्ष्य रहेको छ। आयोजना सम्पन्न भएपछि ४६.८ मेघावाट विद्युत उत्पादनका साथै बबई नदीमा उपलब्ध हुने थप पानीबाट बर्दिया स्थित बबई आयोजनाको बाँधको उपयोग गर्दै बर्दिया र बाँके जिल्लाका करीव ५१ हजार हेक्टर भूमिमा वर्षैभरी सिँचाइ सुविधा उपलब्ध हुनेछ। २०८१ फागुनसम्म यस आयोजनाको भौतिक प्रगति ६७.५ प्रतिशत पुगेको छ।

### महाकाली सिँचाइ आयोजना (तेस्रो चरण)

आर्थिक वर्ष २०६३/६४ बाट शुरू भएको यस आयोजना आर्थिक वर्ष २०७७/७८ मा पुनर्तालिकीकरण भई २ चरणमा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको छ। आर्थिक वर्ष २०७७/७८ देखि आर्थिक वर्ष २०८२/८३ सम्म पहिलो चरण र आर्थिक वर्ष २०८२/८३ देखि आर्थिक वर्ष २०८७/८८ दोस्रो चरण सम्पन्न गर्ने लक्ष्य रहेको छ। २०८१ फागुनसम्म आयोजनाको भौतिक प्रगति २४.२२ प्रतिशत हासिल भएको छ। २०८१ फागुनसम्म मूल तथा शाखा नहर निमार्ण कार्यका लागि १०५ हेक्टर जग्गा अधिग्रहण कार्य सम्पन्न भएको, डिसिल्टिङ्ग बेसिन तथा ३५१.९० मी. स्केप क्यानल निर्माण कार्य सम्पन्न भएको छ भने मूल नहर ३० कि.मि. र शाखा नहर करिब १२ कि.मि. सम्पन्न भएको छ। साथै, नहर साइफन १६, ड्रेन साईफन २४, राजमार्ग पुल ३, सडक पुल २, VRB, ३९, Aqueduct ३, Escape ३ र HR/CR २१/६ सम्पन्न भएका छन्। हालसम्म २१.५० कि.मि. तटबन्ध निर्माण कार्य सम्पन्न भएको छ।

### सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

आर्थिक वर्ष २०७६/७७ मा शुरू भई आर्थिक वर्ष २०८५/८६ सम्ममा यस आयोजनाको निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको छ। यस आयोजनाको मुख्य उद्देश्य बाग्मती सिंचाइ योजनाको ४५ हजार ६ सय हेक्टर सिञ्चित क्षेत्र र बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा जिल्लाको कृषियोग्य जमिनसमेत गरी १ लाख २२ हजार हेक्टर जमिनमा सिंचाइ सुविधा पुऱ्याउनु रहेको छ। साथै, बहुउद्देश्यीय आयोजनाको रूपमा रहेको यस आयोजनाबाट ३१.०७ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्यसमेत रहेको छ। यस आयोजनाको २०८१ फागुनसम्मको भौतिक उपलब्धि ३५.३८ प्रतिशत रहेको छ। हालसम्म रामेछाप जिल्ला र सिन्धुली जिल्लाको डुवानमा पर्ने जग्गामध्ये ४६.६१ हेकटर जमिनको मुआब्जा वितरण भएको छ। TBM मेसिनबाट १३.३.कि.मि. सुरुङ निर्माण कार्य सम्पन्न भएको छ भने हेडवर्क्स र विद्युतगृह निर्माण कार्यको उपलब्धि ७.४० रहेको छ।

### बबई सिँचाइ आयोजना

आर्थिक वर्ष २०४५/४६ मा शुरू भई आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाबाट बर्दिया जिल्लाको ३६ हजार हेक्टर (पूर्वतर्फ २१ हजार हेक्टर र पश्चिमतर्फ १५ हजार हेक्टर) कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको छ। यस आयोजनाको कार्यान्वयनबाट आयोजना क्षेत्रमा कृषि उत्पादन, उत्पादकत्व तथा रोजगारी वृद्धि गर्ने उद्देश्य रहेको छ। यस आयोजनाको कुल सिञ्चित क्षेत्रफल ३६ हजार हेक्टर मध्ये हालसम्म निर्मित संरचनाबाट पूर्वतर्फ १७ हजार हेक्टर र पश्चिमतर्फ ९,००० हेक्टर गरी २६ हजार हेक्टर सिञ्चित क्षेत्रफलमा सिंचाइ सुविधा पुगिसकेको छ। २०८१ फागुनसम्मको भौतिक उपलब्धि ७५.५२ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म वार्षिक लक्ष्यको भौतिक प्रगति ४९.१८ प्रतिशत उपलब्धि हासिल भएको छ।

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८१

## वन तथा भू-संरक्षण

७.७६ विश्वको कुल भू-भागको ३१.० प्रतिशत वन क्षेत्रले ओगेटेको छ। यसमध्ये ब्राजिल, क्यानाडा, चीन, रसिया र अमेरिकामा मात्र जम्मा वन क्षेत्रको करिब ५४.० प्रतिशत वन रहेको छ।

तालिका ७(ण): छिमेकी मुलुकको वन क्षेत्रको स्थिति

| राष्ट्र | वन क्षेत्र (प्रतिशत) |
|---|---|
| भुटान | ६९.७१ |
| नेपाल | ४६.०८ |
| श्रीलंका | ३४.१ |
| चीन | २२.९६ |
| भारत | २१.७१ |
| बङ्गलादेश | १२.८ |
| पाकिस्तान | ४.८ |
| मालदिभ्स | २.७ |
| अफगानिस्तान | १.९ |

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८१

७.७७ सन् २०२४ मा नेपालको वन क्षेत्र कुल भू-भागको ४६.०८ प्रतिशत पुगेको छ। सन् १९९० को दशकमा नेपालको कुल क्षेत्रको ३९.६ प्रतिशत वन क्षेत्र रहेकोमा सन् २०१५ मा ४४.७४ प्रतिशत र सन् २०१९ मा ४५.३१ प्रतिशत रहेको थियो।

७.७८ हाल नेपालमा वन क्षेत्रले ६३ लाख ९९ हजार ३ सय ४१ हेक्टर र झाडी-बुट्यान क्षेत्रले ३ लाख ९७ हजार ९ सय १६ हेक्टर भू-भाग ओगटेको छ। यसमध्ये कुल भू-भागको ४३.३८ प्रतिशत वन र २.७० प्रतिशत झाडी तथा बुट्यान क्षेत्र गरी कुल क्षेत्रफल ४६.०८ प्रतिशत रहेको छ। २०८१ असारसम्म वन क्षेत्रले ६१ लाख ६६ हजार ७ सय ६६ हेक्टर र झाडी-बुट्यान क्षेत्रले ५ लाख ३५ हजार १ सय ७९ हेक्टर भू-भाग ओगटेको थियो जसमध्ये कुल भू-भागको ४१.६९ प्रतिशत वन र ३.६२ प्रतिशत झाडी तथा बुट्यान क्षेत्र गरी कुल वन क्षेत्र ४५.३१ प्रतिशत रहेको थियो।

७.७९ नेपालमा प्रति व्यक्ति ०.२ हेक्टर वन क्षेत्र पर्दछ। नेपालको भू-धरातलीय आधारमा सबैभन्दा बढी वन क्षेत्र चुरे क्षेत्रमा ७३.६८ प्रतिशत रहेको छ भने सबैभन्दा कम वन क्षेत्र उच्च हिमालमा ३.४१ प्रतिशत रहेको छ।

७.८० नेपालको भू-भागमध्ये ३४ हजार ४ सय २० वर्ग कि.मि. संरक्षित क्षेत्रको रूपमा रहेको छ। यो कुल भू-भागको २३.४ प्रतिशत हो। साथै, ११ वन संरक्षण क्षेत्र अन्तर्गत हालसम्म १ लाख ९४ हजार १ सय ५६ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ।

७.८१ २०८१ फागुनसम्म मध्यवर्ती तथा संरक्षित क्षेत्रमा १,०६७ सामुदायिक वन समूह गठन भएका छन्। यस्तो क्षेत्रले करिब २ लाख ४० हजार ८ सय ७० हेक्टर क्षेत्रफल ओगटेको छ। त्यसैगरी, ८८ मध्यवर्ती कबुलियति वन मार्फत ५४९ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ। संरक्षित क्षेत्र व्यवस्थापनबाट मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रमा बस्ने ११ लाख ४२ हजार ५ सय ९९ जनसङ्ख्या लाभान्वित भएका छन्।

७.८२ २०८१ फागुनसम्म २३ हजार ६ सय १ सामुदायिक वन उपभोक्ता समूह मार्फत २५ लाख ८ हजार ३ सय २६ हेक्टर वन क्षेत्रको व्यवस्थापन भएको छ।

७.८३ गरिबीको रेखामुनि रहेका समुदायको जीविकोपार्जनमा सुधार र वन संरक्षणमा समेत टेवा पुऱ्याउन ७,७३१ कबुलियती वन समूहलाई ४४ हजार ३ सय ९९ हेक्टर वन कबुलियती वनको रूपमा हस्तान्तरण भएको छ।

७.८४ वनस्पतिको स्व-स्थानीय र पर-स्थानीय संरक्षण गर्न मुलुकभर ११ वनस्पति उद्यान स्थापना भई ६८३ हेक्टरमा १,३२३ वनस्पति प्रजातिको पर-स्थानीय संरक्षणको कार्य भएको छ जसमध्ये १० वनस्पति प्रजाति संकटापन्न एवम् लोपोन्मुख रहेका छन्।

७.८५ नेपालबाट हालसम्म करिब ३० हजार प्रजातिको अभिलेख गरिएको छ जसमध्ये २१२ प्रजातिका स्तनधारी, ८९२ प्रजातिका पंक्षी, ११७ प्रजातिका उभयचर, १२३ प्रजातिका सरिसृप र २३२ प्रजातिका माछा रहेका छन्।

७.८६ नेपालमा अति संकटापन्न रहेको कृष्णसारको सङ्ख्या सन् २०२२ मा ३७५ रहेकोमा १३२ थप भई सन् २०२४ मा ५०७ पुगेको छ।

तालिका ७(त): वन्यजन्तुको सङ्ख्याको स्थिति

| वन्यजन्तु विवरण | वर्ष (सन्‌मा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०१८ | २०२० | २०२१ | २०२२ | २०२३ | २०२४ |
| बाघ | २३५ | - | - | ३५५ | - | - |
| अर्ना | ४४१ | ७५२ | ४९८ | - | - | - |
| गैंडा | - | - | ७५२ | - | - | - |
| कृष्णासार | ३२६ | ३४६ | ३३६ | ३७५ | - | ५०७ |

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८१

पुनश्चः कोष्ठकमा रिक्त रहेको वर्ष सो वन्यजन्तुको गणना भएको छैन।

७.८७ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म २९ आयोजनालाई वन क्षेत्रको कुल ४६१.६६ हेक्टर जग्गा भोगाधिकार दिई ७८ हजार ४ सय रूख कटान स्वीकृति दिइएको छ। आर्थिक वर्ष २०८०/८१ मा ६० विकास आयोजनालाई वन क्षेत्रको ९१९.४९ हेक्टर जग्गा उपलब्ध गराइएको थियो।

७.८८ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्ममा वन क्षेत्रका विभिन्न क्रियाकलापबाट ३३ हजार ५७ रोजगारी सिर्जना भएको छ। आर्थिक वर्ष २०८०/८१ मा १३ हजार ६ सय ६० रोजगारी सिर्जना भएको थियो।

७.८९ जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडद्वारा चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म ८.२ टन सुगन्धित तेल र १६ लाख २० हजार ३३ थान हर्वल केयर उत्पादन भएको छ। आर्थिक वर्ष २०८०/८१ मा १०.४ टन सुगन्धित तेल र १८ लाख ३ हजार ६ सय ७५ थान हर्वल केयर उत्पादन भएको थियो।

७.९० चालु आर्थिक वर्षको फागुनसम्म राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशालामा ५,९४९ वनस्पति प्रजातिका १ लाख ७५ हजार हर्बेरियमका नमूनाको संरक्षण भएको छ।

तालिका ७(थ): नमूना परीक्षणको सङ्ख्या

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|---|
| हर्वेरियम नमूनाको डिजीटाइजेसन सङ्ख्या | ३००७० | ३०००५ | ३२००९ | २६१७८ | १२३३० | ७८९० |
| विश्लेषण, प्रमाणीकरण तथा सिफारिश गरिएका जडिबुटी नमूनाको सङ्ख्या | १५०७ | १७२१ | १५२९ | १०४७ | ८९७ | ३६८ |

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८१ *फागुनसम्म

## राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम

७.९१ चालु आर्थिक वर्षको फागुनसम्म राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम अन्तर्गत १ लाख २५ हजार बिरुवा उत्पादन र ८.५१ किलोमिटर नदी तथा खोला किनारा स्थिरीकरण/व्यवस्थापन भएको छ। त्यसैगरी, १३ स्थानमा तालतलैया सिमसार व्यवस्थापन, १२ स्थानमा भूमिगत जल पुनर्भरण/संरक्षण पोखरी निर्माण र ७९ स्थानमा गल्छी/पहिरो/खहरे रोकथाम गरिएको छ। साथै, ८ हेक्टर क्षेत्रमा बाँस/अम्रिसो रोपण भएको छ।

७.९२ गत आर्थिक वर्ष ३७ जिल्लाका ६७ मुख्य नदी प्रणालीमा १९.९१ किलोमिटर नदी तथा खोला किनारा स्थिरीकरण/व्यवस्थापन कार्य सम्पन्न भएको थियो। त्यसैगरी, ९७ स्थानमा गल्छी/पहिरो/खहरे रोकथाम नियन्त्रण र २० स्थानमा तालतलैया/सिमसार संरक्षण भएको थियो। साथै, २९ स्थानमा भूमिगत जल पुनर्भरण र सतहमुनिको पानी उपयोग र २९ स्थानमा जल पुनर्भरण/संरक्षण पोखरी निर्माण भएको थियो।

## काठको उत्पादन

७.९३ चालु आर्थिक वर्षको फागुनसम्म २ करोड २० लाख क्यूबिक फिट काठ उत्पादन भएको छ। गत आर्थिक वर्षको फागुनसम्म २ करोड ४७ लाख १८ हजार क्यूबिक फिट काठ उत्पादन भएको थियो।

७.९४ आर्थिक वर्ष २०८०/८१ मा निजी र राष्ट्रिय वन गरी कुल ३ करोड ७६ लाख ३४ हजार क्युबिक फिट गोलिया काठ उत्पादन भएको थियो। आर्थिक वर्ष २०७९/८० मा यस्तो उत्पादन ३ करोड १८ लाख क्यूबिक फिट रहेको थियो।

७.९५ चालु आर्थिक वर्षको फागुनसम्म १६ हजार २ सय ४० चट्टा दाउरा उत्पादन भएको छ। आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय वनबाट ४८ हजार ४ सय ७४ चट्टा दाउरा उत्पादन भएको थियो।

## वन क्षेत्रबाट प्राप्त आम्दानी

७.९६ चालु आर्थिक वर्षको फागुनसम्म वन क्षेत्रबाट रू.१ अर्ब ६८ करोड राजस्व सङ्कलन भएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा रू.६ अर्ब ८८ करोड राजस्व सङ्कलन भएको थियो। उक्त राजस्व सङ्कलन संरक्षित क्षेत्रको प्रवेश शुल्क, सरकारद्वारा व्यवस्थित वनको काठ, दाउरा, तथा जडीबुटी एवम् अन्य गैरकाष्ठ वन पैदावार बिक्री र जरिवाना लगायत बाट भएको हो।

## भूमिसुधार र भू-उपयोग

७.९७ भूमि प्रशासनको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन भू-सूचना अभिलेख व्यवस्थापन प्रणाली (LRIMS), जग्गामा सार्वजनिक पहुँच मोड्युल (PAM), राष्ट्रिय भूमि सूचना प्रणाली (NeLIS), मेरो कित्ता लगायतका प्रणाली कार्यान्वयनमा रहेका छन्।

७.९८ भू-उपयोग कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) निर्देशिका, २०८१ कार्यान्वयनमा आएको छ। भूमिको वैज्ञानिक वर्गीकरण, समुचित उपयोग तथा दिगो व्यवस्थापनका लागि तयार भएको भूउपयोग नक्सा/डाटा गत आर्थिक वर्ष ७५३ स्थानीय तहमा हस्तान्तरण भएको थियो। स्थानीय तहबाट माग भए बमोजिम चालु आर्थिक वर्षको फागुनसम्म थप ४२ गरी हालसम्म ३१२ स्थानीय तहमा भू-उपयोग कार्यान्वयनका लागि प्राविधिक सहयोग उपलब्ध गराइएको छ।

## घर जग्गा रजिष्ट्रेशन तथा पुँजीगत लाभकर

७.९९ चालु आर्थिक वर्षको फागुनसम्म रजिष्ट्रेशन शुल्क १०.० प्रतिशतले वृद्धि भई रू.१८ अर्ब ३५ करोड १६ लाख र पुँजीगत लाभकर १६.६ प्रतिशतले वृद्धि भई रू.१० अर्ब ४८ करोड ९२ लाख पुगेको छ। रजिष्ट्रेशन शुल्क र पुँजीगत लाभकर गरी यस अवधिमा रू.२८ अर्ब ८४ करोड ८ लाख राजस्व सङ्कलन भएको छ। गत आर्थिक वर्षको फागुनसम्म रजिष्ट्रेशन शुल्क रू.१६ अर्ब ६७ करोड ८७ लाख र पुँजीगत लाभकर रू.८ अर्ब ९९ करोड ४५ लाख गरी रू.२५ अर्ब ६७ करोड ३२ लाख सङ्कलन भएको थियो।

तालिका ७(द): रजिष्ट्रेशन शुल्क तथा पुँजीगत लाभकर सङ्कलनसम्बन्धी विवरण (रू. करोडमा)

| शीर्षक | आर्थिक वर्ष | | | | फागुनसम्म | |
|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८०/८१ | २०८१/८२ |
| रजिष्ट्रेशन शुल्क | २८०४.६६ | ३५२२.१९ | १९३५.४९ | २७४२.०१ | १६६७.८७ | १८३५.१६ |
| पुँजीगत लाभकर | १७३२.२ | १५५२.८६ | १२२१.३१ | १५०५.६९ | ८९९.४५ | १०४८.९२ |
| जम्मा | ४५३६.९ | ५०७५.१ | ३१५६.८ | ४२४७.७ | २५६७.३ | २८८४.१ |

स्रोतः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०८१

## भूमि तथा नापी प्रशासन

७.१०० २०८१ फागुनसम्म भू-सेवा केन्द्र सञ्चालन प्रणाली (जग्गामा सार्वजनिक पहुँच मोड्युल-PAM) १०५ भूमिसुधार तथा मालपोत कार्यालयमा लागू भएको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्ख्या ९८ रहेको थियो। १३४ भूमिसुधार तथा मालपोत कार्यालयमा राष्ट्रिय भूमि सूचना प्रणाली (NeLIS) लागू भएको छ। २०८० फागुनसम्म यस्ता कार्यालयको सङ्ख्या १३० रहेको थियो।

७.१०१ चालु आर्थिक वर्षको फागुनसम्म ३,५११ भू-सेवा केन्द्र सञ्चालनमा आएका छन्। यसबाट करिब ७,५०० व्यक्तिले रोजगारी प्राप्त गरेका छन्।

७.१०२ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न भूमि समस्या समाधान आयोगबाट आर्थिक वर्ष २०८१/८२ मा १२ स्थानीय तहसँग सम्झौता भई हालसम्म जम्मा ७४० स्थानीय तहसँग कार्य सहमति पत्रमा हस्ताक्षर भएको छ। यस आयोगबाट हालसम्म २ लाख ५७ हजार ९ सय २७ कित्ता जग्गा (४२,२९७ हेक्टर जग्गा) को नाप नक्सा कार्य सम्पन्न भई ४,५८६ जग्गाधनी प्रमाणपूर्जा वितरण भएको छ।

७.१०३ २०८१ फागुनसम्म ८७ हजार ९१ भूमिहीन दलित, १ लाख ६५ हजार ३ सय ५० भूमिहीन सुकुम्बासी र ८ लाख ४७ हजार ८ सय १९ अव्यवस्थित बसोबासी गरी हालसम्म जम्मा ११ लाख २ सय ६० को लगत सङ्कलन भएको छ।

७.१०४ २०८१ असारसम्म ५८ नापी कार्यालयमा राष्ट्रिय भूमि सूचना प्रणाली तथा मेरो कित्ता प्रणाली विस्तार भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप ७ कार्यालयमा बिस्तार भई २०८१ फागुनसम्म ६५ कार्यालयमा उक्त प्रणाली विस्तार भएको छ।

# ८. उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन र संस्कृति

८.१ उत्पादन, आय र रोजगारी अभिवृद्धि गर्न उद्योग क्षेत्रको विकास र विस्तार आवश्यक रहेको छ। लगानीमैत्री वातावरण तथा औद्योगिक उत्पादनको प्रतिष्पर्धात्मक क्षमताको अभिवृद्धि गर्न औद्योगिक तथा वाणिज्य नीति केन्द्रित हुनुपर्ने देखिन्छ।

८.२ सक्षम र प्रतिष्पर्धी वाणिज्य क्षेत्रको विकास मार्फत आर्थिक समृद्धिमा योगदान बढाउने ध्येयको साथ वाणिज्य नीति, २०८१ कार्यान्वयनमा आएको छ। निर्यात प्रवर्द्धन, आपूर्ति प्रणाली सबलीकरण, क्षेत्रगत समन्वय गरी कुल गार्हस्थ्य उत्पादनमा वाणिज्य क्षेत्रको दिगो योगदान बढाउने उद्देश्य यस नीतिले लिएको छ।

८.३ पर्यटकीय सम्भाव्यताको दृष्टिले मुलुक विश्वकै एक प्रमुख गन्तव्यको रूपमा रहेको छ। सार्वजनिक एवम् निजी लगानी अभिवृद्धि गरी देशभित्र पर्याप्त रोजगारी सिर्जना एवम् वैदेशिक मुद्रा आर्जनको दिगो स्रोतको रूपमा पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न पर्यटकीय पूर्वाधारको विकास गर्नु आवश्यक रहेको छ।

## औद्योगिक स्थिति

८.४ २०८१ असारसम्म रू. ४७ खर्ब ६५ अर्ब ८९ करोड बराबरको कुल लगानी स्वीकृत भएको छ। स्वीकृत कुल लगानीमध्ये उद्योग विभागबाट स्वीकृत भएको लगानी ६८.१५ प्रतिशत र लगानी बोर्ड नेपालबाट स्वीकृत भएको लगानी ३१.८५ प्रतिशत रहेको छ।

८.५ २०८१ फागुनसम्म लगानी बोर्डबाट रू. १५ खर्ब १७ अर्ब ८२ करोड लगानी स्वीकृत भएको छ। लगानी बोर्डबाट चालु आर्थिक वर्षको फागुनसम्म रू. १ खर्ब ४१ अर्ब १५ करोड लगानी स्वीकृत भएको छ।

तालिका ८(क): उद्योगमा कुल स्वीकृत लगानी (अर्बमा)

| आर्थिक वर्ष | लगानी बोर्ड नेपाल | उद्योग विभाग | कुल जम्मा |
|---|---|---|---|
| २०७० असारसम्म | ८९.९४ | ६२२.२७ | ७१२.२१ |
| २०७०/७१ | ५६.२८ | २९६.८८ | ३५३.१६ |
| २०७१/७२ | २०.२३ | १३८.७५ | १५८.९८ |
| २०७२/७३ | ५२.१५ | १२०.३८ | १७२.५३ |
| २०७३/७४ | ० | १६२.९५ | १६२.९५ |
| २०७४/७५ | ०.२४ | ३४९.८५ | ३५०.०९ |
| २०७५/७६ | ४६.१३ | २८३.३५ | ३२९.४८ |
| २०७६/७७ | ३४२.१९ | १५२.६३ | ४९४.८२ |
| २०७७/७८ | १३५.८१ | १५६.६४ | २९२.४५ |
| २०७८/७९ | १२२.६८ | ३३९.५९ | ४६२.२७ |
| २०७९/८० | १६७.५९ | २१४.२३ | ३८१.८२ |
| २०८०/८१ | ३४३.४३ | २३९.१९ | ५८२.६२ |
| २०८१/८२* | १४१.१५ | १७१.३६ | ३१२.५१ |

| आर्थिक वर्ष | लगानी बोर्ड नेपाल | उद्योग विभाग | कुल जम्मा |
|---|---|---|---|
| २०८१ फागुनसम्म | १५१७.८२ | ३२४८.०७ | ४७६५.८९ |

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/लगानी वोर्ड नेपाल,२०८१ *फागुनसम्म

**मञ्जुषा बक्स ८(क): औद्योगिक क्षेत्र, औद्योगिक ग्राम र विशेष आर्थिक क्षेत्र**

- २०८१ फागुनसम्म ६,०१६.३ रोपनी जग्गामा सञ्चालनमा रहेका १० औद्योगिक क्षेत्रभित्र कुल ६९८ उद्योगमध्ये ६३४ उद्योग सञ्चालनमा, २६ निर्माणाधीन र २० बन्द अवस्थामा रहेका छन्। सञ्चालनमा रहेका उद्योगबाट १९ हजार ५ सय व्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गर्नुका साथै वार्षिक रू. २० अर्ब बराबरको राजस्व सङ्कलन हुने अनुमान रहेको छ।
- २०८१ फागुनसम्म १० औद्योगिक क्षेत्रमा नेपाल सरकारबाट करिब रू. ५६ अर्ब ५२ करोड र निजी क्षेत्रबाट रू. २१ अर्ब गरी रू.७७ अर्ब ५२ करोड लगानी भएको छ।
- भैरहवा विशेष आर्थिक क्षेत्रमा २०८१ फागुनसम्म करिब रू.४ अर्ब २० करोडको लगानीमा ११ उद्योग सञ्चालनमा रहेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म यस क्षेत्रमा रू.२ अर्ब थप लगानीमा ७ उद्योगले सञ्चालन अनुमति प्राप्त गरेका छन्।
- सिमरा विशेष आर्थिक क्षेत्रमा २०८१ फागुनसम्म रू.११ अर्ब ४० करोड लगानी स्वीकृत भएको छ।
- एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना गर्ने नीतिबमोजिम २०८१ फागुनसम्म १२० औद्योगिक ग्राम निर्माणाधीन रहेका छन्। अछामको मेल्लेख, गुल्मीको मदाने, तनहुँको आबुखैरेनी र स्याङ्जाको अर्जुनचौपारीमा औद्योगिक ग्राम निर्माण भएका छन्।

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८१

८.६ उद्योग विभाग अन्तर्गत २०८१ फागुनसम्म ९,९६३ उद्योग दर्ता भएका छन्। दर्ता भएका उद्योगमध्ये ठूला, मझौला र साना उद्योगको हिस्सा क्रमशः १५ प्रतिशत, २२ प्रतिशत र ६३ प्रतिशत रहेको छ। यस अवधिसम्मको कुल स्वीकृत लगानी रू.३२ खर्ब ४८ अर्ब ७ करोडमध्ये ठूला, मझौला र साना उद्योगको हिस्सा क्रमशः ८३.० प्रतिशत, १०.० प्रतिशत र ७.० प्रतिशत रहेको छ। यी उद्योगबाट २०८१ फागुनसम्म ७ लाख ३१ हजार ५ सय ६० रोजगारी सिर्जना हुने अनुमान रहेको छ।

**तालिका ८(ख): शुरूदेखि २०८१ फागुनसम्म दर्ता भएका उद्योगको विवरण**

| स्केल | उद्योगको सङ्ख्या | रू. करोडमा | | | प्रस्तावित रोजगारी | प्रति उद्योग रोजगारी |
|---|---|---|---|---|---|---|
| | | कुल लगानी | स्थिर पुँजी | चालु पुँजी | | |
| ठूला | १४६१ | २६९३७५ | २५२६७४ | १६७०१ | १९८३४३ | १३६ |
| मझौला | २१६४ | ३२२५४ | २१६३३ | १०६६९ | १९४५२२ | ९० |
| साना | ६३३८ | २३१७८ | ७७३१ | १५३९९ | ३३८६९५ | ५३ |
| जम्मा | ९९६३ | ३२४८०७ | २८२०३८ | ४२७६९ | ७३१५६० | ७३ |

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८१

८.७ २०८१ फागुनसम्म दर्ता भएका उद्योग सङ्ख्याको आधारमा उत्पादनमूलक, सेवामूलक र पर्यटन उद्योगको हिस्सा क्रमशः ३५.८४ प्रतिशत, २५.७९ प्रतिशत र २३.१० प्रतिशत रहेको छ। सबैभन्दा न्यून पूर्वाधारसम्बन्धी उद्योगको ०.७६ प्रतिशत रहेको छ।

### तालिका ८(ग): २०८१ फागुनसम्म उद्योग वर्गीकरणअनुसार दर्ता र लगानी


| उद्योग वर्गीकरण | उद्योगको सङ्ख्या | रू. करोडमा | | | प्रस्तावित रोजगारी |
|---|---|---|---|---|---|
| | | कुल लगानी | स्थिर पुँजी | चालु पुँजी | |
| उत्पादनमूलक | ३५७१ | ६८०६७ | ५१००४ | १७०६३ | ३७१७७४ |
| सेवामूलक | २५६९ | ३१६७५ | १८१९२ | १३४८३ | १५१४०१ |
| पर्यटनमूलक | २२९८ | २९२३३ | २६८२२ | २४१० | १०१२६१ |
| ऊर्जामूलक | ५८६ | १८३६८८ | १७५३८० | ८३०८ | ४३०१५ |
| कृषि तथा वन पैदावारमा आधारित | ५५३ | ४३६० | ३५४७ | ८१३ | ४०८७१ |
| सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित | २२४ | ११०४ | ८७० | २३४ | १०३५९ |
| खनिज | ८६ | ९३१ | ७७८ | १५३ | ८१२४ |
| पूर्वाधार | ७६ | ५७४९ | ५४४५ | ३०५ | ४७५५ |
| **जम्मा** | **९९६३** | **३२४८०७** | **२८२०३८** | **४२७६९** | **७३१५६०** |

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८१

८.८ २०८१ फागुनसम्म लगानीको आधारमा ऊर्जामूलक उद्योगमा ५६.५५ प्रतिशत, उत्पादनमूलक उद्योगमा २०.९६ प्रतिशत, पर्यटनमूलक उद्योगमा ९.० प्रतिशत र सबैभन्दा न्यून खनिज उद्योगमा ०.२९ प्रतिशत लगानी स्वीकृत भएको छ।

८.९ चालु आर्थिक वर्षको फागुनसम्म उद्योग विभागमा थप ४३८ उद्योग दर्ता भई रू.१ खर्ब ७१ अर्ब ३६ करोड लगानी स्वीकृत भएको छ। यस्ता उद्योगको सञ्चालनबाट २३ हजार ६४ रोजगारी सिर्जना हुने अनुमान रहेको छ।

### चार्ट ८(क): पछिल्लो दशकमा वार्षिक रूपमा स्वीकृत लगानी (रू. करोडमा)




स्रोतःउद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८१

* २०८१ फागुनसम्म

**मञ्जुषा बक्स ८(ख): स्टार्टअप उद्यम कर्जा कार्यक्रम**

स्टार्टअप उद्यम कर्जाको लागि २०८१ असारसम्म छनौट भएका १,६५८ परियोजनामध्ये १६५ परियोजनालाई रु. १७ करोड ३० लाख कर्जा उपलब्ध गराइएको थियो। एक परियोजनाबाट औसतमा ५ रोजगारी सिर्जना भई १६५ परियोजनाबाट ८२५ रोजगारी सिर्जना हुने अनुमान छ। यस्तो कर्जा प्राप्त उद्यमीबाट २०८१ पुससम्म सावाँ र व्याजस्वरुप रु.१ करोड २० लाख प्राप्त भएको छ।

आर्थिक वर्ष २०८१/८२ मा स्टार्टअप उद्यम कर्जाको लागि प्रस्तावित ५,१५८ परियोजनामध्ये १,३१४ परियोजना छनौट भएका छन्। यस कार्यक्रमको लागि चालु आर्थिक वर्षमा रु.१ अर्ब विनियोजन भएको छ।


स्रोतःउद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८१

## विदेशी लगानी

८.१० चालु आर्थिक वर्षको फागुनसम्म उद्योग विभागमा दर्ता भएका जम्मा ४ सय २७ परियोजनामा रू.४४ अर्ब ६६ करोड बराबरको विदेशी लगानी स्वीकृत भएको छ। यस्तो स्वीकृत लगानी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५३.३ प्रतिशतले बढी हो।

८.११ २०८१ फागुनसम्म उद्योग विभागमा दर्ता भएका ६,९८२ परियोजनामा रू.५ खर्ब ६४ अर्ब ५९ करोड बराबरको विदेशी लगानी स्वीकृत भई उद्योग सञ्चालनबाट ३ लाख ३९ हजार ६ सय ७५ रोजगारी सिर्जना हुने अनुमान रहेको छ।

**चार्ट ८(ख): वार्षिकरूपमा कुल स्वीकृत विदेशी लगानी** (रू. करोडमा)




स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८१ * फागुनसम्म

८.१२ चालु आर्थिक वर्षको फागुनसम्म स्वीकृत वैदेशिक लगानीमध्ये सेवामूलक क्षेत्रमा २९.३ प्रतिशत, ऊर्जामूलक क्षेत्रमा २५.५ प्रतिशत, पर्यटन क्षेत्रमा २४.० प्रतिशत र उत्पादनमूलक क्षेत्रमा १४.० प्रतिशत लगानी रहेको छ। खनिज क्षेत्रका उद्योगमा सबैभन्दा न्यून १.५ प्रतिशत विदेशी लगानी स्वीकृत भएको छ।

**तालिका ८(घ): विदेशी लगानी स्वीकृत भएका उद्योगको विवरण***

| वर्गीकरण | सङ्ख्या | विदेशी लगानी (रू.करोडमा) |
|---|---|---|
| कृषि तथा वन पैदावारमा आधारित | ३१३ | ९४६ |
| पूर्वाधार | ७१ | ८७० |
| ऊर्जामूलक | ९६ | १४३९० |
| सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित | ४०६ | १४५७ |
| उत्पादनमूलक | १३७३ | ७८७७ |
| खनिज | ७५ | ८३३ |
| सेवा | २१७९ | १६५१७ |
| पर्यटन | २४६९ | १३५६९ |
| **कुल** | **६९८२** | **५६४५९** |

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८१ * शुरूदेखि २०८१ फागुनसम्म

८.१३ २०८१ फागुनसम्म विदेशी लगानी स्वीकृत भएका परियोजनामध्ये कुल लगानीको आधारमा सबैभन्दा बढी लगानी चीनको ४४.० प्रतिशत र भारतको १९.४ प्रतिशत रहेको छ। यसैगरी, स्वीकृत लगानी सङ्ख्याको आधारमा समेत सबैभन्दा बढी चीनको ४०.९ प्रतिशत र भारतको १२.६ प्रतिशत रहेको छ।

**तालिका ८(ङ): देशगतरूपमा स्वीकृत विदेशी लगानी*** (रू. करोडमा)

| देश | सङ्ख्या | विदेशी लगानी |
|---|---|---|
| चीन | २८५४ | २४८२८ |
| भारत | ८८१ | १०९५२ |
| हङकङ्ग | ४९ | २९५८ |
| दक्षिण कोरिया | ३९८ | २६३१ |
| अमेरिका | ५५१ | १९९० |
| संयुक्त अधिराज्य | २२१ | १५८७ |
| ब्रिटिश भर्जिन टापु | १७ | ११०६ |
| सिङ्गापुर | ७४ | ८२७ |
| स्पेन | ३५ | ७५९ |
| क्यानडा | ६५ | ४०५ |
| अन्य | १८३७ | ८४१६ |
| **जम्मा** | **६९८२** | **५६४५९** |

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८१ *२०८१ फागुनसम्म

**मञ्जुषा बक्स ८ (ग) : नेपालको सार्वभौम क्रेडिट रेटिङ : आर्थिक विश्वास र अवसरको संकेत**

मुलुकको साख योग्यता (Credit Worthiness), ऋण बहन गर्ने क्षमता मूल्याङ्कन, आर्थिक विकासको परिमाणात्मक तथा गुणात्मक अवस्था र अर्थतन्त्रका सबै क्षेत्रको स्थिति प्रतिविम्बित गर्ने सूचकको विश्लेषणको आधारमा अन्तर्राष्ट्रिय बजारमा वित्तीय पहुँच पुऱ्याउन एवम् लगानी आकर्षित गर्ने उद्देश्यले सार्वभौम क्रेडिट रेटिङ्ग गरिन्छ। लगानीकर्ता र वित्तीय सेवा प्रदायक निकायले क्रेडिट रेटिङलाई लगानी वातावरणको सूचकको आधारका रूपमा लिने गर्दछन्। त्यसैगरी, निजी क्षेत्रको विश्वास अभिवृद्धि र समग्र आर्थिक प्रणाली सुदृढीकरण गर्न क्रेडिट रेटिङ्गको योगदान महत्त्वपूर्ण रहने गर्दछ।

प्रचलनमा रहेका S&P, Moody र Fitch क्रेडिट रेटिङ् एजेन्सी मध्येबाट क्रेडिट रेटिङ् गर्ने अन्तर्राष्ट्रिय अभ्यास छ। सन् २०२४ मा फिच रेटिङ्ग लिमिटेडद्वारा नेपालको पहिलो पटक सार्वभौम क्रेडिट रेटिङ भई नेपालले "BB-" स्कोर हासिल गरेको छ। फिच क्रेडिट स्केलका विभिन्न स्केलमध्ये AAA ले उच्च क्रेडिट गुणस्तर र D ले डिफल्ट अवस्थालाई जनाउँछ। यस रेटिङ्गले मुलुकको क्रेडिट जोखिम मुलुकले वहन गर्न सक्ने सीमाभित्र नै रहेको देखाएको छ। यसले लगानीमैत्री वातावरणको सकारात्मक सन्देश प्रवाह गरेको छ। साथै, अन्तर्राष्ट्रिय बजारबाट प्राप्त हुने ऋणको ब्याजदर न्यून हुने सम्भावना समेत यसले बढाएको छ। दक्षिण एसियाली मुलुकको तुलनामा नेपालको यो रेटिङ सन्तोषजनक छ, जसले सरकार, निजी क्षेत्र र लगानीकर्ताहरूमा उत्साह सिर्जना गरेको छ।

## खानी तथा भूभर्ग

८.१४ भौगर्भिक अध्ययन तथा अनुसन्धानबाट २०८१ फागुनसम्म ६३ विभिन्न खनिज पत्ता लागेका छन्। पश्चिमदेखि पूर्वी नेपालसम्म १० पेट्रोलियम खण्डको पहिचान भएको छ। दैलेखमा पेट्रोलियम अन्वेषणका लागि चीन सरकारको सहयोगमा लक्ष्यबमोजिम ४,०१३ मि. ड्रिलिङ्ग गर्ने कार्य सम्पन्न भएको छ। खानीजन्य उद्योग स्थापनाको लागि २०८१ फागुनसम्म ९ खनिजको उत्खनन् अनुमतिपत्र प्रदान गरिएको छ।

## गुणस्तर तथा नापतौल

८.१५ चालु आर्थिक वर्षको फागुनसम्म ४१ नेपाल गुणस्तर मापदण्ड स्वीकृत भएका छन् भने १३ गुणस्तरीय ल्याब सञ्चालनमा रहेका छन्। त्यसैगरी, नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त उद्योगको सङ्ख्या ३३ रहेकोमा यस अवधिमा ४५ वस्तुलाई यस्तो चिन्ह प्रदान गरिएको छ।

## वाणिज्य

८.१६ चालु आर्थिक वर्षको फागुनसम्म १,१४१ नयाँ व्यापारिक फर्म दर्ता, २,१२१ फर्मको विवरण संशोधन, ४,६७० फर्मको नवीकरण र ३८१ फर्म खारेज गरिएको छ। गत आर्थिक वर्षको सोही अवधिमा १,४५८ नयाँ फर्म दर्ता, २,१५७ फर्मको विवरण संशोधन, ९,३१८ फर्मको नवीकरण र १,१६९ फर्म खारेज गरिएको थियो।

**मन्जुषा बक्स ८ (घ) : वाणिज्य नीति, २०८१**

मुलकले खुला र उदार आर्थिक नीति अवलम्बन गरेसँगै क्षेत्रीय एवम् बहुपक्षीय व्यापारसँगको आबद्धता बढेको छ। अन्तर्राष्ट्रिय व्यापारको वस्तुगत एवम् देशगत विविधिकरण भएसँगै १५० भन्दा बढी मुलुकबाट वस्तु पैठारी र १२५ भन्दा बढी मुलुकमा वस्तु निकासी हुने गरेको छ। अन्तर्राष्ट्रिय व्यापार सम्झौता एवम् साझेदारीबाट सिर्जित अवसरको अपेक्षितरूपमा लाभ लिन नसक्दा व्यापार असन्तुलनमा सुधार हुन सकेको छैन। वस्तु र सेवा व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको २५.० प्रतिशत भन्दा बढी रहेको छ।

सूचना तथा सञ्चार प्रविधिको विकाससँगै सूचना प्रविधिमा आधारित व्यापारलाई थप विश्वसनीय बनाउनु एवम् यस्तो व्यापारको नियमनलाई प्रभावकारी बनाउँदै लैजानु परेको छ। नेपाल विकासशील मुलुकमा स्तरोन्नतीको क्रममा रहेकोले अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा चुनौती र अवसर दुवै रहेका छन्। तीन तहका सरकार तथा निजी क्षेत्र बीचको वस्तु तथा सेवाको उत्पादनको लागि आपसी समन्वय तथा सहकार्य बढाउनुपर्ने देखिएको छ। अन्तर्राष्ट्रिय आर्थिक परिवेशबाट आपूर्ति श्रङ्खलामा आउनसक्ने संकटबाट क्षति हुन नदिन उत्थानशील व्यापारिक प्रबन्ध (Resilient Trade Regime) विकास गर्नुपर्ने आवश्यकता छ।

उल्लिखित विषयलाई सम्बोधन गरी बँदलिदों राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा व्यापार तथा लगानीका नयाँ अवसर सिर्जना गर्ने हेतुले वाणिज्य नीति, २०८१ कार्यान्वयनमा आएको छ। विकासशील तथा अतिकम विकसित मुलुकका वस्तुलाई उपलब्ध हुने भन्सार तथा कोटारहित (DFQF) बजार पहुँच सुविधाको अधिकतम उपयोग गर्ने जस्ता प्रमुख रणनीति यस नीतिमा रहेका छन्। विकसित मुलुक र स्तरोन्नती भएको विकासशील मुलुकबीच नेटवर्किङ्ग गरी व्यापार सहजीकरण गर्ने नीति यसले लिएको छ। विजनेश प्रोसेस आउटसोर्सिङ्ग (BPO), सफ्टवेयर प्रोग्रामिङ्ग, क्लाउड कम्प्यूटिङ्ग, कृत्रिम बौद्धिकता, टेली कम्प्यूटिङ्ग, वर्क फ्रम होम लगायतका सूचना प्रविधिसँग सम्बन्धित व्यवसायलाई उच्च प्राथमिकता दिइएको छ। स्थानीय तहमार्फत जडिबुटीको व्यावसायिक खेतीलाई प्रवर्द्धन गरी उच्च मूल्य अभिवृद्धि गर्न जोड दिईएको छ।

## आपूर्ति तथा उपभोक्ता संरक्षण

८.१७ नेपाल सरकारले तोकेका २२ दुर्गम जिल्लामध्ये १७ जिल्लाको ६१ स्थानमा चालु आर्थिक वर्षको फागुनसम्म ६१ हजार ९ सय ९१ क्विन्टल आयोडिनयुक्त नुन ढुवानी भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म १६ हजार ७ सय ७ मेट्रिक टन खाद्यान्न दुर्गम जिल्लामा ढुवानी भएको छ। २०८१ फागुनसम्म कर्णाली प्रदेशमा जन्म र मृत्यु संस्कार कार्यमा करिब ६५ मेट्रिक टन खाद्यान्न वितरण गरिएको छ।

८.१८ चालु आर्थिक वर्षको फागुनसम्म राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा १० हजार ५ सय १० मेट्रिक टन एवम् बफर स्टक र सार्क खाद्य सुरक्षा बैङ्कमा १८ हजार ५ सय १० मेट्रिक टन खाद्यान्न मौज्दात रहेको छ।

### तालिका ८(च): खाद्यान्न ढुवानी तथा मौज्दातको विवरण

| विवरण | इकाई | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|---|
| दुर्गम जिल्लामा खाद्यान्न ढुवानी | मेट्रिक टन | १६६५८ | २५४६३ | ३०४८३ | २९६२४ | १६७०७ |
| राष्ट्रिय खाद्य सुरक्षा भण्डार (बफर स्टक) मा मौज्दात खाद्यान्न | मेट्रिक टन | १३३३९ | १५१९८ | ५७८८ | ८५७८ | १०५१० |
| बफर स्टक र सार्क खाद्य सुरक्षा बैंकमा मौज्दात खाद्यान्न | मेट्रिक टन | २१३३९ | २३१९८ | १३७८८ | १६५७८ | १८५१० |
| कर्णालीमा जन्म र मृत्यु संस्कार कार्यमा वितरण गरिएको खाद्यान्न | मेट्रिक टन | ६२ | ६७ | ६५ | ७२ | ६५ |
| स्थानीय रैथाने वाली खरिद | मेट्रिक टन | २.७८ | २.६५ | १२.२० | ३४.१० | ३.७० |

स्रोत: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८१ *फागुनसम्म

८.१९ २०८१ फागुनसम्म एल.पि.ग्यास बाहेक पेट्रोल, डिजेल, मट्टितेल र ए.टि.एफ.को भण्डारण क्षमता १ लाख २ हजार १ सय ६४ किलोलिटर रहेको छ। डिजल र हवाई इन्धनको १२, पेट्रोलको १३ तथा मट्टीतेलको ५६ दिनको खपत धान्न सक्ने मौज्दात रहेको छ।

### तालिका ८(छ): पेट्रोलियम पदार्थको आयात एवम् बिक्रीको विवरण

| विवरण | आर्थिक वर्ष | | | | फागुनसम्म | | |
|---|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८०/८१ | २०८१/८२ | वृद्धिदर |
| **आयातित परिमाण (एल.पी.ग्यास हजार मेट्रिक टनमा अन्य हजार किलोलिटरमा)** | | | | | | | |
| पेट्रोल | ५९२ | ७३६ | ६७६ | ६९३ | ४५२ | ४८७ | ७.७४ |
| डिजेल | १६९६ | १७२४ | १३८३ | १३९० | ८३२ | ८७८ | ५.५३ |
| मट्टीतेल | २४ | १७ | १३ | १३ | ७ | १० | ४२.८६ |
| ए.टि.एफ. | ७२ | १५७ | १७३ | १९८ | १२८ | १३९ | ८.५९ |
| एल.पि.जि. | ४७८ | ५३६ | ५१५ | ५२४ | ३४३ | ३६३ | ५.८४ |
| **बिक्री परिमाण (एल.पी.ग्यास हजार मेट्रिक टनमा अन्य हजार किलोलिटरमा)** | | | | | | | |
| पेट्रोल | ५५८ | ७३० | ६७३ | ६८९ | ४४७ | ४७१ | ५.३७ |
| डिजेल | १६७८ | १७२८ | १३८१ | १३९४ | ८३८ | ८५६ | २.१५ |
| मट्टीतेल | २३ | १८ | १३ | १३ | ४ | ७ | ७५ |
| ए.टि.एफ. | ७० | १५४ | १७५ | १९६ | १२६ | १४० | ११.११ |
| एल.पि.जि. | ४७८ | ५३६ | ५१५ | ५२४ | ३४८ | ३६३ | ४.३१ |

स्रोत: नेपाल आयल निगम, २०८१

८.२० आर्थिक वर्ष २०८१/८२ मा पेट्रोल र डिजेल भण्डारणका लागि अमलेखगञ्जमा ५,१०० किलोलिटर क्षमताका २ ट्याङ्की निर्माण भएका छन्।

## निजी क्षेत्र विकास

८.२१ चालु आर्थिक वर्षको कुल उपभोगमा निजी क्षेत्रको उपभोग ९०.२ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो उपभोग ९०.१ प्रतिशत रहेको थियो।

८.२२ चालु आर्थिक वर्ष कुल स्थिर लगानीमा निजी क्षेत्रको लगानी (सार्वजनिक संस्थान/कम्पनी/संस्थामा भएको निजी लगानीबाहेक) ६०.९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो लगानी ६१.७ प्रतिशत रहेको थियो। पछिल्लो दशकको कुल स्थिर लगानीमा निजी क्षेत्रको स्थिर लगानी करिब ७०.० प्रतिशत रहेको छ।

८.२३ आर्थिक वर्ष २०८०/८१ मा कुल कर्जाको ७९.३ प्रतिशत कर्जा निजी क्षेत्रमा प्रवाह भएको छ। अघिल्लो आर्थिक वर्षमा पनि यस्तो कर्जा करिब समान रहेको थियो।

८.२४ २०८१ फागुनसम्म कुल लगानीको २७.१ प्रतिशत अर्थात रू.२१ अर्ब बराबरको निजी लगानी औद्योगिक क्षेत्रमा रहेको छ। औद्योगिक क्षेत्रमा भएको कुल लगानीमध्ये सरकारी लगानी ७२.९ प्रतिशत रहेको छ।

## कम्पनी दर्ता

८.२५ २०८१ असारसम्म दर्ता भएका कम्पनीको सङ्ख्या ३ लाख ५६ हजार १ सय ६० रहेको छ। दर्ता भएका कम्पनीमध्ये प्राइभेट लिमिटेड सबैभन्दा बढी ९६.५६ प्रतिशत र अन्य ३.४४ प्रतिशत रहेका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ३ लाख ३२ हजार ८ सय ६ रहेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म थप १४ हजार १ सय ३० कम्पनी दर्ता भएका छन्।

८.२६ २०८१ फागुनसम्म दर्ता भएका कम्पनीमध्ये रू. २० लाखसम्म कुल पुँजी भएका ४२.० प्रतिशत, रू.२० लाखदेखि रू.१ करोडसम्म पुँजी भएका ४५.६ प्रतिशत, रू.१ करोडदेखि रू.१५ करोडसम्म पुँजी लगानी भएका ११.१ प्रतिशत र रू.१५ करोडभन्दा बढी पुँजी लगानी भएका कम्पनी १.१ प्रतिशत रहेका छन्।

तालिका ८(ज): कम्पनी दर्ताको क्षेत्रगत विवरण

| कम्पनी प्रकार | सङ्ख्या | अंश (प्रतिशतमा) |
|---|---|---|
| प्राइभेट लिमिटेड | ३४३९११ | ९६.५६ |
| पब्लिक लिमिटेड | २२२९ | ०.६३ |
| मुनाफा वितरण नगर्ने | ६०६३ | १.७० |
| विदेशी शाखा/सम्पर्क/वैदेशिक लगानी | ३९५७ | १.११ |
| **जम्मा** | **३५६१६०** | **१००** |


स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८१

## पर्यटन

८.२७ पछिल्लो समय पर्यटन क्षेत्र पुनरूत्थान हुँदै गएसँगै होटल व्यवसाय चलायमान भएको र पर्यटकबाट प्राप्त हुने आम्दानीमा समेत वृद्धि हुँदै गएको छ।

८.२८ २०८० पुससम्म पर्यटक आगमन १० लाख १४ हजार ८ सय ८२ रहेकोमा २०८१ पुससम्म यस्तो सङ्ख्या १३.० प्रतिशतले वृद्धि भई ११ लाख ४७ हजार ५ सय ४८ पुगेको छ।

**चार्ट ८(ग): पर्यटक आगमन र वृद्धिदर**




**स्रोतः संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८१**


८.२९ सन् २०२३ मा भ्रमण आय रू. ७२ अर्ब ४५ करोड ५६ लाख रहेकोमा पर्यटकीय गतिविधिमा विस्तार हुँदै गएसँगै सन् २०२४ मा १५.० प्रतिशतले वृद्धि भई रू. ८३ अर्ब ३९ करोड ४० लाख पुगेको छ।

८.३० सन् २०२४ मा पर्यटकको औसत बसाई अवधि र प्रतिदिन खर्चमा न्यून दरले परिवर्तन भई पर्यटकको औसत बसाई १३.३ दिन र प्रति पर्यटक प्रति दिन औसत खर्च ४०.८ अमेरिकी डलर कायम भएको छ। सन् २०२३ मा पर्यटकको बसाइ अवधि औसत १३.२ दिन र प्रति पर्यटक प्रतिदिन औसत खर्च ४१ अमेरिकी डलर रहेको थियो।

८.३१ सन् २०२४ मा नेपाल भ्रमण गर्ने कुल पर्यटकमध्ये सबैभन्दा बढी ६०.४ प्रतिशतले बिदा/मनोरञ्जन/यात्राको लागि भ्रमण गरेका थिए। यसैगरी, १५.३ प्रतिशतले तीर्थयात्रा,

१४.५ प्रतिशतले पर्वतारोहण/साहसिक यात्रा र ९.८ प्रतिशतले अन्य उद्देश्यले नेपाल भ्रमण गरेका थिए।


**चार्ट ८(घ): भ्रमणको उद्देश्यअनुसार पर्यटक आगमन**




स्रोतः संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८१

८.३२ सन् २०२४ मा भारतबाट २७.७० प्रतिशत, अमेरिकाबाट ९.६७ प्रतिशत, चीनबाट ८.८९ प्रतिशत, बेलायतबाट ४.७९ प्रतिशत, बङ्गलादेशबाट ४.२७ प्रतिशत, अष्ट्रेलियाबाट ३.८३, श्रीलङ्काबाट २.७० प्रतिशत, थाइल्याण्डबाट २.६१ प्रतिशत, जर्मनीबाट २.६१ प्रतिशत, दक्षिण कोरियाबाट २.३५ प्रतिशत र अन्य मुलुकबाट ३०.५७ प्रतिशतले नेपाल भ्रमण गरेका छन्।

**चार्ट ८(ङ): सन् २०२४ मा देशगत रूपमा पर्यटक आगमन (सङ्ख्या हजारमा)**




स्रोतः संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८१

८.३३ पर्वतारोहण दल (हिमाल आरोहण दल) को सङ्ख्या सन् २०२४ मा ५.४२ प्रतिशतले बढेर २,३७५ पुगेको छ। पर्वतारोहीको सङ्ख्या सन् २०२३ मा ९,३९८ रहेकोमा सन् २०२४ मा केही सङ्कुचन भई ९,१९१ रहेको छ। पर्वतारोहीको सङ्ख्यामा आएको कमीसँगै पर्वतारोहणबाट प्राप्त हुने रोयल्टी समेत सन् २०२३ को रू.९९ करोड ९३ लाखको तुलनामा ७.४ प्रतिशतले कमी आई सन् २०२४ मा रू.९२ करोड ५८ लाख रहेको छ।

८.३४ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानबाट हालसम्म २८ हजार २ सय ३३ दक्ष जनशक्ति उत्पादन भएका छन्।

८.३५ डिलक्ससहितका पाँचतारे होटलको सङ्ख्या २०८० फागुनसम्म १८२ रहेकोमा २०८१ फागुनसम्म २१४ पुगेको छ। त्यसैगरी, तारेस्तर बाहेकको डिलक्स/लक्जरी हेरिटेज बुटिक होटलसहित पर्यटकस्तरीय होटल, लज तथा रिसोर्टको सङ्ख्या २०८० फागुनसम्म १,२३४ रहेकोमा २०८१ को सोही अवधिमा १,३६४ पुगेको छ।

८.३६ रिसोर्ट तथा डिलक्ससहितका तारे होटलमा रहेका शैयाको सङ्ख्या चालु आर्थिक वर्षको फागुनसम्म ३,२७० थप भई २०८१ फागुनसम्म २० हजार ३ सय ४३ पुगेको छ। यस्ता होटलबाहेक पर्यटकस्तरीय डिलक्स/लक्जरी हेरिटेज बुटिक होटल, लज तथा रिसोर्टमा रहेका शैयाको सङ्ख्या चालु आर्थिक वर्षको फागुनसम्म ५,००२ थप भई २०८१ फागुनसम्म ४२ हजार २ सय ९९ पुगेको छ।

८.३७ २०८१ फागुनसम्म क्यासिनो ९ र आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेल खेलाउने क्यासिनो २० गरी २९ सञ्चालनमा रहेका छन्। २०८१ असारसम्म यस्तो सङ्ख्या २६ रहेको थियो।

८.३८ २०८१ फागुनसम्म ट्राभल एजेन्सी ४,९६३, ट्रेकिङ एजेन्सी ३,२५२ र न्याफ्टिङ एजेन्सी ९७ दर्ता भएका छन्। त्यसैगरी, यस अवधिसम्म पर्यटक यातायात सेवा १५५, टुर गाईड ५,२६९, ट्रेकिङ्ग गाईड २७ हजार १ सय २८ र रिभर गाईड ४२५ दर्ता भएका छन्।

तालिका ८(झ): नागरिक उड्डयन सम्वद्ध प्रमुख सूचकहरू

| प्रमुख सूचकहरू | २०२० | २०२१ | २०२२ | २०२३ | २०२४ |
|---|---|---|---|---|---|
| अन्तर्राष्ट्रिय उडान भर्ने नेपाली वायुसेवाको सङ्ख्या | ३ | २ | ३ | ३ | ३ |
| नेपाल उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवाको सङ्ख्या | २७ | २० | २७ | ३१ | ३१ |
| द्विपक्षीय हवाई सेवा सम्झौता भएका देशको सङ्ख्या | ४० | ४१ | ४१ | ४१ | ४२ |
| दुई तर्फ हवाई सिट सङ्ख्या (हजारमा) | ८००० | ८००० | ८७५५ | ८७५५ | ८९७३ |
| अन्तर्राष्ट्रिय विमानस्थलको सङ्ख्या | १ | १ | ३ | ३ | ३ |
| मुलुकभित्र उडान भर्ने (Roter and Fixed Wing) सञ्चालन गर्ने कम्पनीको सङ्ख्या | १९ | २० | २२ | २२ | २२ |
| मुलुकभित्र हवाईजहाज (Fixed Wing) उडान सञ्चालन गर्ने कम्पनीको सङ्ख्या | ९ | ९ | १० | १० | १० |
| मुलुकभित्र हेलिकप्टर (Roter Wing) उडान सञ्चालन गर्ने कम्पनीको सङ्ख्या | १० | ११ | १२ | १२ | १२ |
| सबै मौसममा सञ्चालन हुनसक्ने कालोपत्रे भएका विमानस्थलको सङ्ख्या | ३७ | ३७ | ४१ | ४१ | ४२ |
| सञ्चालनमा रहेका कुल विमानस्थलको सङ्ख्या | ३५ | ३२ | ३३ | ३३ | ३५ |

**स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८१**

८.३९ सन् २०२४ मा नेपालमा अन्तर्राष्ट्रिय उडान भर्ने वायुसेवाको सङ्ख्या ३१ रहेको छ। त्यसैगरी, द्विपक्षीय हवाई सेवा सम्झौता भएका देशको सङ्ख्या ४२ पुगेको छ। दुईतर्फ हवाई सिट क्षमता सङ्ख्या वार्षिक ८९ लाख ७३ हजार रहेको छ। आन्तरिक उडान गर्ने वायुसेवा (Fixed Wing + Rotor Wing) को सङ्ख्या २२ पुगेको छ। सबै मौसममा सञ्चालन हुनसक्ने कालोपत्रे भएका विमानस्थलको सङ्ख्या ४२ रहेकोमा ३५ सञ्चालनमा रहेका छन्।

## संस्कृति

८.४० लुम्बिनी आउने तीर्थयात्री एवम् पर्यटकका लागि अनलाइन टिकटको व्यवस्था गरिएको छ। २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त सम्पदा पुनर्निमाण गर्ने क्रममा चालु वर्षको फागुनसम्म थप १० सम्पदा पुनर्निमाण भई २०८१ फागुनसम्म ८१० सम्पदाको संरक्षण तथा पुनर्निर्माण भएको छ।

# ९. शहरी विकास, आवास तथा ऊर्जा

९.१ नेपाल द्रुत गतिमा शहरीकरणतर्फ उन्मुख हुँदै गएको छ। पछिल्लो प्रतिवेदनअनुसार शहरी क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या २७.०७ प्रतिशत पुगेको छ। साथै, शहरोन्मुख क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या ४०.० प्रतिशत रहेको छ। आधुनिक, दिगो र व्यवस्थित शहरीकरण तथा वस्ती विकासका साथै सीमान्तकृत, घरबारबिहीन, सामाजिक आर्थिक रूपले पछि परेका वर्गका लागि सुरक्षित आवास उपलब्ध गराउन विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन्। शहरीकरणलाई व्यवस्थित तथा गुणात्मक बनाई सन्तुलित विकासको लागि शहरी नीति केन्द्रित हुनुपर्ने देखिन्छ।

९.२ गाउँबाट शहर रूपान्तरणको क्रम बढेसँगै जनसङ्ख्याको भौगोलिक संरचनामा पनि परिवर्तन भएको छ। करिब १७.० प्रतिशत भूभाग ओगटेको तराई मधेशमा ५३.७ प्रतिशत जनसङ्ख्या रहेको छ भने पहाडी तथा हिमाली क्षेत्रमा ४६.३ प्रतिशत जनसङ्ख्या रहेको छ। खुँम्चिदो ग्रामीण जनसङ्ख्या र बढ्दै गएको शहरी जनसङ्ख्याका कारण पहाड तथा हिमालमा पूर्वाधार निर्माण तथा सेवा सुविधामा प्रतिव्यक्ति लागत बढ्दै गएको छ। जनघनत्व अधिक रहेका तराई मधेशमा ठूला पूर्वाधार निर्माणमा लगानी बढाउनु पर्नेछ।

९.३ जलविद्युत क्षेत्रमा लिइएको नीतिगत व्यवस्थाका कारण ऊर्जाको क्षेत्रमा मुलुक आत्मनिर्भर उन्मूख हुँदै गएको छ। विद्युत उत्पादनमा वृद्धि भई विद्युतको पहुँच पुगेको जनसङ्ख्या पनि बढेको छ।

## शहरी विकास

९.४ गत आर्थिक वर्षसम्म सघन शहरी विकास कार्यक्रम १०५ नगरपालिकामा लागू भई शहरी सडक निर्माण/स्तरोन्नति, सतह नाली/ढल निर्माण, बसपार्क निर्माण, सार्वजनिक पार्क/खुला क्षेत्र विकास तथा संरक्षण लगायतका आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माण भएका छन्।

९.५ टेकु स्थित बागमती नदी किनारमा अवस्थित २८ धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्त्वका धरोहरको पुनर्निर्माण कार्य सम्पन्न भएको छ। गोकर्णदेखि सिनामंगलसम्म र थापाथली पुलदेखि बल्खुसम्म बागमती नदीको किनारामा नदी सौन्दर्यीकरण तथा वातावरणीय सुधारसम्बन्धी निर्माण कार्य लगायत धाप ड्याम निर्माण कार्य सम्पन्न भएको छ। काठमाडौंको सिनामंगल र तीनकुनेमा बागमती पुलमुनि अन्डरपास निर्माण कार्य सम्पन्न भएको छ। गुहेश्वरी ढल प्रशोधन केन्द्रको निर्माण सम्पन्न भएको छ।

## नयाँ शहर आयोजना

९.६ मध्य पहाडी राजमार्ग र उत्तर दक्षिण करिडोरको मिलन बिन्दु तथा सोको आसपासमा आधुनिक नयाँ शहरको विकास गर्न नयाँ शहर विकास आयोजना सञ्चालनमा रहेको छ। यस आयोजना अन्तर्गत हालसम्म ९८.४ कि.मी. सडक कालोपत्रे, ६५.९ कि.मी. सडक ढलान र ३१७.१ कि.मी. सतह नालाको कार्य सम्पन्न भएको छ।

**तालिका ९(क): नयाँ शहर आयोजना अन्तर्गतको उपलब्धि**

| क्रियाकलापहरु | इकाई | लक्ष्य | उपलब्धि | |
|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१ फागुन |
| ट्र्याक खोल्ने/ स्तरोन्नति/ ग्राभेल | कि.मि. | ५७३४.९६ | ३४.८९ | ५६६.३ |
| कालोपत्रे | कि.मि. | ८९७.५७ | २.९६ | ९८.४१ |
| ढलान सडक | कि.मि. | ५१२.३६ | ५.०८ | ६५.९ |
| ढल/नाला निर्माण | कि.मि. | १३३०.५७ | १८.४९ | ३१७.१ |
| सरकारी भवन निर्माण | वटा | २६४ | ५ | ४२ |
| सौर्य बत्ती | वटा | ० | ८ | १८०९ |
| तरकारी/फलफूल/हाट बजार | वटा | १४१ | १ | १३ |
| बसपार्क निर्माण | वटा | ३४ | ३ | १० |
| खेल मैदान निर्माण | वटा | १२५ | १ | ११ |
| पार्क निर्माण | वटा | १८४ | २ | १८ |
| खानेपानी आयोजना | वटा | १२ | २ | ११ |
| जग्गा विकास | वटा | ३३ | ७ | ८ |
| Landfill site निर्माण | वटा | १० | २ | ४ |

स्रोत: शहरी विकास मन्त्रालय, २०८१

## आवास

९.७ जनता आवास कार्यक्रमबाट ५५ हजार ९ सय ७० आवास निर्माण गर्ने लक्ष्य रहेकोमा २०८१ फागुनसम्म ३६ हजार ३ सय २५ आवास निर्माण भएको छ। यस कार्यक्रम अन्तर्गत २०७५ असारसम्म संघबाट १७ हजार ३९ आवास निर्माण भएको थियो। आर्थिक वर्ष २०७५/७६ देखि प्रदेशबाट कार्यान्वयन हुने गरी हस्तान्तरण गरिए पश्चात यस कार्यक्रम अन्तर्गत हालसम्म १९ हजार २ सय ८६ आवास निर्माण भएको छ।

९.८ एकीकृत आधुनिक सुरक्षित बस्ती विकास कार्यक्रम अन्तर्गत प्राकृतिक विपद्को समयमा विस्थापितलाई तत्काल अस्थायी रूपमा आवास उपलब्ध गराउन मुलुकका विभिन्न स्थानमा हालसम्म ११ इमर्जेन्सी सेल्टर निर्माण भएको छ। चालु आर्थिक वर्ष महोत्तरीको जलेश्वर नगरपालिका, सप्तरीको तिलाठी कोइलाडी, कालिकोटको तिलागुफा नगरपालिका र जुम्ला-चन्दननाथ नगरपालिकामा इमर्जेन्सी सेल्टर निर्माण भएका छन्।

९.९ सुरक्षित आवास कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म ६ हजार ९ सय ८२ आवास थप भई २०८१ फागुनसम्म ८८ हजार ८ सय ७६ आवासमा फुसको छाना जस्तापाताले विस्थापन भएको छ। २०८१ असारसम्म यस्तो सङ्ख्या ८१ हजार ८ सय ९४ रहेको थियो।

## भूकम्पपछिको पुनर्निर्माण (भवन तथा आवास)

९.१० २०७२ को भूकम्पले क्षतिग्रस्त भएका १,१३६ स्वास्थ्य संस्थामध्ये २०८१ फागुनसम्म १,०११ संस्थाको पुनर्निर्माण भइसकेको छ भने १२५ स्वास्थ्य संस्थाको निर्माण कार्य भइरहेको छ। निजी आवास पुनर्निर्माणतर्फ २०८१ फागुनसम्म ८ लाख ३५ हजार १ सय ८५ लाभग्राही पहिचान भएकोमा ८ लाख ३४ हजार २४ ले पहिलो किस्ता प्राप्त गरेका छन्।

## स्थानीय पूर्वाधार

९.११ स्थानीय पूर्वाधार अन्तर्गत २०८१ असारसम्म ६७ हजार ६ सय २५ किलोमिटर सडक विस्तार भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप ३८७ किलोमिटर सडक विस्तार भई ६७ हजार ९ सय १२ किलोमिटर सडक विस्तार भएको छ।

९.१२ स्थानीय सडक पूर्वाधार अन्तर्गत निर्माण भएका सडकमध्ये कालोपत्रे, ग्राभेल र कच्ची सडकको अंश क्रमशः ७.२ प्रतिशत, २१.१ प्रतिशत र ७१.७ प्रतिशत रहेको छ।

तालिका ९(ख): प्रादेशिक र स्थानीय सडक सञ्जालको विवरण

| सडकको विवरण | २०७७ असार | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|---|---|---|
| धुलो/कच्ची | ४५६९३ | ४५९५९ | ४६५६२ | ४७३२० | ४८४५८ | ४८६६५ |
| ग्रावेल | १३१४६ | १३३९२ | १३६८९ | १४००० | १४२६४ | १४३३५ |
| कालोपत्रे | ४२१२ | ४३४५ | ४६०३ | ४७३७ | ४९०३ | ४९१२ |
| **जम्मा** | **६३०५१** | **६३६९६** | **६४८५४** | **६६०५७** | **६७६२५** | **६७९१२** |

स्रोतः शहरी विकास मन्त्रालय, २०८१

९.१३ प्रदेश र स्थानीय स्तरका सडक सञ्जालमध्ये २०८१ फागुनसम्म निर्माण भएको ६७ हजार ९ सय १२ किलोमिटर सडकमध्ये हिमालमा १५.८९ प्रतिशत, पहाडमा ५४.९८ प्रतिशत र तराईमा २९.१२ प्रतिशत रहेको छ।

**तालिका ९(ग): भौगोलिक क्षेत्रानुसार प्रादेशिक र स्थानीय सडक विस्तार** (किलोमिटरमा)

| भौगोलिक | प्रादेशिक सडक | स्थानीय सडक | जम्मा |
|---|---|---|---|
| हिमाल | ५२७३ | ५५१९ | १०७९२ |
| पहाड | १८५४१ | १८८०० | ३७३४१ |
| तराई | ९८४५ | ९९३४ | १९७७९ |
| जम्मा | ३३६५९ | ३४२५३ | ६७९१२ |

स्रोतः शहरी विकास मन्त्रालय, २०८१

नोटः विगतमा स्थानीय सडकको रूपमा रहेका जिल्ला सडक प्रादेशिक सडकको रूपमा कायम भएकोले प्रादेशिक सडकको लम्बाइ बढ्न गएको छ।


९.१४ स्थानीय पूर्वाधार अन्तर्गत २०८१ असारसम्म ७१३ सडकपुल निर्माण भएकोमा २०८१ फागुनसम्म यस्तो सङ्ख्या ७१८ पुगेको छ। त्यसैगरी, २०८१ असारसम्म १० हजार ९ सय ३५ झोलुङ्गे पुल निर्माण भएकोमा २०८१ फागुनसम्म यस्तो सङ्ख्या ११ हजार ९७ पुगेको छ।

९.१५ स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत २०८१ असारसम्म १२२ स्थानीय तहको प्रशासकीय भवन निर्माण भएकोमा २०८१ फागुनसम्म १५८ पुगेको छ।

## ऊर्जा

९.१६ २०८१ फागुनसम्म कुल जडित विद्युत क्षमता ३,६०२ मेगावाट रहेको छ जसमध्ये जलविद्युत जडित क्षमता ३,३३६ मेगावाट, सौर्य ऊर्जा ११७ मेगावाट, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा उत्पादित विद्युत ९०.० मेगावाट, तापीय (थर्मल प्लान्ट) ऊर्जा ५३.४ मेगावाट र चिनी मिलबाट सह-उत्पादन प्रविधि मार्फत उत्पादित विद्युत ६.० मेगावाट रहेको छ ।

**चार्ट ९(क): स्रोतगत विद्युत उत्पादन क्षमताको विवरण**





स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८१

९.१७ नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा सञ्चालित विद्युत परियोजनाबाट ६६१.५७ मेगावाट, विद्युत प्राधिकरणको सहायक कम्पनी मार्फत ६३६.४० मेगावाट र निजी क्षेत्रबाट सञ्चालित परियोजनाबाट २,०३७.६३ मेगावाट गरी २०८१ फागुनसम्म ३,३३५.६० मेगावाट विद्युत राष्ट्रिय ग्रीडमा जडान भएको छ।

९.१८ वैकल्पिक ऊर्जासहित विद्युत पहुँच ९९.० प्रतिशत जनसङ्ख्यामा पुगेको छ। सामुदायिक उपभोक्ता समेत विद्युत उपयोग गर्ने ग्राहकको संख्या २०८१ असारसम्म ५४ लाख ५९ हजार रहेकोमा २०८१ फागुनसम्ममा यस्तो सङ्ख्या ५५ लाख ९७ हजार पुगेको छ।

चार्ट ९(ख): विद्युत पहुँचको विवरण (हजारमा)




स्रोतः ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, २०८१

९.१९ राष्ट्रिय प्रसारण लाइन (६६ के.भी. र सो भन्दा माथिको लम्बाइ) २०८१ असारसम्म ६,४६२ सर्किट किलोमिटर रहेकोमा २०८१ फागुनसम्म ६,७४५ सर्किट किलोमिटर पुगेको छ। २०८१ फागुनसम्म वितरण लाइन (३३ के.भी. र सो भन्दा कम) २ लाख १० हजार ३ सय १७ सर्किट किलोमिटर पुगेको छ। २०८१ असारसम्म वितरण लाइन (४००/२३० भोल्ट) १ लाख ५० हजार ४ सय ७७ सर्किट किलोमिटर रहेकोमा २०८१ फागुनसम्म १ लाख ५२ हजार ३१ सर्किट किलोमिटर पुगेको छ।

९.२० चालु आर्थिक वर्षको फागुनसम्म भारततर्फ १,७७५ गिगावाट घण्टा बराबरको विद्युत निर्यात भएको छ भने ९२९ गिगावाट घण्टा विद्युत आयात भएको छ। गत आर्थिक वर्षमा भारतबाट १,८९० गिगावाट घण्टा विद्युत आयात र १,९५१ गिगावाट घण्टा विद्युत निर्यात भएको थियो।

९.२१ विभिन्न आयोजनाको निर्माणबाट आर्थिक वर्ष २०८१/८२ मा करिब ४४८.८६ मेगावाट विद्युत उत्पादन थप भई नेपालको विद्युत क्षमता ४,०५१ मेगावाट पुग्ने अनुमान छ।

९.२२ २०८१ फागुनसम्म प्रसारणतर्फ ३ र वितरणतर्फ २ गरी ५ सव-स्टेशनको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएका छन्। त्यसैगरी, १३२ के.भी.का ५ प्रसारण लाइन (५९ सर्किट किलोमिटर) र २२० के.भी. का ३ प्रसारण लाइन (४३ सर्किट किलोमिटर) विस्तार भएका छन्। ग्रिड सवस्टेशनको क्षमता १३ हजार ५० मेगाभोल्ट एम्पियरबाट १३ हजार ७ सय ५४ मेगाभोल्ट एम्पियर पुगेको छ।

९.२३ चालु आर्थिक वर्षको फागुनसम्म निजी क्षेत्रका जलविद्युत कम्पनीलाई थप ४६२.७६ मेगावाट जडित क्षमता बराबरको ३२ जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएको छ। २०८१ फागुनसम्म १०७ आयोजनाको ८,३१४ मेगावाट जडित क्षमता बराबरको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएको छ।

९.२४ चालु आर्थिक वर्षको फागुनसम्म विद्युत खपत ८,६९६ गिगावाट घण्टा बराबर पुगेको छ। गत आर्थिक वर्ष यस्तो खपत १२,१७८ गिगावाट घण्टा बराबर रहेको थियो।

९.२५ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म कुल विद्युत खपतको गार्हस्थ, औद्योगिक, व्यापारिक र अन्य क्षेत्रमा विद्युत खपत क्रमशः ३५.३ प्रतिशत, २९.० प्रतिशत, ६.३ प्रतिशत र १०.६ प्रतिशत रहेको छ। यस अवधिमा करिब १९.७ प्रतिशत विद्युत निर्यात भएको छ।

**तालिका ९(घ): क्षेत्रगत विद्युत खपत** (गिगावाट घण्टामा)

| क्षेत्र | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|---|
| गार्हस्थ | २८५२ | ३१३८ | ३७१९ | ३८९७ | ४३०९ | ३०८४ |
| औद्योगिक | २३०१ | २८१६ | ३४४३ | ३५८६ | ३६९४ | २६०८ |
| व्यापारिक | ४८७ | ५११ | ६५५ | ७३७ | ८२६ | ५६८ |
| अन्य | ७८१ | ८०९ | १००७ | ११४३ | १३९८ | ९५२ |
| निर्यात | १०७ | ४४ | ४९३ | १३३३ | १९५१ | १७७५ |
| **जम्मा** | **६५२८** | **७३१८** | **९३१७** | **१०६९६** | **१२१७८** | **८९८६** |

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०८१ *फागुनसम्म

## नवीकरणीय ऊर्जा

९.२६ २०८० फागुनसम्म नवीकरणीय ऊर्जा स्रोतबाट विद्युतको पहुँच पुगेको जनसङ्ख्या करिब ८.० प्रतिशत रहेकोमा २०८१ फागुनसम्म यस्तो जनसङ्ख्या ८.५ प्रतिशत पुगेको छ। त्यसैगरी, ३६ लाख घरधुरीले नवीकरणीय ऊर्जाको प्रयोग गरेका छन्।

९.२७ आर्थिक वर्ष २०८०/८१ मा वैकल्पिक ऊर्जा अन्तर्गतका लघु तथा साना जलविद्युत आयोजनाबाट उत्पादित विद्युत १,४१० किलोवाट रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो उत्पादन २५० किलोवाट रहेको छ। त्यस्तै, चालु आर्थिक वर्षको फागुनसम्म सौर्य ऊर्जा प्रविधिबाट थप २२५ किलोवाट विद्युत उत्पादन भई २०८१ फागुनसम्म यस्तो उत्पदन ३,९८५ किलोवाट पुगेको छ।

९.२८ आर्थिक वर्ष २०८०/८१ मा घरायसी बायोग्यासतर्फ १,४३२ प्लान्ट जडान भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ३,२५७ प्लान्ट जडान भएको छ।

# १०. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार

१०.१ तहगत सरकारको समन्वय एवम् सहकार्यमा राष्ट्रिय, प्रादेशिक तथा स्थानीय सडक सञ्जालबीच अन्तर-आबद्धता कायम भएको छ। सार्वजनिक यातायातलाई सुरक्षित, भरपर्दो र नियमित बनाउने प्रयास स्वरूप विभिन्न नीतिगत, प्रशासनिक एवम् प्राविधिक पक्षमा निरन्तर सुधारको प्रयास भएको छ।

१०.२ सूचना प्रविधिको पहुँच आम क्षेत्रमा पुगेको छ। तीन तहका सरकारमा इ-गभर्नेन्स प्रणाली विस्तार हुँदै गएको छ। ब्रोडब्याण्ड इन्टरनेट सेवाको पहुँच सेवा स्थानीय तहका ६,५६६ वडा केन्द्रमा बिस्तार भएको छ। इन्टरनेट ग्राहकको घनत्व १४४.२३ प्रतिशत पुगेको छ। डिजिटल टेलिभिजनको पहुँच ७२.० प्रतिशत घरधुरीमा पुगेको छ।

## सडक यातायात

१०.३ २०८१ फागुनसम्म रणनीतिक सडक सञ्जाल र स्थानीय सडक सञ्जाल गरी १९ हजार १ सय ६३ किलोमिटर कालोपत्रे, ८,२०४ किलोमिटर खण्डास्मित र ८,७६५ किलोमिटर कच्ची सडक गरी सडकको लम्बाइ ३६ हजार १ सय ३२ किलोमिटर पुगेको छ। २०८१ असारसम्म १८ हजार ८ सय ८ किलोमिटर कालोपत्रे, ८,०२४ किलोमिटर खण्डास्मित र ८,६५८ किलोमिटर कच्ची सडक गरी सडकको लम्बाइ ३५ हजार ४ सय ९० किलोमिटर रहेको थियो।

**तालिका १०(क) : संघीय सरकारबाट गरिएको सडक विस्तार** (किलोमिटरमा)

| विवरण | असारसम्म | | | | | फागुनसम्म |
|---|---|---|---|---|---|---|
| | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ | २०८१ |
| कालोपत्रे | १५४२४ | १६६१४ | १७२३२ | १८०५२ | १८८०८ | १९१६३ |
| ग्रावेल/खण्डास्मित | ८६२२ | ८१७१ | ७८८८ | ७६९६ | ८०२४ | ८२०४ |
| कच्ची सडक | ९१९८ | ८९३१ | ८८७६ | ८४९१ | ८६५८ | ८७६५ |
| **जम्मा** | **३३२४४** | **३३७१६** | **३३९९६** | **३४२३९** | **३५४९०** | **३६१३२** |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, २०८१

१०.४ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म १०७ किलोमिटर नयाँ सडक निर्माण भएको छ। यस अवधिमा १८० किलोमिटर सडक खण्डास्मित स्तरमा र ३५५ किलोमिटर सडक कालोपत्रे स्तरमा स्तरोन्नति भएको छ।

तालिका १०(ख) : सडक सञ्जालको स्थिति

| विवरण | इकाई | आर्थिक वर्ष | | | | फागुनसम्म |
|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| नयाँ सडक निर्माण | कि.मी. | ४७२ | २८० | २४३ | १६७ | १०७ |
| खण्डास्मित स्तरमा | कि.मी. | ७३९ | ३३५ | ६२८ | ३२८ | १८० |
| कालोपत्रे स्तरमा स्तरोन्नति | कि.मी. | ११९० | ६१८ | ८२० | ७५६ | ३५५ |
| सडक मर्मत (नियमित) तथा पटके) | कि.मी. | ७१८७ | ७८०० | ७८२१ | ७८२१ | ४०३८ |
| आवधिक मर्मत | कि.मी. | ४२४ | २५० | ५३८ | ६५१ | १५१ |
| पुल निर्माण | वटा | १९२ | २८२ | २२२ | २०२ | ४६ |

स्रोतः सडक विभाग, २०८१

१०.५ आर्थिक वर्ष २०८०/८१ मा १६७ किलोमिटर कच्ची सडक (नयाँ सडक) निर्माण भएको थियो। सो अवधिमा ३२८ किलोमिटर सडक खण्डास्मित स्तरमा र ७५६ किलोमिटर सडक कालोपत्रे स्तरमा स्तरोन्नति भएको थियो।

## राष्ट्रिय गौरवका तथा अन्य सडक आयोजना

१०.६ मध्यपहाडी लोकमार्गको कुल लम्बाइ १,८७९ किलोमिटरमध्ये २०८१ असारसम्म १,४५२ किलोमिटर कालोपत्रे सम्पन्न भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप ११ किलोमिटर सडक कालोपत्रे भई १,४६३ किलोमिटर पुगेको छ। लोकमार्गमा पर्ने १३७ पुलमध्ये २०८१ फागुनसम्म १०७ पुलको निर्माण सम्पन्न भएको छ।

१०.७ हुलाकी लोकमार्गको कुल लम्बाइ १,८५७ किलोमिटरमध्ये २०८१ असारसम्म १,२५९ किलोमिटर (लिङ्क सडक सहित) कालोपत्रे सम्पन्न भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप ३२ किलोमिटर सडक कालोपत्रे भई १,२९१ किलोमिटर पुगेको छ। यस अन्तर्गतका २५० पुलमध्ये २०८१ फागुनसम्म १४२ पुलको निर्माण सम्पन्न भएको छ।

१०.८ उत्तर-दक्षिण लोकमार्ग कालीगण्डकी करिडोरको कुल लम्बाइ (४४७ किलोमिटर) को गैडाकोट-राम्दी-मालढुङ्गा खण्ड २४५ किलोमिटर सडकखण्डमध्ये २०८१ फागुनसम्म १९५ किलोमिटर सडक कालोपत्रे भएको छ। २०८१ असारसम्म मालढुङ्गा-बेनी-जोमसोम-कोरला खण्ड अन्तर्गत ८७ किलोमिटर ग्राभेल, ६० किलोमिटर कालोपत्रे सडक र १० पुलको निर्माण सम्पन्न भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ६५ किलोमिटर सडक कालोपत्रे भएको छ भने १३ पुल निर्माण भएको छ।

१०.९ कर्णाली करिडोरको कुल लम्बाइ (२६९ किलोमिटर) अन्तर्गत २०८१ फागुनसम्म २६८.३ किलोमिटर ट्र्याक निर्माण भएको छ। यस सडक खण्डमा २० किलोमिटर सडक ग्राभेल भएको छ भने २ पुल निर्माण भएका छन्। लालिबगरदेखि दुल्लिकुना (११ किलोमिटर) र घाटपारीचौर बद्रिगाउँदेखि भुक्काखोला खण्ड (११.०५ किलोमिटर) मध्ये २०८१ फागुनसम्म १७.५४ किलोमिटर नयाँ ट्र्याक निर्माण भएको छ।

१०.१० कोशी करिडोरको कुल लम्बाइ १६२ किलोमिटरमध्ये २०८१ फागुनसम्म ८९ किलोमिटर सडक ग्राभेल भएको छ। साथै, यस खण्डमा ५ किलोमीटर पक्की सडक निर्माण भएको छ भने ११ पुल निर्माण भएका छन्। च्याम्ताङ्ग-घोङघप्पा सडक खण्ड (१०.५१ किलोमिटर) मध्ये २०८१ फागुनसम्म १०.११ किलोमिटर नयाँ ट्र्याक निर्माण सम्पन्न भएको छ ।

१०.११ मदन भण्डारी लोकमार्गको कुल लम्बाइ १,३९० किलोमिटरमा सडकमध्ये २०८१ फागुनसम्म ३३९ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ। यस लोकमार्गमा पर्ने १८५ पुलमध्ये २०८१ असारसम्म १२७ पुल निर्माण भएकोमा २०८१ फागुनसम्म यस्तो सङ्ख्या १३३ पुगेको छ।

१०.१२ गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडकको ८२ किलोमिटरमध्ये २०८१ फागुनसम्म ३९ किलोमिटर कालोपत्रे (अस्फाल्ट) सडक र २२ पुलको निर्माण सम्पन्न भएको छ।

१०.१३ पूर्व-पश्चिम लोकमार्गको नारायणघाट-बुटवल सडक (११३ किलोमिटर) अन्तर्गत २०८१ फागुनसम्म २८.६८ किलोमिटर सडकको चार लेनमा र ३३.७० किलोमिटर सडकको दुई लेनमा कालोपत्रे भएको छ। २०८१ फागुनसम्म ४१ सामान्य पुल र ७ मुख्य पुलको निर्माण भएको छ।

१०.१४ कन्चनपुर-कमला सडक खण्ड अन्तर्गत २०८१ फागुनसम्म ६३.८३ किलोमिटर सडकको दुई लेनमा कालोपत्रे भएको छ।

१०.१५ मुग्लिन-पोखरा सडक (८०.३३ किलोमिटर) खण्ड अन्तर्गत ४९.४० किलोमिटर सडकको चार लेनमा र १७.१४ किलोमिटर सडकको दुई लेनमा कालोपत्रे भएको छ।

१०.१६ सिद्धार्थ लोकमार्गको सिद्धबाबा सुरुङ मार्ग निर्माण गर्ने कार्य अन्तर्गत चालु आर्थिक वर्षको माघसम्म मुख्य सुरुङ (१,०२६ मिटर), बाइपास सुरुङ १ (१५१ मिटर), बाईपास सुरुङ २ (१६१ मिटर), बाइपास सुरुङ ३ (१३० मिटर) खन्ने कार्य सम्पन्न भई मुख्य सुरूङमा कंक्रिट लाइनिङ्ग गर्ने कार्य सम्पन्न भएको छ।

१०.१७ परिमार्जित विस्तृत परियोजना प्रतिवेदनबमोजिम काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना अन्तर्गत रहेका जम्मा ७ सुरुङ्गमध्ये २०८१ फागुनसम्म ४ सुरुङ निर्माणाधीन अवस्थामा रहेका छन्। त्यसैगरी, अन्य ३ सुरुङ्गको डिजाइन तथा पूर्व तयारीको कार्य भइरहेको छ। आयोजना अन्तर्गत निर्माण गरिने ८९ पुलमध्ये २०८१ फागुनसम्म ८५ पुलको ठेक्का व्यवस्थापन भई पुल निर्माण कार्य सुरू भएको छ।

## यातायात क्षेत्र

१०.१८ चालु आर्थिक वर्षको फागुनसम्म २ लाख २० हजार ५ सय ६४ थान सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) प्रिन्ट भई वितरण भएको छ। २०८१ असारसम्म ३६ लाख ९१ हजार ६ सय ५५ सवारी चालक अनुमतिपत्र वितरण भएकोमा २०८१ फागुनसम्म ३९ लाख १२ हजार २ सय १९ थान वितरण भएको छ।

१०.१९ २०८१ असारसम्म ३९ यातायात व्यवस्था कार्यालय/सेवा कार्यालयमा विद्युतीय सवारी चालक अनुमतिपत्र प्रणाली लागू भएकोमा २०८१ फागुनमा यस्तो सङ्ख्या ४० पुगेको छ।

## रेल यातायात

१०.२० पूर्व पश्चिम विद्युतीय रेलमार्ग अन्तर्गत २०८१ फागुनसम्म बर्दिबास-निजगढ रेलमार्ग (८२ कि.मी) मध्ये बर्दिबास-चोचा खण्डमा ६८ किलोमिटर ट्र्याक वेड र १६ रेल पुल निर्माण भएका छन्।

१०.२१ नेपाल भारत अन्तरदेशीय रेलमार्ग अन्तर्गत निर्माणाधीन जयनगर-जनकपुर-बर्दिबास (६९ किलोमिटर) रेलमार्गमध्ये जयनगर-जनकपुर-भंगाहा रेलमार्गमा ५२ किलोमिटर यात्रुबाहक रेल सेवा सञ्चालनमा रहेको छ।

१०.२२ नेपाल चीन अन्तरदेशीय रेलमार्ग अन्तर्गत केरुङ्ग काठमाडौ रेलमार्गको सम्भाव्यता अध्ययन अन्तर्गत फागुनसम्म भौगर्भिक अन्वेषणको कार्य करिब ९० प्रतिशत सम्पन्न भएको छ।

तालिका १०(ग): रेलमार्गसम्बन्धी विवरण

| विवरण | इकाई | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|---|---|---|
| रेलमार्ग निर्माण | किलोमिटर | ६२ | ६२ | ६२ | ६२ | ६२ |
| रेल ट्र्याकबेड निर्माण# | किलोमिटर | ४९.० | ५२.५ | ५९ | ६३ | ६८ |
| रेलवे पुल निर्माण (बर्दिबास निजगढ खण्ड) | सङ्ख्या | ३ | ५ | ९ | १३ | १६ |
| सञ्चालित यात्रुबाहक रेलमार्ग | किलोमिटर | ५१ | ५१ | ५१ | ५१ | ५१ |

स्रोत: रेल विभाग, २०८१

#पूर्व पश्चिम विद्युतीय रेलमार्ग योजना,बर्दिबास- निजगढ -हेटौंडा खण्ड र निजगढ विरगञ्ज लिङ्क

## सञ्चार तथा सूचना प्रविधि

१०.२३ ब्रोडब्याण्ड इन्टरनेट सेवाको पहुँच सेवा स्थानीय तहका ६,५६६ वडा केन्द्रमा विस्तार भएको छ। इन्टरनेट ग्राहकको घनत्व १४४.२३ प्रतिशत पुगेको छ। डिजिटल टेलिभिजनको पहुँच ७२.० प्रतिशत घरधुरीमा पुगेको छ। ब्रोडब्याण्ड इन्टरनेट सेवा स्थानीय तहका ६,५६६ वडा केन्द्रमा विस्तार भएको छ।

**तालिका १०(घ): ब्रोडब्याण्ड इन्टरनेट सेवा पुगेको विवरण**

| स्थान | इकाइ | लक्ष्य | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|---|---|---|---|
| स्थानीय तहको केन्द्र | सङ्ख्या | ७५३ | ७१३ | ७३८ | ७५३ | ७५३ | ७५३ |
| स्वास्थ्य केन्द्र | सङ्ख्या | ४५०४ | ४०१५ | ४२७२ | ४२७२ | ४२७२ | ४२७२ |
| सामुदायिक माध्यमिक विद्यालय | सङ्ख्या | ५८०१ | ५१७९ | ५२९९ | ५३४१ | ५३४१ | ५३४१ |

स्रोतः नेपाल दूरसञ्चार प्राधिकरण, २०८१

१०.२४ आर्थिक वर्ष २०८०/८१ मा ११६ निकाय एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) मा आबद्ध भई ७७ निकायले सो प्रणाली मार्फत कार्य प्रारम्भ गरेका छन्।

१०.२५ २०८१ फागुनसम्म दैनिक ७७२, अर्ध साप्ताहिक ३८, साप्ताहिक २,९९३ र अन्य ४,२३१ गरी ८,०३४ पत्रपत्रिका दर्ता भएका छन्। २०८१ असारसम्म दैनिक ७६६, अर्ध साप्ताहिक ४०, साप्ताहिक २,९८७ र अन्य ४,२१७ गरी ८,०१० पत्रपत्रिका दर्ता भएका थिए।

**तालिका १०(ङ): दर्ता भएका पत्रपत्रिकाको विवरण**


| किसिम | २०७७ असार | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|---|---|---|
| दैनिक | ७३९ | ७४५ | ७४५ | ७९३ | ७६६ | ७७२ |
| अर्धसाप्ताहिक | ३८ | ४० | ४० | ४० | ४० | ३८ |
| साप्ताहिक | २९५१ | २९६६ | २९७१ | २९७५ | २९८७ | २९९३ |
| पाक्षिक | ४७६ | ४८० | ४८० | ४८० | ४८३ | ४८५ |
| मासिक | २३४४ | २३५० | २३५२ | २३५५ | २३८७ | २३९२ |
| द्वैमासिक | ३८१ | ३८५ | ३८६ | ३८७ | ३९५ | ३९७ |
| त्रैमासिक | ६४५ | ६५१ | ६५१ | ६५२ | ६६३ | ६६४ |
| चौमासिक | ३९ | ४० | ४० | ४३ | ४० | ४१ |
| अर्ध वार्षिक | ८७ | ८७ | ८७ | ९१ | ९३ | ९४ |
| वार्षिक | ९० | ९८ | ९८ | ९९ | ९५ | ९५ |
| अन्य | - | - | २९ | २९ | ६१ | ६३ |
| **जम्मा** | **७७९०** | **७८४२** | **७८७९** | **७९४४** | **८०१०** | **८०३४** |

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८१

१०.२६ वैदेशिक डाँक ढुवानी कार्य ७१ देशमा विस्तार भएको छ। २०८१ फागुनसम्म द्रुत डाँक सेवा ४५ जिल्लामा विस्तार भएको छ भने साधारण हुलाक सेवा ७७ जिल्लाका सबै पालिकामा विस्तार भएको छ। २०८१ फागुनसम्म अन्तर्राष्ट्रिय हवाई द्रुत डाँक सेवा ३९ देशमा विस्तार भएको छ।

१०.२७ रेडियो नेपालको प्रसारण क्षमता विस्तारको लागि चालु आर्थिक वर्षको फागुनसम्म बाजुराको कालाजाग्राममा रिले एफ.एम. स्थापना भएसँगै रिले एफ.एम. केन्द्रको सङ्ख्या ३५ पुगेको छ। राज्यले अवलम्बन गरेको समावेशी नीतिअनुरूप रेडियो नेपालबाट विभिन्न २५ भाषामा समाचार र २४ भाषामा कार्यक्रम प्रसारण हुँदै आएका छन्।

**चार्ट १०(क): रेडियो नेपालको प्रसारण पहुँचको अवस्था** (जनसङ्ख्या प्रतिशतमा)




स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८१

१०.२८ २०८१ फागुनसम्म नियमित प्रसारणमा रहेका एफ.एम. र टेलिभिजनको सङ्ख्या क्रमशः ७३५ र १०८ रहेको छ।

तालिका १०(च): श्रव्य-दृष्यसम्बन्धी इजाजत (सङ्ख्या)

| विवरण | २०७७ असार | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|---|---|---|
| एफ. एम. रेडियो नियमित प्रसारण | ६८४ | ६८९ | ७०७ | ७१४ | ७२२ | ७३५ |
| टेलिभिजन लाईसेन्स | १७० | १९३ | २३३ | २४३ | २४५ | २४७ |
| टेलिभिजन नियमित प्रसारण | ५८ | ६२ | ८६ | १०२ | १०६ | १०८ |
| केबुल टेलिभिजन | ८५३ | ८५३ | ८५३ | ८५३ | ८५३ | ८५३ |
| डि. टि. एच. | ३ | ३ | ३ | ३ | ३ | ३ |
| डाउनलिङ्कको इजाजत | १५४ | १३८ | १४१ | १४२ | १४२ | १४२ |
| VHF/UHF वाकीटकी | ९६६ | १०२० | १०९४ | ११३१ | ११४७ | ११५७ |
| रेडियो यन्त्र बिक्री वितरण | २४८ | २६३ | २९३ | ३०७ | ३१६ | ३२३ |
| कथानक चलचित्र जाँच पास सङ्ख्या | १२६ | २९ | ९६ | १४८ | १६६ | १११ |
| विज्ञापन चलचित्र जाँचपास सङ्ख्या | ३८ | ३३ | ५९ | ३२ | २७ | १८ |
| विदेशी चलचित्र छायाङ्कनको ईजाजत | - | ३३ | २८ | ७१ | ५३ | ३५ |
| आइ.पी. टेलिभिजन ईजाजत | १२ | १४ | १६ | १६ | १७ | १७ |

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८१

१०.२९ चालु आर्थिक वर्षको फागुनसम्म ३१२ अनलाइन सञ्चार संस्था दर्ता भएका छन् भने १,४६६ अनलाईन सञ्चार संस्था नवीकरण भएका छन्। चालु आर्थिक वर्षको फागुनसम्म ३२२ थप भई २०८१ फागुनसम्म ४,९४२ अनलाइन सञ्चार माध्यम सूचीकृत भएका छन्।

१०.३० २०८१ फागुनसम्म २ करोड ९७ लाख ७६ हजार टेलिफोन प्रयोगमा रहेका छन्। २०८१ असारसम्म यो सङ्ख्या ३ करोड ६२ लाख २६ हजार रहेको थियो। मोबाइल सेवाको विस्तारसँगै आधारभूत (फिक्स्ड) टेलिफोनको सङ्ख्या क्रमशः घट्दै गएको छ।

तालिका १०(छ): टेलिफोन सेवा विस्तार (सङ्ख्या हजार)

| सेवा | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|---|---|
| आधारभूत (फिक्स्ड) | ८०९ | ८२५ | ८३२ | ५९६ | ४११ |
| मोबाइल | ३८९५२ | ४१४५५ | ३३९४८ | ३५६२७ | २९३६४ |
| अन्य | २.९८६ | २.९८६ | २.९८६ | २.९८६ | १.०४९ |
| **जम्मा** | **३९७६४** | **४२२८३** | **३४७८३** | **३६२२६** | **२९७७६** |

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८१

१०.३१ नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायक मार्फत उपलब्ध गराएको डाटा सेवा २०८१ फागुनसम्म ३ करोड ९४ लाख ४ सय ७५ हजार प्रयोगकर्ताले प्रयोग गरेका छन्।

**तालिका १०(ज): डाटा/इन्टरनेट सेवा प्रयोगकर्ता (सङ्ख्या हजारमा)**

| सेवा प्रदायक | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|---|---|
| नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | १६७२९ | २०६९९ | २०३६६ | २२३३४ | १५६४५ |
| एनसेल प्रा.लि. | ७५०६ | ९१८४ | ८९१४ | ८७८७ | ११८९१ |
| स्मार्ट टेलिकम प्रा.लि. | १६७ | १४६ | - | - | |
| इन्टरनेट सेवा प्रदायकहरू | ६६८२ | ८३९२ | १०५२८ | १०९४२ | ११९३९ |
| **जम्मा** | **३१०८४** | **३८४२१** | **३९८०८** | **४२०६३** | **३९४७५** |

स्रोत: सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८१

नोट: २०८१ असारसम्मको तथ्याङ्क कुल ग्राहकसङ्ख्याको आधारमा गणना गरिएको थियो भने २०८१ फागुनको तथ्याङ्क सक्रिय ग्राहक सङ्ख्याको विवरणमा आधारित रहेको छ।

१०.३२ २०८१ असारसम्म इन्टरनेट ग्राहकको घनत्व १४४.२३ प्रतिशत पुगेको छ। यस्तो घनत्व २०८० असारसम्म १३५.९ प्रतिशत रहेको थियो।

**तालिका १०(झ): मोबाइल र इन्टरनेट सम्बन्धी विवरण**

| उपक्षेत्रगत कार्यक्रम | इकाई | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|---|---|---|
| इन्टरनेट ग्राहकको घनत्व | प्रतिशत | ९०.५६ | १३०.६३ | १३५.९ | १४४.२३ | १३५.३६ |
| मोबाइल टेलिफोन ग्राहकको घनत्व | प्रतिशत | १३१.५४ | १४३.६२ | ११९.२६ | १२४.२२ | १०२.१ |
| मोबाइल टेलिफोन ग्राहक | जना सङ्ख्या (लाख) | ३८० | ४२० | ३४७ | ५९६ | ४११ |
| स्थानीय तहको केन्द्रमा ब्रोडव्याण्ड इन्टरनेट पहुँच | सङ्ख्या | ७१३ | ७३८ | ७५३ | ७५३ | ७५३ |
| अप्टिकल फाइवर विस्तार* | किलोमिटर | १०५२७ | १२२२४ | १२३३८ | १५००० | १७२५० |
| फिक्स ब्रोडव्याण्ड सेवा विस्तार | प्रतिशत | २५.०९ | ३२.१८ | ४०.३ | ४२.२२ | ४६.१९ |
| मोबाइल ब्रोडव्याण्ड सेवा विस्तार | प्रतिशत | ६५.४७ | ९८.५५ | ९५.६ | १०२.०१ | ८९.१६ |

स्रोत: सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०८१

*२४ कोर र सो भन्दा बढी

# ११. सामाजिक क्षेत्र


११.१ सामाजिक क्षेत्रमा गरिएका नीतिगत तथा कार्यगत व्यवस्थाले यस क्षेत्रका सूचकमा सुधार भएको देखिएको छ। जन्म हुँदाको अपेक्षित आयु, पाँच वर्ष मुनिको बाल मृत्युदर, किशोरी अवस्थाको प्रजनन दर, आधारभूत खानेपानी पुगेको जनसङ्ख्या लगायतका सूचकमा सुधार भएको छ। विद्यालय तहको खुद भर्नादर बढ्दो क्रममा छ। खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क समदरमा पुगेको छ। पछिल्ला वर्षमा विद्यार्थीको टिकाउ दर क्रमशः बढ्दै गएको छ।

## स्वास्थ्य क्षेत्र

११.२ राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको कुल प्रजनन दर प्रतिस्थापन प्रजनन दर २.१ भन्दा कम रहेको छ। प्रदेशगतरूपमा मधेश र कर्णालीमा कुल प्रजनन दर राष्ट्रिय औसतभन्दा माथि रहेको छ भने बागमतीमा कुल प्रजनन दर सबैभन्दा न्यून रहेको छ।

११.३ मातृ मृत्युदरमा उल्लेखनीय सुधार भएको छ। नेपालले वि.सं. २१०० सम्ममा मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा २० मा झार्ने लक्ष्य राखेको छ।

चार्ट ११(क): नेपालमा मातृ मृत्युदरको अवस्था (प्रतिलाख जीवित जन्ममा)




स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८१

११.४ नागरिकको औसत आयु ७१.३ वर्ष पुगेको छ। नियमित गर्भजाँच गराउने तथा दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउने गर्भवती महिलाको अनुपातमा वृद्धि भएको छ। पूर्ण रूपमा खोप लगाउने बालबालिकाको अनुपातमा वृद्धि भएको छ।

### तालिका ११(क): स्वास्थ्यसम्बन्धी सूचक


| सूचक | २०११<br>जनगणना २०६८ मा आधारित | २०१६<br>संयुक्त राष्ट्रसंघको प्रक्षेपणमा आधारित | २०२४<br>स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली |
|---|---|---|---|
| औसत आयु/जीवन प्रत्याशा (जन्म) | ६६.६ | ६८.८ | ७१.३* |
| कुल प्रजनन दर (सङ्ख्या प्रति महिला) | २.६ | २.३ | १.९* |
| परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर (प्रतिशत) | ४३.२ | ४२.८ | ४२.७ |
| नवजात शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा, जन्मेको २८ दिनभित्र) | ३३.० | १७.०* | २१.० |
| शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा, जन्मेको १ वर्षभित्र) | ४६.० | ३२.० | २८ |
| ५ वर्षमुनिको बाल मृत्युदर (प्रति १००० जीवित जन्ममा) | ५४.० | ३९.० | ३३ |
| कम्तीमा ४ पटक गर्भ जाँच गराउने गर्भवती महिलाको प्रतिशत* | ५०.१ | ६९.४ | ८८.४ |
| दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत | ३६.० | ५८.० | ७४ |
| स्वास्थ्य संस्थामा प्रसूति गराउने गर्भवती | ३५.३ | ५७.४ | ७७.९ |
| पूर्ण रूपमा खोप लगाउने बालबालिकाको प्रतिशत (Basic Antigens) | ८७.० | ७७.८ | ९५.९ |

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८१ *राष्ट्रिय जनगणना, २०७८

## स्वास्थ्य सेवा तथा जनशक्ति

११.५ २०८१ फागुनसम्म नेपालमा प्रति हजार जनसङ्ख्यामा १.१ चिकित्सक र प्रति हजार जनसङ्ख्यामा २.८६ नर्स रहेका छन्।

### चार्ट ११(ख): प्रतिहजार जनसङ्ख्यामा स्वास्थ्य जनशक्ति




स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८१

११.६ २०८१ फागुनसम्म डाक्टर, नर्स/अ.न.मी., कविराज, वैद्य, स्वास्थ्य सहायक र महिला स्वास्थ्य स्वयंसेविका समेत गरी जम्मा १ लाख ४ हजार ७ सय ९३ स्वास्थ्य जनशक्ति सरकारी सेवामा कार्यरत रहेका छन्। २०८० फागुनसम्म यस्तो सङ्ख्या १ लाख २ हजार ५ सय ७ रहेको थियो।

११.७ २०८१ फागुनसम्म सरकारी स्वास्थ्य संस्थाको सङ्ख्या ८,७४६ पुगेको छ जसमध्ये अस्पताल ३४५, प्राथमिक स्वास्थ्य केन्द्र १४९, स्वास्थ्य चौकी ३,७४२ र अन्य स्वास्थ्य संस्था ४,५१० रहेका छन्।

तालिका ११(ख): स्वास्थ्य संस्था, शैय्या र सरकारी सेवामा रहेका जनशक्तिको विवरण

| विवरण/असारमसान्तसम्म | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
|---|---|---|---|---|---|
| १. स्वास्थ्य संस्था | ७१५४ | ७५६६ | ७५९८ | ७८५८ | ८७४६ |
| क) अस्पताल | १२५ | १२५ | १५४ | २१५ | ३४५* |
| ख) प्राथमिक स्वास्थ्य | २०३ | २०५ | १९६ | २०१ | १४९ |
| ग) स्वास्थ्य चौकी | ३८०५ | ३८७० | ३८५३ | ३८२० | ३७४२ |
| घ) आयुर्वेदिक औषधालय | ३९५ | ३९५ | ४२४ | ४२६ | ४२६ |
| ङ) उपस्वास्थ्य चौकी/ आधारभूत स्वास्थ्य सेवा | २६२६ | २९७१ | २९७१ | ३१९६** | ४०८४** |
| २. अस्पताल शैया | ८१७२ | ११६४० | १५७९० | १६०१५ | १८६४०* |
| ३. जम्मा जनशक्ति | ९०९४६ | ९०३६९ | ९७४४९ | १०२५०७ | १०४७९३ |
| क) डाक्टर | २६४० | २६४० | ४६६० | ६१३८ | ७०३० |
| ख) नर्स/अ.न.मी. | २०६५३ | २०६५३ | २४६९३ | २७६८३ | २८६५० |
| ग) कविराज | ६१३ | ६१३ | ६१३ | ६७४ | ६८४ |
| घ) वैद्य | ६९३ | ६९३ | ६९३ | ६९३ | ६९३ |
| ङ) स्वास्थ्य सहायक (हे.अ., अ.हे.ब.) | १४३४७ | १४३४७ | १५३६७ | १५८९६ | १६३१३ |
| च) महिला स्वास्थ्य स्वयंसेविका | ५२००० | ५१४२३ | ५१४२३ | ५१४२३ | ५१४२३ |

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ्य संस्था पञ्जीकरण प्रणाली, २०८१

*अन्य मन्त्रालय अन्तर्गत सञ्चालित अस्पताल समेत

**आधारभूत स्वास्थ्य केन्द्रका साथै नगर स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य एकाइसमेत थप गरिएको प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी आधारभूत अस्पतालमा स्तरोन्नति भएकोले सङ्ख्या कम भएको।

## स्वास्थ्य सेवा प्रवाह

११.८ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म सरकारी तथा निजी स्वास्थ्य संस्थाबाट अन्तरङ्ग, बहिरङ्ग र आकस्मिक सेवा गरी ४ करोड ५२ लाख ४२ हजार पटक सेवा प्रवाह भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सेवा प्रवाह ४ करोड ६० लाख पटक भएको थियो। आर्थिक वर्ष २०८०/८१ मा सरकारी र निजी स्वास्थ्य संस्थाबाट अन्तरङ्ग, बहिरङ्ग र आकस्मिक सेवा गरी ६ करोड ८० लाख ७३ हजार पटक सेवा प्रवाह भएको थियो।

**तालिका ११(ग) : स्वास्थ्य सेवाबाट लाभान्वित विवरण (सङ्ख्या हजारमा)**

| स्वास्थ्य सेवा | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|
| अन्तरङ्ग (पटक) | १०१७ | १४८६ | १६१४ | १७२१ | ११६८ |
| बहिरङ्ग (पटक) | २६८४३ | ३३०६३ | ५३८३३ | ६३०५२ | ४१७८४ |
| आकस्मिक (पटक) | २०८७ | २९३९ | २९६८ | ३३०० | २२९० |
| जम्मा (पटक) | ३०००७ | ३७४८८ | ५८४१५ | ६८०७३ | ४५२४२ |

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८१ *फागुनसम्म

## राष्ट्रिय खोप कार्यक्रम

११.९ राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत बि.सि.जि., डी.पि.टी., हेपाटाईटिस-बी, हेमोफिलस ईन्फ्लुएन्जा-बी., पोलियो, लगायतका १३ प्रकारका रोगबिरूद्ध बालबालिका र टिटानस र डिप्थेरिया विरूद्ध गर्भवती महिलाको लागि निःशुल्क खोप उपलब्ध हुँदै आएको छ।

**तालिका ११(घ): राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोप प्राप्त गर्ने बालबालिका तथा महिला (सङ्ख्यामा)**

| सुचकाङ्क | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|
| २ वर्षसम्मका बालबालिका | | | | |
| वि.सि.जि. भ्याक्सिन | ५३९७८९ | ५२६७९१ | ४७३७७० | ३११६८२ |
| डि.पि.टी, हेप-बी, हिब (तेस्रो मात्रा) | ४९४८४३ | ५०८३५७ | ४७८९१३ | २७३७५६ |
| पोलियो (तेस्रो मात्रा) | ४९५८९७ | ५०६७८८ | ४६९७७१ | २७३९५३ |
| दादुरा रूबेला (दोस्रो मात्रा) | ४८००३२ | ४८८९३० | ४९७२४३ | २९३८०२ |
| रोटा दोस्रो मात्रा | ४७११८७ | ५०११३७ | ४७२८३६ | २७६०३९ |
| पि.सि.भि. तेस्रो मात्रा | ४८७९५६ | ४८४००२ | ४९४३२८ | २७९७१२ |
| जापानिज इन्सेफ्लाइटिस | ४९५८८२ | ४९०९९३ | ४९४१२५ | ३१४२३७ |
| टाइफाइड | २२३७८८ | ४६९०५२ | ४८४३०५ | २९३२६६ |
| गर्भवती महिला | | | | |
| टिटानस र डिप्थेरिया | २४०४७८ | ४४७०९७ | ४०८६९५ | २४२७१८ |

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८१ *फागुनसम्म

## विपन्न नागरिक औषधि उपचार कार्यक्रम

११.१० चालु आर्थिक वर्षको फागुनसम्म ३७ हजार ९ सय ८४ विपन्न नागरिकले निःशुल्क औषधिसहितको स्वास्थ्य सेवा प्राप्त गरेका छन् जसमध्ये १९ हजार १९ ले क्यान्सर, ५,४१३ ले मुटु, २०४ ले मृगौला प्रत्यारोपणसहित १० हजार ३ सय २ नागरिकले मृगौलासम्बन्धी सेवा पाएका छन्। गत आर्थिक वर्षमा ४१ हजार ८ सय ४५ विपन्न नागरिकले यस्तो सेवा प्राप्त गरेका थिए।

तालिका ११(ङ): विपन्न नागरिक औषधि उपचार कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|
| क्यान्सर | १८३६२ | १६६९६ | २२१५३ | १९०१९ |
| मुटु | ६००१ | ६५२६ | ६९२६ | ५४१३ |
| मृगौलाको उपचार | | | | |
| हेमोडायलाईसिस | ६५३४ | ७१८६ | ७७७८ | ८७६४ |
| पेरिटोनियल डायलासिस | ४४३ | २८६ | ४३५ | ३९९ |
| Acute Kidney Infection/ औषधि | - | ४९५ | ३३६ | ७७५ |
| सेरो पोजेटिभ हेमोडायलाईसिस | - | १३९ | १९६ | १६० |
| प्रत्यारोपण # | ७४५ | ३४३ | ४३१ | २०४ |
| प्रत्यारोपण पश्चात औषधि सेवन र HLA क्रस म्याचका बिरामी | ७२५ | ३६४ | ३४०* | १४६* |
| कुल मृगौला बिरामी | ८४४७ | ८८१३ | ९१७६ | १०३०२ |
| पार्किन्सन्स | ६३ | ७९ | ७९ | ८७ |
| अल्जाइमर | १० | २९ | ३४ | ३८ |
| हेड इन्जुरी | ५१३ | ६३० | ७५२ | ७१० |
| स्पाइनल इन्जुरी | ११३२ | ९५० | ११८१ | ८६४ |
| सिकलसेल एनिमिया | १२२६ | १५६१ | १५४४ | १५५१ |
| जम्मा | ३५७५४ | ३५२८४ | ४१८४५ | ३७९८४ |

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८१ *फागुनसम्म *प्रत्यारोपण गरेकामध्ये

११.११ आर्थिक वर्ष २०७८/७९ देखि विपन्न नागरिकहरूको औषधि उपचार बापत मासिक रूपमा रू. ५ हजार आर्थिक सहायता प्रदान गरिदैं आएकोमा आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म रू. १ अर्ब ३९ करोड १७ लाख २७ हजार रकम स्थानीय तहलाई वित्तीय हस्तान्तरण भएको छ।

## मृगौला तथा कलेजो प्रत्यारोपण

११.१२ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म विभिन्न सार्वजनिक स्वास्थ्य संस्थाबाट १५३ बिरामीमा मृगौला र ५ बिरामीमा कलेजो प्रत्यारोपण भएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा ३१० बिरामीको मृगौला प्रत्यारोपण र २० बिरामीको कलेजो प्रत्यारोपण भएको थियो।

## दर्ता भएका चिकित्सक तथा स्वास्थ्यकर्मी

११.१३ २०८१ फागुनसम्म नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ काउन्सिल, नेपाल स्वास्थ्य व्यवसायी परिषद, नेपाल आयुर्वेद मेडिकल परिषद, नेपाल फार्मेसी परिषद लगायतका निकायमा दर्ता भएका स्वास्थ्यकर्मीको सङ्ख्या ३ लाख ६६ हजार ५ सय ५ पुगेको छ। २०८० फागुनसम्म यस्तो सङ्ख्या ३ लाख २२ हजार २ सय ५४ रहेको थियो।

११.१४ २०८१ फागुनसम्म ३२ हजार २ सय ४७ मेडिकल चिकित्सक, ५ हजार ३ सय ४७ दन्त चिकित्सक, ११ हजार ६ सय १६ विशेषज्ञ चिकित्सक र ३९५ विदेशी चिकित्सक गरी कुल ११ हजार ६ सय १६ चिकित्सक नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका छन्।

तालिका ११(च): नेपाल मेडिकल काउन्सिल दर्ता भएका स्वास्थ्यकर्मी (सङ्ख्या)

| स्वास्थ्य कर्मीको प्रकार | २०७९ फागुन | | | २०८० फागुन | | | २०८१ फागुन | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा |
| मेडिकल चिकित्सक | १८५२० | ९२८५ | २७८०५ | १९९५४ | १००७३ | ३००२७ | २१४१९ | १०८२८ | ३२२४७ |
| दन्त चिकित्सक | १६२२ | २७९१ | ४४१३ | १७२७ | ३१५६ | ४८८३ | १८४६ | ३५०१ | ५३४७ |
| एम.डि/ एम.एस/ एम.डि.एस | ७११० | २९७० | १००८० | ७४६९ | ३१२१ | १०५९० | ८१२५ | ३४९१ | ११६१६ |

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८१

११.१५ २०८१ फागुनसम्म नेपाल नर्सिङ काउन्सिलमा १,६९५ विशेषज्ञ नर्स, ८५ हजार ७ सय ७८ नर्स, ३७ हजार ५ सय २८ अ.न.मी. ९१ मिडवाईफ र ८ सय ५५ विदेशी नर्स समेत गरी १ लाख २५ हजार ९ सय ४७ नर्स दर्ता भएका छन् भने नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा कुल १ लाख ६२ हजार ४ सय ९२ स्वास्थ्यकर्मी दर्ता भएका छन्। नेपाल आयुर्वेद मेडिकल परिषद्मा ६५४२ र नेपाल फार्मेसी परिषद्मा २१ हजार ९ सय ३७ स्वास्थ्यकर्मी दर्ता भएका छन्।

तालिका ११(छ): नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएका नर्स तथा अ.न.मी.को सङ्ख्या

| विवरण | २०८० फागुनसम्म | २०८१ फागुनसम्म |
|---|---|---|
| विशेषज्ञ नर्स | १५०७ | १६९५ |
| नर्स सङ्ख्या | ८२७४१ | ८५७७८ |
| अ.न.मी. सङ्ख्या | ३७४२० | ३७५२८ |
| मिडवाइफ | ६६ | ९१ |
| विदेशी नर्स | ८४९ | ८५५ |
| नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएका स्वास्थ्यकर्मी | १५४४४१ | १६२४९२ |
| नेपाल आयुर्वेद मेडिकल परिषदमा दर्ता भएका स्वास्थ्यकर्मी | ६३१७ | ६५२४ |

स्रोत: स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८१

नोट: चिकित्सक सङ्ख्यामा विशेषज्ञ चिकित्सक तथा नर्स सङ्ख्यामा नर्स विशेषज्ञ समेत समावेश गरिएको।

## परिवार नियोजन कार्यक्रम

११.१६ २०८१ फागुनसम्म परिवार नियोजनको अस्थायी साधन प्रयोगकर्ताको सङ्ख्या १४ लाख ७ सय १७ र स्थायी परिवार नियोजन गर्नेको सङ्ख्या ११ लाख ४९ हजार २ सय ७ पुगेको छ। २०८१ असारसम्म अस्थायी साधन प्रयोगकर्ता १४ लाख ९० हजार ७४ जना र स्थायी परिवार नियोजन गर्नेको सङ्ख्या ११ लाख २३ हजार ४ सय १७ रहेको थियो।

## क्षयरोग नियन्त्रण कार्यक्रम

११.१७ २०८१ फागुनसम्म औषधि प्रतिरोधी क्षयरोग उपचार केन्द्र २४, उपचार उपकेन्द्र ९८ र जिनएक्सपर्ट केन्द्र १२३ स्थानमा विस्तार भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म २३ हजार १ सय ८१ क्षयरोगका बिरामीले स्वास्थ्य सेवा प्राप्त गरेका छन्। गत आर्थिक वर्षको फागुनसम्म यस्तो सेवा प्राप्त गर्नेको सङ्ख्या २२ हजार ८ सय ६९ रहेको थियो।

११.१८ २०८१ फागुनसम्म क्षयरोग डट्स सेवा ६,२४१ केन्द्र, औषधी प्रतिरोधी क्षयरोग उपचार केन्द्र २९, उपचार उपकेन्द्र ९८ र क्षयरोग निदान केन्द्र (माइक्रोस्कोपी केन्द्र ७८५ र जिन एक्स्पर्ट मेसिन ११७) सञ्चालनमा छन्। यस अवधिमा १८ हजार ६ सय २९ क्षयरोगका नयाँ बिरामीहरूले सेवा प्राप्त गरेका छन्। गत आर्थिक वर्षमा ४० हजार ७ सय ७६ क्षयरोगका बिरामीले यस्तो सेवा प्राप्त गरेका थिए।

११.१९ "क्षयरोग मुक्त नेपाल अभियान" १४९ स्थानीय तहमा विस्तार भएको छ। एआई जडित डिजिटल एक्सरे मेशिनद्वारा समुदायमा क्षयरोग बिरामीको सक्रिय खोज पड्ताल गर्ने कार्य शुरू भएको छ।

## औलो रोग नियन्त्रण कार्यक्रम

११.२० चालु आर्थिक वर्षको फागुनसम्म ३ लाख १५ हजार औलो रोगको नमूना परीक्षण गरिएकोमा ७५४ व्यक्तिमा यस्तो रोग देखापरेको छ। गत आर्थिक वर्षमा ४ लाख ९५ हजार ७ सय ९५ रगतको नमूना परीक्षण भएकोमा ७९० व्यक्तिमा यस्तो रोग देखापरेको थियो।

## एच.आई.भी. एड्स तथा यौन रोग कार्यक्रम

११.२१ चालु आर्थिक वर्षको माघसम्म २ लाख ८२ हजार ४ सय ५ जनाको एच.आई.भी. परीक्षण गरिएकोमा १,३७६ व्यक्तिमा एच.आई.भी. पोजिटिभ देखिएको छ। यस अवधिमा २६ हजार ४ सय ८७ एच.आई.भी. संक्रमितलाई एन्टिरेट्रोभाईरल (ARV) औषधी वितरण भएको छ।

## डेंगी रोग रोकथाम तथा नियन्त्रण कार्यक्रम

११.२२ चालु आर्थिक वर्षको फागुनसम्म ४८ हजार ६६ जनामा डेंगी संक्रमण भएकोमा यस्तो संक्रमणबाट ११ व्यक्तिको मृत्यू भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा ४१ हजार ६ सय २८ डेंगी संक्रमित भएकोमा ३३ व्यक्तिको मृत्यु भएको थियो। गत आर्थिक वर्ष डेंगी संक्रमण भएका ४८ हजार ८ सय ८३ मध्ये कोशी प्रदेशमा सबैभन्दा बढी १८,०६६ रहेका थिए।

## मुटु रोगको निःशुल्क उपचार

११.२३ चालु आर्थिक वर्षको फागुनसम्म ५४४ बिरामीको मुटुको भल्भको निःशुल्क शल्यक्रिया, ६७७ जना १५ वर्ष मुनिका मुटुरोगीको निःशुल्क मुटुरोगको शल्यक्रिया, १,०५८ जना ७५ वर्ष माथिका जेष्ठ नागरिकको निःशुल्क मुटुरोग उपचार र २८० जनाको मुटुको साँघुरो भल्भ खोल्ने (PTMC) उपचार भएको छ।

## प्रयोगशाला परीक्षण

११.२४ राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट विभिन्न रोगको विशिष्टीकृत रोग तथा नियमित प्रयोगशाला परीक्षण तथा निदानात्मक सेवा उपलब्ध हुँदै आएकोमा चालु आर्थिक वर्षको फागुनसम्म १ लाख ९२ हजार ९९ सयले परीक्षण सेवा प्राप्त गरेका छन्। गत आर्थिक वर्ष यस्तो सङ्ख्या २ लाख ८२ हजार ५ सय ७ रहेको थियो।

## आयुर्वेदसम्बन्धी सेवा

११.२५ चालु आर्थिक वर्षको फागुनसम्म १२ लाख ४३ हजार ६ सय ८९ ले आयुर्वेद सेवा प्राप्त गरेका छन्। गत आर्थिक वर्ष यस्तो सङ्ख्या १४ लाख ४७ हजार ४ सय ५४ रहेको थियो।


## स्वास्थ्य पूर्वाधार विकास

११.२६ स्थानीय तहमा आवश्यकतानुसार ५ शैया, १० शैया र १५ शैयाको आधारभूत अस्पताल निर्माण गर्ने नीति अनुरूप २०८१ फागुनसम्म ११३ स्थानीय तहमा अस्पताल निर्माण गर्ने कार्य भएको देखिन्छ। यसैगरी, ३१६ स्थानीय तहमा अस्पताल निर्माण कार्य भईरहेको छ। साथै, सहरी विकास तथा भवन निर्माण विभागबाट निर्माण गरिने ११९ स्वास्थ्य संस्था मध्ये १३ को निर्माण कार्य सम्पन्न भएको छ।

## स्वास्थ्य बीमा कार्यक्रम

११.२७ स्वास्थ्य बीमा कार्यक्रम सबै स्थानीय तहमा विस्तार भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म कुल बीमित जनसङ्ख्याको ४९.२ प्रतिशतले बीमा सेवा लिएका छन्।

चार्ट ११(ग) : स्वास्थ्य बीमासम्बन्धी सूचक (हजारमा)




स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८१ *फागुनसम्म

११.२८ आर्थिक वर्ष २०८०/८१ मा १३ लाख २९ हजार भन्दा बढी लक्षित वर्गका व्यक्ति स्वास्थ्य बीमामा आबद्ध रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्ख्या ६ लाख ५६ हजार १ सय ७९ रहेको छ।

**तालिका ११(ज): स्वास्थ्य बीमामा आबद्ध लक्षित वर्ग**

| लक्षित वर्ग | बीमित सङ्ख्या | | | | |
|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
| महिला स्वास्थ्य स्वयंसेविका परिवार सङ्ख्यासहित | ६१३७३ | ९९१८५ | ११५८७८ | १०५८२२ | ५४४९६ |
| एच.आई.भी संक्रमित परिवार सङ्ख्यासहित | १९८५० | २९४०६ | ३४३९१ | ३८८१६ | २२९३८ |
| एम.डि.आर.टी.बी. परिवार सङ्ख्यासहित | १९०० | २७३६ | ३१७८ | ३५६२ | २०२८ |
| कुष्ठरोगी परिवार सङ्ख्या सहित | २३१५ | ३०५६ | ३३७७ | ३९६४ | २४४३ |
| अति अशक्त अपाङ्ग परिवार सङ्ख्यासहित | ७४६४९ | ११०१२३ | १३१२१० | १५२५०० | ८३१०६ |
| जेष्ठ नागरिक परिवार सङ्ख्यासहित | ५४६३५८ | ७०७३४३ | ८२३१५३ | १००६०७८ | ४८१८९० |
| अति गरिब परिवार सङ्ख्यासहित # | ४७६३२२ | ४९३३४७ | ५०४६६४ | १८५२७ | ९२७८ |
| **कुल जम्मा** | **११८२७६७** | **१४४५१९६** | **१६१५८५१** | **१३२९२६९** | **६५६१७९** |

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८१ *फागुनसम्म

#बिगतमा (५ वर्ष अघि) अति गरिब परिवारको प्रमाण पत्र प्रदान गरिएकोमा आर्थिक वर्ष २०७९/८० मा म्याद समाप्त भएकोमा नवीकरण नभएकोले सो सख्यालाई समावेश नगरी आर्थिक वर्ष २०८०/८१ मा नयाँ प्रमाण पत्र प्रदान गरिएका अति गरिब परिवार सङ्ख्या मात्र समावेश गरिएको ।

११.२९ २०८१ फागुनसम्म ४८५ स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य बीमामा आबद्ध भएकामध्ये ८३ प्रतिशत सरकारी, १० प्रतिशत निजी र ७ प्रतिशत सामुदायिक रहेका छन्।

## औषधि व्यवसाय

११.३० २०८१ फागुनसम्म दर्ता रहेका फार्मेसीको सङ्ख्या ३० हजार ३ सय १३ रहेकोमा १० हजार ६ सय ३ फार्मेसीको प्रमाणपत्र नवीकरण भएको छ। आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म १,४३२ नयाँ फार्मेसी दर्ता भएका छन्।

११.३१ हालसम्म २० हजार ९ सय ५८ ब्राण्डका औषधि दर्ता भएकामध्ये १२ हजार ५ सय ११ स्वदेशी ब्राण्ड र ८,४४७ विदेशी ब्राण्डका रहेका छन् ।

## शिक्षा

११.३२ विद्यालय तहको खुद भर्नादर बढ्दो क्रममा छ। खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क समदरमा पुगेको छ।

११.३३ शैक्षिक सत्र २०८१ मा आधारभूत तह (कक्षा १-८) को कुल भर्नादर १२४.८ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) को कुल भर्नादर ८०.६ प्रतिशत पुगेको छ। उक्त तहको खुद भर्नादर क्रमशः ९४.१ प्रतिशत र ५५.८ प्रतिशत रहेको छ।


**तालिका ११(झ): शैक्षिक सत्र २०८१ मा तहगत विद्यार्थी भर्नादर**

| तह | कुल भर्नादर | | | खुद भर्नादर | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| आधारभूत तह (कक्षा १-५) | १२५.१ | १३५.८ | १३०.५ | ९४.५ | ९४.३ | ९४.४ |
| आधारभूत तह (कक्षा ६-८) | ११४.७ | ११५.३ | ११५.० | ९३.६ | ९३.७ | ९३.६ |
| आधारभूत तह (कक्षा १-८) | १२१.३ | १२८ | १२४.८ | ९४.१ | ९४.१ | ९४.१ |
| माध्यमिक तह (कक्षा ९-१०) | ९८.० | १०० | ९९.१ | ७७.३ | ७४.२ | ७५.८ |
| माध्यमिक तह (कक्षा ११-१२) | ५८.९ | ६८.३ | ६३.३ | ३७.५ | ३६.८ | ३७.१ |
| माध्यमिक तह (कक्षा ९-१२) | ७७.१ | ८४.३ | ८०.६ | ५६.१ | ५५.५ | ५५.८ |

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

११.३४ शैक्षिक सत्र २०८१ मा कक्षा ८ सम्मको टिकाउ दर ८६.५ प्रतिशत, कक्षा १० सम्मको टिकाउ दर ६६.९ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ४०.६ प्रतिशत पुगेको छ। शैक्षिक सत्र २०८० मा यस्तो टिकाउ दर क्रमशः ८६.२ प्रतिशत, ६९.९ प्रतिशत र ३७.२ प्रतिशत रहेको थियो। शैक्षिक सत्र २०८० को तुलनामा शैक्षिक सत्र २०८१ मा कक्षा १० को टिकाउ दर ३ प्रतिशतले घटेको छ।

### चार्ट ११(घ) : विगत दश शैक्षिक सत्रको टिकाउ दर




स्रोत: शिक्षा मन्त्रालय २०८१

११.३५ आधारभूत शिक्षाको तह पूरा गर्ने विद्यार्थीको दर बढेको छ। शैक्षिक सत्र २०८० मा यस्तो दर ८०.३ प्रतिशत रहेकोमा शैक्षिक सत्र २०८१ मा ८२.४ प्रतिशत पुगेको छ।

### तालिका ११(ञ): शैक्षिक सूचक

| सूचकहरु | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
|---|---|---|---|---|---|
| आधारभूत शिक्षा (प्रारम्भिक बालविकास/पूर्वप्राथमिक शिक्षा समेत) | | | | | |
| पूर्वप्राथमिक शिक्षामा कुल भर्नादर | ८७.६ | ८९.६ | ९४.९ | ९९.९ | १०१.० |
| पूर्वप्राथमिक शिक्षामा अनुभव भई कक्षा १ मा नवप्रवेशीको प्रतिशत | ७०.२ | ७४.९ | ७६.७ | ७६.९ | ७६.३ |
| कक्षा १ मा कुल प्रवेशदर | १२०.७ | १२७. | १२५.७ | ११५.९ | १४१.१ |
| कक्षा १ मा खुद प्रवेशदर | ९७.३ | ९६.३ | ९५.९ | ९५.७ | ९३.७ |
| कुल भर्नादर (कक्षा १-५) | ११८.२ | १२२. | १२९.५ | १२४.८ | १३०.५ |
| खुद भर्नादर (कक्षा १-५) | ९७.४ | ९६.९ | ९७.१ | ९५.६ | ९४.४ |
| कुल भर्नादर (कक्षा १-८) | ११३.२ | ११८. | ११९.३ | १२०.४ | १२४.८ |
| खुद भर्नादर (कक्षा १-८) | ९४.७ | ९५.१ | ९६.१ | ९५.१ | ९४.१ |
| कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९ | ०.९ | १.० | १.० | १.० |
| कक्षा ८ सम्मको टिकाउ दर | ८२. | ८५.१ | ८५.७ | ८६.२ | ८६.५ |
| आधारभूत शिक्षाको तह पूरा गर्नेको दर | ७५.३ | ७६.२ | ७७.१ | ८०.३ | ८२.४ |
| ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ५.४ | ४.९ | ३.९ | ४.९ | ५.९ |

| सूचकहरु | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
|---|---|---|---|---|---|
| **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | |
| कक्षा ९-१० को खुद भर्नादर | ७५.७ | ७६.१ | ७६.५ | ७६.५ | ७५.८ |
| कक्षा ९-१२ को खुद भर्नादर | ५१.२ | ५४.३ | ५७.४ | ५७.९ | ५५.८ |
| कक्षा १० सम्मको टिकाउ दर | ६४.६ | ६६.१ | ६७.३ | ६९.९ | ६६.९ |
| कक्षा १२ सम्मको टिकाउ दर | २९.२ | ३३.१ | ३५.६ | ३७.२ | ४०.६ |
| कक्षा ९-१२ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९ | १.० | १.० | ०.९ | १.०१ |
| **साक्षरता दर** | | | | | |
| साक्षरता दर ६+वर्ष | ७८. | ७८. | ७६.३ | ७६.३ | ७६.३ |
| साक्षरता दर १५-२४ वर्ष | ८८.६ | ८८.६ | ९४.२ | ९४.२ | ९४.२ |
| साक्षरता दर १५+ वर्ष | ५८.० | ५८.० | ७१.२ | ७१.२ | ७१.२ |
| **शिक्षक व्यवस्थापन** | | | | | |
| आधारभूत तह (कक्षा १-५) मा महिला शिक्षक प्रतिशत | ४६.६ | ४६.५ | ४७.२ | ५४.१ | ४८.९ |
| माध्यमिक तहमा महिला शिक्षक प्रतिशत | २०.७ | २०.४ | १७.४ | १९.० | १८.१ |

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१ *साक्षरता दर २०७९ पछि जनगणनाको आधारमा तयार गरिएको हो।


## प्रारम्भिक बालविकास तथा शिक्षा

११.३६ शैक्षिक सत्र २०८१ मा ३३ हजार ४ सय ७० सामुदायिक (सङ्घीय सरकारको अनुदानमा र स्थानीय तहबाट सञ्चालित समेत) र ७,८१४ संस्थागत गरी ४१ हजार २ सय ८४ प्रारम्भिक बालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा सञ्चालनमा रहेका छन्। शैक्षिक सत्र २०८० मा यस्तो सङ्ख्या ४० हजार ६ सय ८४ रहेको थियो।

११.३७ शैक्षिक सत्र २०८१ मा प्रारम्भिक बालविकास कक्षामा १३ लाख १ हजार ४ सय २८ भर्ना भएका छन्। शैक्षिक सत्र २०८० मा यस्तो सङ्ख्या १२ लाख ८६ हजार ५ सय २६ रहेको थियो।

११.३८ शैक्षिक सत्र २०८१ मा बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने विद्यार्थीको अनुपात ७६.३ प्रतिशत रहेको छ। शैक्षिक सत्र २०८० मा यस्तो अनुपात ७६.९ प्रतिशत रहेको थियो।


चार्ट ११(ङ): बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने विद्यार्थी (प्रतिशतमा)




स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

११.३९ बाल विकास कक्षामा भर्ना भएका कुल बालबालिकामा छात्रको सङ्ख्या छात्राको भन्दा उच्च रहेको छ। बालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षामा छात्र र छात्राको अनुपात क्रमशः ५५.१ प्रतिशत र ४४.९ प्रतिशत रहेको छ।

चार्ट ११(च): शैक्षिक सत्र २०८१ मा प्रारम्भिक बालविकास कक्षामा विद्यार्थी भर्ना (प्रतिशतमा)




स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

## विद्यालय विवरण

११.४० शैक्षिक सत्र २०८१ मा मुलुकभर विद्यालय सङ्ख्या ३५ हजार ४ सय ४७ रहेका छन्। शैक्षिक सत्र २०८० मा यस्तो सङ्ख्या ३५ हजार ८ सय ७६ रहेको थियो। कुल विद्यालयमध्ये सामुदायिक विद्यालय ७३.० प्रतिशत, संस्थागत विद्यालय २३.० प्रतिशत र परम्परागत/धार्मिक विद्यालय ४.० प्रतिशत रहेका छन्। गत शैक्षिक सत्रमा उक्त सङ्ख्या क्रमशः ७४.१ प्रतिशत, २२.० प्रतिशत र ३.९ प्रतिशत रहेको थियो।

विद्यालय नक्साङ्कन तथा समायोजनका कारण शैक्षिक सत्र २०८० को तुलनामा शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालयको सङ्ख्यामा कमी आएको हो।

**तालिका ११(ट): विद्यालय प्रकार अनुसारका विद्यालयको विवरण**

| प्रकार | सामुदायिक | परम्परागत | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | १४१५७ | ११६५ | १९३५ | १७२५७ |
| आधारभूत तह (कक्षा १-८) | ४५९६ | १६७ | १८८५ | ६६४८ |
| माध्यमिक तह (कक्षा १-१०) | ३३४३ | ५८ | ३०९२ | ६४९३ |
| माध्यमिक तह (कक्षा १-१२) | ३७७८ | ३४ | १२३७ | ५०४९ |
| **जम्मा** | **२५८७४** | **१४२४** | **८१४९** | **३५४४७** |

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

११.४१ कुल सामुदायिक विद्यालयमध्ये एक सयभन्दा कम विद्यार्थी भएका विद्यालय ५५.९ प्रतिशत रहेका छन् भने २ हजारभन्दा बढी विद्यार्थी भएका विद्यालय ०.४ प्रतिशत रहेका छन्। सहरी क्षेत्रमा बढ्दै गएको बसाइसराइ र जन्मदरमा आएको कमीले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी सङ्ख्या कम हुँदै गएको देखिएको छ।

**तालिका ११(ठ): विद्यार्थी सङ्ख्याका आधारमा सामुदायिक विद्यालयको सङ्ख्या**
**(शैक्षिक सत्र २०८१)**

| विद्यार्थी सङ्ख्या | विद्यालय सङ्ख्या |
|---|---|
| १०० भन्दा कम | १५२७३ |
| १०० देखि ५०० सम्म | ९७०४ |
| ५०१ देखि १००० सम्म | १६३६ |
| १००१ देखि १५०० सम्म | ४४९ |
| १५०१ देखि २००० सम्म | १३६ |
| २००० भन्दा बढी | १०० |
| **जम्मा** | **२७२९८** |

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

## शिक्षक विवरण र अनुपात

११.४२ आधारभूत तहमा कार्यरत महिला शिक्षकको हिस्सा माध्यमिक तहको तुलनामा उच्च रहेको छ। शैक्षिक सत्र २०८१ मा सबै प्रकारका विद्यालयमा कार्यरत शिक्षकको सङ्ख्या २ लाख ७९ हजार ५ सय ८५ मध्ये ४२.६ प्रतिशत महिला र ५७.४ प्रतिशत पुरुष रहेका छन्। आधारभूत तहमा महिला र पुरुष शिक्षकको हिस्सा क्रमशः ४९.३ प्रतिशत र ५०.७ प्रतिशत रहेको छ भने माध्यमिक तहमा यस्तो हिस्सा क्रमशः १८.३ प्रतिशत र ८१.७ प्रतिशत रहेको छ।

**तालिका ११(ड): सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण २०८१**

| तह | सामुदायिक | | | संस्थागत | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| आधारभूत (१-५) | ५३९७३ | ५९६३१ | ११३६०४ | ३०४१४ | १०२१७ | ४०६३१ | ८४३८७ | ६९८४८ | १५४२३५ |
| आधारभूत (६-८) | १२५३५ | २९११२ | ४१६४७ | १११९२ | १२११९ | २३३११ | २३७२७ | ४१२३१ | ६४९५८ |
| माध्यमिक (९-१०) | ४५५४ | २१५९३ | २६१४७ | ४९३६ | १७९४३ | २२८७९ | ९४९० | ३९५३६ | ४९०२६ |
| माध्यमिक (११-१२) | ८६१ | ६०८५ | ६९४६ | ७४८ | ३६७२ | ४४२० | १६०९ | ९७५७ | ११३६६ |
| **जम्मा** | **७१९२३** | **११६४२१** | **१८८३४४** | **४७२९०** | **४३९५१** | **९१२४१** | **११९२१३** | **१६०३७२** | **२७९५८५** |

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

नोटः शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको सङ्ख्या गणना नगरिएको।

## तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात

११.४३ कक्षा (१-१२) सम्मका विद्यार्थी सङ्ख्यालाई आधार मान्दा सामुदायिक विद्यालयमा प्रति विद्यालय विद्यार्थी सङ्ख्या १७० रहेकोमा संस्थागत विद्यालयमा यस्तो सङ्ख्या २९१ रहेको छ।

**तालिका ११(ढ): तहगत विद्यालय विद्यार्थी अनुपात**

| तह | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय | विद्यार्थी | विद्यार्थी विद्यालय अनुपात | विद्यालय | विद्यार्थी | विद्यार्थी विद्यालय अनुपात | विद्यालय | विद्यार्थी | विद्यार्थी विद्यालय अनुपात |
| आधारभूत तह (कक्षा १-५) | १५३२२ | २१८७४४९ | १४३ | १९३५ | १३२७४७९ | ६८६ | १७२५७ | ३५१४२८९ | २०४ |
| आधारभूत तह (कक्षा १-८) | ४७६३ | १२७४१५४ | २६८ | १८८५ | ५५७९८६ | २९६ | ६६४८ | १८३२१४० | २७६ |
| माध्यमिक तह (कक्षा १-१०) | ३४०१ | ७२९५६९ | २१५ | ३०९२ | २६०३१६ | ८४ | ६४९३ | ९८९८८५ | १५२ |
| माध्यमिक तह (कक्षा १-१२) | ३८१२ | ४५१५५७ | ११८ | १२३७ | २२२२९८ | १८० | ५०४९ | ६७३८५५ | १३३ |
| कुल | २७२९८ | ४६४२७२९ | १७० | ८१४९ | २३६८०७९ | २९१ | ३५४४७ | ७०१०१६९ | १९८ |

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

११.४४ सामुदायिक विद्यालयमा प्रति शिक्षक विद्यार्थी सङ्ख्या २४ रहेको छ। यस्तो अनुपात आधारभूत तह (कक्षा १-५) मा सबैभन्दा कम १९ र माध्यमिक तह (कक्षा १-१२) मा सबैभन्दा बढी ६५ रहेको छ।


तालिका ११(ण): सामुदायिक विद्यालयको विद्यालय विद्यार्थी र शिक्षक विद्यार्थी

| तह | विद्यालय | विद्यार्थी | शिक्षक | प्रति शिक्षक विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | १५३२२ | २१८७४४९ | ११३६०४ | १९ |
| आधारभूत तह (कक्षा १-८) | ४७६३ | १२७४१५४ | ४१६४७ | ३० |
| माध्यमिक तह (कक्षा १-१०) | ३४०१ | ७२९५६९ | २६१४७ | २७ |
| माध्यमिक तह (कक्षा १-१२) | ३८१२ | ४५१५५७ | ६९४६ | ६५ |
| जम्मा | २७२९८ | ४६४२७२९ | १८८३४४ | २४ |

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

११.४५ सबै प्रकारका विद्यालयमा कार्यरत कुल शिक्षक सङ्ख्यामा सबैभन्दा उच्च लैङ्गिक समता सूचकाङ्क आधारभूत तह (कक्षा १-५) मा १.२ रहेको छ भने सबैभन्दा न्यून लैङ्गिक समता सूचकाङ्क माध्यमिक तह (कक्षा ११-१२) मा ०.२ रहेको छ।

चार्ट ११(छ): विद्यालयमा कार्यरत शिक्षकको लैङ्गिक समता सूचकाङ्क




स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

## विद्यार्थी विवरण

११.४६ शैक्षिक सत्र २०८१ मा सामुदायिक तथा संस्थागत विद्यालय (कक्षा १-१२) मा अध्ययनरत कुल विद्यार्थीमध्ये छात्र ५१.९ प्रतिशत र छात्रा ४८.१ प्रतिशत रहेका छन्।

११.४७ शैक्षिक सत्र २०८० मा विद्यालय तहमा अध्ययनरत विद्यार्थीको सङ्ख्या (कक्षा १-१२) ७१ लाख ४३ हजार २ सय ६२ रहेकोमा शैक्षिक सत्र २०८१ मा १.९ प्रतिशतले न्यून भई २०८१ मा ७० लाख १० हजार ८ सय ८ रहेको छ। शैक्षिक सत्र २०८० मा यस्तो सङ्ख्या १.३ प्रतिशतले घटेको थियो। कक्षा १० को टिकाउ दर र विद्यालय

उमेर समूहको जनसङ्ख्यामा आएको कमी जस्ता कारणले विद्यार्थी सङ्ख्या घटेको अनुमान छ।

११.४८ कुल विद्यार्थीमध्ये आधारभूत तह (कक्षा १-५) मा ४९.४ प्रतिशत, आधारभूत तह (कक्षा ६-८) मा २५.८ प्रतिशत, माध्यमिक तह (कक्षा ९-१०) मा १३.९ प्रतिशत र माध्यमिक तह (कक्षा ११-१२) मा ९.५ प्रतिशत विद्यार्थी अध्ययरत छन्। शैक्षिक सत्र २०८१ मा भर्ना भएका कुल विद्यार्थीमध्ये छात्रा ४८.१ प्रतिशत र छात्र ५१.९ प्रतिशत रहेका छन्।


**तालिका ११(त): विगत पाँच वर्षको तहगत विद्यार्थी सङ्ख्या**

| तह\शैक्षिक सत्र | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
|---|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | ३५१८९५० | ३५४८६३६ | ३६१०६०३ | ३५१९२१४ | ३५१४९२८ |
| आधारभूत तह (कक्षा ६-८) | १८१६७७६ | १७७७३४४ | १८२७४३३ | १८५२४९३ | १८३२१४० |
| माध्यमिक तह (कक्षा ९-१०) | १०६४८१५ | १०७९३५२ | १०६३२८५ | १०४५०९२ | ९८९८८५ |
| माध्यमिक तह (कक्षा ११-१२) | ६८०२२१ | ६१७५५९ | ७३५९५३ | ७२६४६३ | ६७३८५५ |
| **जम्मा** | ७०८०७६२ | ७०२२८९१ | ७२३७२७४ | ७१४३२६२ | ७०१०८०८ |

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

११.४९ शैक्षिक सत्र २०८१ मा कक्षा (१-१२) सम्मको कुल विद्यार्थी भर्नामध्ये सय छात्र भर्ना हुँदा भर्ना हुने छात्राको सङ्ख्या ९३ रहेको छ।


**चार्ट ११(ज): शैक्षिक सत्र २०८१ मा कुल विद्यार्थी भर्नामा तहगत लैङ्गिक समता सूचकाङ्क**




स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

११.५० शैक्षिक सत्र २०८१ मा ६६.२ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालय र ३३.८ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्ययरत छन्। शैक्षिक सत्र २०८० मा ६९.९ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालय र ३०.१ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्ययरत थिए। कुल विद्यालयमध्ये ७८.० प्रतिशत सामुदायिक विद्यालय रहेका छन्।

चार्ट ११(झ): विद्यालयमा विद्यार्थी भर्ना प्रतिशत (शैक्षिक सत्र २०८१)




स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

११.५१ पछिल्लो समय केही सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या बढ्दै गएको देखिएको छ।

तालिका ११(थ): सबैभन्दा बढी विद्यार्थी सङ्ख्या रहेका दश सामुदायिक विद्यालयको विवरण


| क्र. सं. | प्रदेश | जिल्ला | स्थानीय तह | विद्यालयको नाम | विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | लुम्बिनी | रुपन्देही | बुटवल उमनपा | कालिका मानव ज्ञान मावि | ७४६७ |
| २ | मधेस | धनुषा | विदेह नपा | जनता नमुना मावि | ६५८७ |
| ३ | लुम्बिनी | रुपन्देही | तिलोत्तमा नपा | शान्ति नमुना मावि | ५६४१ |
| ४ | लुम्बिनी | रुपन्देही | बुटवल उमनपा | कान्ति मावि | ५३२४ |
| ५ | बाग्मती | काठमाडौं | काठमाडौं मनपा | ज्ञानोदय मावि | ४९२२ |
| ६ | मधेस | पर्सा | विरगञ्ज मनपा | त्रिजुद्ध महाविर रघुविर राम मावि | ४४४६ |
| ७ | लुम्बिनी | रुपन्देही | बुटवल उमनपा | नवीन औद्योगिक कदरबहादुर रिता मावि | ४४३२ |
| ८ | कोशी | मोरङ | सुन्दरहरैंचा नपा | सुकुना मावि | ४२०४ |
| ९ | बाग्मती | भक्तपुर | भक्तपुर नपा | वागेश्वरी मावि | ४०२८ |
| १० | मधेस | रौतहट | कटहरीया नपा | जनता मावि | ३८८६ |

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

## माध्यमिक शिक्षा परीक्षा (SEE)

११.५२ माध्यमिक शिक्षा परीक्षा (SEE) परीक्षा, २०८० मा सामेल भएका ४ लाख ६४ हजार ७ सय ६७ परीक्षार्थीमध्ये १६.९७ प्रतिशत परीक्षार्थी जिपिए २.८१ देखि ३.२० को वर्गमा परेका छन्।

चार्ट ११(ञ): २०८० को माध्यमिक शिक्षा परीक्षा (विद्यार्थी सङ्ख्या प्रतिशतमा)




स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

## माध्यमिक शिक्षा परीक्षा कक्षा १२

११.५३ शैक्षिक सत्र २०८१ को माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) मा कुल ४ लाख ९१ हजार ४ सय ९७ परीक्षार्थी सहभागी भएकामा ४७.८५ प्रतिशत अवर्गीकृत वर्ग अर्थात पुनः परीक्षामा सामेल हुने वर्गमा परेका छन्। गत शैक्षिक सत्रको नतिजामा यस्तो प्रतिशत ४९.०९ रहेको थियो।

तालिका ११(द) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) को नियमित तर्फको नतिजाको अवस्था, २०८१

| स्तरीकृत अङ्क (GPA) | जम्मा | प्रतिशत |
|---|---|---|
| ३.६१ देखि ४.० सम्म | ९५९१ | २.४५ |
| ३.२१ देखि ३.६० सम्म | ४६८९३ | १२.०० |
| २.८१ देखि ३.२० सम्म | ७८०७५ | १९.९७ |
| २.४१ देखि २.८० सम्म | ६१०३६ | १५.६२ |
| २.०१ देखि २.४० सम्म | ८२४० | २.११ |
| १.६१ देखि २.० सम्म | १२ | ०.००३ |

| स्तरीकृत अङ्क (GPA) | जम्मा | प्रतिशत |
|---|---|---|
| अवर्गीकृत | १८७०२१ | ४७.८५ |
| **जम्मा** | ३९०८६८ | १००.०० |
| **ग्रेडेड (नियमित)** | २०३८४७ | ५२.१५ |
| **ग्रेडेड (मौकासहित)** | २९००९३ | ७४.२२ |

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

## उच्च शिक्षा

११.५४ शैक्षिक सत्र २०७९ मा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या ६ लाख १ हजार ७ सय ८३ रहेकोमा शैक्षिक सत्र २०८० मा ९.८६ प्रतिशतले वृद्धि भई ६ लाख ७२ हजार ४ सय ८९ पुगेको छ।

११.५५ विद्यार्थी अध्ययन गरिरहेका १६ विश्वविद्यालय, ७ स्वास्थ्य विज्ञान प्रतिष्ठान र विदेशी विश्वविद्यालयका सम्बन्धनमा नेपालमा सञ्चालित क्याम्पसमा अध्ययनरत विद्यार्थीमध्ये ७४.३१ प्रतिशत विद्यार्थीहरू त्रिभुवन विश्वविद्यालयमा (आङ्गिकमा २६.३९ र सम्बन्धनप्राप्त ४७.९२) र २५.६९ प्रतिशत अन्य विश्वविद्यालय/प्रतिष्ठान/विदेशी विश्वविद्यालका सम्बन्धनका क्याम्पसमा अध्ययनरत रहेका छन् ।

११.५६ विश्वविद्यालय अनुदान आयोगबाट २०८१ माघमसान्तसम्म गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणपत्र प्राप्त गर्ने उच्च शिक्षाका शैक्षिक संस्थाको सङ्ख्या ११४ पुगेको छ । २०८० फागुनसम्म यस्तो सङ्ख्या १०३ रहेको थियो।

## अपाङ्गता भएका बालबालिकाका लागि शिक्षा

११.५७ अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि गर्न २०८१ फागुनसम्म ३३ विशेष विद्यालय र २३ एकीकृत विद्यालय सञ्चालनमा रहेका छन्। त्यसैगरी, अपाङ्गता भएका बालबालिकाको लागि ३८० स्रोत कक्षाको व्यवस्था गरिएको छ। दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि निःशुल्क रूपमा ब्रेललिपिका पाठ्यपुस्तक उपलब्ध हुँदै आएको छ ।

## राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम

११.५८ २०८१ फागुनसम्म राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत १,५०० भन्दा बढी विद्यालयका ४ कोठे भवन, १,०१५ विद्यालयमा २ कोठे भवन, १० हजार २ सय ३६ कक्षा कोठा र ४,६०८ विद्यालयमा सूचना प्रविधि ल्याव स्थापना भएका छन्।

## साक्षरता

११.५९ चालु आर्थिक वर्षको फागुनसम्ममा मुगु र जुम्ला जिल्ला थप भई साक्षर घोषणा भएका जिल्लाको सङ्ख्या ६६ पुगेको छ। हालसम्म कोशी, गण्डकी र बागमती प्रदेश साक्षर प्रदेश घोषणा भएका छन् भने सुदूरपश्चिम र लुम्बिनी प्रदेश साक्षर प्रदेशको रूपमा घोषणाको तयारीमा रहेका छन्।

## प्राविधिक तथा व्यावसायिक शिक्षा

११.६० चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म श्रम बजारको आवश्यकता र मागबमोजिम ५,३६० जनाको लागि निःशुल्क छोटो अवधिको सीपमूलक तालीम सञ्चालन भएका छन्। २०८१ फागुनसम्म विभिन्न तह र पेशामा सीप परीक्षण प्रमाणीकृत भएका जनशक्तिको सङ्ख्या ४ लाख ९७ हजार ९ सय भन्दा बढी रहेको छ।

## विद्यालय दिवा खाजा कार्यक्रम

११.६१ दिवा खाजा कार्यक्रमबाट शैक्षिक सत्र २०८१ मा प्रारम्भिक बाल शिक्षादेखि कक्षा ५ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत देशभरका २८ लाख ६ हजार ३ सय १ विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। गत शैक्षिक सत्रमा ३० लाख ९ हजार ६ सय ४० विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित भएका थिए।

११.६२ बझाङ, बाजुरा र दार्चुला जिल्लाका १,०६६ सामुदायिक विद्यालयका बाल विकासदेखि कक्षा ८ सम्मका बालबालिकाका लागि शिक्षाका लागि खाद्य कार्यक्रमबाट दिवा खाजाको व्यवस्था गरिएको छ।

## छात्रवृत्ति कार्यक्रम

११.६३ शैक्षिक सत्र २०८१ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीमध्ये १५ लाख ५२ हजार १ सय ६८ जना विद्यार्थीले विभिन्न किसिमका (आवासीय, गैरआवासीय, दलित, छात्रा, अपाङ्ग, सीमान्तकृत समूह लगायतका) प्राप्त गरेका छन्। शैक्षिक सत्र २०८० मा सामुदायिक विद्यालयका ११ लाख ४३ हजार ६ सय ३१ विद्यार्थीले विभिन्न किसिमका छात्रवृत्ति प्राप्त गरेका थिए।

११.६४ आर्थिक वर्ष २०८१/८२ मा छात्रवृत्ति कार्यक्रम अन्तर्गत विद्यालय शिक्षामा रू. १ अर्ब ८३ करोड, प्राविधिक शिक्षामा रू. ५ करोड, उच्च शिक्षामा रू. ३९ करोड ४६ लाख र चिकित्सा शिक्षा तर्फ रू. ५ अर्ब ११ करोड गरी जम्मा रू. ७ अर्ब ३९ करोड रकम छात्रवृत्तिमा खर्च भएको छ।

## विद्यालय शिक्षामा सूचना प्रविधि

११.६५ मुलुकभर सञ्चालित २७ हजार २ सय ९८ सामुदायिक विद्यालयमध्ये ८५.४३ प्रतिशत विद्यालयमा इन्टरनेट सुविधाको पहुँच पुगेको छ भने २९.५८ प्रतिशत सामुदायिक विद्यालयमा ICT Lab को विस्तार भएको छ।

## वैदेशिक अध्ययन अनुमतिपत्र

११.६६ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म ९२ हजार ६ सय ४८ वैदेशिक अध्ययन अनुमतिपत्र जारी भएको छ।

तालिका ११(ध): वैदेशिक अध्ययन अनुमतिपत्र विवरण

| आर्थिक वर्ष | सङ्ख्या |
|---|---|
| २०७१/७२ | ३०७९७ |
| २०७२/७३ | ३७१४८ |
| २०७३/७४ | ५०७९६ |
| २०७४/७५ | ५८७५८ |
| २०७५/७६ | ६३४१७ |
| २०७६/७७ | ३३१९६ |
| २०७७/७८ | २८८८३ |
| २०७८/७९ | १०२५०४ |
| २०७९/८० | ११०२१७ |
| २०८०/८१ | ११२९६८ |
| २०८१/८२* | ९२,६४८ |

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१ *फागुनसम्म

११.६७ राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट गरिने टक्सिकोलोजी, केमेष्ट्री तथा लागूऔषध, डि.एन.ए. बायोलोजी/सिरोलोजी तथा वन्यजन्तु र विवादित प्रलेखसम्बन्धी परीक्षण भएका केसको सङ्ख्या आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म १,६११ पुगेको छ।

## खानेपानी तथा सरसफाइ

११.६८ २०८१ फागुनसम्म आधारभूत खानेपानी सेवाको पहुँच पुगेको जनसङ्ख्या ९६.८५ प्रतिशत र सुरक्षित खानेपानी (उच्च मध्यमस्तर) सेवाको पहुँच पुगेको जनसङ्ख्या २८.५० प्रतिशत पुगेको छ। २०८१ असारसम्म यस्तो जनसङ्ख्या क्रमशः ९६.७५ प्रतिशत र २७.७६ प्रतिशत रहेको थियो।

**तालिका ११(न): खानेपानी तथा सरसफाइको स्थिति** (कुल लाभान्वित जनसङ्ख्याको प्रतिशत)

| सूचक | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ | २०८१* |
|---|---|---|---|---|---|---|
| आधारभूत खानेपानी सेवा | ९१.० | ९३.२१ | ९४.९३ | ९६.४४ | ९६.७५ | ९६.८५ |
| आधारभूत सरसफाइ | १००.० | १००.० | १००.० | १००.० | ९५.५# | ९५.५# |
| उच्च मध्यमस्तरको खानेपानी | २३.० | २४.६५ | २५.६९ | २६.७५ | २७.७६ | २८.५० |
| प्रशोधनसहितको ढल प्रणाली | २.१ | २.१ | २.२८ | २.३४ | २.३४ | २.३४ |

स्रोतः खानेपानी मन्त्रालय, २०८१ #राष्ट्रिय जनगणना २०७८ *फागुनसम्म

११.६९ चालु आर्थिक वर्षको फागुनसम्म विभिन्न १७ खानेपानी आयोजना सम्पन्न भएका छन्। सम्पन्न भएका आयोजनाबाट यस अवधिमा थप २ लाख ५ हजार ५ सय ६९ जनसङ्ख्यामा खानेपानी सेवा विस्तार भएको छ।

११.७० मेलम्ची खानेपानी आयोजनाको दोस्रो चरण अन्तर्गत खानेपानी वितरणको लागि ७९६ किलोमिटर पाइप विछ्याउने लक्ष्य रहेकोमा २०८१ फागुनसम्म ७६० किलोमिटर पाइपलाइन विछ्याउने कार्य सम्पन्न भएको छ।

११.७१ काठमाडौं उपत्यकाभित्र २६५ सरकारी विद्यालय, ४६ सरकारी भवन र ८९ सार्वजनिक भवन गरी हालसम्म ४०० स्थानमा वर्षातको पानी सङ्कलन प्रविधि जडान भएको छ।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

### महिला

११.७२ आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म विभिन्न प्रदेशका दुर्गम तथा पहाडी क्षेत्रका ८०८ गर्भवती तथा सुत्केरी महिलाको हवाइ उद्धार भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म ९५ जना गर्भवती तथा सुत्केरी महिलाको उद्धार भएको छ।

**तालिका ११(प): उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको प्रदेशगत विवरण** (सङ्ख्या)

| आर्थिक वर्ष | कोशी | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|
| २०७५/७६ | ५ | ३ | ३ | १ | १३ | १ | २६ |
| २०७६/७७ | १० | १२ | ५ | २ | ३६ | २२ | ८७ |
| २०७७/७८ | २८ | २७ | ५ | २ | २८ | १३ | १०३ |
| २०७८/७९ | ५५ | २७ | ७ | २ | ५८ | २० | १६९ |
| २०७९/८० | ४४ | २२ | ११ | ३ | ५४ | ३३ | १६७ |
| २०८०/८१ | ६९ | १६ | ४ | ४ | ४० | २८ | १६१ |
| २०८१/८२* | ३७ | ५ | ५ | २ | ३६ | १० | ९५ |
| कुल | २४८ | ११२ | ४० | १६ | २६५ | १२७ | ८०८ |

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०८१ *फागुनसम्म

११.७३ चालु आर्थिक वर्षको फागुनसम्म १० जिल्लामा सञ्चालित अल्पकालीन पुनर्स्थापना केन्द्रबाट ४९९ मानव वेचविखन तथा ओसारपसार र यौन तथा घरेलु हिंसामा परेका पीडित तथा प्रभावितलाई उद्धार संरक्षण र पुनर्स्थापना सेवा प्रदान गरिएको छ। वैदेशिक रोजगारीको क्रममा हिँसामा परेका ४२ महिलाको उद्धार भएको छ।

तालिका ११(फ): उद्धार, संरक्षण र पुनर्स्थापनाको विवरण

| जिल्ला | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|---|
| चितवन | २४९ | २७ | १२ | ७ | २ | ३ |
| रूपन्देही | १४८ | १३५ | २५८ | २१० | १७० | १२८ |
| सिन्धुपाल्चोक | ३९ | ४३ | २२ | १७ | १८ | २२ |
| कैलाली | - | - | ३० | - | - | - |
| पर्सा | २१७ | ९४ | २८१ | २५८ | १५२ | ११० |
| बाँके | ९४ | ३० | ९६ | ७६ | ७८ | ६३ |
| काठमाडौं | २५ | १७ | २ | १० | ३९ | ० |
| झापा | १५५ | ५८ | १३९ | १३६ | १५४ | ११६ |
| कास्की | ५५ | ३३ | २७ | ५४ | ३३ | ३९ |
| सुर्खेत | २६७ | ५८ | ८४ | ३० | ३७ | २० |
| मन्त्रालय* | ११६ | ७८ | १ | १ | - | ४२ |
| जम्मा | १३६५ | ५७३ | ९५२ | ७९९ | ६८३ | ५४३ |

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०८१

* वैदेशिक उद्धार

११.७४ आर्थिक वर्ष २०८१/८२ मा प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेटको हिस्सा ४३.८६ प्रतिशत पुगेको छ।

तालिका ११(ब): नेपालमा लैङ्गिक उत्तरदायी बजेट (संघीय बजेट)

| आर्थिक वर्ष | प्रतिशत | आर्थिक वर्ष | प्रतिशत |
|---|---|---|---|
| २०६४/६५ | ११.३० | २०७३/७४ | २३.१० |
| २०६५/६६ | १३.९४ | २०७४/७५ | ३७.४२ |
| २०६६/६७ | १७.३० | २०७५/७६ | ३८.६५ |
| २०६७/६८ | १७.९४ | २०७६/७७ | ३८.१७ |
| २०६८/६९ | १९.०५ | २०७७/७८ | ३८.१६ |
| २०६९/७० | २१.५१ | २०७८/७९ | ३९.४९ |
| २०७०/७१ | २१.७५ | २०७९/८० | ४०.२५ |
| २०७१/७२ | २१.९३ | २०८०/८१ | ४२.१६ |
| २०७२/७३ | २२.२७ | २०८१/८२ | ४३.८६ |

स्रोतः अर्थ मन्त्रालय, २०८१

## ज्येष्ठ नागरिक

११.७५ संघीय सरकारबाट चालु आर्थिक वर्षको फागुनसम्म ४८ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र थप भई हालसम्म यस्तो सङ्ख्या २७३ पुगेको छ।

## अपाङ्गता भएका नागरिक

११.७६ हालसम्म १० हजार ७ सय १५ अपाङ्गता भएका व्यक्तिलाई विभिन्न सहायक सामग्री उपलब्ध गराइएको छ। चालु आर्थिक वर्षमा बेवारिसे, सहारा विहिन र विपन्न पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति गरी ८१ जनाले आवासीय पुनःस्थापना सेवा पाएका छन्।

## बालबालिका

११.७७ कानूनको विवादमा परेका १,३८१ बालबालिका ९ बाल सुधार गृहमा रहेका छन्। कानूनको विवादमा परेका १८ वर्ष माथिका १२० बालक व्यवस्थापन गर्ने क्षमताको बाल सुधार गृह बाँकेको नौवस्तामा स्थापना भएको छ। विभिन्न हिंसाबाट पीडित तथा प्रभावित बालबालिकाका लागि सरल तथा सहज रुपमा सेवा प्रवाह गर्न ५१ स्थानमा बालमैत्री कक्ष सञ्चालनमा रहेका छन्।

११.७८ आर्थिक वर्ष २०७२/७३ देखि चालु आर्थिक वर्षको फागुनसम्म सडक बालबालिका २,३४९ (बालक २,०२१ र बालिका ३२८) को उद्धार गरिएको छ। आर्थिक वर्ष २०८०/८१ को असारसम्ममा अस्थाई संरक्षण सेवा केन्द्रमा रहेका बालबालिकामध्ये १,५९६ बालबालिकालाई परिवारमा पुनर्मिलन गराइएको छ। त्यसैगरी, ७९८ बालबालिकालाई विभिन्न सीपमूलक तालिम प्रदान गरिएको छ।

११.७९ चालु आर्थिक वर्षको फागुनसम्म बालबालिका विरुद्धको हिंसा र जोखिममा परेका बाल हेल्प लाईन (१०९८) मार्फत ९४७ बालबालिकाको तत्काल उद्धार एवम् आवश्यक संरक्षण गरिएको छ। हालसम्म १० हजार २ सय ५१ बालबालिकाको तत्काल उद्धार तथा आवश्यक संरक्षण भएको छ।

## युवा तथा खेलकुद

११.८० चालु आर्थिक वर्षको फागुनसम्म राष्ट्रियस्तरका ४९ र अन्तर्राष्ट्रियस्तरका १३ गरी ६२ प्रतियोगिता आयोजना भएका छन्। साथै, ७६ अन्तर्राष्ट्रियस्तरका प्रतियोगितामा नेपाल सहभागी भएको छ। गत आर्थिक वर्षमा राष्ट्रियस्तरका ७० र अन्तर्राष्ट्रियस्तरका ३५ खेलकुद प्रतियोगिता आयोजना भएका थिए।

११.८१ अन्तर्राष्ट्रियस्तरको प्रतिष्पर्धामा पदक प्राप्त गर्ने विभिन्न खेलकूद विधाका ५६ जना खेलाडी तथा प्रशिक्षकलाई रू. २ करोड २२ लाख ७७ हजार पुरस्कार उपलब्ध गराइएको छ।

११.८२ प्रत्येक प्रदेशमा एक/एक रङ्गशाला निर्माण गर्ने कार्यक्रम अनुरूप धनगढी, सुर्खेत, नेपालगञ्ज र इटहरीमा खेल मैदान निर्माण कार्य सम्पन्न भएको छ।

## व्यक्तिगत घटना दर्ता

११.८३ विदेशस्थित १५ नेपाली कूटनीतिक नियोग र स्थानीय तहका ६,७१३ वडाबाट अनलाइनमार्फत व्यक्तिगत घटना दर्तासम्बन्धी कार्य भइरहेको छ।

११.८४ वि.सं. २०८१ सालको पहिलो ११ महिनामा १८ लाख ११ हजार ८ सय ८ व्यक्तिगत घटना दर्ता भएका छन्। अघिल्लो वर्ष १४ लाख ६ हजार १ सय २७ व्यक्तिगत घटना दर्ता भएका थिए।

तालिका ११(भ): पछिल्लो दशकको व्यक्तिगत घटना दर्ताको विवरण

| वर्ष | जन्म | मृत्यु | विवाह | बसाइसराइ | सम्बन्ध विच्छेद | जम्मा |
|---|---|---|---|---|---|---|
| २०७० | ५७३३९१ | ६१७५२ | १६४९९४ | ४५२४८ | ३९४ | ८४५७७९ |
| २०७१ | ८८०८१५ | ११४६०७ | २२७१५२ | १२१८६० | १३७५ | १३४५८०९ |
| २०७२ | ६००७९६ | ९४६९१ | १५८७९५ | ६९८२७ | १०६५ | ९२५१७४ |
| २०७३ | ७२१३२६ | ११८०६० | १८४३२३ | ६८८६३ | २२८३ | १०९४८५५ |
| २०७४ | ६६५९०९ | ६५८३५ | २२०६६९ | ७५०९८ | २७७६ | १०३०२८७ |
| २०७५ | ४०९३५४ | ९४६२० | १७९९५७ | ९४१५९ | ३९३५ | ७८२०२५ |
| २०७६ | ९२५३२२ | १७०६४३ | २७३९६३ | ९२२९३ | ५८४६ | १४६८०६७ |
| २०७७ | ९७७३१९ | २०४२७४ | २६३३९३ | १४७०५९ | ६६४४ | १५९८६८९ |
| २०७८ | १३३७४५१ | २९३८०६ | ४५९४९८ | २०५७६९ | १४२७९ | २३१०८०३ |
| २०७९ | ८५९४३६ | २०६३२६ | ३४३९२८ | १९६०४० | २०२७२ | १६२६००२ |
| २०८० | ७४३९६८ | २१२५४७ | २८८९७९ | १३६९१५ | २३७१८ | १४०६१२७ |
| २०८१* | १५६०५३१ | ५२३६९ | ६८९५७ | १२३६७२ | ६२७९ | १८११८०८ |

स्रोतः गृह मन्त्रालय,२०८१ *बैशाखदेखि फागुनसम्म

## सामाजिक सुरक्षा कार्यक्रम

११.८५ चालु आर्थिक वर्षको फागुनसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सङ्ख्या ३७ लाख ६ हजार ३ सय ८९ रहेको छ। गत आर्थिक वर्ष यस्तो सङ्ख्या ३८ लाख २९ हजार ४ यस ७३ रहेको थियो।

**तालिका ११(म): सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण**

| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|
| स्थानीय तह | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ |
| जेष्ठ नागरिक ७० वर्ष | १३१४२०१ | १३२२३१५ | १६२७९२१ | १६८९११९६ | १६६०३७० |
| जेष्ठ नागरिक दलित ६० वर्ष | १८६०४७ | १९१८४६ | १५२८०१ | १५६१६१ | १६१८२५ |
| जेष्ठ नागरिक एकल महिला ६० वर्ष | २८०६४८ | २७६४९३ | २१२६७० | १८१८६३ | १७३५६० |
| जेष्ठ नागरिक क्षेत्र तोकिएको ६० वर्ष | २०२६२ | २१०६८ | १६६२२ | १६४८० | १७१५९ |
| बिधवा महिला | ३५०४३६ | ३६०५०२ | ३६११६१ | ३८९२१० | ४०६९०० |
| क वर्गको अपाङ्ग | ५५०५९ | ६३३४३ | ६६२८१ | ६८३०६ | ६८८६१ |
| ख वर्गको अपाङ्ग | १०५०५१ | १२८२२३ | १३८७१६ | १४५५१७ | १४९१०२ |
| क्षेत्र तोकिएको बालबालिका | ६९९८५५ | ८०६२५७ | ७६१०९३ | ८०००३६ | ७२४८६१ |
| दलित बालबालिका | ४२१३४३ | ४१०१२० | ३४१४६८ | ३६०३११ | ३२१७५९ |
| लोपोन्मूख जाति | २२५४४ | २२५३८ | २२२०८ | २२३९३ | २१९९२ |
| **जम्मा सङ्ख्या** | **३४५५४४६** | **३६०२७०५** | **३७००९४१** | **३८२९४७३** | **३७०६३८९** |

स्रोतः गृह मन्त्रालय,२०८१

## राष्ट्रिय परिचयपत्र कार्यक्रम

११.८६ राष्ट्रिय परिचयपत्रको लागि ७४ जिल्लाका ७३२ स्थानीय तहबाट विवरण सङ्कलन भइसकेको छ। २०८१ फागुनसम्म १ करोड ६९ लाख ४२ हजार ४ सय ३१ नागरिकको वैयक्तिक र जैविक विवरण सङ्कलन भएको छ। सङ्कलितमध्ये २२ लाख १२ हजार १९ राष्ट्रिय परिचयपत्र वितरण भएको छ।

**तालिका ११(य): राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ताको अवस्था**

| विवरण | असार | | | | फागुन | |
|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८०/८१ | २०८१/८२ |
| नागरिकको विवरण सङ्कलन | ३०५०२०९ | ८०७५०४६ | १३१५४७४२ | १५१६५६४३ | १४१७१११९ | १६९४२४३१ |
| राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड छपाइ | ११७००० | ३६७००० | १६३००१४ | ४३२८३७३ | २८३५१६९ | ६५४८४१२ |
| राष्ट्रिय परिचयपत्र वितरण | ११७००० | ११७०२५ | १७३०६८ | ७२७३४० | ३८१६४३ | २२१२०१९ |

स्रोतः गृह मन्त्रालय, २०८१

११.८७ राष्ट्रिय परिचयपत्र र नागरिक एप बीच अन्तरआबद्धता स्थापित भएको छ। २०८१ फागुनसम्म १,९२२ वडामा अनलाइन नागरिकता सिफारिश प्रणाली लागू भएको छ।

# १२. सुशासन

१२.१ संघीयताको सुदृढीकरणका लागि तीन तहका सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा सेवा प्रवाहको गुणस्तर, वित्तीय पारदर्शीता र प्रशासनिक संयन्त्रको कार्यदक्षता अभिवृद्धि गर्दै लगिएको छ। आधुनिक प्रविधिको प्रयोगबाट शान्ति, सुरक्षा र अपराधजन्य क्रियाकलाप नियन्त्रणमा सघाउ पुगेको छ।

१२.२ मुलुकलाई ग्रे-लिष्टको सूचीबाट यथाशीघ्र बाहिर ल्याउन, ग्रे-लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतिकरण, २०८२ लागू भएको छ। यस अन्तर्गत मूख्यतः राष्ट्रिय जोखिम मूल्याङ्कन, सम्पत्ति शुद्धीकरणको अनुसन्धान र वित्तीय/गैरवित्तीय क्षेत्रका सूचक संस्थाको जोखिममा आधारित सुपरीवेक्षणलाई उच्च प्राथमिकता दिइएको छ।

१२.३ सन् २०२४ को Liberal Democracy Index (LDI) मा नेपालको स्कोर एवम् स्थान दुवैमा सन् २०१७ को तुलनामा सुधार भएको छ। हाल ०.५२ अङ्कसहित ५५औं स्थानमा रहेको छ। २०१७ मा ०.४६४ अङ्कसहित नेपाल ७७औं स्थानमा रहेको थियो। सार्क देशमध्ये तुलनात्मकरूपमा नेपालको स्थिति राम्रो रहेको छ।

## सुशासन

१२.४ आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहको सुशासन संस्थागत गर्न वित्तीय सुशासन जोखिम मूल्याङ्कन गर्ने कार्य ६२३ स्थानीय तहमा सम्पन्न भएको छ।

१२.५ राष्ट्रिय सतर्कता केन्द्रबाट चालु आर्थिक वर्षको फागुनसम्म दर्ता भएका १,३८१ उजुरीमध्ये ४८.० प्रतिशत फछ्र्यौट भएका छन्। गत आर्थिक वर्ष दर्ता भएका १,६९३ उजुरीमध्ये ६४.० प्रतिशत फछ्र्यौट भएका थिए।

१२.६ चालु आर्थिक वर्षको फागुनसम्म हेलो सरकारमा दर्ता भएका १० हजार ३ सय २७ उजुरीमध्ये ५८.५ प्रतिशत उजुरी फछ्र्यौट भएका छन्। गत आर्थिक वर्ष १२ हजार ८८ दर्ता भएका उजुरीमध्ये ४८.१ प्रतिशत उजुरी फछ्र्यौट भएका थिए।

१२.७ चालु आर्थिक वर्षको फागुनसम्म अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेका २५ हजार ७ सय ९७ उजुरीमध्ये ६६.१ प्रतिशत उजुरी फछ्र्यौट भएका छन्। चालु आर्थिक वर्षको फागुनसम्म आयोगबाट विशेष अदालतमा ६१ मुद्दा दायर भएका छन्।

**तालिका १२(क): अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्राप्त उजुरी विवरण**

| आर्थिक वर्ष | प्राप्त उजुरी सङ्ख्या | उजुरी फछ्र्यौट | | मुद्दा दायर |
|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | |
| २०७६/७७ | २५१५२ | १६९५२ | ६७.४ | ४४१ |
| २०७७/७८ | २२६२५ | १४५३२ | ६४.२३ | ११४ |
| २०७८/७९ | २४३३१ | १७१६९ | ७०.५६ | १३१ |
| २०७९/८०# | २८०६७ | १८७९९ | ६६.९८ | १६२ |
| २०८०/८१ | ३६१८६ | २७७१४ | ७६.५९ | २०१ |
| २०८१/८२* | २५७९७ | १७०६० | ६६.१३ | ६१ |

स्रोतः अख्तियार दुरूपयोग अनुसन्धान आयोग, २०८१ * फागुनसम्म

# प्रदेश नछुटिएको २,५११ समेत समावेश गरिएको छ।

१२.८ पछिल्लो तीन आर्थिक वर्षको उजुरीको आधारमा स्थानीय तहसमेत सङ्घीय मामिला सम्बन्धी उजुरीमा क्रमशः वृद्धि हुँदै गएको छ। गत आर्थिक वर्ष एक तिहाई भन्दा बढी उजुरी यस क्षेत्रसँग सम्बन्धित थिए।

**तालिका १२(ख): क्षेत्रगत/निकायगत उजुरीको विवरण**

| उजुरीका क्षेत्र | उजुरी प्रतिशत | | |
|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| सङ्घीय मामिला (स्थानीय तहसमेत) | ३३.१४ | ३५.९५ | ३८.९१ |
| शिक्षा (स्थानीय तहसमेत) | १५.३१ | १४.५५ | १५.७९ |
| भूमि प्रशासन | ७.७१ | ६.०९ | ६.४९ |
| वन तथा वातावरण | ४.६२ | ४.१४ | ३.८२ |
| स्वास्थ्य तथा जनसङ्ख्या | ३.९९ | ३.१२ | ३.६८ |
| गृह प्रशासन | ३.७५ | ३.५८ | ३.५२ |
| भौतिक पूर्वाधार तथा यातायात | ३.८८ | ४.१० | ३.६१ |
| ऊर्जा, जलस्रोत तथा सिंचाइ | ३.०९ | २.५८ | २.१० |
| अर्थ | १.९६ | १.८९ | २.१३ |
| अन्य # | २२.५६ | २४.०२ | १९.९५ |
| **जम्मा** | **१००** | **१००** | **१००** |

स्रोतः अख्तियार दुरूपयोग अनुसन्धान आयोग, २०८१ # यस अन्तर्गत नक्कली शैक्षिक प्रमाणपत्र, गैरकानूनी सम्पत्ति आर्जनलगायतका उजुरीका क्षेत्र समावेश गरिएको छ।

१२.९ चालु आर्थिक वर्षको फागुनसम्म १० सङ्घीय निकायको व्यवस्थापन परीक्षण सम्पन्न भएको छ। त्यसैगरी, १६ निकायको सेवाग्राही सन्तुष्टी सर्वेक्षण कार्य सम्पन्न भएको छ। आर्थिक वर्ष २०८०/८१ मा १६ मन्त्रालयको व्यवस्थापन परीक्षण सम्पन्न भएको थियो।

१२.१० चालु आर्थिक वर्षको फागुनसम्म संघका विभिन्न निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भई निजामती सेवा अन्तर्गतका विभिन्न सेवा, समूह र श्रेणीका २६० दरबन्दी घट्न गई ५१ हजार ३ सय दरबन्दी कायम भएको छ।

**तालिका १२(ग): सङ्घीय निकायको सेवागत दरवन्दी विवरण** (सङ्ख्यामा)

| क्र.सं. | सेवा | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|
| १. | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | ३२८ | ३२८ |
| २. | नेपाल इन्जिनियरिङ्ग | ९९७६ | ९९४३ |
| ३. | नेपाल कृषि | १२०० | १३२९ |
| ४. | नेपाल न्याय | ५३२१ | ५३२२ |
| ५. | नेपाल परराष्ट्र | ३५८ | ४४७ |
| ६. | नेपाल प्रशासन | २५०२० | २४५६८ |
| ७. | नेपाल लेखापरीक्षण | ५३४ | ५३४ |
| ८. | नेपाल वन | १९५१ | १९५१ |
| ९. | नेपाल विविध | २२८०२ | २८०८ |
| १०. | नेपाल शिक्षा | १०२५ | १०२५ |
| ११. | व्यवस्थापिका संसद | ३८२ | ३८२ |
| १२. | नेपाल स्वास्थ्य | २६६३ | २६६३ |
| | **कुल जम्मा** | **५१५६०** | **५१३००** |

स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०८१

१२.११ सरकारी सेवामा महिला कर्मचारीको सङ्ख्या वृद्धि हुँदै गएको छ। २०६५ असारसम्म निजामती सेवामा महिलाको सङ्ख्या १२.० प्रतिशत रहेकोमा २०८१ फागुनसम्म निजामती किताबखानामा दर्ता भएका तीन तहका सरकारी निकायमा कार्यरत महिला कर्मचारीको सङ्ख्या २९.२ प्रतिशत पुगेको छ।

**तालिका १२(घ): संघीय निजामती सेवामा कार्यरत कर्मचारी विवरण**

| सेवा | सङ्ख्यामा | | | प्रतिशतमा | | सेवागत प्रतिशत |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | |
| नेपाल आर्थिक योजना तथा तथ्याङ्क | २३८ | ५४ | २९२ | ८१.५१ | १८.४९ | ०.७० |
| नेपाल ईन्जिनियरिङ्ग | ५६२७ | ९५४ | ६५८१ | ८५.५० | १४.५० | १५.८६ |
| नेपाल कृषि | ८६० | ३५५ | १२१५ | ७०.७८ | २९.२२ | २.९३ |
| नेपाल न्याय | ३५५३ | ११९६ | ४७४९ | ७४.८२ | २५.१८ | ११.४५ |
| नेपाल परराष्ट्र | २२० | ७५ | २९५ | ७४.५८ | २५.४२ | ०.७१ |
| नेपाल प्रशासन | १४४१५ | ३०८५ | १७५०० | ८२.३७ | १७.६३ | ४२.१९ |
| नेपाल लेखा परीक्षण | ३९८ | ९४ | ४९२ | ८०.८९ | १९.११ | १.१९ |
| नेपाल वन | १६८२ | ३२० | २००२ | ८४.०२ | १५.९८ | ४.८३ |
| नेपाल विविध | १५६९ | ६८५ | २२५४ | ६९.६१ | ३०.३९ | ५.४३ |

| सेवा | सङ्ख्यामा | | | प्रतिशतमा | | सेवागत प्रतिशत |
|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | |
| नेपाल शिक्षा | ५७७ | २७४ | ८५१ | ६७.८० | ३२.२० | २.०५ |
| नेपाल स्वास्थ्य # | २२७२ | २७२० | ४९९२ | ४५.५१ | ५४.४९ | १२.०३ |
| सङ्घीय संसद | १९० | ६९ | २५९ | ७३.३६ | २६.६४ | ०.६२ |
| **सङ्घ तर्फको जम्मा** | **३१६०१** | **९८८१** | **४१४८२** | **७६.२** | **२३.८** | **१००** |

स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०८१ # स्वास्थ्य सेवामा प्रदेश तथा स्थानीय तहमा समायोजन भएका तर संघको पुल दरवन्दीमा कार्यरत कर्मचारी सङ्ख्याले गर्दा दरवन्दी भन्दा बढी विवरण देखिएको हो।

१२.१२ नेपाल स्वास्थ्य सेवामा कार्यरत कर्मचारीमध्ये ५४.५ प्रतिशत महिला र ४५.५ पुरुष कर्मचारी रहेका छन्। संवैधानिक पदाधिकारीतर्फ महिलाको सहभागिता ९.१ प्रतिशत रहेको छ।

**तालिका १२ (ङ) :तीन तहका सरकारमा कार्यरत कर्मचारी विवरण #**

| निकाय | सङ्ख्यामा | | | अंश (प्रतिशतमा) | |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| **संघ** | ३१६०१ | ९८८१ | ४१४८२ | ५२.० | ३९.४ |
| **प्रदेश** | ९६५४ | २५८९ | १२२४३ | १५.९ | १०.३ |
| समायोजन भएकै तहमा कार्यरत | ८४९५ | २०१४ | १०५०९ | १४.० | ८.० |
| समायोजन भई बढुवा र परीक्षा मार्फत माथिल्लो तहमा पदस्थापन भएका | ११५९ | ५७५ | १७३४ | १.९ | २.३ |
| **स्थानीय तह** | १९४६५ | १२६२२ | ३२०८७ | ३२.१ | ५०.३ |
| **जम्मा** | ६०७२० | २५०९२ | ८५८१२ | १००.० | १००.० |

**कर्मचारीको अंश (तीन तहमा कार्यरत कर्मचारीमा) - प्रतिशतमा**

| | |
|---|---|
| महिला कर्मचारी | २९.२ |
| पुरुष कर्मचारी | ७०.८ |
| संघमा कार्यरत कर्मचारी | ४८.३ |
| **प्रदेशमा कार्यरत कर्मचारी** | **१४.३** |

**स्रोतः** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०८१

# निजामती किताबखानामा दर्ता भएका मात्र

**नोटः** प्रदेश अन्तर्गत कार्यरत कर्मचारी विवरणमा समायोजन पश्चात बढुवा भएका र आन्तरिक तथा खुला प्रतिष्पर्धाबाट माथिल्लो तहमा पदस्थापना भएका समायोजित कर्मचारी मात्र समावेश गरिएको छ। स्थानीय तह अन्तर्गत कार्यरत कर्मचारी विवरणमा समायोजन भएका तथा २०७६ सालमा संघीय लोकसेवा आयोगको प्रतिष्पर्धात्मक परीक्षा मार्फत स्थानीय तहमा सिफारिस भई हाल स्थानीय तहमा कार्यरत कर्मचारी मात्र समावेश छन्। प्रदेश लोक सेवा आयोगबाट सिफारिश भइ प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीको विवरण यसमा समावेश गरिएको छैन।

१२.१३ २०८१ फागुनसम्म निजामती किताबखानामा दर्ता भएका कर्मचारीमध्ये सबैभन्दा बढी संघमा कार्यरत कर्मचारी ४८.३ प्रतिशत, प्रदेशमा कार्यरत १४.३ प्रतिशत र स्थानीय तहमा कार्यरत ३७.४ प्रतिशत कर्मचारी रहेका छन्। यस्ता कर्मचारीमध्ये पुरुष ७०.८ प्रतिशत र महिला २९.२ प्रतिशत छन्।

१२.१४ आर्थिक वर्ष २०८०/८१ मा समावेशी समूहबाट १,०६६ र खुला विज्ञापनबाट १,३४० संघीय निजामती सेवामा प्रवेश गरेका छन्।

## शान्ति र सुरक्षा

१२.१५ २०८१ फागुनसम्म नेपाल प्रहरी तर्फ ७८ हजार ८ सय ९ र सशस्त्र प्रहरी बल नेपालतर्फ ३६ हजार ५ सय ७० जनशक्ति कार्यरत रहेका छन्। आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म ६३ हजार ४ सय १५ समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन भई २२ लाख ९६ हजार ३ सय ८२ व्यक्ति लाभान्वित भएका छन्।

१२.१६ २०८१ फागुनसम्म ७२ जिल्लामा ७५ कारागार रहेका छन्। कारागारको कुल कैदीबन्दी क्षमता पुरुष तर्फ १५ हजार १ सय १५ र महिला तर्फ २,५०६ रहेको छ।

१२.१७ २०८१ फागुनसम्म विभिन्न प्रकारका ७४ कसुरका जम्मा २९ हजार ८५ कैदीबन्दीमध्ये जबरजस्ती करणी मुद्दामा २६.० प्रतिशत, लागु औषध मुद्दामा २२.० प्रतिशत र कर्तव्य ज्यान मुद्दामा१७.० प्रतिशत कारागारमा रहेका छन्।

१२.१८ सन् २०२४ मा विभिन्न प्रकारका ८ लाख ३३ हजार ६ सय १ भिषा जारी भएको छ। जारी भएका भिषामध्ये पर्यटक भिषा मात्र ९६.१ प्रतिशत रहेको छ। सन् २०२३ मा ७ लाख ६ हजार ९ सय ७७ भिषा जारी भएका थिए।

१२.१९ कसूरजन्य क्रियाकलापबाट आर्जन गरी विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा रहेको रु.२ करोड ८५ लाख कसूरजन्य सम्पत्ति जफत गरी सम्पत्ति व्यवस्थापन कोषमा जम्मा भएको छ।

## परराष्ट्र र कूटनीति

१२.२० चालु आर्थिक वर्षको फागुनसम्म नेपालका विदेशस्थित ३१ राजदूतावास, ३ स्थायी नियोग र ७ महावाणिज्य दूतावास समेत ४१ नेपाली नियोग रहेका छन्। विभिन्न मुलुकमा ५५ अवैतनिक महावाणिज्य दूत समेत रहेका छन।

१२.२१ चालु आर्थिक वर्षको फागुनसम्म ८ लाख ६८ हजार ४ सय ६१ थान राहदानी जारी भएका छन्। गत आर्थिक वर्ष यस्तो सङ्ख्या १४ लाख ४९ हजार ९ सय १८ रहेको थियो।

तालिका १२(च): विगत पाँच वर्षमा वितरित राहदानीसम्बन्धी विवरण

| आर्थिक वर्ष | साधारण राहदानी | | औपचारिक राहदानी | | कूटनीतिक राहदानी | | जम्मा राहदानी |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| २०७४/७५ | १४८१३९ | ३८१३१८ | २१४ | १२२४ | २१४ | ४०२ | ५३१५११ |
| २०७५/७६ | १५४१२९ | ३५८९०३ | १९३ | १०४२ | २८० | ४६१ | ५१५००८ |
| २०७६/७७ | १२३४६९ | २७३५८० | १६१ | १०९९ | १८३ | २६० | ३९८७५२ |
| २०७७/७८# | ९३२८४ | २५४८५७ | ४९ | ५५४ | १६६ | १८२ | ३४९०९२ |
| २०७८/७९# | ९२५४८ | २६०५८६ | ९५ | ६७२ | ८८ | १८८ | ७७४१५१ |
| २०७८/७९* | १२०१०९ | २९९४३८ | ४१ | ३१७ | ३० | ३९ | |
| २०७९/८०# | १५८६ | ५९२४ | १८ | १९६ | १ | १ | १४१३७८० |
| २०७९/८०* | ४०६२९२ | ९९५४०३ | ४९३ | ३२५५ | २४२ | ३६९ | |
| २०८०/८१# | ६६ | २४० | १ | १ | ० | ० | १४४९९१८ |
| २०८०/८१* | ४१८९२७ | १०२२०५१ | १००९ | ७०५६ | २०८ | ३५९ | |
| २०८१/८२# फागुनसम्म | ८८ | २० | १४ | ४० | ० | १ | ८६८४६१ |
| २०८१/८२* फागुनसम्म | २५१४४६ | ६१३५७७ | ३९५ | २४१५ | १६८ | २९७ | |

स्रोतः परराष्ट्र मन्त्रालय, २०८१ विद्युतीय राहादानी (*)/यन्त्रवाचक राहदानी (#)

१२.२२ २०८१ असारसम्म नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकको सङ्ख्या १८२ रहेकोमा २०८१ फागुनसम्म यस्तो सङ्ख्या १८३ पुगेको छ। चालु आर्थिक वर्षमा किरिबाटीसँग द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापना भएको छ।

## सम्पत्ति शुद्धीकरण निवारण र राजस्व चुहावट

१२.२३ सन् २०२२-२३ मा सम्पन्न भएको सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी पारस्परिक मूल्याङ्कन प्रतिवेदन, २०२३ मा उल्लेखित कैफियतमध्ये रणनीतिक कमजोरीका क्षेत्र जोखिम मूल्याङ्कन, जोखिममा आधारित अनुसन्धान, नियमन सुपरीवेक्षणमा केन्द्रित भई एफ.ए.टि.एफ. ले २०८१ फागुन देखि नेपाललाई Jurisdictions under Increased Monitoring मा राखेको छ।

१२.२४ वित्तीय जानकारी इकाईमा प्राप्त भएका शंकास्पद कारोबारसम्बन्धी प्रतिवेदनको सङ्ख्यामा वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०८०/८१ मा ७,३३८ शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन प्राप्त भएकोमा १,६३५ प्रतिवेदनको विश्लेषण गरी ८८९ प्रतिवेदन अनुसन्धान तथा अनुगमनका लागि सम्बन्धित निकायमा पठाइएको छ। चालु आर्थिक वर्षको फागुनसम्म ६,७८७ शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन प्राप्त भएकोमा उक्त अवधिसम्ममा ९९७ प्रतिवेदनको विश्लेषण गरी ४८८ प्रतिवेदन अनुसन्धान तथा अनुगमनका लागि सम्बन्धित निकायमा पठाइएको छ।

**तालिका १२(छ): वित्तीय जानकारी इकाइमा प्राप्त भएका प्रतिवेदनको स्थिति**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|---|
| प्रतिवेदन प्राप्त | १०९० | १५३३ | २७८० | ५९३५ | ७३३८ | ६७८७ |
| विश्लेषण भएको | ७९० | ६४० | १०६८ | १२१६ | १,६३५ | ९९७ |
| अभिलेखीकरण गरिएको | ४५७ | ४४८ | ६५९ | ७११ | ७४६ | ५०९ |
| अनुसन्धान/अनुगमनका लागि सम्बन्धित निकायमा पठाइएको | ३३३ | १९२ | ४०९ | ५०५ | ८८९ | ४८८ |

स्रोतः वित्तीय जानकारी इकाइ, २०८१ *फागुनसम्म

१२.२५ २०८१ असारसम्म १,६३९ सूचक संस्थाहरू goAML System मा आबद्ध भएकोमा २०८१ फागुनसम्म यस्तो सङ्ख्या २,६६५ पुगेको छ। साथै, सूचना आदान प्रदानको लागि ७ कानून कार्यान्वयन गर्ने निकाय र ९ नियामक निकाय समेत goAML System मा आबद्ध भएका छन्।

१२.२६ राजस्व अनुसन्धान विभागबाट चालु आर्थिक वर्षको फागुनसम्म राजस्व चुहावटसम्बन्धी १,५७५ उजुरी दर्ता भएको छ। यी मध्ये २९ उजुरी उपर विस्तृत अनुसन्धान भई जरिवानासमेत रू.२ अर्ब ७ करोड बराबरको मागदावी लिई मुद्दा दायर भएको छ।

१२.२७ विदेशी मुद्रा अपचलनतर्फ यस अवधिमा ५५१ उजुरी उपर विस्तृत छानविन र अनुसन्धान सम्पन्न भएको छ। यस्ता उजुरमध्ये ५९ मुद्दामा रु.२ अर्ब ८१ करोड ९७ लाख विगो कायम गरी मुद्दा दायर भएको छ।

# १३. प्रदेश तथा स्थानीय तहको आर्थिक तथा सामाजिक स्थिति


१३.१ वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन र व्यवस्थापनका लागि प्रदेश र स्थानीय तहमा यससम्बन्धी नीति, कानून र संरचनाको विकास हुँदै गएको छ। वित्तीय हस्तान्तरणको सुनिश्चितता र प्रदेश तथा स्थानीय तहको आन्तरिक स्रोत परिचालनमा भने अपेक्षित सुधार हुन सकेको छैन। संघीय एकाइबीचको साझा अधिकारलाई क्रियाकलाप तहमा विभाजन गर्ने कार्य अझै पनि चुनौतीपूर्ण छ।

१३.२ प्रादेशिक खर्चमा कमी आएको छ। कुल प्रादेशिक खर्चमा पुँजीगत खर्चमा सीमान्त वृद्धि हुँदै गए पनि खर्च क्षमतामा सुधार हुन नसकेकोले विनियोजित पुँजीगत बजेटको ठूलो हिस्सा खर्च हुन सकेको छैन। गत आर्थिक वर्षसम्म सबै प्रदेशको सञ्चितकोष बचतमा रहेको छ।

## आर्थिक वृद्धि

१३.३ आर्थिक वर्ष २०८१/८२ मा प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादन रु. ६१ खर्व ७ अर्व २२ करोड मध्ये बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.५ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.२ प्रतिशत रहने अनुमान छ।


चार्ट १३(क): राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ * अनुमानित

१३.४ चालु आर्थिक वर्षमा सबै प्रदेशको आर्थिक वृद्धिदर तुलनात्मक रूपमा बढ्ने अनुमान छ। कोशी प्रदेश, मधेश प्रदेश, र सुदूरपश्चिम प्रदेश बाहेक अन्य प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसत ४.६१ प्रतिशत भन्दा माथि रहने अनुमान छ। विगत ७ वर्षमा औसत आर्थिक वृद्धिदर कर्णाली प्रदेशको सबैभन्दा बढी ४.३ प्रतिशत र बागमती प्रदेशको सबैभन्दा कम ३.१ प्रतिशत रहेको छ।


चार्ट १३(ख): प्रदेशगत कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ * अनुमानित

१३.५ चालु आर्थिक वर्षमा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान मधेश प्रदेशमा सबैभन्दा बढी ३६.७ प्रतिशत रहेको र बागमती प्रदेशमा सबैभन्दा कम ११.८ प्रतिशत रहेको छ। उद्योग क्षेत्रको योगदान गण्डकी प्रदेशमा सबैभन्दा बढी १७.१ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ९.६ प्रतिशत रहेको छ। सेवा क्षेत्रको योगदान बागमती प्रदेशमा सबैभन्दा बढी ७७.१ प्रतिशत र कोशी प्रदेशमा सबैभन्दा कम ४९.९ प्रतिशत रहेको छ।


चार्ट १३ (ग): प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना*




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२ *आर्थिक वर्ष २०८१/८२ को अनुमानित

१३.६ राष्ट्रिय कृषि उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम रहेको छ।


**चार्ट १३(घ): कृषि उत्पादनमा प्रदेशगत अंश** (प्रतिशतमा)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२

१३.७ उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम रहेको छ।


**चार्ट १३(ङ): उत्पादनमूलक उद्योगको उत्पादनमा प्रदेशगत हिस्सा**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२

१३.८ आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन सबैभन्दा बढी २,६०१ अमेरिकी डलर र मधेश प्रदेशको सबैभन्दा न्यून ९३२ अमेरिकी डलर रहने अनुमान छ। बागमती र गण्डकी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय औसत १,४९६ अमेरिकी डलर भन्दा माथि रहने अनुमान छ भने अन्य प्रदेशको राष्ट्रिय औसत भन्दा न्यून रहने अनुमान छ।

## चार्ट १३(च) : चालु आर्थिक वर्षको प्रदेशगत प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलरमा)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२

## तालिका १३(क): प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचक

| परिसूचक | नेपाल | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| **प्रशासनिक र जनसाँख्यिक स्थिति[1]** | | | | | | | | |
| स्थानीय तहको सङ्ख्या | ७५३ | १३७ | १३६ | ११९ | ८५ | १०९ | ७९ | ८८ |
| जनसङ्ख्या (प्रतिशतमा) | १०० | १७.० | २१.१ | २१.० | ८.३ | १७.७ | ५.७ | ९.१ |
| क्षेत्रफल (प्रतिशतमा) | १०० | १७६. | ६६. | १३८. | १५३. | ११८. | २१६. | १३३. |
| **आर्थिक तथा सामाजिक क्षेत्र** | | | | | | | | |
| आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) प्रतिशतमा[1] | ४६१. | ३.३४ | ४.५० | ५.१८ | ५.५१ | ४.७० | ४.७४ | ३.३२ |
| गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (उपभोक्ताको मूल्यमा)[1] | १०० | १५.९० | १३.१६ | ३६.५२ | ८.९८ | १४.२३ | ४.१९ | ७.०३ |
| उपभोक्ता मुद्रास्फीति[4] | ३.७५ | ५.६८ | ३.५२ | २.९८ | २.७७ | ३.७७ | ३.८० | ४.४१ |
| प्रतिव्यक्ति जीडिपी (अमेरिकी डलरमा)[1] | | १४००७. | ९३२०. | २६०१५. | १६२०४. | १२००६. | १०८८९. | ११५३०. |
| जलविद्युत उत्पादन (मेगावाट)[2] | ३५१२ | ६३१ | ३५ | १५८८ | १००२ | ७८ | ११ | १६७ |
| विद्यालय सङ्ख्या[3] | ३५४४७ | ६९०२ | ४९१३ | ६६९२ | ३८९० | ५७३५ | ३२१० | ४१०५ |
| विद्यार्थी भर्ना (हजारमा)[3] | ७०११ | १०८७ | १६२९ | १३६८ | ५०१ | १२४६ | ४८३ | ६९६ |


| परिसूचक | नेपाल | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| **वित्तीय क्षेत्र:[४]** | | | | | | | | |
| बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या | ११५४३ | १८४५ | १७६२ | ३०४१ | १४०२ | २१६६ | ४७८ | ८४९ |
| प्रतिशाखा जनसङ्ख्या | २५२७ | २६८९ | ३४७० | २०११ | १७५९ | २३६५ | ३५३२ | ३१७४ |
| बीमकको शाखा सङ्ख्या[५] | २९९२ | ४९१ | ३८६ | ८४० | ३४५ | ५०१ | १५९ | २७० |
| प्रदेशगत खर्च (करोडमा.रू)[६] | १८४११ | २८०३ | २४५४ | ४४५१ | २२२१ | २६४४ | १९८७ | १८५१ |
| प्रदेशगत राजस्व (करोडमा.रू)[६] | ९३६१ | १३१० | १४१० | २५५० | १०६५ | १३६८ | ८०४ | ८५४ |
| सञ्चित कोषको मौज्दात (करोडमा.रू)[६] | | ४२३ | १४०७ | १९९६ | ११९ | ८१ | ६३१ | ४३५ |

स्रोत: १. राष्ट्रिय तथ्याङ्क कार्यालय. २.ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, ३.शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय, ४. नेपाल राष्ट्र बैङ्क, ५. नेपाल वीमा प्राधिकरण, ६.महालेखा नियन्त्रक कार्यलय, (खर्च र राजस्वको तथ्याङ्क आर्थिक वर्ष २०८०/८१ को वार्षिक तथ्याङ्कमा आधारित)

## प्रदेशगत सार्वजनिक वित्तको आकार

१३.९ आर्थिक वर्ष २०८०/८१ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको खर्च र राजस्वको अनुपात सबैभन्दा बढी क्रमशः ८.१० प्रतिशत र ३.२८ प्रतिशत रहेको छ। कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन तुलनात्मक रूपमा सबैभन्दा कम रहेको कारण यस्तो अनुपात उच्च रहन गएको हो।

**चार्ट १३(छ): प्रदेशगत खर्च र राजस्व स्थिति** (प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको अनुपातमा




स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८२ र राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२


## प्रदेशगत उपभोक्ता मुद्रास्फीति सूचकाङ्क

१३.१० वार्षिक विन्दुगत आधारमा २०८१ फागुन महिनामा कोशी प्रदेशको उपभोक्ता मुद्रास्फीति ५.६८ प्रतिशत, मधेश प्रदेशको ३.५२ प्रतिशत, बागमती प्रदेशको २.९८ प्रतिशत, गण्डकी प्रदेशको २.७७ प्रतिशत, लुम्बिनी प्रदेशको ३.७७ प्रतिशत, कर्णाली प्रदेशको ३.८० प्रतिशत र सुदूरपश्चिम प्रदेशको ४.४१ प्रतिशत रहेको छ।

## वित्तीय स्रोतको उपयोग (प्रदेश)

१३.११ गत आर्थिक वर्ष कुल प्रादेशिक खर्च १०.१ प्रतिशतले घटेर रू.१ खर्ब ८४ अर्ब ११ करोड रहेको थियो। गत आर्थिक वर्षमा प्रादेशिक खर्चमध्ये चालु खर्च र पुँजीगत खर्च क्रमशः ३९.१२ प्रतिशत र ६०.८८ प्रतिशत रहेको थियो।

चार्ट १३(ज): प्रदेश सरकारको खर्च संरचना (प्रदेश सरकारको कुल खर्चको प्रतिशतमा)




स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

१३.१२ गत आर्थिक वर्ष कुल प्रादेशिक खर्चमध्ये पुँजीगत खर्चको हिस्सा गण्डकी प्रदेशमा सबैभन्दा बढी ६५.८८ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ५३.८२ प्रतिशत रहेको छ। प्रदेशगत खर्चमा पुँजीगत खर्चको अंश आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिम, कर्णाली र कोशी प्रदेशमा घटेको छ भने अन्य प्रदेशमा बढेको छ।

**तालिका १३(ख): प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति** (रु. करोडमा)

| विवरण | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | पुँजीगत खर्चको अंश | कुल खर्च | पुँजीगत खर्चको अंश | कुल खर्च | पुँजीगत खर्चको अंश |
| कोशी | २९९६.६ | ५६.२ | ३०७५.८ | ५८.८९ | २८०२.८ | ५८.३३ |
| मधेश | २२२६.० | ५३.६ | २६८७.० | ६०.२९ | २४५४.५ | ६२.२९ |
| बागमती | ३७९९.५ | ५५.३ | ४६८६.२ | ६०.३५ | ४४५१.३ | ६४.१२ |
| गण्डकी | २२०४.४ | ६५.६ | २३६१.५ | ६४.६३ | २२२०.६ | ६५.८८ |
| लुम्बिनी | ३००५.५ | ५७.९ | ३०२४.४ | ५८.६४ | २६४३.७ | ६०.५९ |
| कर्णाली | २४२८.२ | ६२.१ | २२२६.७ | ५७.३८ | १९८६.८ | ५३.८२ |
| सुदूरपश्चिम | २०८७.७ | ५७.२ | २४०६.३ | ६५.७२ | १८५१.४ | ५७.०६ |
| **जम्मा** | **१८७४८** | **५७.९५** | **२०४६८** | **६०.६७** | **१८४११** | ६०.८८ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

१३.१३ चालु आर्थिक वर्षको फागुनसम्म सबै प्रदेशको खर्च घटेको छ। यस अवधिमा प्रादेशिक खर्च १३.८ प्रतिशतले घटेर रु. ६८ अर्ब ५५ करोड रहेको छ। मधेश प्रदेशमा सबैभन्दा बढी २९.३ प्रतिशतले घटेको छ।

१३.१४ चालु आर्थिक वर्षको फागुनसम्म कुल प्रादेशिक खर्चमध्ये सबैभन्दा बढी खर्चभार बागमती प्रदेशको ०.२४१ र सबैभन्दा कम मधेश प्रदेशको ०.०६३ रहेको छ।

**तालिका १३(ग): प्रदेश सरकारको खर्च अवस्था** *(रु. करोडमा)

| प्रदेश | चालु खर्च | | पुँजीगत खर्च | | कुल खर्च | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ |
| कोशी | ७३४ | ७८० | ५७० | ४५२ | १३०३ | १२३२ |
| मधेश | ३६१ | ३२२ | २५४ | १११ | ६१५ | ४३३ |
| बागमती | ९९७ | ९१४ | १०३७ | ७४० | २०३४ | १६५३ |
| गण्डकी | ४४९ | ४१८ | ५५० | ५३५ | ९९९ | ९५३ |
| लुम्बिनी | ५९९ | ४९६ | ७२७ | ७३१ | १३२६ | १२२८ |
| कर्णाली | ४७१ | ४०७ | ३४० | २८५ | ८११ | ६९२ |
| सुदूरपश्चिम | ४२४ | ३८९ | ४४१ | २७५ | ८६५ | ६६४ |
| **जम्मा** | **४०३४** | **३७२७** | **३९१८** | **३१२९** | **७९५३** | **६८५५** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१      * फागुनसम्म

नोटः गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको फागुनमसान्तसम्म वित्तीय व्यवस्थातर्फको खर्च नभएकाले यस्तो खर्च तालिकामा उल्लेख गरिएको छैन।

१३.१५ गत आर्थिक वर्षको फागुनसम्म प्रादेशिक खर्च बजेटको २३.८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म २४.६ प्रतिशत रहेको छ। यस अवधिमा प्रदेशगत रूपमा कोशी प्रदेशमा सबैभन्दा बढी ३४.९ प्रतिशत र मधेश प्रदेशमा सबैभन्दा कम ९.९ प्रतिशत खर्च भएको छ।

**तालिका १३(घ): प्रदेश सरकारको खर्च अवस्था** (विनियोजित प्रादेशिक बजेटको प्रतिशत)

| देश | चालु खर्च | | पुँजीगत खर्च | | कुल खर्च | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ |
| कोशी | ४०.१ | ४१.६ | २२.२ | २७.३ | ३०.२ | ३४.९ |
| मधेश | १६.७ | २०.२ | ९ | ४.० | १२.७ | ९.९ |
| बागमती | ३३.२ | ३५.२ | २२ | १९.९ | २६.६ | २५.६ |
| गण्डकी | ३०.३ | ३१.८ | २२.४ | २७.४ | २५.१ | २८.९ |
| लुम्बिनी | २९.८ | ३४.८ | २५ | २९.६ | २७ | ३१.५ |
| कर्णाली | २८.८ | ३२.९ | १२.६ | १५.२ | १९.३ | २२.० |
| सुदूरपश्चिम | ३०.५ | ३०.२ | १९.९ | १४.६ | २४ | २१.० |
| **जम्मा** | **३०** | **३२.९** | **१९.५** | **१९.२** | **२३.८** | **२४.६** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

नोटः गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको फागुनमसान्तसम्म वित्तीय व्यवस्था तर्फको खर्च नभएकाले यस्तो खर्च तालिकामा उल्लेख गरिएको छैन।

१३.१६ २०८१ असारसम्म सबै प्रदेशको सञ्चित कोष बचतमा रहेको छ। यस अवधिसम्म प्रादेशिक सञ्चित कोष रु. ५० अर्ब ९१ करोड बचतमा रहेको छ। २०८० असार मसान्तमा प्रादेशिक सञ्चित कोष रु. ६० अर्ब ८९ करोड बचतमा रहेको थियो।

**तालिका १३(ङ): आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सञ्चित कोषको प्राप्ति र भुक्तानीको विवरण**


(रु. करोडमा)

| विवरण | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. राजस्व, अनुदान र अन्य प्राप्ति | २७०६ | २६०३ | ३७६१ | २०४७ | २४७२ | १९२३ | १८३० | १७३४१ |
| राजस्व | १३१० | १४१० | २५५० | १०६५ | १३६८ | ८०४ | ८५४ | ९३६१ |
| कर | ११५७ | १२८२ | २०७० | ९०२ | ११८३ | ७७७ | ८१७ | ८१८८ |
| अन्य राजस्व | १५२ | १२८ | ४८० | १६३ | १८५ | २७ | ३७ | ११७३ |
| अनुदान (नेपाल सरकार) | १३६४ | ११६२ | ११३६ | ९५७ | १०६९ | १०९८ | ९६५ | ७७५१ |
| बेरूजु तथा अन्य प्राप्ति | ३२ | ३१ | ७५ | २५ | ३५ | २१ | ११ | ३२ |
| २. वित्तीय व्यवस्थाबाट प्राप्ति | ०.० | ०.० | ७०.३ | ०.० | ०.० | ०.० | ०.० | ७० |
| ३. यस वर्षको खुद प्राप्ति (१+२) | २७०६ | २६०३ | ३८३१ | २०४७ | २४७२ | १९२३ | १८३० | १७४१२ |
| ४. भुक्तानी | २८०३ | २४५४ | ४४५१ | २२२१ | २६४४ | १९८७ | १८५१ | १८४११ |
| ५. समायोजन | ० | -१ | ० | ० | ० | ० | ० | -१ |
| ६. यस वर्षको भुक्तानी (४+५) | २८०३ | २४५४ | ४४५१ | २२२१ | २६४४ | १९८७ | १८५१ | १८४१० |
| ७. यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६) | -९७ | १४९ | -६२० | -१७४ | -१७१ | -६४ | -२१ | -९९९ |
| ८. आर्थिक वर्षको शुरूवातको मौज्दात | ५२० | १२५८ | २६१६ | २९३ | २५२ | ६९५ | ४५६ | ६०८९ |
| **९. आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८)** | **४२३** | **१४०७** | **१९९६** | **११९** | **८१** | **६३१** | **४३५** | **५०९१** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

१३.१७ २०८१ असार मसान्तमा प्रादेशिक सञ्चित कोष रु. ५० अर्ब ९१ करोड बचतमा रहेको छ।

चार्ट १३(झ): प्रादेशिक सञ्चित कोष (रु. करोडमा)




स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

## वित्तीय स्रोतको उपयोग (स्थानीय तह)

१३.१८ आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहको कुल खर्च अघिल्लो आर्थिक वर्षको तुलनामा ६.६ प्रतिशतले कमी भई रु. ४ खर्ब २३ अर्ब ७९ करोड भएको छ। स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फको खर्चको हिस्सा क्रमशः ६६.० प्रतिशत, ३३.९ प्रतिशत र ०.१ प्रतिशत रहेको छ।

१३.१९ आर्थिक वर्ष २०८०/८१ मा काइके गाउँपालिका, डोल्पाले पुँजीगत बजेटको ९६.७ प्रतिशत खर्च गरेको थियो भने फतुवाबिजयपुर नगरपालिका, रौतहटले १३.४ प्रतिशत मात्र खर्च गरेको छ।


तालिका १३(च): स्थानीय तहको बजेट र खर्च# (रु. करोड)

| आर्थिक वर्ष | बजेट | | | | खर्च | | | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा |
| २०७७/७८ | २८८१७ | २४४१६ | ६५ | ५३२९८ | २३४८७ | १५६३० | २६ | ३९१४४ |
| २०७८/७९ | ३१२०१ | २५३३६ | ६० | ५६५९६ | २५८४९ | १६५३१ | ३६ | ४२४१७ |
| २०७९/८० | ३४२९४ | २५७५७ | ७५ | ६०१२६ | २८४७५ | १६८६४ | ४३ | ४५३८२ |
| २०८०/८१ | ३३५३४ | २१५९८ | ५१ | ५५१८३ | २७९६८ | १४३७६ | ३५ | ४२३७९ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१ # अन्तिम कायम बजेट

१३.२० स्थानीय तहमा कुल खर्चको अनुपातमा पुँजीगत खर्चको हिस्सा घट्दै गएको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल खर्चको ३९.९ प्रतिशत पुँजीगत खर्च भएकोमा आर्थिक वर्ष २०८०/८१ मा ३३.९ प्रतिशत मात्र भएको छ।

**चार्ट १३(ञ): स्थानीय तहको खर्च संरचना** (स्थानीय तहको खर्चको प्रतिशतमा)




स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१

नोटः वित्तीय व्यवस्था तर्फको खर्च ज्यादै न्यून भएकोले चालु खर्चमा समावेश गरिएको छ।

१३.२१ आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहको कुल खर्च बजेटको ७६.८ प्रतिशत रहेको छ। सुदूरपश्चिम प्रदेशमा रहेका स्थानीय तहले बजेटको ८३.९ प्रतिशत खर्च गरेका छन् भने बागमती प्रदेशमा रहेका स्थानीय तहले ७०.७ प्रतिशत खर्च गरेका छन्।

१३.२२ आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहको पुँजीगत खर्च पुँजीगत बजेटको ६६.६ प्रतिशत रहेको छ। सुदूरपश्चिम प्रदेशमा रहेका स्थानीय तहले पुँजीगत बजेटको ७६.१ प्रतिशत खर्च गरेका छन् भने मधेस प्रदेशमा रहेका स्थानीय तहले ६०.६ प्रतिशत खर्च गरेका छन्।

**तालिका १३(छ): प्रदेशगत स्थानीय तहको खर्च अवस्था (रू. करोडमा)**

| प्रदेशगत स्थानीय तह | बजेट (रु. करोडमा)# | | | | बजेट (रु. करोडमा) | | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा | |
| कोशी | ५७८० | ३३५६ | १२ | ९१४८ | ४९५३ | २४१६ | ९ | ७३७९ | ८०.६६ |
| मधेश | ५३६६ | ३२७१ | ४ | ८६४२ | ४२४० | १९८४ | ० | ६२२५ | ७२.०३ |
| बागमती | ७२४६ | ७०१४ | २६ | १४२८६ | ५८०५ | ४२८३ | १९ | १०१०६ | ७०.७४ |
| गण्डकी | ३७०२ | २१८६ | १ | ५८८९ | ३१४६ | १५५४ | ० | ४७०० | ७९.८१ |
| लुम्बिनी | ५०८३ | २८५९ | ६ | ७९४८ | ४२८५ | २००५ | ५ | ६२९५ | ७९.२० |
| कर्णाली | २८७५ | १४५५ | २ | ४३३२ | २५०६ | १०२६ | १ | ३५३३ | ८१.५४ |
| सुदूरपश्चिम | ३४८२ | १४५६ | १ | ४९३९ | ३०३४ | ११०८ | १ | ४१४३ | ८३.८७ |
| **जम्मा** | ३३५३४ | २१५९८ | ५१ | ५५१८३ | **२७९६८** | **१४३७६** | **३५** | **४२३७९** | ७६.८० |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८१ #अन्तिम कायम बजेट

१३.२३ चालु आर्थिक वर्षको फागुनसम्म स्थानीय तहको कुल खर्च २०.६ प्रतिशतले घटेर रु. १ खर्ब ९३ अर्ब ६१ करोड रहेको छ। कुल खर्चमध्ये चालु खर्च र पुँजीगत खर्चको

अंश ७६.३ प्रतिशत र २३.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ७४.६ प्रतिशत र २५.४ प्रतिशत रहेको थियो।

१३.२४ चालु आर्थिक वर्षको फागुनसम्म स्थानीय तहको कुल पुँजीगत खर्च विनियोजित पुँजीगत बजेटको २०.० प्रतिशत रहेको छ।

तालिका १३(ज): प्रदेशगत स्थानीय तहको खर्च अवस्था फागुनसम्म (रू.करोडमा)

| स्थानीय तह भएका प्रदेश | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| कोशी | २६६१.९ | ८३४.५ | ७.७ | ३५०४ | ०.१८ |
| मधेश | २३५२.६ | ६९१.८ | ०.२ | ३०४५ | ०.१६ |
| बागमती | २९८६.१ | १२७७.४ | १४.५ | ४२७८ | ०.२२ |
| गण्डकी | १६४२.४ | ४९७.३ | ०.९ | २१४१ | ०.११ |
| लुम्बिनी | २२६८.५ | ६२०.३ | १.९ | २८९१ | ०.१५ |
| कर्णाली | १२३०.१ | २७४.२ | २.१ | १५०६ | ०.०८ |
| सुदूरपश्चिम | १६२८.० | ३६८.१ | ०.३ | १९९६ | ०.१० |
| **जम्मा** | १४७६९.५ | ४५६३.७ | २७.६ | १९३६१ | १.०० |

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८१ *फागुनसम्म

१३.२५ चालु आर्थिक वर्षको फागुनसम्म कुल खर्चमध्ये बागमती प्रदेशमा रहेका स्थानीय तहको खर्च भार सबैभन्दा बढी ०.२२ रहेको छ भने सबैभन्दा कम खर्च भार कर्णाली प्रदेशमा रहेका स्थानीय तहको ०.०८ रहेको छ।

## वित्तीय पहुँच

१३.२६ २०८१ फागुनमा बैङ्क तथा वित्तीय संस्थाका ११ हजार ५ सय ४३ शाखामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी २६.३ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ४.१ प्रतिशत रहेको छ। प्रति शाखा औसत जनसङ्ख्या गण्डकी प्रदेशमा सबैभन्दा कम १,७५९ रहेको छ।

तालिका १३(झ): प्रदेशगत रूपमा बैङ्क तथा वित्तीय संस्थाका शाखा#


| प्रदेश | वाणिज्य बैङ्क | विकास बैङ्क | वित्त कम्पनी | लघुवित्त | जम्मा | जनसङ्ख्या (प्रति शाखा) |
|---|---|---|---|---|---|---|
| कोशी | ७६२ | १९५ | ३६ | ८५२ | १८४५ | २६८९ |
| मधेश | ५८१ | ८४ | ५३ | १०४४ | १७६२ | ३४७० |
| बागमती | १८४२ | ३३५ | १०९ | ७५५ | ३०४१ | २०११ |
| गण्डकी | ६०५ | १८९ | ३७ | ५७१ | १४०२ | १७५९ |
| लुम्बिनी | ७४५ | २५६ | ४७ | १११८ | २१६६ | २३६५ |
| कर्णाली | २१६ | २१ | ३ | २३८ | ४७८ | ३५३२ |
| सुदूरपश्चिम | ३३० | ५२ | ६ | ४६१ | ८४९ | ३१७४ |
| **जम्मा** | **५०८१** | **११३२** | **२९१** | **५०३९** | **११५४३** | **२५२७** |

स्रोत: नेपाल राष्ट्र बैङ्क, २०८१ #२०८१ फागुनमसान्तसम्म

## बीमा

१३.२७ २०८१ फागुनमा बीमकको २,९९२ शाखामध्ये हिस्सा सबैभन्दा बढी बागमती प्रदेशमा २८.१ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ५.३ प्रतिशत रहेको छ।

चार्ट १३(ट): बीमकको प्रदेशगत शाखा सङ्ख्या




स्रोतः नेपाल बीमा प्राधिकरण, २०८१

१३.२८ प्रदेशगत रूपमा बागमती प्रदेशमा जीवन र निर्जीवन बीमकको शाखा सङ्ख्याको हिस्सा सबैभन्दा बढी क्रमशः २६.६ प्रतिशत र ३१.१ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम क्रमशः ५.९ प्रतिशत र ४.२ प्रतिशत रहेको छ।

तालिका १३(ञ): प्रदेशगत जीवन, निर्जीवन बीमकहरू शाखा सङ्ख्याको विवरण

| प्रदेश | जीवन बीमा | | | निर्जीवन बीमा | | | लघुबीमक |
|---|---|---|---|---|---|---|---|
| | २०७९ | २०८० | २०८१ | २०७९ | २०८० | २०८१ | २०८१ |
| कोशी | ३५९ | २९८ | २९८ | १६१ | १६२ | १६१ | ३२ |
| मधेश | ३११ | २२६ | २२६ | १२३ | १२९ | १३४ | २६ |
| बागमती | ५७३ | ४८१ | ४७४ | ३११ | ३२१ | ३२३ | ४३ |
| गण्डकी | २२५ | १९६ | १९८ | १३४ | १३७ | १३१ | १६ |
| लुम्बिनी | ३५४ | २९९ | ३०१ | १७३ | १७२ | १७० | ३० |
| कर्णाली | १४१ | १०६ | १०५ | ४२ | ४२ | ४४ | १० |
| सुदूरपश्चिम | २४३ | १८३ | १८१ | ६५ | ७२ | ७४ | १५ |
| **जम्मा** | २२०६ | १७८९ | १७८३ | १००९ | १०३५ | १०३७ | १७२ |

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८१ *फागुनसम्म

१३.२९ चालु आर्थिक वर्षको फागुनसम्मको कुल बीमा प्रिमियम सङ्कलनमध्ये बागमती प्रदेशमा सङ्कलित बीमा प्रिमियम ४३.४ प्रतिशत रहेको छ।

### तालिका १३(ट): बीमालेख र बीमाशुल्क संकलनको प्रदेशगत विवरण

*(बीमाशुल्क रू. करोडमा र हिस्सा प्रतिशतमा)

| प्रदेश | जीवन | | | निर्जीवन | | | बीमाशुल्क | बीमाशुल्क हिस्सा |
|---|---|---|---|---|---|---|---|---|
| | सक्रिय बीमालेख सङ्ख्या | बीमाशुल्क | बीमाशुल्क हिस्सा | जारी बीमालेख सङ्ख्या | बीमाशुल्क | बीमाशुल्क आर्जनको हिस्सा | | |
| कोशी | ११७६६४६ | १३५१ | १२.४ | २५९०३७ | २५० | ८.७ | १६०१ | ११.६ |
| मधेश | ६१०२५९ | ९८३ | ९.० | २२१९०९ | १९१ | ६.७ | ११७४ | ८.५ |
| बागमती | ९८९९९१८ | ४७४५ | ४३.४ | ९०२४६७ | १९२१ | ६७.२ | ६६६६ | ४८.३ |
| गण्डकी | ६८१०७३ | ११२७ | १०.३ | २०७७७८ | १४९ | ५.२ | १२७७ | ९.३ |
| लुम्बिनी | १०३०६१६ | १७४५ | १६.० | ३३७०९२ | २५० | ८.८ | १९९५ | १४.५ |
| कर्णाली | २९३७७२ | ३१९ | २.९ | ३७००० | २६ | ०.९ | ३४५ | २.५ |
| सुदूरपश्चिम | ५४६३६४ | ६७३ | ६.२ | १०८१८० | ७३ | २.६ | ७४६ | ५.४ |
| **जम्मा** | **१४२३८६४८** | **१०९४४** | **१००.०** | **२०७३४६३** | **२८६१** | **१००.०** | **१३८०४** | **१००.०** |

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८१ * फागुनसम्म

## साना किसानका लागि कृषि कर्जा तथा कार्यक्रम

१३.३० २०८१ फागुनसम्म साना किसान विकास लघुवित्त संस्थामा आबद्ध १,८१२ सहकारी संस्था र आबद्ध नभएका अन्य १२० सहकारी संस्था मार्फत ७७ जिल्लाका ५४६ स्थानीय तहमा वित्तीय संस्थाको सेवा पुगेको छ।

### तालिका १३(ठ): साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. संग साझेदार संस्थाहरूको कार्यक्षेत्र

| प्रदेश | महानगरपालिका | | उपमहानगरपालिका | | नगरपालिका | | गाउँपालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | कार्यक्षेत्र सङ्ख्या | सङ्ख्या | कार्यक्षेत्र सङ्ख्या | सङ्ख्या | कार्यक्षेत्र सङ्ख्या | सङ्ख्या | कार्यक्षेत्र सङ्ख्या | जम्मा पालिका | जम्मा कार्यक्षेत्र |
| कोशी | १ | १ | २ | २ | ४६ | ४२ | ८८ | ६३ | १३७ | १०८ |
| मधेश | १ | १ | ३ | ३ | ७३ | ५७ | ५९ | ३२ | १३६ | ९३ |
| बागमती | ३ | २ | १ | १ | ४१ | ३४ | ७४ | ७० | ११९ | १०७ |
| गण्डकी | १ | १ | ० | ० | २६ | २२ | ५८ | ४१ | ८५ | ६४ |
| लुम्बिनी | ० | ० | ४ | ४ | ३२ | २८ | ७३ | ५७ | १०९ | ८९ |
| कर्णाली | ० | ० | ० | ० | २५ | २१ | ५४ | २४ | ७९ | ४५ |
| सुदूरपश्चिम | ० | ० | १ | १ | ३३ | २१ | ५४ | १८ | ८८ | ४० |
| **जम्मा** | **६** | **५** | **११** | **११** | **२७६** | **२२५** | **४६०** | **३०५** | **७५३** | **५४६** |

स्रोतः साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., २०८१

## उद्योग क्षेत्र

१३.३१ २०८१ फागुनसम्म दर्ता भएका लघु, घरेलु तथा साना उद्योगमध्ये गण्डकी प्रदेशमा दर्ता भएका उद्योगको हिस्सा सबैभन्दा बढी ३२.४ प्रतिशत र मधेश प्रदेशमा सबैभन्दा कम ४.० प्रतिशत रहेको छ।

**तालिका १३(ड): प्रदेशतर्फको उद्योग तथा वाणिज्यसँग सम्बन्धित लघु, घरेलु तथा साना उद्योगको विवरण**

| प्रदेश | उद्योगतर्फ | | वाणिज्यतर्फ | |
|---|---|---|---|---|
| | दर्ता | नविकरण | दर्ता | नविकरण |
| कोशी | ४८६६७ | ३२८८४ | २१९७४ | २७९५६ |
| मधेश | १४८३१ | १९९७९ | १४८०० | ३०१७३ |
| बागमती | ५६२९७ | ५२४५२ | २५१८३ | ३७८०६ |
| गण्डकी | ११९९७१ | २१३१३ | २७७० | १५२४४ |
| लुम्बिनी | ३३१८१ | २७२५० | ४७०१३ | ३८९०५ |
| कर्णाली | ४३६१४ | २७६०८ | ३९३९४ | २४५९४ |
| सुदूरपश्चिम | ५३९७५ | २४९११ | २०४०७ | ३४७३६ |
| **नेपाल** | **३७०५३६** | **२०६३९७** | **१७१५४१** | **२०९४१४** |

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८१

नोट: दर्ता भएका उद्योगहरू सालबसाली रूपमा नवीकरण गर्नु नपर्ने भएकाले कुनै प्रदेशमा दर्ता भएका भन्दा नवीकरण भएका धेरै/थोरै भएका हुन्। दर्ताको विवरण प्राद्रेशिक संरचना पश्चात दर्ता भएका हुन् भने प्रादेशिक संरचना अगाडी दर्ता भएका र पछाडी नवीकरण भएकाले कुनै प्रदेशमा दर्ता भन्दा धेरै नवीकरण सङ्ख्या देखिएको हो।

१३.३२ हालसम्म दर्ता भएका कम्पनीमध्ये बागमती प्रदेशमा मात्र ७०.० प्रतिशत रहेका छन्।

**तालिका १३(ढ): हालसम्म दर्ता भएका कम्पनी दर्ताको विवरण**

| प्रदेश | २०८१ असारसम्म | २०८१/८२# | |
|---|---|---|---|
| | | पुरानो | नयाँ |
| कोशी | २४९११ | ५१ | १०९६ |
| मधेश | २२९०३ | ३८ | १३४८ |
| बागमती | २३९९०३ | ४९५ | ११०४४ |
| गण्डकी | १८८७२ | २३ | ७९८ |
| लुम्बिनी | २३०१५ | ३९ | १२३४ |
| कर्णाली | ४३६८ | ४ | २०० |
| सुदूरपश्चिम | ६९९७ | १८ | ३२२ |
| प्रदेश नखुलेको | १०५९ | १ | |

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८१ # फागुनसम्म

## पेट्रोलियम पदार्थ

१३.३३ पेट्रोलियम पदार्थको भण्डारण क्षमता आर्थिक वर्ष २०८०/८१ मा २७.७ प्रतिशतले वृद्धि भई १ लाख २ हजार २ सय ८४ किलोलिटर पुगेको छ। पेट्रोलियम पदार्थको उक्त मौज्दात क्षमता सरदरमा १६ दिन बराबरको माग धान्न पर्याप्त छ। गण्डकी प्रदेशमा सबैभन्दा बढी ३७ दिनको माग धान्न सक्ने र कर्णाली प्रदेशमा सबैभन्दा कम १ दिनको माग धान्न सक्ने मौज्दात क्षमता रहेको छ।

१३.३४ मधेश प्रदेशको अमलेखगञ्ज डिपोमा मात्र पेट्रोल, डिजेल र मट्टितेल देशको कुल क्षमताको क्रमशः ५९.० प्रतिशत, ४२.० प्रतिशत र ५४.० प्रतिशत भण्डारण क्षमता रहेको छ।

**तालिका १३(ण): प्रदेशगत पेट्रोलियम पदार्थको भण्डारण क्षमता**

| प्रदेश | प्रादेशिक भण्डारण क्षमता (कि.लि.) | | | | जम्मा | भण्डारण क्षमता (दिन) |
|---|---|---|---|---|---|---|
| | पेट्रोल | डिजेल | मट्टितेल | एटिएफ | | |
| कोशी | २०२० | ७११० | ७१० | ४१७ | १०२५७ | १२ |
| मधेश | १६९१० | २५५३३ | २३३० | १७५ | ४४९४८ | २७ |
| बागमती | ६०७० | ८४०० | ७६० | ७१८७ | २२४१७ | ११ |
| गण्डकी | ११९० | १२२८० | ० | १५७ | १३५४७ | ३७ |
| लुम्बिनी | १५५३ | ५४४३ | २८० | ९३३ | ८२०९ | ७ |
| कर्णाली | ० | ० | ४५ | ९८ | १४३ | १ |
| सुदूरपश्चिम | ८७९ | १६३५ | ७० | ७९ | २६६३ | ८ |
| **जम्मा** | **२८५४२** | **६०४०१** | **४१९५** | **९०४६** | **१०२१८४** | **१६** |

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०८१

## ऊर्जामा पहुँच

१३.३५ २०८१ फागुनसम्म कुल जनसङ्ख्यामध्ये ९९.० प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ। लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा विद्युत पहुँच राष्ट्रिय औसतभन्दा न्यून रहेको छ।

**तालिका १३(त): राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसङ्ख्या** (प्रतिशतमा)

| प्रदेश | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|
| कोशी | ८२.४३ | ९६.९५ | ९७.० | ९९.३ | ९९.३ |
| मधेश | ९९.०५ | ९९.६६ | १००.० | १००.० | १००.० |
| बागमती | ९४.४४ | ९५.९१ | ९६.० | ९९.९७ | ९९.९७ |
| गण्डकी | ९२.७९ | ९५.६८ | ९८.० | ९९.४ | ९९.४ |
| लुम्बिनी | ९१ | ९४.९१ | ९५.० | ९८.५ | ९८.५ |
| कर्णाली | ३४.७५ | ४३.८७ | ४४.० | ७३.४ | ७३.४ |
| सुदूरपश्चिम | ६४.६९ | ७१.०७ | ७३.० | ८६.६ | ८६.६ |

| प्रदेश | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|
| नेपाल (वैकल्पिक ऊर्जासहित) | ९२.५ | ९४.० | ९५.० | ९७.० | ९९.० |

स्रोतः ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, २०८१ *फागुनसम्म

१३.३६ विद्युत उत्पादन क्षमतामध्ये प्रदेशगत रूपमा २०८१ फागुनसम्म बागमती प्रदेशमा रहेका आयोजनाबाट करिब ४५.० प्रतिशत विद्युत उत्पादनमा योगदान हुने गरेको छ भने कर्णाली तथा मधेश प्रदेशका आयोजनाबाट हुने योगदान न्यून रहेको छ।

**तालिका १३(थ): प्रदेशगत विद्युत उत्पादन क्षमता** (मेगावाटमा)
(वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट उत्पादित विद्युत बाहेक)

| प्रदेश | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|
| कोशी | २८० | ३४५ | ४८९ | ६१७ | ६३१ |
| मधेश | १३ | २१ | २५ | २५ | ३५ |
| बागमती | ४७२ | १०४६ | ११४९ | १३२७ | १५८८ |
| गण्डकी | ५२९ | ५९५ | ८३१ | ९३२ | १००२ |
| लुम्बिनी | ३१ | ३१ | ५२ | ७८ | ७८ |
| कर्णाली | ११ | ११ | ११ | ११ | ११ |
| सुदूरपश्चिम | ५२ | ५८ | १२० | १६७ | १६७ |
| **जम्मा** | **१३८८** | **२१०७** | **२६७७** | **३१५७** | **३५१२** |

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०८१ * फागुनसम्म

## सडक

१३.३७ प्रादेशिक तथा स्थानीय सडक सञ्जाल अन्तर्गत निर्माण भएका सडकमध्ये कालोपत्रे, ग्राभेल र कच्ची सडकको अंश क्रमशः ७.२ प्रतिशत, २१.१ प्रतिशत र ७१.७ प्रतिशत रहेको छ। प्रादेशिक तथा स्थानीय सडक सञ्जाल अन्तर्गत २०८१ असार सम्म ६७ हजार ६ सय २५ कि.मि. सडक विस्तार भएकोमा २०८१ फागुनसम्म ६७ हजार ९ सय १२ कि.मि. सडक विस्तार भएको छ।

**तालिका १४(द): प्रादेशिक तथा स्थानीय सडक सञ्जालको विवरण** (किलोमिटर)

| सडकको विवरण | २०७७ असार | २०७८ असार | २०७९ असार | २०८० असार | २०८१ असार | २०८१ फागुन |
|---|---|---|---|---|---|---|
| धुलो/कच्ची | ४५६९३ | ४५९५९ | ४६५६२ | ४७३२० | ४८४५८ | ४८६६५ |
| ग्रावेल | १३१४६ | १३३९२ | १३६८९ | १४००० | १४२६४ | १४३३५ |
| कालोपत्रे | ४२१२ | ४३४५ | ४६०३ | ४७३७ | ४९०३ | ४९१२ |
| **जम्मा** | **६३०५१** | **६३६९६** | **६४८५४** | **६६०५७** | **६७६२५** | **६७९१२** |

स्रोतः सहरी विकास मन्त्रालय, २०८१

## शिक्षा

१३.३८ शैक्षिक सत्र २०८१ मा ३५ हजार ४ सय ४७ विद्यालयमध्ये सामुदायिक विद्यालयको हिस्सा ७७.० प्रतिशत रहेको छ भने संस्थागत २३.० प्रतिशत रहेको छ। कुल ७० लाख विद्यार्थीमध्ये ६६.२ प्रतिशत सामुदायिक विद्यालयमा र ३३.८ प्रतिशत संस्थागत विद्यालयमा अध्ययनरत रहेका छन्।

### तालिका १३(ध): प्रदेशअनुसार शिक्षाको विवरण

| प्रदेश/तह | विद्यालयको सङ्ख्या | | सामुदायिक विद्यालयमा कार्यरत शिक्षक | | | विद्यार्थी भर्ना (हजारमा) | | खुद भर्नादर | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | स्थायी | अस्थायी | राहत | छात्रा | छात्र | कक्षा (१-५) | कक्षा (११-१२) |
| कोशी | ५२६८ | १६३४ | १८३३२ | ५८१० | ६६३६ | ५२९ | ५५८ | ९४.६ | ३८.३ |
| मधेश | ३४६९ | १४४४ | १००२८ | ३०१४ | ४५०२ | ७८७ | ८४२ | ९४.१ | २६.४ |
| बागमती | ४५८४ | २१०८ | १७२८० | ६०३५ | ७९९० | ६४० | ७२९ | ९४.९ | ४०.० |
| गण्डकी | ३२४७ | ६४३ | १३२६३ | ४९९५ | ३८५२ | २३७ | २६४ | ९५.२ | ४३.१ |
| लुम्बिनी | ४४३९ | १२९६ | १३८०८ | ४५५५ | ६५३९ | ५९८ | ६४९ | ९३.८ | ३७.५ |
| कर्णाली | २९३३ | २७७ | ६२६१ | २६५९ | ३८४२ | २४० | २४३ | ९४.९ | ४४.५ |
| सुदूरपश्चिम | ३३५८ | ७४७ | ८०१७ | २६३१ | ६६०१ | ३४३ | ३५३ | ९४.३ | ३८.२ |
| **जम्मा** | **२७२९८** | **८१४९** | **८६९८९** | **२९६९९** | **३९९६२** | **३३७३** | **३६३८** | **९४.४** | **३७.१** |

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

१३.३९ कुल विद्यालयमध्ये कोशी प्रदेशमा सबैभन्दा बढी १९.५ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ९.१ प्रतिशत विद्यालय रहेका छन्। संस्थागत विद्यालयमध्ये बागमती प्रदेशमा २५.९ प्रतिशत र कर्णाली प्रदेशमा ३.४ प्रतिशत रहेका छन्।


### तालिका १३(न): प्रदेश अनुसार विभिन्न तहका विद्यालयको विवरण

| प्रदेश/तह | आधारभूत तह कक्षा (१-५) | | आधारभूत तह कक्षा (१-८) | | माध्यमिक तह कक्षा (९-१०) | | माध्यमिक तह कक्षा (११-१२) | |
|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत |
| कोशी | ३०३२ | ३७९ | ९६६ | ४१५ | ६१५ | ६१२ | ६५५ | २२८ |
| मधेश | २०५१ | ४५८ | ६२६ | ४६२ | ३३८ | ३६७ | ४५४ | १५७ |
| बागमती | २३९२ | ३१३ | ७४८ | १९८ | ६७९ | ११५७ | ७६५ | ४४० |
| गण्डकी | १८१३ | १३२ | ४८३ | ११३ | ४४६ | २६० | ५०५ | १३८ |
| लुम्बिनी | २४६४ | ३१७ | ७९९ | ३४७ | ५५० | ४६२ | ६२६ | १७० |
| कर्णाली | १७५३ | ११८ | ५१० | ७७ | ३२१ | ५६ | ३४९ | २६ |
| सुदूरपश्चिम | १८१७ | २१८ | ६३१ | २७३ | ४५२ | १७८ | ४५८ | ७८ |
| **जम्मा** | १५३२२ | १९३५ | ४७६३ | १८८५ | ३४०१ | ३०९२ | ३८१२ | १२३७ |

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

१३.४० कर्णाली र सुदूरपश्चिम प्रदेशमा स्थायी भन्दा अस्थायी र राहत शिक्षकको सङ्ख्या बढी रहेको छ। कुल शिक्षक मध्ये क्रमशः ४९.१ प्रतिशत, ४६.५ प्रतिशत मात्र स्थायी रहेका छन्। गण्डकी प्रदेशमा ६०.० प्रतिशत शिक्षक स्थायी रहेका छन्।

**चार्ट १३(ठ): सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको प्रदेशगत विवरण**




स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८१

१३.४१ प्रदेशगत रूपमा मधेश प्रदेशमा सबैभन्दा बढी २३.२ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ६.९ प्रतिशत विद्यार्थी रहेका छन्।


**तालिका १३(प): प्रदेशगत रूपमा विद्यार्थी भर्नाको विवरण** (हजारमा)

| तह\प्रदेश | | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत तह (१-५) | छात्रा | २५२ | ४४९ | २८३ | १०७ | ३०६ | ११३ | १६२ | १६७० |
| | छात्र | २७५ | ४८८ | ३२८ | १२४ | ३४० | ११७ | १७३ | १८४५ |
| | जम्मा | ५२७ | ९३७ | ६११ | २३० | ६४६ | २२९ | ३३५ | ३५१५ |
| आधारभूत तह (६-८) | छात्रा | १४० | २०३ | १६६ | ६४ | १५२ | ६३ | ९८ | ८८६ |
| | छात्र | १४८ | २०९ | १९० | ७३ | १६६ | ६३ | ९८ | ९४६ |
| | जम्मा | २८७ | ४११ | ३५६ | १३७ | ३१९ | १२६ | १९६ | १८३२ |
| माध्यमिक तह (९-१०) | छात्रा | ८१ | ९१ | १०१ | ४० | ८३ | ३७ | ५१ | ४८५ |
| | छात्र | ८२ | ९८ | १०९ | ४२ | ८६ | ३७ | ५० | ५०५ |
| | जम्मा | १६४ | १८९ | २११ | ८३ | १६८ | ७४ | १०१ | ९९० |
| माध्यमिक तह (११-१२) | छात्रा | ५६ | ४४ | ८९ | २६ | ५७ | २७ | ३३ | ३३२ |
| | छात्र | ५३ | ४७ | १०२ | २५ | ५६ | २६ | ३२ | ३४२ |
| | जम्मा | ११० | ९१ | १९१ | ५१ | ११३ | ५३ | ६५ | ६७४ |
| कुल | छात्रा | ५२९ | ७८७ | ६४० | २३७ | ५९८ | २४० | ३४३ | ३३७३ |
| | छात्र | ५५८ | ८४२ | ७२९ | २६४ | ६४९ | २४३ | ३५३ | ३६३८ |
| | जम्मा | १०८७ | १६२९ | १३६८ | ५०१ | १२४६ | ४८३ | ६९६ | ७०११ |

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

१३.४२ कुल विद्यार्थीमध्ये कर्णाली प्रदेशमा ७.० प्रतिशत र मधेशमा सबैभन्दा बढी २३.२ प्रतिशत रहेका छन्।

### चार्ट १३(ड): प्रदेशगत रूपमा सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी भर्नाको विवरण
(हजारमा)




स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८१

१३.४३ प्रदेशगत रूपमा शैक्षिक सत्र २०८१ मा कक्षा १ देखि ५ को खुद विद्यार्थी भर्नादर ९४.४ प्रतिशत रहेको छ भने कक्षा ११-१२ को ३७.१ प्रतिशत रहेको छ।

### तालिका १३(फ): प्रदेशगत रूपमा विद्यार्थी खुद भर्नादर (प्रतिशतमा)

| प्रदेश | कक्षा १-५ | कक्षा ६-८ | कक्षा १-८ | कक्षा ९-१० | कक्षा ११-१२ | कक्षा ९-१२ |
|---|---|---|---|---|---|---|
| कोशी | ९४.६ | ९३.४ | ९४.१ | ७५.४ | ३८.३ | ५६.५ |
| मधेस | ९४.१ | ९३.७ | ९४.० | ८२.४ | २६.४ | ५४.३ |
| बागमती | ९४.९ | ९३.७ | ९४.४ | ७१.९ | ४०.० | ५५.० |
| गण्डकी | ९५.२ | ९३.३ | ९४.४ | ७२.६ | ४३.१ | ५७.९ |
| लुम्बिनी | ९३.८ | ९३.७ | ९३.८ | ७६.५ | ३७.५ | ५५.९ |
| कर्णाली | ९४.९ | ९३.६ | ९४.४ | ७१.१ | ४४.५ | ५७.७ |
| सुदूरपश्चिम | ९४.३ | ९३.६ | ९४.० | ७६.२ | ३८.२ | ५६.४ |
| **नेपाल** | **९४.४** | **९३.६** | **९४.१** | **७५.८** | **३७.१** | **५५.८** |

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८१

१३.४४ शैक्षिक सत्र २०८० को माध्यमिक शिक्षा परीक्षा (SEE) मा कुल ४ लाख ६४ हजार ७ सय ६७ विद्यार्थी सहभागी भएकोमा ४७.९ प्रतिशतले मात्र ग्रेड प्राप्त गरेका छन्।

तालिका १३(ब): माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (SEE) २०८० को नतिजा विवरण


| प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| GPA 1.60 To < 2.00 | १ | ० | १ | २ | २ | ० | ० | ६ |
| GPA 2.00 To < 2.40 | ४९९ | २७३ | ३३० | १७१ | ६६३ | ४२२ | ५९२ | २९५० |
| GPA 2.40 To < 2.80 | ६५०२ | ६७६२ | ७४३० | ३४२६ | ६२६१ | ५१६९ | ५६२४ | ४११७४ |
| GPA 2.80 To < 3.20 | १३५१० | १३८१९ | १९१०० | ७४६५ | ११८७२ | ६२७३ | ६८३५ | ७८८७४ |
| GPA 3.20 To < 3.60 | ११५८५ | १२४९१ | २३४०२ | ६२१८ | ९०१५ | २३४७ | ३१९३ | ६८२५१ |
| GPA 3.60 To <= 4.00 | ३९९६ | ३९५७ | १५७६६ | २९६९ | ३२९० | ४४१ | ७९० | ३१२०९ |
| NG | ३९८९५ | ४२२८३ | ३३८४२ | २०२७५ | ४९२२२ | २०३७७ | ३६४०९ | २४२३०३ |
| **जम्मा सहभागी** | ७५९८८ | ७९५८५ | ९९८७१ | ४०५२६ | ८०३२५ | ३५०२९ | ५३४४३ | ४६४७६७ |
| TOTAL GRADED | ३६०९३ | ३७३०२ | ६६०२९ | २०२५१ | ३११०३ | १४६५२ | १७०३४ | २२२४६४ |
| **GRADED PERCENTAGE** | ४७.५ | ४६.९ | ६६.१ | ५०.० | ३८.७ | ४१.८ | ३१.९ | ४७.९ |

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०८१

## स्वास्थ्य क्षेत्र

१३.४५ प्रदेशगत रूपमा बागमतीमा मातृ मृत्युदर सबैभन्दा कम ९८ प्रति लाख र लुम्बिनीमा सबैभन्दा बढी २०७ प्रति लाख रहेको छ। कर्णाली, गण्डकी र कोशी प्रदेशमा समेत मातृ मृत्युदर राष्ट्रिय औसतभन्दा उच्च रहेको छ।

चार्ट १३(ढ): मात्रृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) को प्रदेशगत स्थिति




स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८१

१३.४६ चालु आर्थिक वर्षको फागुनसम्म मुलुकभर विभिन्न व्यक्तिले अन्तरङ्ग, बहिरङ्ग र आकस्मिक सेवा गरी जम्मा ४ करोड ४५ लाख ३४ हजार पटक स्वास्थ्य सेवा लिएकोमा बहिरङ्ग सेवाको अंश मात्र ९४.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिसम्म बहिरङ्ग सेवाको अंश ९५.७ प्रतिशत रहेको थियो।

तालिका १३(भ): अस्पताल सुविधा लिएको प्रदेशगत विवरण (पटक हजारमा)

| प्रदेश | २०७९८०/ | | | २०८०८१/ | | | २०८१*८२/ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अन्तरंग | बहिरङ्ग | आकस्मिक | अन्तरंग | बहिरङ्ग | आकस्मिक | अन्तरंग | बहिरङ्ग | आकस्मिक |
| कोशी | २८७ | ९१७३ | ३३८ | ३६३ | १०५८७ | ३६५ | २४६ | ७०३१ | २५६ |
| मधेश | ११० | ६४८३ | १६८ | १५८ | ७२८५ | १८२ | १०७ | ४८३५ | १२८ |
| बागमती | ३८९ | १६८७८ | ७९४ | ६२९ | २१७५६ | ८८७ | ४३३ | १४८२२ | ६१८ |
| गण्डकी | ९१ | ४९०३ | १९० | १३४ | ५६०० | २०२ | ९२ | ३७२१ | १५२ |
| लुम्बिनी | २०१ | ८९७१ | २६७ | २८३ | ९९४१ | ३०१ | १९३ | ६३६० | १९६ |
| कर्णाली | ४८ | ३००२ | ५९ | ६४ | ३२०७ | ६८ | ४१ | २०१५ | ३९ |
| सुदूरपश्चिम | ६१ | ४४७० | १३० | ९० | ४६७९ | १५० | ६४ | ३०६१ | १२४ |
| जम्मा | ११८७ | ५३८८० | १९४६ | १७२१ | ६३०५५ | २१५५ | ११७६ | ४१८४५ | १५१३ |

स्रोत: स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८१

## प्रधानमन्त्री रोजगार कार्यक्रम

१३.४७ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म ७४३ स्थानीय तहमा ७ लाख ९७ हजार ७ सय २५ जना बेरोजगार व्यक्ति सूचीकृत भएका छन्। सूचीकृतमध्ये ४,२२३ जना रोजगारीमा संलग्न भएका छन्। आर्थिक वर्ष २०८०/८१ मा ७३५ स्थानीय तहमा ८ लाख ८५ हजार १ सय ५३ बेरोजगार व्यक्ति सूचीकृत भएकोमा ६४ हजार ७ सय ३३ जनाले औसत ७९ दिनको रोजगारी प्राप्त गरेका थिए।

तालिका १३(म) : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण#

| प्रदेश | स्थानीय तहको सङ्ख्या | आयोजना प्रविष्ट गरेका स्थानीय तहको सङ्ख्या | आयोजना सङ्ख्या | रोजगारीमा संलग्न भई भुक्तानी प्राप्त व्यक्तिको सङ्ख्या | कुल रोजगारी प्रदान गरिएको दिन | प्रदान गरिएको औसत दिन |
|---|---|---|---|---|---|---|
| कोशी | १३७ | ९९ | ९६६ | १०३४ | ६७८२२ | ६६ |
| मधेश | १३६ | ५७ | ४५७ | ५६२ | १९५४५ | ३५ |
| बागमती | ११९ | ९६ | ११३१ | ९२० | ५६४९४ | ६१ |
| गण्डकी | ८५ | ५९ | ७८९ | ४४५ | २१२६७ | ४८ |
| लुम्बिनी | १०९ | ८१ | ९५७ | ३४७ | १८९८४ | ५५ |
| कर्णाली | ७९ | ६८ | ७३५ | ४७० | ४४१०४ | ९४ |
| सुदूरपश्चिम | ८८ | ७७ | १०३४ | ४४५ | ३०२१५ | ६८ |
| जम्मा | ७५३ | ५३७ | ६०६९ | ४२२३ | २५८४३१ | ६१ |

स्रोत: श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८१ #फागुनसम्म

१३.४८ चालु आर्थिक वर्षको फागुनसम्म औसत रोजगारी दिनको हिसाबले कर्णाली प्रदेशभित्रका स्थानीय तहले सबैभन्दा बढी र मधेश प्रदेशका स्थानीय तहले सबैभन्दा कम रोजगारी प्रदान गरेका छन्। आर्थिक वर्ष २०८०/८१ मा औसत रोजगारी दिनको हिसाबले

गण्डकी प्रदेशभित्रका स्थानीय तहले सबैभन्दा बढी र सुदूरपश्चिम प्रदेशका स्थानीय तहले सबैभन्दा कम रोजगारी प्रदान गरेका थिए।

तालिका १३(य) : सूचीकृत भएका बेरोजगारहरूको प्रदेशगत विवरण (सङ्ख्यामा)#

| प्रदेश | २०७७/७८ | २०७८/ ७९ | २०७९/८० | २०८०/ ८१ | २०८१/ ८२* |
|---|---|---|---|---|---|
| कोशी | ९९६०६ | ९१७६३ | १०५४७८ | ११०९८३ | १०६६१५ |
| मधेश | ८२८१३ | ८२१२७ | ९६१९० | १२४३९४ | १०६०३८ |
| बागमती | ९८७८६ | ८२७५६ | ९६०९१ | १०२६६३ | ९१८४९ |
| गण्डकी | ५९०३० | ४९०४७ | ५३३९६ | ६०३८३ | ६१८१४ |
| लुम्बिनी | ११४३८१ | ८६८८२ | १०३९३८ | ९८८२६ | ८३१२० |
| कर्णाली | १४२८३४ | १५३७४६ | १९८१४६ | २१०६६४ | १०८३५३ |
| सुदूरपश्चिम | १५४९८९ | ११६१९२४ | १८८१४० | १७७२४१ | १३९९३६ |
| **जम्मा** | **७५२४४८** | **७०८२४५** | **८४१३७९** | **८८५१५४** | **७९७७२५** |

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८१ * फागुनसम्म

#आर्थिक वर्ष २०७७/७८ देखि आर्थिक वर्ष २०८१/८२* सम्म

१३.४९ चालु आर्थिक वर्षको फागुनसम्म ७ लाख ९७ हजार ७ सय २५ बेरोजगार सूचीकृतमध्ये सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा र सबैभन्दा कम गण्डकी प्रदेशमा रहेका छन्।

तालिका १३(र) : न्यूनतम रोजगारीमा खटिएका व्यक्तिहरूको प्रदेशगत विवरण #

| प्रदेश | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* | २०८१ फागुनसम्म |
|---|---|---|---|---|---|---|
| कोशी | २८८५० | २३४६१ | १३८९९ | ११९४१ | १०३४ | ७८३८५ |
| मधेश | १६५६३ | १५५६० | १२७१० | १०६६० | ५६२ | ५६०२५ |
| बागमती | २५०५७ | २१३५९ | ११४९७ | ९९३८ | ९२० | ६८७७१ |
| गण्डकी | १४०९९ | ११९९३ | ७४२४ | ७२२१ | ४४५ | ४०३८२ |
| लुम्बिनी | २७३२४ | २१७४३ | १२३८७ | ८७२९ | ३४७ | ७०५३० |
| कर्णाली | २९६८६ | ३५१४० | १७०६४ | ९१७२ | ४७० | ९१५३२ |
| सुदूरपश्चिम | ३७८८८ | ३५३३४ | १६७०४ | ७८७२ | ४४५ | ९८२४३ |
| **जम्मा** | **१७९४६७** | **१६३७६०** | **९१६८५** | **६४७३३** | **४२२३** | **५०३८६८** |

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८१ * फागुनसम्म

#आर्थिक वर्ष २०७७/७८ देखि आर्थिक वर्ष २०८१/८२

# १४. जलवायु परिवर्तन

१४.१ विश्वव्यापी रूपमा तापक्रम बढ्दै गएको छ। विश्व मौसम विज्ञान संगठनको विश्लेषणअनुसार पृथ्वीको औसत तापक्रम सन् १८५०-१९०० को तुलनामा हाल १.५ डिग्री सेल्सियसले बढेको छ। बढ्दो तापक्रमको असर वातावरण, आर्थिक तथा सामाजिक क्षेत्रमा पर्नुको साथै मानव समुदाय र पारिस्थितिकीय प्रणाली बीचको सन्तुलन कायम गर्ने चुनौती बढेको छ।


१४.२ मानव सिर्जित क्रियाकलापबाट जलवायु परिवर्तनजन्य विपद् बढ्दै गएका छन्। वेमौसमी वर्षा, न्यून/अति वर्षा, बाढी, पहिरो लगायतका कारण अर्थतन्त्रको उत्पादन र उत्पादकत्वमा ह्रास आएको छ। फलस्वरूप, रोजगारी, आय घटेको छ भने आम मानिसको जीविकोपार्जनमा समेत नकारात्मक प्रभाव परेको छ।

१४.३ बाढी, पहिरो, हिमआँधी लगायत जलवायुजन्य प्रकोपका कारण नेपालको पर्यटन क्षेत्रमा वार्षिक करिब रू.२५ अर्बको क्षति हुने गरेको अनुमान छ। संकटासन्नता तथा जोखिम विश्लेषण प्रतिवेदन, २०२१ अनुसार करीब ९० प्रतिशत बालीनालीको नोक्सानी जलवायु परिवर्तनजन्य घट्नाका कारण हुने गरेको छ। साथै, यस्ता कारणले गर्दा कृषि उत्पादन, पशुपालन र मत्स्यपालनमा १०-३० प्रतिशतसम्म ह्रास आएको छ।

## हरितगृह ग्यास उत्सर्जन

१४.४ विश्वको हरितगृह ग्यास उत्सर्जन सन् १९९० मा ३२ अर्ब ७३ करोड मेट्रिक टन रहेकोमा सन् २०२१ मा यस्तो उत्सर्जन ४९ अर्ब ५५ करोड मेट्रिक टन पुगेको छ। सन् १९९० देखि २०२१ सम्मको अवधिमा विश्वको हरितगृह ग्यास उत्सर्जन वार्षिक औसत १.३६ प्रतिशतले वृद्धि भएको छ। सन् २०२० को तुलनामा सन् २०२१ मा ४.४ प्रतिशतले विश्वको हरितगृह ग्यास बढी उत्सर्जन भएको छ।

चार्ट १४(क): विश्वको हरितगृह ग्यास उत्सर्जनको प्रवृत्ति (दशलाख टन $CO_2$)




स्रोतः जलवायु वाच तथ्याङ्क एक्सप्लोर, २०२५

१४.५ क्लाइमेट वाचको तथ्याङ्कअनुसार विश्वमा सबैभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने देशमा चीन, अमेरिका, भारत, युरोपियन युनियनका मुलुक, रूस, ब्राजिल, इन्डोनेसिया, जापान, इरान, क्यानाडा लगायत रहेका छन्। विश्वको कुल हरितगृह ग्यास उत्सर्जन गर्ने दश देशमध्ये सबैभन्दा बढी अंश चीनको २५.८१ प्रतिशत र सबैभन्दा कम क्यानडाको १.४८ प्रतिशत रहेको छ। कुल हरित ग्यास उत्सर्जनमध्ये करिब ६०.० प्रतिशत उत्सर्जन मुख्य दश देशबाट हुने गर्दछ भने सबैभन्दा कम उत्सर्जन गर्ने १०० देशबाट ३.० प्रतिशतको हाराहारीमा उत्सर्जन हुने गरेको छ।

**तालिका १४(क): विश्वमा सबैभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने दश मुलुक**


(वार्षिक ग्यास उत्सर्जन दश लाख मेट्रिक टनमा)

| देश/वर्ष | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | २०२१ |
|---|---|---|---|---|---|---|
| चीन | ११०२८.२ | ११२५६.५ | ११७५२.८ | ११९५३.६ | १२११९.७ | १२७९१.६ |
| अमेरिका | ५७५६.१ | ५७०२.३ | ५९१५.३ | ५७९८.५ | ५२६८.६ | ५५६४.८ |
| भारत | ३११८.४ | ३२४२.१ | ३४०७.७ | ३३८५.६ | ३१७६ | ३४१९.९ |
| ईयु | ३४५१ | ३४६७.५ | ३३८६.१ | ३२३९.८ | २९६४.४ | ३१४०.२ |
| रुस | १७४०.२ | १७७३.१ | १८६७.५ | १९१९.७ | १८३६.८ | १९७५.६ |
| ब्राजिल | १४६५.६ | १४८७.८ | १४४५.५ | १४६७.५ | १४७०.३ | १५३१.५ |
| इन्डोनिसिया | १३९०.६ | १३९३.७ | १६४८.१ | १९१९.३ | १४८१.६ | १४८४.७ |
| जापान | १२२७.५ | १२१०.९ | ११६७.५ | ११२६ | १०६४.४ | १०७१.६ |
| इरान | ८५६.९ | ८८५.९ | ८८०.६ | ८९८.३ | ९०८.४ | ९५२.२ |
| **क्यानाडा** | ७५३.९ | ७७० | ७८८.४ | ७७८.४ | ७२१.३ | ७३३.३ |

स्रोतः जलवायु वाच तथ्याङ्क एक्सप्लोर, २०२५

१४.६ नेपालले उत्सर्जन गरेको हरितगृह ग्यास सन् २००० देखि सन् २००८ सम्म घटेको भएपनि त्यसपछिका वर्षमा बढेको छ। सन् नब्बेको दशकमा औसत २ करोड १८ लाख मेट्रिक टन हरितगृह ग्यास उत्सर्जन हुने गरेकोमा पछिल्लो दशक (सन् २०११-२०२०) मा यस्तो ग्यास उत्सर्जन ४ करोड २७ लाख मेट्रिक टन पुगेको छ।


**चार्ट १४(ख): नेपाल हरितगृह ग्यास उत्सर्जनको प्रवृत्ति**
(वार्षिक ग्यास उत्सर्जन दश लाख मेट्रिक टनमा)




स्रोतः जलवायु वाच तथ्याङ्क एक्सप्लोर, २०२५

१४.७ नेपालले गर्ने कुल हरितगृह ग्यास उत्सर्जनमा विभिन्न क्षेत्रबाट हुने उत्सर्जनमध्ये कृषि क्षेत्रबाट हुने उत्सर्जन सबैभन्दा बढी रहेको छ। सन् १९९० मा यस क्षेत्रबाट हुने हरित गृह ग्यास उत्सर्जन ७८.२५ प्रतिशत रहेकोमा त्यसपछिका वर्षमा क्रमशः कम हुँदै सन् २०२१ मा ३८.७८ प्रतिशतमा झरेको छ। यसैगरी, ऊर्जा, औद्योगिक, भू-उपयोग परिवर्तन तथा वन र यातायात क्षेत्रबाट हुने उत्सर्जन बढ्दै गएको छ।

**चार्ट १४(ग): क्षेत्रगत हरित ग्यास उत्सर्जन** (प्रतिशतमा)




स्रोतः जलवायु वाच, २०२५

## जलवायु परिवर्तनसम्बन्धी गतिविधि

१४.८ जलवायुसम्बन्धी सम्मेलनमा नेपाल र स्वीडेन बीच अन्तराष्ट्रिय कार्बन व्यापार सम्झौता भएको छ। साथै, अनुकूलन कोषमा विगतमा नेपालको तर्फबाट अन्तराष्ट्रिय संस्थाले मात्र पहुँच पाउने गरेकोमा राष्ट्रिय प्रकृति संरक्षण कोषले समेत पहुँच पाउने गरी मान्यता पाएको छ। पर्वतीय मुद्धालाई स्थापित गराउन सन् २०२५ को मे १६ देखि १८ सम्म सगरमाथा सम्वाद सम्पन्न भएको छ।

१४.९ राष्ट्रिय अनुकूलन योजना तथा राष्ट्रिय निर्धारित योगदानले तोकेको लक्ष्य हासिल गर्न अन्तर्राष्ट्रिय वित्तको पहुँच तथा परिचालनका लागि Country Project Pipeline को सूची तयार गरी आयोजना छनौट भएका छन्। अनुकूलन कोष बोर्डको ४४औं बैंठकबाट अनुकूलन कोषबाट प्रतिराष्ट्र प्राप्त हुने अनुदान रकम २० मिलियन अमेरिकी डलरबाट ४० मिलियन डलर अमेरिकी डलर पुऱ्याएसँगै नेपाललाई जलवायु अनुकूलनमा अन्तर्राष्ट्रिय वित्तमा पहुँचको थप अवसर सिर्जना भएको छ।

# १५. दीर्घकालीन विकास लक्ष्य

१५.१ सन् २०२२ मा दिगो विकास लक्ष्यमा नेपालले हासिल गरेको उपलब्धि ५८.६ प्रतिशत रहेको छ। सन् २०३० सम्मको लक्ष्यमा औसत उपलब्धि ४१.७ प्रतिशत र सन् २०३० मा हासिल हुनसक्ने उपलब्धि लक्ष्यको ६०.५ प्रतिशत रहेको छ।

## विकासशील मुलुकमा स्तरोन्नति

१५.२ नेपाल सन् २०२६ वाट विकासशील राष्ट्रमा स्तरोन्नति हुन गइरहेको छ। सन् २०२४ मा भएको चौथो त्रिवर्षीय समीक्षामा पहिलो पटक प्रतिव्यक्ति कुल राष्ट्रिय आय सूचकाङ्कको मापदण्ड समेत पूरा गरेको छ। यससँगै स्तरोन्नतिको लागि निर्धारित तीन वटै मापदण्डमा नेपाल योग्य भएको छ।

तालिका १५ (क): विकासशील मुलुकमा स्तरोन्नतिको मापदण्ड र नेपालको अवस्था

| स्तरोन्नतिका सूचक | सीमा (थ्रेसहोल्ड) | नेपालको अवस्था |
|---|---|---|
| **प्रतिव्यक्ति आय (अमेरिकी डलर)*** | **१३०६** | **१४०४** |
| **मानव सम्पत्ति सूचकाङ्क** | **६६ भन्दा वढी** | **७७.५८** |
| पाँच वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | १० देखि १७५ | २७.३४ |
| पाँच वर्षमुनिका बालबालिकामा (दुव्लोपन प्रतिशत) | २५ देखि ५२.५ | २६.७० |
| मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | ५ देखि १२०० | १७४.४१ |
| निम्न माध्यामिक तहको सफलता दर (प्रतिशत) | १० देखि १०० | ७९.३२ |
| प्रौढ साक्षरतादर (प्रतिशत) | २५ देखि १०० | ७१.१५ |
| निम्न माध्यामिक तहको कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.४ देखि १.० | १.०५ |
| **आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क** | **३२ भन्दा कम** | **२८.९६** |
| कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन र मत्स्यको अंश (प्रतिशत) | १ देखि ६० | २४.७२ |
| दूरगमता र भूपरिवेष्ठितता सूचकाङ्क | १० देखि ९० | ५०.६२ |
| वस्तु व्यापार सघनता (सूचकाङ्क) | ४ देखि १० | ७.१७ |
| वस्तु तथा सेवा निर्यातमा अस्थिरता (सूचकाङ्क) | ० देखि ५० | ४.९८ |
| सुख्खा क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको अनुपात (प्रतिशत) | ० देखि १०० | ०.६७ |
| कृषि उत्पादनमा अस्थिरता (सूचकाङ्क) | १.५ देखि २० | २.४२ |
| विपदबाट प्रभावित व्यक्ति (प्रतिशत) | ०.०५ देखि १५ | ३.०९ |

स्रोतः राष्ट्रिय योजना आयोग, २०२५

नोटः आर्थिक वर्ष २०८१/८२ मा नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय १,५१७ अमेरिकी डलर रहेको प्रारम्भिक अनुमान छ। यद्यपि, संयुक्त राष्ट्रसंघले प्रतिव्यक्ति आय गणना गर्ने विधि फरक भएकोले माथिको तालिकामा राखिएको प्रतिव्यक्ति आयमा केही फरक पर्न सक्नेछ।

*प्रतिव्यक्ति आय नवनिर्धारित सीमाको दोब्बर अर्थात ३,९१८ अमेरिकी डलर पुगेमा आयमा मात्र आधारित रहेर पनि अतिकम विकसित मुलुकको स्तरबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुनसक्ने प्रावधान रहेको छ।

## दिगो विकास लक्ष्यको उपलब्धि समीक्षा

१५.३ सन् २०२२ को लक्ष्यमा औसत उपलब्धि ५८.६ प्रतिशत, सन् २०३० सम्मको लक्ष्यमा औसत उपलब्धि ४१.७ प्रतिशत र सन् २०३० मा हासिल हुनसक्ने उपलब्धि लक्ष्यको ६०.५ प्रतिशत रहेको छ। उत्पादनशील क्षमता सूचकाङ्क (PCI) मा नेपालको औसत स्कोर ४०.४ रहेको छ। अतिकम विकसित राष्ट्रको औसतमा यस्तो सूचकाङ्क ३०.९ छ भने अन्य विकासशील राष्ट्रको औसत सूचकाङ्क ४६.८ रहेको छ।

तालिका १५(ख): दिगो विकास लक्ष्यको उपलब्धि

| लक्ष्य नं. | लक्ष्यहरू | प्रगति (प्रतिशत) | | सन् २०३० को लक्ष्यमा अनुमानित प्रगति (प्रतिशत) |
|---|---|---|---|---|
| | | २०२२ को लक्ष्यमा | २०३० सम्मको लक्ष्यमा | |
| १ | गरिबीको अन्त्य | ७८.१ | ५४.१ | ७८.६ |
| २ | शुन्य भोकमरी | ६८.३ | ४४.९ | ७१.५ |
| ३ | राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर | ४८.७ | ४१.५ | ५६.८ |
| ४ | गुणस्तरीय शिक्षा | ६६.१ | ४३.९ | ७१.१ |
| ५ | लैङ्गिक समानता | ५७.९ | ३८.० | ५८.१ |
| ६ | स्वच्छ पानी र सरसफाइ | ६३.५ | ३६.३ | ५७.८ |
| ७ | खर्चले धान्न सकिने स्वच्छ ऊर्जा | ६३.५ | ३९.५ | ७०.१ |
| ८ | मर्यादित काम र आर्थिक वृद्धि | ३१.५ | १९.७ | ३४.७ |
| ९ | उधोग प्रवर्द्धन र पूर्वाधार | ४१.० | ३०.४ | ४२.० |
| १० | असमानतालाई न्यूनीकरण | ७२.५ | ४४.८ | ७२.३ |
| ११ | सहरहरू र समुदायहरूको दिगोपना | ९७.२ | ७६.१ | ८९.० |
| १२ | उपभोग र उत्पादनमा जिम्मेवारीपना | ३८.६ | २९.५ | ४३.१ |
| १३ | जलवायुसम्वन्धी कार्य | ५५.३ | ४३.४ | ५३.९ |
| १४ | जलमुनिको जीवन र स्रोत | - | - | - |
| १५ | भूसतहको जीवन | ६९.३ | ५९.९ | ६७.५ |
| १६ | शान्ति, न्याय र सबल संस्थाहरू | ५७.४ | ३५.८ | ५५.१ |
| १७ | विश्वव्यापी साझेदारी | ३४.९ | २२.३ | ३७.७ |
| **समग्र प्रगति** | | **५८. ६** | **४१.७** | **६०.५** |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१

१५.४ रोजगारी तथा गरिबी निवारण लक्षित कार्यक्रम र विपन्न वर्गका लागि प्रोत्साहन र शिक्षा तथा सीप अभिवृद्धिका कार्यक्रमको प्रभावस्वरूप सन् २०२४ मा नेपालको गरिवी (१.९ अमेरिकी डलर भन्दा कम आम्दानीमा जीवनयापन गर्ने जनसङ्ख्या) घटेर २०.२७ प्रतिशत रहेको छ। बहुआयामिक गरिबी १७.४ प्रतिशतमा झरेको छ।

### तालिका १५(ग): लक्ष्य १ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| गरिवीको रेखा (अमेरिकी डलर १.९ भन्दा कम आय भएको) जनसङ्ख्या-PPP (प्रतिशत) | ३०.१ | ८.० | २२.९ | २०.२७ |
| बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या (प्रतिशत) | ४४.२ | १० | २८.२ | १७.४ |
| विपदका घटनाबाट ज्यान गुमाउनेको सङ्ख्या (प्रतिवर्ष) | ८८९१ | १०० | २६८ | २०४० |
| सामाजिक सुरक्षामा भएको सरकारी खर्च (कुल बजेटको प्रतिशत) | ११.० | १५.० | १२.९ | ११.५ |
| वित्तीय सेवामा पँहुच पुगेको घरपरिवार (प्रतिशत) | ४० | ८०.० | ५८.७ | ६१.९ |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१

१५.५ सन् २०१५ को तुलनामा ५ वर्षमुनिका बालबालिकामा देखिएको पुडकोपना र तौल कम हुने समस्यामा क्रमशः सुधार हुँदै गएको छ। प्रजनन उमेरका महिला र ५ वर्षमुनिका बालबालिकामा एनेमिया (रक्तअल्पता) को दर घटाउने सम्बन्धमा न्यून उपलब्धि हासिल भएको छ।

### तालिका १५(घ): लक्ष्य २ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| कम तौल भएका पाँच वर्ष मुनिका बालबालिका (प्रतिशत) | ३०.१ | ९.० | १८.० | १८.७ |
| पुड्कोपना भएका ५ वर्ष मुनिका बालबालिका (प्रतिशत) | ३६ | १५ | २८.६ | २४.८ |
| उचाइअनुसार कम तौल हुने पाँच वर्षमुनिका बालबालिका (प्रतिशत) | ११.३ | ४.० | ७.० | ७.७ |
| रक्त अल्पता भएका ५ वर्ष मुनिका बालबालिका (प्रतिशत) | ४६.० | १०.० | २८.० | ४३.३ |
| रक्त अल्पता भएका प्रजनन उमेर समूहका महिला (प्रतिशत) | ३५ | १० | २४ | ३४.० |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | ३२० | ५३० | ४१८ | ३८१ |
| कृषि क्षेत्रमा भएको सरकारी खर्च (कुल बजेटको प्रतिशत) | ३.३ | ४.० | ३.३४ | २.४३ |
| विश्वव्यापी खाद्य सुरक्षा सूचकाङ्क (स्कोर) | ४२.८ | ९० | ६६ | ५६.९ |
| खाद्य उपभोक्ता मूल्य सूचकाङ्क | ११४ | २०८ | १४४ | १६३.१ |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१

१५.६ स्वस्थ जीवन अन्तर्गत नेपालले हासिल गरेको उपलब्धि सन्तोषजनक छ। क्षयरोग, मलेरिया लगायतका सङ्क्रामक रोगको नियन्त्रण तथा अत्यावश्यक स्वास्थ्य सेवा सहजरूपमा उपलब्ध गराउन थप प्रयास गर्नुपर्ने देखिएको छ।

तालिका १५(ङ): लक्ष्य ३ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| मातृ मृत्युदर (प्रति एकलाख जीवित जन्ममा) | २५८ | ७० | ११६ | १५१ |
| पाँच वर्ष मुनिको बाल मृत्युदर | ३८ | २० | २७ | २५ |
| नवजात शिशु मृत्युदर | २३ | १२ | १६ | २१ |
| आत्महत्याबाट हुने मृत्युदर (प्रति १ लाख जनसङ्ख्यामा) | १६.५ | ४.७ | ९.७ | २३.४ |
| सडक यातायात दुर्घटनाबाट हुने मृत्युदर (प्रति १ लाख जनसङ्ख्यामा) | १९.८६ | ४.९६ | ८.९४ | ९.४ |
| आधुनिक साधनद्वारा परिवार नियोजनसम्बन्धी आवश्यकता पूरा भएका महिला अनुपात (प्रजनन उमेर समूह) | ६६ | ८० | ७४ | ५५.१ |
| परिवार नियोजनका आधुनिक साधन / विधि प्रयोग दर (प्रजनन उमेर समूहको प्रतिशतमा) | ४७ | ६० | ५३ | ४० |
| कुल प्रजनन दर (प्रति महिला) | २.३ | २.१ | २.१ | २.१ |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१

१५.७ गुणस्तरीय शिक्षामा क्रमिक सुधार भएको छ। माध्यमिक र उच्च शिक्षामा लैङ्गिक समानता तथा साक्षरतामा सुधार भएको छ।

तालिका १५(च): लक्ष्य ४ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको प्रगति |
|---|---|---|---|---|
| खुद भर्नादर (प्राथमिक तह-कक्षा १देखि ५ सम्म) | ९६.६ | ९९.५ | ९९. | ९४.४* |
| प्रथामिक तह उतीर्ण दर (प्राथमिक तह-कक्षा १ देखि ५ सम्म) | ८०.६ | ९९.५ | ९३.१ | ८२.४* |
| खुद भर्नादर (आधारभूत तह-कक्षा १ देखि ८ सम्म) | ७६.६ | ९५ | ९२ | ९४.१* |
| कुल भर्नादर (माध्यामिक तह ९-१२ सम्म) | ५६.७ | ९९ | ९० | ८३.० |

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको प्रगति |
|---|---|---|---|---|
| युवा साक्षरता दर-१५ देखि २४ वर्ष (प्रतिशत) | ८८.६ | ९९ | ९५ | ९४.२* |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१/* शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

१५.८ लैङ्गिक समानता सम्बन्धमा कानून तथा नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व बढ्दै गएको छ। निजी क्षेत्रको निर्णायक तहमा महिलाको प्रतिनिधित्वमा सुधार भएको छ। महिला उद्यमीको सङ्ख्या बढ्दै गएको छ। पुरूषको तुलनामा महिलाको श्रम सहभागिता दर न्यून छ।

तालिका १५(छ): लक्ष्य ५ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| महिला र पुरूषको ज्यालादरको अनुपात | ०.६२ | ०.९२ | ०.८ | ०.६६ |
| लैङ्गिक असमानता सूचकाङ्क | ०.४९ | ०.२५# | ०.२९ | ०.४९५ |
| लैङ्गिक सशक्तीकरण सूचकाङ्क | ०.५७ | ०.६७# | ०.६३ | ०.६३ |
| जीवनकालमा शारीरिक/यौन हिंसा भोगेका १५ देखि ४९ वर्ष उमेर समूहका महिला (प्रतिशत) | २६.० | ६.५ | १३.९ | १२.२ |
| संघीय संसदमा महिला प्रतिनिधित्व (प्रतिशत) | २९.५ | ४० | ३४.४ | ३३.५ |
| प्रदेश संसदमा महिला प्रतिनिधित्व (प्रतिशत) | - | ४० | ३४.४ | ३६.३६ |
| स्थानीय तहमा महिला प्रतिनिधित्व (प्रतिशत) | - | ४२ | ४१ | ४१ |
| निजामती सेवाको नीतिगत तहमा महिला प्रतिनिधित्व | ११ | ३३ | २१.३ | १३.६ |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१ # संशोधित लक्ष्य

१५.९ खानेपानी र सरसफाइको पहुँचमा विस्तार भएको छ। सन् २०१५ मा ८६.० प्रतिशत जनसङ्ख्यामा आधारभूत स्तरको खानेपानी सेवामा पहुँच पुगेकोमा सन् २०२४ मा ९६.८ प्रतिशत जनसङ्ख्यामा यस्तो पहुँच पुगेको छ।

तालिका १५(ज) : लक्ष्य ६ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| आधारभूतस्तरको खानेपानीमा पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत) | ८७.० | ९९.० | ९२.६ | ९६.८* |
| उच्च-मध्यमस्तरको खानेपानी सेवामा पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत) | १५.० | ९०.० | ६८.४ | २८.५* |
| आधारभूतस्तरको सरसफाइ सुविधामा पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत) | ८२.० | ९९.० | ८९.९ | ९५.५* |
| प्रशोधनसहितको ढल प्रणालीमा पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत) | <१.० | ५०.० | - | २.३४* |

स्रोतः राष्ट्रिय योजना आयोग,२०८१/ *खानेपानी मन्त्रालय, २०८१

१५.१० सन् २०१५ मा ७४.० प्रतिशत जनसङ्ख्यामा विद्युत पहुँच पुगेकोमा सन् २०२४ मा बढेर ९९.० प्रतिशत पुगेको छ।

**तालिका १५(झ): लक्ष्य ७ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था**

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| विद्युतको पहुँच पुगेको जनसङ्ख्या (प्रतिशत) | ७४ | ९९ | ८५.७ | ९९* |
| प्रतिव्याक्ति विद्युत खपत (युनिट) | ८० | ७५०# | ५४२ | ४२२* |
| जलविद्युतको जडित क्षमता (मेगावाट) | ७८२ | १५००० | ५४१७ | ३५१२* |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१ / *ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८१ #संशोधित लक्ष्य

१५.११ प्रतिव्यक्ति आयमा वृद्धि भएको छ। कृषि क्षेत्रमा अनौपचारिक रोजगारीको दर उच्च रहेको छ।

**तालिका १५(ञ): लक्ष्य ८ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था**

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| वास्तविक कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर (प्रति रोजगार व्यक्तिको तुलनामा) | १.६ | १० | ५.५ | ४.५ |
| बेरोजगारी दर (प्रतिशत) | १२.० | ८.० | १० | १२.६ |
| पर्यटक आगमन (दशलाख) | ०.८ | ३.० | १.९ | १.१ |
| प्रति पर्यटक प्रति दिन औसत खर्च (अमेरिकी डलर) | ७०.० | १०० | ६५ | ४०.८* |
| प्रति पर्यटक औसत बसाइ (दिन) | १३.२ | १७.० | १५.५ | १३.३* |
| जीवन बीमामा आवद्ध जनसङ्ख्या (प्रतिशतमा) | ५.० | २५.० | १४.३ | १६.५७* |
| वाणिज्य बैंकहको शाखा सङ्ख्या (प्रति लाख वयस्क जनसङ्ख्या) | १८.० | ३६.० | २६.० | २७.३५* |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१/ *संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८१

१५.१२ सन् २०१५ मा सडक घनत्व ०.५५ प्रति वर्ग किलोमिटर रहेकोमा सन् २०२४ मा ०.६३ प्रति वर्ग किलोमिटर पुगेको छ।

### तालिका १५(ट): लक्ष्य ९ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| द्वितीयक क्षेत्रको हिस्सा (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) | १५ | २५ | १९.७ | १२.५ |
| अनुसन्धान र विकासमा हुने खर्च (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) | ०.३ | १.५ | ०.८६ | ०.७२ |
| सडक घनत्व (कि.मी./वर्ग कि.मी.) | ०.५५ | १.५ | १.३५ | ०.६३ |
| कालोपत्रे सडक घनत्व (कि.मी./वर्ग कि.मी.) | ०.०१ | ०.२५ | ०.१२ | ०.१२ |
| मोबाइल सञ्जाल पुगेको जनसङ्ख्या (प्रतिशतमा) | ९४.५ | १००.० | ९७.१ | ९३.० |
| कुल रोजगारीमा उत्पादनशील क्षेत्रको रोजगारीको हिस्सा (प्रतिशतमा) | ६.६ | १३.०# | ९.६ | १५.१ |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१ # संशोधित लक्ष्य

१५.१३ जनसङ्ख्याको तल्लो ४० प्रतिशत तथा माथिल्लो १० प्रतिशतको आम्दानीको हिस्सा करिब स्थिर रहेको छ।

### तालिका १५(ठ): लक्ष्य १० अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (PALMA अनुपात) | १.३ | १.० | १.१६ | १.३४ |
| उपभोगमा आधारित असमानता (गिनी गुणाङ्कले मापन गरे अनुसार) | ०.३३ | ०.१६ | ०.२५ | ०.३० |
| आय असमानता (गिनी गुणाङ्कले मापन गरे अनुसार) | ०.४६ | ०.२३ | ०.३५ | ०.३१ |
| उपभोगमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा | १८.७ | २३.४ | २१.२ | २५.७ |
| सामाजिक सशक्तीकरण सूचकाङ्क | ०.४१ | ०.७ | ०.५४ | ०.५७ |
| राजनीतिक सशक्तीकरण सूचकाङ्क | ०.६५ | ०.८५ | ०.७४ | ०.७५ |
| आर्थिक सशक्तीकरण सूचकाङ्क | ०.३४ | ०.७ | ०.५१ | ०.५१ |
| विश्व प्रतिस्पर्धात्मक सूचक | ३.९ | ६.० | ४.९ | ४.९ |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१

१५.१४ सुरक्षित घरमा बसोबास गर्ने परिवारको अनुपातमा उल्लेख्य वृद्धि भएको छ।

तालिका १५(ड): लक्ष्य ११ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| योजनावद्ध नयाँ सहरहरूको सङ्ख्या | १० | ६० | ३३ | ५४* |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार (प्रतिशत) | २९.८ | ७५# | ४३.९ | ५४* |
| फुसको छानामुनि बस्नेको घरपरिवार (प्रतिशत) | १९ | २# | १२.५ | ३.९* |
| फुसको छानामुनि बस्ने शहरी घरपरिवार (प्रतिशत) को अंश | ३.६ | ०.० | ३.९ | २.८* |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१/ *शहरी विकास मन्त्रालय, २०८१ # संशोधित लक्ष्य

१५.१५ ऊर्जा खपतमा जीवाश्म इन्धनको उपभोग घटेको छ। कृषि उत्पादनमा खाद्यान्न बालीको हिस्सा र माटोमा रहेको जैविक पदार्थको मात्रामा समेत सुधार आएको छ।

तालिका १५(ढ): लक्ष्य १२ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| कुल ऊर्जा खपतमा जीवाश्म इन्धनको उपभोग (प्रतिशत) | १२.५ | १५.० | १३.७ | २७.१ |
| प्रतिव्यक्ति काठको उपयोग (क्युबिक मिटर) | ०.११ | ०.२५# | ०.०८ | ०.५ |
| कृषि उत्पादनको लागि प्रयोग गरिएको भूमि (उब्जाउ जमिनको प्रतिशत) | ८०.० | ७५.० | ७७.७ | ७६.३ |
| प्लास्टिकको रिसाइकल गर्ने उत्पादनशील उद्योग (कुल उद्योगको प्रतिशत) | २४.५ | ९०.० | ५५.१ | २५.० |
| गिलास तथा धातु उत्पादनको पुनःउपयोग गर्ने उत्पादनशील उद्योग (कुल उद्योगको प्रतिशत) | ७.२ | ९०.० | ४५.८ | - |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१ # संशोधित लक्ष्य

१५.१६ राष्ट्रिय, स्थानीय र समुदायस्तरमा अनुकूलन योजना तयार पार्ने र लागू गर्ने कार्यमा क्रमशः सुधार हुँदै गएको छ।

**तालिका १५(ण): लक्ष्य १३ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था**

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| स्थानीय अनुकूलन योजना तर्जुमा भएका स्थानीय तह (सङ्ख्या) | ४ | ३००# | ६० | २६३* |
| समुदायमा आधारित अनुकूलन योजना तर्जुमा (सङ्ख्या) | ३१ | ७५० | ३८१ | २०० |
| अनुकूलन योजना कार्यान्वयन (सङ्ख्या) | - | ६० | ३० | ४२ |
| जलवायु स्मार्ट भिलेज (सङ्ख्या) | - | १७० | ७९ | ३६ |
| जलवायु स्मार्ट कृषि (सङ्ख्या) | - | ५०० | २३३ | ६८ |
| जलवायु उत्तरदायी बजेट (कुल बजेटको प्रतिशत) | ५.७ | १०.० | ७.७ | ६.१ |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१/ * वन तथा वातावरण मन्त्रालय, २०८१ # संशोधित लक्ष्य

१५.१७ वनले ढाकेको क्षेत्र, समुदायमा आधारित वन व्यवस्थापन र बाघको सङ्ख्यामा सन् २०३० बमोजिमको लक्ष्य हासिल भइसकेको छ। सन् २०२२ सम्ममा विभिन्न वन्यजन्तु र प्रजातिको संरक्षणमा हासिल भएको उपलब्धि सकारात्मक छ।

**तालिका १५ (त): लक्ष्य १५ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था**

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| वनले ढाकेको क्षेत्र (प्रतिशत) | ४४.७ | ४५ | ४५ | ४६.०८* |
| सामुदायिक व्यवस्थापन अन्तर्गत रहेको वन (जम्मा वन क्षेत्रको प्रतिशत) | ३९ | ४२ | ४०.४ | ४२.४९ |
| संरक्षित क्षेत्र (जम्मा वन क्षेत्रको प्रतिशत) | २३.२ | २३.३ | २३.३ | २३.३९ |
| वन घनत्व (प्रति हेक्टर जमिनमा रहेका रूखको सङ्ख्या) | ४३० | ६४५ | ५३० | ४३० |
| गैडाको सङ्ख्या | ५३४ | ७८३ | ६५० | ७५२ |
| बाघको सङ्ख्या | १९८ | २२५ | २१० | ३५५ |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१/ * वन तथा वातावरण मन्त्रालय, २०८१

१५.१८ बालबालिका बेचबिखन नियन्त्रण, बालबालिकाको जन्म दर्ता र राष्ट्रिय परिचयपत्र वितरणमा अपेक्षित उपलब्धि हासिल भएको छ।

**तालिका १५(थ): लक्ष्य १६ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था**

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| भ्रष्टाचार अनुभूति सूचकाङ्क (०-१००) | २९.० | - | - | ३४.० |
| बालबालिका बेचबिखन (सङ्ख्या) | ६४.० | ०.० | ३४.० | २३.० |
| १८ वर्ष भित्र यौन हिंसा भोग्ने महिलाको अंश (१५-२९ वर्ष उमेर समूह) | ६.५ | ३.० | ५.८ | ३.२ |
| सार्वजनिक निकायमा पारदर्शिता, उत्तरदायित्व र भ्रष्टाचारको अवस्था (स्कोर ६.० मा) | ३.० | ५.० | ४.० | ३.०४ |
| सुशासन सूचकाङ्क (-२.५देखि २.५ को स्केलमा) | -०.७८ | २.० | १.० | -०.५३ |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१

१५.१९ इन्टरनेट पहुँच उल्लेख्य रूपमा विस्तार भएको छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अन्तर्राष्ट्रिय विकास सहायता घटेको छ।

**तालिका १५(द): लक्ष्य १७ अन्तर्गतका प्रमुख सूचकको अध्यावधिक अवस्था**

| प्रमुख सूचक | आधार वर्ष (सन् २०१५) | सन् २०३० को लक्ष्य | सन् २०२२ को लक्ष्य | सन् २०२४ सम्मको अवस्था |
|---|---|---|---|---|
| राजस्व (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) | १९.१ | २६.०# | २४.२ | १८.५* |
| वार्षिक बजेटमा राजस्वको हिस्सा | ७६.० | ८०.० | ७७.९ | ५१.६* |
| वार्षिक बजेटमा विकास सहायताको अंश | १५.१ | १८.० | १६.४ | १४.५ |
| प्रत्यक्ष वैदेशिक लगानी (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत) | ४.८ | २०.० | १०.८ | ५.२* |
| विप्रेषण आय (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत) | २९.१ | ३५.० | ३१.८ | २५.३ |
| सार्वजनिक ऋण (कुल गार्हस्थ्य उत्पादनको प्रतिशत) | २६.५ | ३५.० | ३०.५ | ४२.६* |

स्रोतः राष्ट्रिय योजना आयोग, २०८१ / *अर्थ मन्त्रालय, २०८१ # संशोधित लक्ष्य

नोटः राष्ट्रिय योजना आयोगले तयार पारेको दिगो विकास लक्ष्यको वित्तीय रणनीति प्रतिवेदन, २०२४ का आधारमा दिगो विकासका केही प्रमुख सूचकको सन् २०२४ सम्मको अवस्था यस अध्यायमा समावेश गरिएको छ। अधिकांश यी सूचकहरूको २०८१ फागुनसम्मको उपलब्धि स्थिति सम्वन्धित परिच्छेदमा समावेश गरिएको छ।

१५.२० दिगो विकासको मध्यकालीन प्रगति अनुसार सन् २०२२ सम्ममा लक्ष्यको ४१.७ प्रतिशत उपलब्धि हासिल भएको छ। २३८ सूचकमध्ये ९८ सूचकले सन् २०२२ को लक्ष्य पार गरेका छन्।

## दिगो विकास लक्ष्य प्राप्तिका लागि वित्तीय रणनीति

१५.२१ दिगो विकास लक्ष्य हासिल गर्न सन् २०२४ देखि सन् २०३० सम्मको लागि वित्तीय रणनीति तर्जुमा भएको छ। यस रणनीतिले दिगो विकासका सबै लक्ष्य हासिल गर्नका लागि वार्षिक औसत थप रु. ७ खर्ब ५५ अर्ब लगानी जुटाउनुपर्ने देखाएको छ जसमध्ये सार्वजनिक क्षेत्रवाट जुटाउनुपर्ने थप लगानी वार्षिक औसत रु. ४ खर्ब २६ अर्ब र निजी क्षेत्रवाट हुनुपर्ने थप लगानी रु. ३ खर्ब २९ अर्ब रहेको छ।

१५.२२ दिगो विकास लक्ष्य हासिल गर्न सन् २०२४ देखि सन् २०३० सम्म आवश्यक पर्ने कुल लगानी आवश्यकता मध्ये सार्वजनिक क्षेत्रबाट गर्नुपर्ने लगानी ५७.५ प्रतिशत रहेको छ। सार्वजनिक क्षेत्रले गर्नुपर्ने लगानीमध्ये संघ, प्रदेश तथा स्थानीय तहको हिस्सा क्रमशः ७०.० प्रतिशत, ९.० प्रतिशत र २१.० प्रतिशत रहेको छ। सन् २०२४ देखि सन् २०३० सम्मको अवधिमा सार्वजनिक लगानी आवश्यकताको औसत ७५.४ प्रतिशत राजस्व र आन्तरिक ऋण परिचालन गरी स्रोत व्यवस्थापन गर्नुपर्ने देखिएको छ।

१५.२३ दिगो विकास लक्ष्य हासिल गर्न निजी क्षेत्रवाट गर्नुपर्ने लगानी ३४.३ प्रतिशत रहेको छ। सहकारी, समुदायमा आधारित संस्थाहरू, गैरसरकारी क्षेत्र र घर परिवार क्षेत्रले दिगो विकास लक्ष्य हासिल गर्नको लागि वार्षिक औसत रु.२ खर्ब ४५ अर्ब योगदान गर्नुपर्ने देखिन्छ, जुन कुल लगानी आवश्यकताको ८.१ प्रतिशत हो।

## आगामी आर्थिक परिदृष्य र जोखिम

### आर्थिक परिदृष्य

- आर्थिक क्रियाकलापमा विस्तार हुँदै गएको, वस्तु तथा सेवा निकासीमा उल्लेख्य वृद्धि भएको र वस्तु आयात समेत बढ्दै गएकोले राजस्व परिचालन बढ्ने,
- आपूर्ति श्रृङ्खला सहज रहेको र पेट्रोलियम पदार्थको मूल्यमा समेत गिरावट आएकोले उपभोक्ता मुद्रास्फीति वाञ्छित सीमाभित्र रहने,
- लगानीको वातावरण अनुकूल हुँदै गएको, बैंक तथा वित्तीय संस्थामा पर्याप्त लगानीयोग्य पुँजी रहेको र कर्जाको ब्याजदर समेत न्यून रहेकोले निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा बढ्ने,
- वस्तु आयात बढ्दै गएको भएपनि जलविद्युत, सूचना प्रविधि लगायतका सेवा क्षेत्रमा हुँदै गएको विस्तार, विप्रेषण आयमा भएको वृद्धि लगायतको कारण चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा रहने,

### जोखिम

- बदलिदों क्षेत्रीय तथा अन्तर्राष्ट्रिय भू-राजनीतिक एवम् आर्थिक अनिश्चितता कारण आर्थिक वृद्धिदर घट्न सक्ने,
- वस्तु आयात बढ्दै जाने देखिएकोले विदेशी विनिमय सञ्चिति घट्न सक्ने,
- भूकम्प, प्राकृतिक प्रकोप र जलवायू परिवर्तनजन्य घटनाको उच्च सम्भावनाले सरकारको आकस्मिक दायित्व बढ्न सक्ने।

# समष्टिगत आर्थिक परिसूचकहरू

# समष्टिगत आर्थिक परिसूचकहरू

| परिसूचक | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२# |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१. वास्तविक क्षेत्र (रु. अर्बमा)** | | | | | | | | | | |
| यथार्थ कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | १७००.४५ | १८४६.५१ | १९८२.६५ | २१०९.२६ | २०५८.१५ | २१५०.५० | २२६३.९८ | २३१५.७२ | २३९३.४८ | २४८८.८८ |
| कृषि | ५४१.३० | ५६९.३१ | ५८४.१७ | ६१४.२९ | ६२९.२३ | ६४७.१५ | ६६२.३७ | ६८२.४० | ७०५.२७ | ७२८.४४ |
| उद्योग* | २३८.७८ | २७९.७० | ३०८.६९ | ३३१.४७ | ३१८.१३ | ३४०.२३ | ३७६.६५ | ३८१.५० | ३८१.९४ | ३९९.२३ |
| सेवा | ९२०.३७ | ९९७.५० | १०८९.८० | ११६३.५१ | १११०.७९ | ११६३.१२ | १२२४.९६ | १२५१.८१ | १३०६.२७ | १३६१.२१ |
| यथार्थ कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) | १८७०.४२ | २०३८.३४ | २१९३.७१ | २३३९.७४ | २२८४.३० | २३९४.८२ | २५२९.६८ | २५७९.८३ | २६७४.३९ | २७९७.५७ |
| कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा, प्रचलित मूल्यमा) | २६०८.१८ | ३०७७.१४ | ३४५५.९५ | ३८५८.९३ | ३८८८.७० | ४३५२.५५ | ४९७६.५६ | ५३६७.०० | ५७०९.१० | ६१०७.२२ |
| कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) | २६४२.१९ | ३१०८.१४ | ३४७८.५६ | ३८९८.८५ | ३९३४.६६ | ४३७५.८४ | ५००५.४० | ५४२९.८५ | ५८०२.८० | ६१९३.८३ |
| कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा) | ३४२०.३८ | ३९५९.९४ | ४३४३.२४ | ४८९३.६३ | ४९१६.८८ | ५४४७.१९ | ६१२३.२७ | ६७९९.४८ | ७३७४.०४ | ७९२०.१८ |
| कुल उपभोग | २५१३.१७ | २६७७.५९ | २९४४.७६ | ३२६८.३८ | ३६६६.२९ | ४०७५.१७ | ४६४८.९२ | ४९७९.४३ | ५३५३.८४ | ५७०७.०७ |
| कुल लगानी | ७३६.५८ | ११४८.५५ | १३६६.७५ | १५९६.७८ | ११८३.७३ | १५३०.५१ | १८७३.३७ | १६७१.७८ | १७३५.५३ | १७१३.१० |
| कुल स्थिर पुँजी निर्माण | ५७०.६८ | ७०२.४१ | ७८५.३७ | ८७४.४८ | ७९६.३९ | ८७४.४१ | ९०४.१४ | ७६१.१२ | ७७६.०७ | ७८७.३३ |
| सरकारी | १०८.८६ | १८१.८२ | १७७.४३ | १४८.६९ | १३९.०२ | १८५.३७ | १८५.५० | २२८.४३ | २३४.२६ | २४३.७२ |
| सार्वजनिक संस्थानहरू | १०३.०२ | १०५.७५ | ६२.४९ | ६६.८० | ६२.५३ | ४१.८८ | ४१.९२ | ४६.१३ | ६३.३७ | ६४.३९ |
| निजी | ३५८.७९ | ४१४.८५ | ५४५.४५ | ६५८.९९ | ५९४.८५ | ६४७.१६ | ६७६.७३ | ४८६.५६ | ४७८.४४ | ४७९.२२ |
| मौज्दात परिवर्तन | -९.७८ | १६७.९६ | १९१.०३ | २१०.५५ | -०.७८ | १६६.७८ | २५८.९० | १९४.७१ | १८४.४७ | १२३.५६ |
| कुल गार्हस्थ्य बचत | ९५.०१ | ३९९.५६ | ५११.१९ | ५९०.५५ | २२२.४१ | २७७.३८ | ३२७.६४ | ३८७.५७ | ३५५.२६ | ४००.१५ |
| कुल राष्ट्रिय बचत | ९०७.२० | १२८२.३६ | १३९८.४८ | १६२५.२५ | १२५०.५८ | १३७२.०२ | १४७४.३६ | १८२०.०५ | २०२०.२० | २२१३.११ |
| **नेपाली रुपैयाँ** | | | | | | | | | | |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा) (रू.) | ६७६९६ | ७३१०२ | ७७९५९ | ८२३९२ | ७९७०८ | ८२८०४ | ८६६७१ | ८७५७९ | ८९९५६ | ९३२३६ |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय ( स्थिर मूल्यमा) (रू.) | ६९४५० | ७५६५७ | ८१३९९ | ८६६३९ | ८२४१८ | ८७५८५ | ९१२२७ | ८९७२५ | ९२४४६ | ९५५०२ |
| **प्रति व्यक्ति आय (अमेरिकी डलर)** | | | | | | | | | | |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन | ८८७.६१ | १०३९.०३ | ११७६.७० | १२०३.८४ | ११६६.६३ | १२७६.८१ | १४११.०० | १३९३.४७ | १४४३.४६ | १४९६.२१ |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय | ८९९.१८ | १०४९.४९ | ११८४.४० | १२१६.२९ | ११८०.४२ | १२८३.६४ | १४१९.१८ | १४०९.७९ | १४६७.१५ | १५१७.४३ |
| प्रति व्यक्ति कुल खर्चयोग्य राष्ट्रिय आय | ११६४.०२ | १३३७.११ | १४७८.८० | १५२६.६२ | १४७५.०९ | १५९७.९२ | १७३६.१३ | १७६५.३९ | १८६४.४२ | १९४०.३७ |
| **प्रतिशत परिवर्तन** | | | | | | | | | | |
| यथार्थ कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | ०.०० | ८.५९ | ७.३७ | ६.३९ | -२.४२ | ४.४९ | ५.२८ | २.२९ | ३.३६ | ३.९९ |
| कृषि | -०.०८ | ५.१७ | २.६१ | ५.१६ | २.४३ | २.८५ | २.३५ | ३.०२ | ३.३५ | ३.२८ |
| उद्योग | -४.१३ | १७.१४ | १०.३६ | ७.३८ | -४.०२ | ६.९५ | १०.७० | १.२९ | ०.११ | ४.५३ |
| सेवा | १.१९ | ८.३८ | ९.२५ | ६.७६ | -४.५३ | ४.७१ | ५.३२ | २.१९ | ४.३५ | ४.२१ |
| यथार्थ कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) | ०.४३ | ८.९८ | ७.६२ | ६.६६ | -२.३७ | ४.८४ | ५.६३ | १.९८ | ३.६७ | ४.६१ |
| प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) | ७.६१ | १७.९८ | १२.३१ | ११.६६ | ०.७७ | ११.९३ | १४.३४ | ७.८५ | ६.३७ | ६.९७ |
| कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) | ७.५० | १७.६४ | ११.९२ | १२.०८ | ०.९२ | ११.२१ | १४.३९ | ८.४८ | ६.८७ | ६.७४ |
| कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा) | ७.९७ | १५.७८ | ९.६८ | १२.६७ | ०.४८ | १०.७९ | १२.४१ | ११.०४ | ८.४५ | ७.४१ |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा) रु. | १.६१ | ७.९९ | ६.६४ | ५.६९ | -३.२६ | ३.८८ | ४.६७ | १.०५ | २.७१ | ३.६५ |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) अमेरिकी डलर | १.८६ | १७.०६ | १३.२५ | २.३१ | -३.०९ | ९.४४ | १०.५१ | -१.२४ | ३.५९ | ३.६५ |

# समष्टिगत आर्थिक परिसूचकहरू

| परिसूचक | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२# |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात** | | | | | | | | | | |
| कुल उपभोग | ९६.३६ | ८७.०२ | ८५.२१ | ८४.७० | ९४.२८ | ९३.६३ | ९३.४२ | ९२.७८ | ९३.७८ | ९३.४५ |
| कुल गार्हस्थ्य बचत | ३.६४ | १२.९८ | १४.७९ | १५.३० | ५.७२ | ६.३७ | ६.५८ | ७.२२ | ६.२२ | ६.५५ |
| कुल राष्ट्रिय बचत | ३४.७८ | ४१.६७ | ४०.४७ | ४२.१२ | ३२.१६ | ३१.५२ | २९.६३ | ३३.९१ | ३५.३९ | ३६.२४ |
| कुल स्थिर पुंजी लगानी | २१.८८ | २२.८३ | २२.७३ | २२.६६ | २०.४८ | २०.०९ | १८.१७ | १४.१८ | १३.५९ | १२.८९ |
| कुल स्थिर पुंजीमा सरकारी लगानी | ४.१७ | ५.९१ | ५.१३ | ३.८५ | ३.५७ | ४.२६ | ३.७३ | ४.२६ | ४.१० | ३.९९ |
| कुल स्थिर पुंजीमा सार्वजनिक संस्थानको लगानी | ३.९५ | ३.४४ | १.८१ | १.७३ | १.६१ | ०.९६ | ०.८४ | ०.८६ | १.११ | १.०५ |
| कुल स्थिर पुंजीमा निजी लगानी | १३.७६ | १३.४८ | १५.७८ | १७.०८ | १५.३० | १४.८७ | १३.६० | ९.०७ | ८.३८ | ७.८५ |
| मौज्दात परिवर्तन | -०.३७ | ५.४६ | ५.५३ | ५.४६ | -०.०२ | ३.८३ | ५.२० | ३.६३ | ३.२३ | २.०२ |
| कुल लगानी | २८.२४ | ३७.३३ | ३९.५५ | ४१.३८ | ३०.४४ | ३५.१६ | ३७.६४ | ३१.१५ | ३०.४० | २८.०५ |
| **जनसङ्ख्या** | | | | | | | | | | |
| कुल जनसङ्ख्या (दश लाखमा) | २७.६३ | २७.८८ | २८.१४ | २८.४० | २८.६६ | २८.९२ | २९.१९ | २९.४६ | २९.७३ | ३०.०१ |
| **मूल्य स्थिति, वार्षिक प्रतिशत परिवर्तन** | | | | | | | | | | |
| उपभोक्ता मुद्रास्फीति दर | ९.९० | ४.४५ | ४.१५ | ४.६४ | ६.१५ | ३.६० | ६.३२ | ७.७४ | ५.४४ | ४.९# |
| थोक मुद्रास्फीति दर | ६.२८ | २.६१ | १.७३ | ६.२० | ६.९० | ७.६० | ९.५१ | ८.४७ | ३.९२ | ४.५# |
| तलब तथा ज्यालादर मुद्रास्फीति दर | ५.९६ | १४.४४ | ६.२० | ९.३० | ९.५० | १.६० | ६.६५ | ९.९० | ५.०९ | ३.२# |
| तलब | २.०७ | १८.२७ | ९.६० | ६.६० | १३.५० | ०.१० | ९.४४ | १२.३९ | १.१० | - |
| ज्यालादर | ७.०४ | १३.४५ | ५.३० | १०.०० | ८.४० | २.०० | ५.८७ | ९.१७ | ६.९० | - |
| **२. सार्वजनिक वित्त (रु. अर्बमा)** | | | | | | | | | | |
| राजस्व | ४८१.९६ | ६०९.१८ | ७२६.७२ | ८२९.८० | ७९३.७५ | ९३५.८९ | १०६६.३५ | ९५७.३५ | १०५८.९० | |
| कर राजस्व | ४२१.१० | ५५३.८७ | ६५९.४९ | ७३८.७७ | ७००.०६ | ८७०.११ | ९८४.३३ | ८६५.६३ | ९४४.५७ | |
| गैरकर राजस्व | ६०.८६ | ५५.३१ | ६७.२३ | ९१.०३ | ९३.६९ | ६५.७८ | ८२.०१ | ९१.७२ | ११४.३३ | |
| संघीय राजस्व | ४८१.९६ | ६०९.१८ | ७२६.७२ | ७३३.३७ | ७०५.५० | ८२४.९५ | ९३८.२८ | ८३४.०६ | ९२९.०५ | |
| कर राजस्व | ४२१.१० | ५५३.८७ | ६५९.४९ | ६४३.३८ | ६१३.३९ | ७६१.०६ | ८५९.१३ | ७४८.४२ | ८२०.७० | |
| गैरकर राजस्व | ६०.८७ | ५५.३१ | ६७.२३ | ८९.९९ | ९२.११ | ६३.८९ | ७९.१५ | ८५.६४ | १०८.३५ | |
| कुल सरकारी खर्च | ६००.२० | ८३७.२५ | १०८७.२८ | १११०.४६ | १०९१.१३ | ११९६.६८ | १३१०.०० | १४२१.३३ | १३९३.४० | |
| चालु खर्च | ३७१.३० | ५१८.६२ | ६९६.९२ | ७१६.४२ | ७८४.१५ | ८४६.२२ | ९५४.३२ | ९९१.५१ | ९२९.१३ | |
| पुंजीगत खर्च | १२३.२५ | २०८.७५ | २७०.७१ | २४१.५६ | १८९.०८ | २२८.८४ | २१६.२१ | २३४.६२ | १९२.०३ | |
| वित्तीय व्यवस्था | १०५.६५ | १०९.८८ | ११९.६५ | १५२.४८ | ११७.९० | १२१.६२ | १३९.४७ | १९५.२० | २७२.२५ | |
| सावाँ भुक्तानी खर्च | ६८.१३ | ६१.२६ | ५५.६७ | ५४.३५ | ५७.५४ | ६०.१७ | ७६.७५ | १४९.७१ | २२३.२८ | |
| ऋण सेवा (सावाँ र व्याज भुक्तानी) | ७६.८० | ७१.२९ | ७१.९२ | ७५.०७ | ८३.६० | ९५.०१ | १२१.९८ | २२२.६१ | ३०५.३८ | |
| तिर्न बाँकी सार्वजनिक ऋण | ६२७.७९ | ६९७.६९ | ९१७.३२ | १०४८.१६ | १४३३.४० | १७३७.६४ | २०१३.३० | २२९९.३५ | २४३४.१० | |
| तिर्न बाँकी आन्तरिक ऋण | २३९.०३ | २८३.७१ | ३९१.१६ | ४५३.२३ | ६१३.७४ | ८०२.९४ | ९८७.४५ | ११२९.१० | ११८०.९० | |
| तिर्न बाँकी वैदेशिक ऋण | ३८८.७६ | ४१३.९८ | ५२६.१५ | ५९४.९३ | ८१९.६७ | ९३४.७० | १०२५.८५ | ११७०.२५ | १२५३.२० | |
| प्रतिव्यक्ति कुल तिर्न बाँकी ऋण | २२७२१.४७ | २५०२१.६५ | ३२५९८.९८ | ३६९०९.९० | ५००१६.८३ | ६००८१.१७ | ६८९७९.२४ | ७८०५७.२२ | ८१८७३.३८ | |

# समष्टिगत आर्थिक परिसूचकहरू

| परिसूचक | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२# |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिशत परिवर्तन** | | | | | | | | | | |
| राजस्व | १८.७५ | २६.४० | १९.२९ | १४.१९ | -४.३५ | १७.९१ | १३.९४ | -१०.२२ | १०.६१ | |
| कर राजस्व | १८.३० | ३१.५३ | १९.०७ | १२.०२ | -५.२४ | २४.२९ | १३.१३ | -१२.०६ | ९.१२ | |
| गैरकर राजस्व | २१.९५ | -९.१२ | २१.५४ | ३५.४१ | २.९२ | -२९.७९ | २४.६८ | ११.८३ | २४.६५ | |
| कुल सरकारी खर्च | १२.९१ | ३९.५० | २९.८६ | २.१३ | -१.७४ | ९.६७ | ९.४७ | ८.५० | -१.९६ | |
| चालु खर्च | ९.४० | ३९.६८ | ३४.३८ | २.८० | ९.४५ | ७.९२ | १२.७७ | ३.९० | -६.२९ | |
| पुँजीगत खर्च | ३८.७३ | ६९.३७ | २९.६८ | -१०.७७ | -२१.७२ | २१.०२ | -५.५२ | ८.५२ | -१८.१६ | |
| वित्तीय व्यवस्था | २.२५ | ४.०१ | ८.८९ | २७.४४ | -२२.६८ | ३.१६ | १४.६८ | ३९.९५ | ३९.४७ | |
| सावाँ भुक्तानी खर्च | ५.६७ | -१०.०८ | -९.१३ | -२.३७ | ५.८६ | ४.५७ | २७.५६ | ९५.०६ | ४९.१४ | |
| ऋण सेवा (सावाँ र व्याज भुक्तानी) | ४.१६ | -७.१८ | ०.८९ | ४.३७ | ११.३६ | १३.६५ | २८.३८ | ८२.४९ | ३७.१८ | |
| तिर्न बाँकी सार्वजनिक ऋण | १५.२१ | ११.१३ | ३१.४८ | १४.२६ | ३६.७५ | २१.२२ | १५.८६ | १४.२१ | ५.८६ | |
| तिर्न बाँकी आन्तरिक ऋण | -३०.३७ | १८.६९ | ३७.८७ | १५.८७ | ३५.४१ | ३०.८३ | २२.९८ | १४.३५ | ४.५९ | |
| तिर्न बाँकी वैदेशिक ऋण | ९२.७८ | ६.४९ | २७.१० | १३.०७ | ३७.७८ | १४.०३ | ९.७५ | १४.०८ | ७.०९ | |
| प्रतिव्यक्ति कुल तिर्न बाँकी ऋण | १६.५६ | १०.१२ | ३०.२८ | १३.२२ | ३५.५१ | २०.१२ | १४.८१ | १३.१६ | ४.८९ | |
| **कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात** | | | | | | | | | | |
| राजस्व | १८.४८ | १९.८० | २१.०३ | २१.५० | २०.४१ | २१.५० | २१.४३ | १७.८४ | १८.५५ | |
| कर राजस्व | १६.१५ | १८.०० | १९.०८ | १९.१४ | १८.०० | १९.९९ | १९.७८ | १६.१३ | १६.५५ | |
| गैरकर राजस्व | २.३३ | १.८० | १.९५ | २.३६ | २.४१ | १.५१ | १.६५ | १.७१ | २.०० | |
| संघीय राजस्व | १८.४८ | १९.८० | २१.०३ | १९.०० | १८.१४ | १८.९५ | १८.८५ | १५.५४ | १६.२७ | |
| कर राजस्व | १६.१५ | १८.०० | १९.०८ | १६.६७ | १५.७७ | १७.४९ | १७.२६ | १३.९४ | १४.३८ | |
| गैरकर राजस्व | २.३३ | १.८० | १.९५ | २.३३ | २.३७ | १.४७ | १.५९ | १.६० | १.९० | |
| कुल सरकारी खर्च | २३.०१ | २७.२१ | ३१.४६ | २८.७८ | २८.०६ | २७.४९ | २६.३२ | २६.४८ | २४.४१ | |
| चालु खर्च | १४.२४ | १६.८५ | २०.१७ | १८.५७ | २०.१६ | १९.४४ | १९.१८ | १८.४७ | १६.२७ | |
| पुँजीगत खर्च | ४.७३ | ६.७८ | ७.८३ | ६.२६ | ४.८६ | ५.२६ | ४.३४ | ४.३७ | ३.३६ | |
| वित्तीय व्यवस्था | ४.०५ | ३.५७ | ३.४६ | ३.९५ | ३.०३ | २.७९ | २.८० | ३.६४ | ४.७७ | |
| सावाँ भुक्तानी खर्च | २.६१ | १.९९ | १.६१ | १.४१ | १.४८ | १.३८ | १.५४ | २.७९ | ३.९१ | |
| ऋण सेवा (सावाँ र व्याज भुक्तानी) | २.९४ | २.३२ | २.०८ | १.९५ | २.१५ | २.१८ | २.४५ | ४.१५ | ५.३५ | |
| तिर्न बाँकी सार्वजनिक ऋण | २४.०७ | २२.६७ | २६.५४ | २७.१६ | ३६.८६ | ३९.९२ | ४०.४६ | ४२.८४ | ४२.६४ | |
| तिर्न बाँकी आन्तरिक ऋण | ९.१६ | ९.२२ | ११.३२ | ११.७४ | १५.७८ | १८.४५ | १९.८४ | २१.०४ | २०.६८ | |
| तिर्न बाँकी वैदेशिक ऋण | १४.९१ | १३.४५ | १५.२२ | १५.४२ | २१.०८ | २१.४७ | २०.६१ | २१.८० | २१.९५ | |
| **अन्यसँगको अनुपात** | | | | | | | | | | |
| तिर्न बाँकी वैदेशिक ऋण/ राजस्व | ४९.६० | ४६.५७ | ५३.८३ | ५४.६२ | ७७.३२ | ८५.७९ | ९२.६० | ११७.९४ | १११.५२ | |
| ऋण सेवा (सावाँ र व्याज भुक्तानी)/चालु खर्च | २०.६९ | १३.७५ | १०.३२ | १०.४८ | १०.६६ | ११.२३ | १२.७८ | २२.४५ | ३२.८७ | |
| तिर्न बाँकी वैदेशिक ऋण/विदेशी विनिमय सञ्चिति | ३७.४१ | ३८.३५ | ४७.७२ | ५७.२६ | ५८.४७ | ६६.८१ | ८४.३८ | ७६.०२ | ६१.४० | |

# समष्टिगत आर्थिक परिसूचकहरू

| परिसूचक | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२# |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **३. मुद्रा तथा बैंकिङ (रु. अर्बमा)** | | | | | | | | | | |
| आन्तरिक कर्जा | १८०५.६९ | २१७७.७९ | २७५५.८९ | ३३३८.५१ | ३८९७.२७ | ४९५५.४८ | ५६७४.९५ | ६१८२.६६ | ६५६८.०० | ७०७४.२१# |
| निजी क्षेत्रतर्फको कर्जा | १६९२.२६ | १९९७.१५ | २४४२.७८ | २९१०.२८ | ३२७६.८९ | ४१३९.५६ | ४६८९.०० | ४९०३.३५ | ५२०२.४९ | ५६३१.८५# |
| सरकार तर्फको खुद कर्जा | ८७.७६ | १४९.४९ | २७२.६३ | ३७५.५५ | ४६१.०४ | ५८८.८७ | ७४७.१७ | १०१९.०७ | १०६७.४१ | ११०३.७६# |
| संकुचित मुद्रा प्रदाय (एम१) | ५०३.२९ | ५६९.४० | ६६९.३९ | ७२६.६४ | ८५६.२६ | १०५१.६७ | ९५३.८५ | ९६५.१६ | ९४८.८१ | १०१५.२२# |
| मुद्रा (चलन चल्तिको) | ३२७.४८ | ३६१.७५ | ४१५.९९ | ४२३.२० | ४९०.४० | ५७१.९७ | ५०५.९० | ५२८.७० | ५८१.७३ | ६६८.९९# |
| विस्तृत मुद्रा प्रदाय (एम२) | २२४४.५८ | २५९१.७० | ३०९४.४७ | ३५८२.१४ | ४२३०.९७ | ५१९०.९३ | ५५४४.३७ | ६१७९.०६ | ६९७४.०६ | ७६६४.५०# |
| कुल निक्षेप | २०१६.८२ | २२९९.८१ | २७४२.१० | ३२३५.०७ | ३८३९.७३ | ४६६२.७० | ५०८२.७७ | ५७१०.०२ | ६४५२.३९ | ७०५४.९१# |
| **प्रतिशत परिवर्तन** | | | | | | | | | | |
| आन्तरिक कर्जा | १८.२२ | २०.६१ | २६.५५ | २१.१४ | १६.७४ | २७.१५ | १४.५२ | ८.९५ | ६.२३ | ७.७१ |
| निजी क्षेत्रतर्फको कर्जा | २३.१७ | १८.०२ | २२.३१ | १९.१४ | १२.६० | २६.३३ | १३.२७ | ४.५७ | ६.१० | ८.२५ |
| सरकार तर्फको खुद कर्जा | -३१.०१ | ७०.३४ | ८२.३७ | ३७.७५ | २२.७७ | २७.७२ | २६.८८ | ३६.३९ | ४.७४ | ३.४० |
| सङ्कुचित मुद्रा प्रदाय (एम१) | १८.४९ | १३.१४ | १७.५६ | ८.५५ | १७.८४ | २२.८२ | -९.३० | १.१९ | -१.६९ | ७.०० |
| मुद्रा (चलन चल्तिको) | २१.२५ | १०.४६ | १४.९९ | १.७४ | १५.८८ | १६.६३ | -११.५५ | ४.५१ | १०.०३ | १५.०० |
| विस्तृत मुद्रा प्रदाय (एमर) | १९.५३ | १५.४६ | १९.४० | १५.७६ | १८.११ | २२.६९ | ६.८१ | ११.४५ | १२.८७ | ९.९० |
| कुल निक्षेप | १९.४२ | १४.०३ | १९.२३ | १७.९८ | १८.६९ | २१.४३ | ९.०१ | १२.३४ | १३.०० | ९.३४ |
| **कुल गार्हस्थ उत्पादनसँगको अनुपात** | | | | | | | | | | |
| आन्तरिक कर्जा | ६९.२३ | ७०.७७ | ७९.७४ | ८६.५१ | १००.२२ | ११३.८५ | ११४.०३ | ११५.२० | ११५.०४ | ११५.८३ |
| निजी क्षेत्रतर्फको कर्जा | ६४.८८ | ६४.९० | ७०.६८ | ७५.४२ | ८४.२७ | ९५.११ | ९४.२२ | ९१.३६ | ९१.१३ | ९२.२२ |
| सरकारतर्फको खुद कर्जा | ३.३६ | ४.८६ | ७.८९ | ९.७३ | ११.८६ | १३.५३ | १५.०१ | १८.९९ | १८.७० | १८.०७ |
| सङ्कुचित मुद्रा प्रदाय (एम१) | १९.३० | १८.५० | १९.३७ | १८.८३ | २२.०२ | २४.१६ | १९.१७ | १७.९८ | १६.६२ | १६.६२ |
| मुद्रा (चलन चल्तिको) | १२.५६ | ११.७६ | १२.०४ | १०.९७ | १२.६१ | १३.१४ | १०.१७ | ९.८५ | १०.१९ | १०.९५ |
| विस्तृत मुद्रा प्रदाय (एमर) | ८६.०६ | ८४.२२ | ८९.५४ | ९२.८३ | १०८.८० | ११९.२६ | १११.४१ | ११५.१३ | १२२.१६ | १२५.५० |
| कुल निक्षेप | ७७.३३ | ७४.७४ | ७९.३४ | ८३.८३ | ९८.७४ | १०७.१३ | १०२.१३ | १०६.३९ | ११३.०२ | ११५.५२ |
| **४. बाह्य क्षेत्र (रु. अर्बमा)** | | | | | | | | | | |
| निर्यात (वस्तु) | ७०.१२ | ७३.०५ | ८१.३६ | ९७.११ | ९७.७१ | १४१.१२ | २००.०३ | १५७.१४ | १५२.३८ | २५०.४९# |
| आयात (वस्तु) | ७७३.६० | ९९०.११ | १२४५.१० | १४१८.५४ | ११९६.८० | १५३९.८४ | १९२०.४५ | १६११.७३ | १५९२.९९ | १८२८.४८# |
| व्यापार घाटा | -७०३.४८ | -९१७.०६ | -११६३.७४ | -१३२१.४३ | -१०९९.०९ | -१३९८.७१ | -१७२०.४२ | -१४५४.५९ | -१४४०.६० | -१५७७.९९ |
| पर्यटन आय | ४१.७७ | ५८.५३ | ६८.५२ | ७५.१४ | ६०.८९ | ७.२७ | ३२.४५ | ६२.३० | ८२.३३ | ८५.०६# |
| विप्रेषण आय | ६६५.०६ | ६९५.४५ | ७५५.०६ | ८७९.३७ | ८७५.०३ | ९६१.०५ | १००७.३१ | १२४०.६९ | १४४५.३२ | १५७७.००# |
| चालु खाता वचत (+)/(-) घाटा | १४०.४२ | -१०.१३ | -२४६.८२ | -२६६.९७ | -३३.७६ | -३३३.६७ | -६२३.३८ | -४६.५७ | २२१.३४ | १४१.५९# |
| शोधनान्तर वचत (+)/(-) घाटा | १८८.९१ | ८२.११ | ०.९६ | -६७.४० | २८२.४१ | १.२३ | -२५२.३६ | २८५.८२ | ५०२.४९ | ३००.३६# |
| विदेशी विनिमय सञ्चिति | १०३९.१७ | १०७९.४३ | ११०२.५९ | १०३८.९२ | १४०१.८४ | १३९९.०३ | १२१५.८० | १५३९.३६ | २०४१.१० | २४०९.३०# |

# समष्टिगत आर्थिक परिसूचकहरू

| परिसूचक | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२# |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिशत परिवर्तन** | | | | | | | | | | |
| निर्यात (वस्तु) | -१७.८२ | ४.१८ | ११.३८ | १९.३६ | ०.६२ | ४४.४३ | ४१.७४ | -२१.४४ | -३.०३ | ६४.३८ |
| आयात (वस्तु) | -०.१४ | २७.९९ | २५.७५ | १३.९३ | -१५.६३ | २८.६६ | २४.७२ | -१६.०८ | -१.१६ | १४.७८ |
| व्यापार घाटा | २.०५ | ३०.३६ | २६.९० | १३.५५ | -१६.८३ | २७.२६ | २३.०० | -१५.४५ | -०.९६ | ९.५४ |
| पर्यटन (भ्रमण) आय | -२१.८३ | ४०.१३ | १७.०८ | ९.६६ | -१८.९७ | -८८.०७ | ३४६.५५ | ९२.०१ | ३२.१४ | ३.३१ |
| विप्रेषण आय | ७.७४ | ४.५७ | ८.५७ | १६.४६ | -०.४९ | ९.८३ | ४.८१ | २३.१७ | १६.४९ | ९.११ |
| विदेशी विनिमय संचिति | २६.१० | ३.८७ | २.१४ | -५.७७ | ३४.९३ | -०.२० | -१३.१० | २६.६१ | ३२.५९ | १८.०४ |
| **कुल गार्हस्थ उत्पादनसँगको अनुपात** | | | | | | | | | | |
| निर्यात | २.६९ | २.३७ | २.३५ | २.५२ | २.५१ | ३.२४ | ४.०२ | २.९३ | २.६७ | ४.१० |
| आयात | २९.६६ | ३२.१८ | ३६.०३ | ३६.७६ | ३०.७८ | ३५.३८ | ३८.५९ | ३०.०३ | २७.९० | २९.९४ |
| व्यापार घाटा | -२६.९७ | -२९.८० | -३३.६७ | -३४.२४ | -२८.२६ | -३२.१४ | -३४.५७ | -२७.१० | -२५.२३ | -२५.८४ |
| पर्यटन आय | १.६० | १.९० | १.९८ | १.९५ | १.५७ | ०.१७ | ०.६५ | १.१६ | १.४४ | १.३९ |
| विप्रेषण आय | २५.५० | २२.६० | २१.८५ | २२.७९ | २२.५० | २२.०८ | २०.२४ | २३.१२ | २५.३२ | २५.८२ |
| चालु खाता वचत (+)/(-) घाटा | ५.३८ | -०.३३ | -७.१४ | -६.९२ | -०.८७ | -७.६७ | -१२.५३ | -०.८७ | ३.८८ | २.३२ |
| शोधनान्तर वचत (+)/(-) घाटा | ७.२४ | २.६७ | ०.०३ | -१.७५ | ७.२६ | ०.०३ | -५.०७ | ५.३३ | ८.८० | ४.९२ |
| विदेशी विनिमय सञ्चिति | ३९.८४ | ३५.०८ | ३१.९० | २६.९२ | ३६.०५ | ३२.१४ | २४.४३ | २८.६८ | ३५.७५ | ३९.४५ |
| **विदेशी विनिमय संचितिको आयात धान्ने क्षमता** | | | | | | | | | | |
| वस्तु आयात (महिना) | १६.५ | १३.२ | १०.८ | ८.९ | १४.४ | ११.२ | ७.८ | ११.७ | १५.६ | १५.७# |
| वस्तु तथा सेवा आयात (महिना) | १४.१ | ११.४ | ९.४ | ७.८ | १२.७ | १०.२ | ६.९ | १०.० | १३.० | १३.१# |
| निर्यात-आयात अनुपात | ९.१ | ७.४ | ६.५ | ६.८ | ८.२ | ९.२ | १०.४ | ९.७ | ९.६ | १३.७# |
| **विदेशी विनिमय दर [२]** | | | | | | | | | | |
| प्रति अमेरिकी डलर रु. | १०६.३५ | १०६.२१ | १०४.३७ | ११२.८८ | ११६.३१ | ११७.८७ | १२०.८४ | १३०.७५ | १३३.०३ | १३६.०४ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय/राष्ट्रिय तथ्याङ्क कार्यालय/नेपाल राष्ट्र बैंक, २०८१।

#आर्थिक वर्ष २०८१/८२ को अनुमान

१ वार्षिक प्रारम्भिक अनुमान

२ खरिद र विक्री दरको वार्षिक औसत, चालु आर्थिक वर्षको फागुनसम्मको औसत ।

*खानी तथा उत्खनन् समेत

द्रष्टव्यः क) आर्थिक वर्ष २०७६/७७ देखि IMF को GFS २०१४ को वर्गीकरणमा आधारित ।

ख) कुल गार्हस्थ्य उत्पादनसँगको अनुपातमा हिसाब गर्दा उपभोक्ताको प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनसँग गरिएको छ ।